# दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह
तेस्रो सत्रको शोधप्रबन्ध (७२०) को
प्रयोजनका लागि
प्रस्तुत

**शोधप्रबन्ध**


**शोधार्थी**
इन्दिरा दाहाल
दर्शनाचार्य- विद्यावारिधि तह
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

२०८०

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री इन्दिरा दाहालले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को परिपूर्ति गर्ने प्रयोजनार्थ 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक विश्लेषण' शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । स्थलगत अध्ययनबाट सामग्री सङ्कलन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल<br>
शोधनिर्देशक<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रि. वि., कीर्तिपुर

मिति : २०८०/०९/०६

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री इन्दिरा दाहालले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को प्रयोजनार्थ तयार पार्नुभएको 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक विश्लेषण' शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

| **नाम** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल<br>(विभागीय प्रमुख तथा शोधनिर्देशक) | ................................... |
| २. सहप्रा.डा. दुर्गाबहादुर घर्ती<br>(आन्तरिक परीक्षक) | ................................... |
| ३. प्रा.डा. देवीप्रसाद गौतम<br>(बाह्य परीक्षक) | ................................... |

मिति : २०८०/०९/१६

# कृतज्ञताज्ञापन

'दमक क्षेत्रमा धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक विश्लेषण' शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ आदरणीय गुरु नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको निर्देशनमा तयार पारेकी हुँ । यो शोधप्रबन्ध तयारीका सन्दर्भमा आफ्नो कार्यव्यस्तताका बिच पनि समय निकालेर निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु भएकामा शोधनिर्देशक गुरूप्रति म कृतज्ञता प्रकट गर्दछु ।

दर्शनाचार्य-विद्यावारिधि तहको अध्ययनका लागि आवश्यक पूर्वाधार तयार गरी पठनपाठनको उपयुक्त वातावरण मिलाइदिने नेपाली केन्द्रीय विभाग तथा अध्ययनका क्रममा निरन्तर सहयोगका साथै मार्गदर्शन गराउनुहुने यस विभागका आदरणीय गुरुहरूप्रति कृतज्ञ रहेकी छु । शोधकार्यका लागि आवश्यक सामग्री उपलब्ध गराउने नेपाली विभागीय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय र धिमाल जातीय विकास केन्द्र, मोरङका साथै नेपाली केन्द्रीय विभागका कर्मचारीहरूप्रति पनि म आभारी छु । अध्ययनका लागि कक्षाकोठादेखि हालसम्म सहयोग गर्ने मेरा सहपाठी मित्रहरूलाई धन्यवादज्ञापन गर्दछु ।

आर्थिक तथा व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययनकार्यप्रति सहयोग पुऱ्याउनुहुने मेरा पूजनीय माता कमलादेवी दाहाल, पिता श्री नन्दलाल दाहाल, ससुरा श्री मुकुन्दप्रसाद पोखेल तथा जीवनसाथी श्री बालकृष्ण पोखेलका साथै सुपुत्रहरू इबास र इशानप्रति कृतज्ञ छु ।

अन्त्यमा म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमको तेस्रो सत्रका लागि तयार पारिएको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि यस नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०७८/७९

रोल नं. : ०३ ....................

त्रि वि दर्ता नं-९११-७३१-९७ इन्दिरा दाहाल

मिति : २०८०/०९/०१

# विषयसूची

## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | अध्ययनको औचित्य र महत्त्व | १३ |
| १.६ | अध्ययनको सीमाङ्कन | १४ |
| १.७ | शोधविधि | १४ |
| | १.७.१ सामग्री सङ्कलनविधि | १४ |
| | १.७.२ सामग्री विश्लेषणविधि | १५ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | १५ |


## दोस्रो परिच्छेद
## दमक क्षेत्र, धिमाल जाति र लोककथाको परिचय


| | | |
|---|---|---|
| २.१ | विषयपरिचय | १६ |
| २.२ | दमक क्षेत्रको परिचय | १६ |
| | २.२.१ भौगोलिक परिचय | १६ |
| | २.२.२ ऐतिहासिक परिचय | १७ |
| | २.२.३ आर्थिक परिचय | १७ |
| | २.२.४ सामाजिक तथा सांस्कृतिक परिचय | १८ |
| २.३ | धिमाल जातिको परिचय | १८ |
| | २.३.१ धिमाल जातिको उत्पत्ति र नामकरण | १९ |
| | २.३.२ धिमाल जातिको सामाजिक परिचय | २० |
| | २.३.३ धिमाल जातिको धार्मिक तथा सांस्कृतिक परिचय | २१ |
| | २.३.४ धिमाल जातिको आर्थिक अवस्था | २१ |
| २.४ | लोककथाको परिचय | २२ |
| २.५ | लोककथाको संरचना | २४ |
| | २.५.१ लोककथाका संरचक घटकहरूको परिचय | २५ |
| २.६ | लोककथा वर्गीकरणका आधार | ३३ |
| | २.६.१ विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण | ३४ |
| | २.६.२ भावका आधारमा लोककथाको वर्गीकरण | ३६ |
| | २.६.३ शिल्प विधानका आधारमा लोककथाको वर्गीकरण | ३८ |

२.६.४ उद्देश्यका आधारमा लोककथाको वर्गीकरण ३८
२.७ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको वर्गीकरण ३९
२.८ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्क्षिप्त कथानकविन्यास ४०
२.९ लोककथाको संरचनात्मक विश्लेषणको प्रारूप ५०
२.१० निष्कर्ष ५१

## तेस्रो परिच्छेद
## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण

३.१ विषयप्रवेश ५२
३.२ 'कोडीको पनि दिन फर्किन्छ' कथाको विश्लेषण ५२
३.२.१ कथानक ५२
३.२.२ सहभागी ५५
३.२.३ परिवेश ५६
३.२.४ उद्देश्य ५७
३.२.५ भाषाशैलीगत विन्यास ५७
३.३ 'टुहुराका दिन फर्किन्छन्' लोककथाको संरचनात्मक विश्लेषण ५७
३.३.१ कथानक ५७
३.३.२ सहभागी ६१
३.३.३ परिवेश ६२
३.३.४ उद्देश्य ६२
३.३.५ भाषाशैलीगत विन्यास ६३
३.४ 'चतुर साहिँलो' लोककथाको संरचनात्मक विश्लेषण ६३
३.४.१ कथानक ६३
३.४.२ सहभागी ६६
३.४.३ परिवेश ६७
३.४.४ उद्देश्य ६८
३.४.५ भाषाशैलीगत विन्यास ६८
३.५ 'लोभीको कथा' लोककथाको संरचनात्मक विश्लेषण ६८
३.५.१ कथानक ६८
३.५.२ सहभागी ७१
३.५.३ परिवेश ७२
३.५.४ उद्देश्य ७३
३.५.५ भाषाशैलीगत विन्यास ७३
३.६ निष्कर्ष ७३

## चौथो परिच्छेद

## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण


४.१ विषयप्रवेश ७५
४.२ 'अल्छे तीनकुरिया' लोककथाको विश्लेषण ७५
४.२.१ कथानक ७५
४.२.२ सहभागी ७९
४.२.३ परिवेश ८०
४.२.४ उद्देश्य ८१
४.२.५ भाषाशैलीगत विन्यास ८१
४.३ 'चन्द्रसूर्य' लोककथाको संरचनात्मक विश्लेषण ८२
४.३.१ कथानक ८२
४.३.२ सहभागी ८६
४.३.३ परिवेश ८७
४.३.४ उद्देश्य ८८
४.३.५ भाषाशैलीगत विन्यास ८८
४.४ 'टुहुरो र लोभी बुढी' लोककथाको संरचनात्मक विश्लेषण ८९
४.४.१ कथानक ८९
४.४.२ सहभागी ९२
४.४.३ परिवेश ९३
४.४.४ उद्देश्य ९३
४.४.५ भाषाशैलीगत विन्यास ९३
४.५ 'सात बहिनी र सर्प' लोककथाको विश्लेषण ९४
४.५.१ कथानक ९४
४.५.२ सहभागी ९७
४.५.३ परिवेश ९९
४.५.४ उद्देश्य ९९
४.५.५ भाषाशैलीगत विन्यास १००
४.६ निष्कर्ष १००


## पाँचौँ परिच्छेद

## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण


५.१ विषयप्रवेश १०१
५.२ 'खरायो र बाँदरको मित्रता' लोककथाको संरचनात्मक विश्लेषण १०१
५.२.१ कथानक १०१
५.२.२ सहभागी १०४
५.२.३ परिवेश १०५

| | | |
|---|---|---|
| | ५.२.४ उद्देश्य | १०५ |
| | ५.२.५ भाषाशैलीगत विन्यास | १०५ |
| ५.३ | 'बुढाबुढी र चङ्खे बाँदर' लोककथाको संरचनात्मक विश्लेषण | १०६ |
| | ५.३.१ कथानक | १०६ |
| | ५.३.२ सहभागी | १०९ |
| | ५.३.३ परिवेश | ११० |
| | ५.३.४ उद्देश्य | ११० |
| | ५.३.५ भाषाशैलीगत विन्यास | ११० |
| ५.४ | 'लोभी बाहुन' लोककथाको संरचनात्मक विश्लेषण | १११ |
| | ५.४.१ कथानक | १११ |
| | ५.४.२ सहभागी | ११३ |
| | ५.४.३ परिवेश | ११४ |
| | ५.४.४ उद्देश्य | ११४ |
| | ५.४.५ भाषाशैलीगत विन्यास | ११५ |
| ५.५ | निष्कर्ष | ११५ |


## छटौँ परिच्छेद

## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण


| | | |
|---|---|---|
| ६.१ | विषयप्रवेश | ११६ |
| ६.२ | 'दुई राजकुमार' लोककथाको संरचनात्मक विश्लेषण | ११६ |
| | ६.२.१ कथानक | ११६ |
| | ६.२.२ सहभागी | १२० |
| | ६.२.३ परिवेश | १२२ |
| | ६.२.४ उद्देश्य | १२२ |
| | ६.२.५ भाषाशैलीगत विन्यास | १२२ |
| ६.३ | 'मित्रताको कथा' लोककथाको संरचनात्मक विश्लेषण | १२३ |
| | ६.३.१ कथानक | १२३ |
| | ६.३.२ सहभागी | १२७ |
| | ६.३.३ परिवेश | १२८ |
| | ६.३.४ उद्देश्य | १२८ |
| | ६.३.५ भाषाशैलीगत विन्यास | १२९ |
| ६.४ | 'सती राजा' लोककथाको संरचनात्मक विश्लेषण | १२९ |
| | ६.४.१ कथानक | १२९ |
| | ६.३.२ सहभागी | १३१ |
| | ६.४.३ परिवेश | १३२ |

६.४.४ उद्देश्य १३३
६.४.५ भाषाशैलीगत विन्यास १३३
६.५ निष्कर्ष १३३

## सातौँ परिच्छेद
## सारांश तथा निष्कर्ष

७.१ सारांश १३५
७.२ निष्कर्ष १३८

परिशिष्ट (क) : दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथा १४२
परिशिष्ट (ख) : स्रोतव्यक्तिको नामावली १८०
सन्दर्भ सामग्रीसूची १८१

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नेपालको कोशी प्रदेशअन्तर्गत मेची अञ्चलको झापा जिल्लास्थित पश्चिम दक्षिण क्षेत्रको चुरे पहाडको फेदीमा दमक नगरपालिका रहेको छ । दमक नगरपालिकाको पूर्वमा इलामको चुलाचुली गाउँपालिका र झापाको कमल गाउँपालिका रहेका छन् । पश्चिममा मोरङको उर्लाबारी नगरपालिका र मधुमल्ला गाउँपालिका, उत्तरमा इलामको चुलाचुली गाउँपालिका तथा दक्षिणतर्फ गौरादह नगरपालिका रहेका छन् । यस नगरपालिकाको कुल क्षेत्रफल ७५.८५ वर्ग कि.मि. रहेको छ । दमक नगरपालिकामा २०७२ सालसम्म उन्नाइस वटा वडा रहेका थिए तर २०७३ सालमा नेपाल सरकारद्वारा गरिएको पुनर्संरचनाअनुसार यसलाई दस वटा वडामा विभाजन गरिएको छ । दमक नाम कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न जनश्रुति रहेका छन् । यहाँ धेरै भास भएकाले यस ठाउँलाई धिमालहरूले 'दम मका' भन्ने गर्थे । धिमाल भाषामा 'दम मका' को अर्थ मनमोहक तथा मन मख्ख पर्ने भन्ने हुन्छ । यही 'दम मका' बाट नै यस ठाउँलाई दमक भनिएको हो । यसैगरी दमक क्षेत्रमा 'दल्की' नामको झार उम्रने गरेको र उक्त झारबाट धिमाल र कुमाल जातिले पीरा बनाउने गरेकाले सोही 'दल्की' शब्द अपभ्रंश भई दमक नाम रहन गएको पनि जनश्रुति पाइन्छ ।

धिमाल जातिको मुख्य बसोबास क्षेत्र झापा मोरङ, सुनसरी भए पनि हाल व्यापार व्यवसाय, पढाइ तथा रोजगारीका क्रममा इलाम, काठमाडौं, सुर्खेतमा पनि बसोबास गरेको पाइन्छ । धिमाल जातिका जन्म तथा मृत्यु संस्कारका मौलिक विधिविधान, बिहेवारीमा पुऱ्याउनुपर्ने रीत, चाडपर्वका नियम तथा परम्परा, मौलिक बाजागाजा, भेषभूषा र चालचलन रहेका छन् । आफ्नो इतिहास, कला, धर्म, संस्कृति र लोक परम्परालाई लिपिबद्ध गर्नु पर्छ भन्ने चेतनाको कमीले पुरानो पुस्ताको अवसानसँगै यस समुदायका कतिपय लोक संस्कारहरू पनि हराउँदै गएका छन् । धिमाल समुदायमा केही समय अघिसम्म लोककथा भन्ने र सुन्ने परम्परा व्यापक रूपमा रहेको थियो । रातभरि आँगनको बिचमा आगो बालेर वरिपरि घर परिवार तथा छरछिमेकी बसेर कथा हाल्ने र सुन्ने गर्दा रात गएको पनि पत्तो हुँदैन थियो । धिमाल जातिमा प्रचलित लोककथामा संस्कार संस्कृति झल्काउने कथा, देवदेवीका कथा, जनावरका कथा, भूतप्रेतका कथा, पशुपक्षीका कथा, राजाका जीवनशैलीका कथा, सिकार खेल्ने कलालगायतका जीवनोपयोगी सिप झल्काउने कथा पर्छन् । परम्परागत रूपमा बेलुका खाना खाएपश्चात, सुत्नु अगाडि, आगो ताप्दा, खमारमा धान दाइँ गर्दा तथा फुर्सदका बेला बुढापाकाले आफ्ना नातिनातिनालाई लोककथा सुनाउन रुचाउने भए पनि वर्तमान समयमा यस कार्यमा कमी आएको पाइन्छ । लोककथा भन्ने बुढापाकाको अभाव तथा लोक संस्कृतिप्रति युवा पुस्ताको उदासीनताका कारण लोककथा भन्ने सुन्ने परम्परामा निकै कमी आएको छ । खासगरी धिमाल समुदायमा प्रचलित लोककथाले अर्ती-उपदेश दिने,

मनोरञ्जन प्रदान गर्ने, संस्कार संस्कृतिलाई जगेर्ना गर्ने, जनचेतना जगाउने, नैतिक शिक्षा प्रदान गर्ने, जीवन जिउने कला सिकाउने, सत्य मार्ग अवलम्बन गर्न पाठ सिकाउने, कर्म अनुसारको फल पाइन्छ भनेर आफ्ना सन्तानलाई शिक्षा दिनेलगायतका उद्देश्य रहेको पाइन्छ ।

समाजमा परापूर्वकालदेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका आख्यानात्मक गद्यरचनालाई लोककथा भनिन्छ । लोककथामा लोकजीवनका विभिन्न किस्सा, मिथक तथा किंवदन्तीलाई मूल विषय बनाइएको हुन्छ । लोककथा प्रकृति, संस्कृति, परम्परा, चालचलन, भूतप्रेत, जादुटुनामुना लोकविश्वास आदिसँग सम्बन्धित हुन्छन् । लोककथाले परम्परागत संस्कार, रीतिरिवाज, चालचलन, सामाजिक लोकविश्वास आदिको प्रतिनिधित्व गर्छ । लोकजीवनका सुख, दुःख, हाँसो,आँसु, मिलन, विछोडका अनुभूतिलाई लोककथाले समेटेको हुन्छ । लोककथामा परापूर्वकालदेखिको समाज प्रतिविम्बित भएको हुन्छ । ग्रामीण समाजमा मेलापात गर्दा कामको थकान मेटाउन, हाटबजार जाँदा/आउँदा, चाडपर्व मनाउँदा लोककथा सुन्ने सुनाउने गरिन्छ । यसरी श्रुतिपरम्पराबाट अगाडि बढ्ने लोककथामा मौलिकता पाइन्छ । लोककथा परम्परागत रूपमा एउटा पुस्ताबाट अर्को पुस्तामा श्रुतिमौखिक परम्पराबाट हस्तान्तरण हुँदै आएको विधा भएकाले यसले तात्कालिन समाजको मनोदशालाई देखाउँछ । लोककथाले अतितदेखि वर्तमानसम्मका कहानी र किस्सालाई समेटेको हुन्छ । नेपाली लोककथा सबै जातजातिले रुचाएको विधा हो । श्रम गरेर थकित भएको अवस्थामा लोककथाले मानिसलाई मनोरञ्जन दिन्छ र ऊर्जा थपिदिन्छ ।

हरेक कृति विभिन्न घटकको योगबाट संरचित हुन्छ । यस्ता घटकहरू एकअर्कामा सम्बन्धित र अन्तनिर्भर पनि हुन्छन् । लोककथाको सन्दर्भमा पनि विभिन्न मूर्त र अमूर्त घटकद्वारा यसको स्वनिष्ठ संरचनाको निर्माण हुन्छ । हरेक साहित्यिक विधाहरूको आआफ्नै संरचना रहेको हुन्छ । संरचनाको सम्बन्ध उपकरण/अङ्ग/घटक/तत्त्वसँग रहेको हुन्छ । विभिन्न घटकहरूको संयोजनबाट खास संरचनाको निर्माण भएको हुन्छ । लोककथा बन्न चाहिने आवश्यक तत्त्वद्वारा नै लोककथाको मूल संरचना तयार हुन्छ । संरचनात्मक घटकहरूले कथाको पहिचान दिने गर्दछन् । कथाको निर्माण कथावस्तु, पात्र वा चरित्र, वातावरण वा परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास जस्ता घटकको संयोजनबाट भएको हुन्छ । मूलतः लोककथाका घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास नै हुन् । लोककथाको संरचनात्मक स्वरूप तयार पार्ने यस्ता घटक वा अवयवलाई यसका संरचक घटक मानिन्छ । लोककथाको संरचनावादी अध्ययन पद्धति भनेको कथा संरचनाका ठुला, साना घटक र तिनको सम्बन्धलाई विश्लेषण गर्ने पद्धति हो । लोककथाको संरचनाले यसको तार्किक र यान्त्रिक विन्यासको मर्मलाई समेट्ने हुनाले यसको संरचनापरक अध्ययन गर्नु सान्दर्भिक देखिन्छ । प्रस्तुत शोधकार्य दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन गर्नुसँग सम्बन्धित छ । धिमाल समुदाय लोककथाको दृष्टिले उर्वर भूमि मानिन्छ । अहिलेसम्म यहाँका कथाहरू सङ्कलन तथा विश्लेषण गरेको पाइँदैन । त्यसैले प्रस्तुत शोधकार्यमा दमक क्षेत्रमा सङ्कलित लोककथाहरूको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासलाई विश्लेषणको मूल आधार बनाई संरचनात्मक विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

धिमाल समुदायमा परापूर्वकालदेखि नै संस्कृति र धर्म परम्परा तथा सामाजिक जीवनसँग सम्बन्धित धेरै लोककथाहरू रहेका छन् । खेतीपातीलाई मुख्य पेसा अपनाएका धिमाल जातिका बुढापाकाहरूले खेतबारीमा काम गर्दा वा बेलुका आँगनमा आगो तापेर वरिपरि बसेको बेलामा लोककथा भन्ने र सुनाउने चलन रहेको पाइन्छ । साना केटाकेटीलाई भुल्याउन भनिने लोककथा, युवा पुस्तालाई नैतिकताको पाठ सिकाउन सुनाइने लोककथा, मनोरञ्जन दिन भनिने लोककथा तथा जङ्गली जनावर, भूत, प्रेत पिशाच, चराचुरुङ्गी, सर्प तथा तलाउ, पोखरी, डरलाग्दो जङ्गल, राजदरबार, राजा महाराजाका कथाहरू समेटिएको पाइन्छ । तराईमा जङ्गल फाँडेर बस्ती बसाएका धिमालका पुर्खाहरूले जीवन भोगाइमा गरेका अनुभवलाई पनि लोककथाले समेटेका छन् । परम्परागत रूपमा एक पुस्तादेखि अर्को पुस्तामा श्रुतिमौखिक रूपमा हस्तान्तरण हुँदै आएका लोककथाहरू पुस्तान्तरण हुँदै जाँदा परिवर्तन हुँदै गएका पनि छन् । जातिगत उत्पत्ति र विकासको खोज तथा अनुसन्धानमा लोककथा महत्त्वपूर्ण सूचक बन्न सक्छन् । लोककथाले सामाजिक परम्परा, रीतिरिवाज, चालचलन, संस्कारलगायतका कुरालाई समेट्ने हुँदा धिमाल जातिको उत्पत्ति र विकास, परम्परागत संस्कृति, धर्म, रीतिरिवाज लगायतको खोज अनुसन्धानका लागि यस जातिमा प्रचलित लोककथा उत्तिकै महत्त्वपूर्ण हुन्छन् । दमक क्षेत्रका धिमाल जातिका सामाजिक सांस्कृतिक परम्परा जनश्रुतिकै आधारमा स्थापित भएका छन् । केही लोककथाहरू धिमाल भाषामा नै प्रकाशित भएका छन् तर ती लोककथा नेपाली भाषा मात्र बुझ्ने समुदायमा सम्प्रेष्य हुन सकेका छैनन् । संस्कृति र संस्कारका धनी धिमाल समुदायमा नेपाली लोककथाहरू पनि प्रचलनमा रहेका छन् तर पर्याप्त मात्रामा सङ्कलन, अध्ययन र विश्लेषण हुन सकेको छैन । लिखित परम्पराको अभावमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलनमा रहेका लोककथाहरू बिस्तारै लोप हुने अवस्थामा रहेका छन् । यो नेपाली लोकसाहित्यका अध्येताका लागि समस्याको विषय हो । प्रस्तुत शोध प्रस्तावमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथा मुख्य समस्या रहेको छ र यससँग सम्बन्धित भएर निम्नलिखित समस्याहरू निर्धारण गरिएका छन् :

(१) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचना केकस्तो छ ?

(२) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक नेपाली लोककथाको संरचना केकस्तो छ ?

(३) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचना केकस्तो छ ?

(४) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचना केकस्तो छ ?

## १.३ उद्देश्य

धिमाल जाति नेपालको सीमान्तकृत जनजाति हो । यस समुदायका विविध लोक संस्कृति र चालचलन रहेका छन् । विविध संस्कार, संस्कृति, रीतिरिवाज, चालचलनले नै

लोकसाहित्यलाई पनि प्रभाव पारेको हुन्छ । दमक क्षेत्रका धिमाल जातिमा विभिन्न विषयसँग सम्बन्धित लोककथाहरू प्रचलित रहेका छन् तर तिनीहरूको व्यवस्थित सङ्कलन, अध्ययन र विश्लेषण हुन नसकेको कारण लोप हुने अवस्थामा पुगेका छन् । लोककथाले कुनै पनि जातिको सामाजिक संरचना, रहनसहन, धर्म संस्कृति र संस्कारका बारेमा वर्णन गरेको हुन्छ । कुनै पनि समुदायको जातिगत इतिहासबारे लोककथाले जानकारी दिन्छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथा मुख्य समस्या भएको यस शोध प्रबन्धको समस्याकथनमा तय गरिएका समस्याहरूको समाधानार्थ प्रस्तुत शोधप्रबन्धका निम्नलिखित उद्देश्य रहेका छन् :

(१) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गर्नु,

(२) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण गर्नु,

(३) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण गर्नु,

(४) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

धिमाल जातिमा प्रचलित लोकसाहित्यका बारेमा नेपाली भाषा तथा धिमाल भाषामा नै अध्ययन विश्लेषण भए पनि यस जातिमा केकस्ता नेपाली कथाहरू प्रचलित छन् भन्ने कुराको खोजी भएको छैन । विभिन्न स्थानमा प्रचलित नेपाली लोककथाको अध्ययन विश्लेषण गर्ने काम भए पनि धिमाल जातिमा प्रचलनमा रहेका नेपाली कथाको सामान्य टिकाटिप्पणी मात्र भएका छन् तर समग्रमा व्यवस्थित एवम् प्रामाणिक अध्ययन र विश्लेषण भएको छैन । लोककथाको आलोकमा रहेर धिमाल जातिमा केकस्ता कथाहरू प्रचलनमा छन् भन्ने कुराको खोजी गर्दा नेपालका अन्य स्थानमा प्रचलनमा रहेका लोककथाका प्रकृतिलाई आधार लिन भने सकिन्छ । लोककथा तथा धिमाल लोकसाहित्यका बारेमा गरिएका पूर्वकार्यको कालक्रमिक समीक्षा तल प्रस्तुत गरिएको छ :

डोरबहादुर विष्ट (२००२) ले *सबै जातको फूलबारी* नामक पुस्तकमा 'हामी धिमाल र बोडो' शीर्षकमा धिमाल जातिका सांस्कृतिक तथा धार्मिक पक्षको चर्चा गरेका छन् । उनका अनुसार धिमालहरूले दसैं तिहारजस्ता ठुला पर्वका साथै दन्ता बराङ, तेस्ता पुरी र डोल ठाकुर आदि पूजा तथा पर्व मनाउने गर्छन् । जेठमा धानबाली लगाउनु अगि गाउँको छेउमा दन्ता बराङको बेदीमा लिपपोत गरी कुखुरा आदिको बली चढाइ पूजा गरिन्छ । त्यसैले वैशाखको सङ्क्रान्तिमा अक्षता, धूपबत्ती गरी तेस्ता पुनौको पूजा हुन्छ । यसबेला ठिटाठिटीहरू उन्मुक्त भएर नाच्ने गाउने र हाँसखेल गरी रमाइलो गर्ने गर्छन् । रोगव्याध

आदिको निवारणका लागि असारको पूर्णिमामा डोल ठाकुरको पूजा गर्छन् भनेर धिमाल जातिको धार्मिक तथा सांस्कृतिक पक्षको चर्चा गरेका छन् । यस पुस्तकमा धिमाल जातिमा प्रचलित नेपाली लोककथाका बारेमा चर्चा नभए पनि धिमालका सांस्कृतिक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण गर्न सहयोग प्राप्त भएको छ ।

चूडामणि बन्धु (२०३०) ले *धिमाल लोकजीवन अध्ययन* नामक पुस्तकमा धिमाल लोकजीवनको परिचयात्मक टिपोटमा धिमाल भाषामा धिमाल शब्दको कुनै स्पष्ट अर्थ खुल्न नसक्ने कुरा उल्लेख गरेका छन् । उनका अनुसार छिमेकी थारू र राजवंशी जातिहरू धिमाललाई 'ढेमाल' भन्दछन् । मेचेहरू धिमाललाई 'हाइको' भन्दछन् । माइखोला पूर्वका धिमाल आफूलाई मल्लिक पनि भन्ने गर्छन् । धिमालहरू मधेशमा बसेर पनि मदिशे भन्न चाहँदैनन् भन्ने कुरा उल्लेख गरेका छन् । यसैगरी यस पुस्तकमा धिमालका थर, जनसङ्ख्या, गाउँघर, शारीरिक लक्षण तथा शारीरिक विशेषताका बारेमा पनि चर्चा गरिएको छ । लोक साहित्य तथा सङ्गीत शीर्षकमा लोकगीत र लोककथालाई छुट्टाछुट्टै शीर्षक दिई वर्णन गरेका छन् जसमा धिमाल लोकजीवनमा कथा भन्ने र सुन्ने चलन निकै भएको कुरा उल्लेख गरिएको छ । धिमालहरू कथालाई 'निङ्का' भन्ने गर्छन् । कामको बेला, बिहान दिउँसो कथा भन्ने चलन राम्रो मानिदैन । कथालाई साँझ र रात नै सुहाउँदो हुन्छ । लोककथाकै माध्यमबाट धिमाल बालबालिकाहरू आफ्ना अग्रजहरूबाट शिक्षा दीक्षा, मनोरञ्जन प्राप्त गर्छन् । धिमाल लोककथामा विभिन्न थरको उत्पत्ति, अन्य किराँती शाखासँगको आफ्नो वियोग, बुद्धि, विवेक, न्याय, इन्साफ, पशुपक्षी तथा जनावरका कथा, भूतप्रेतका कथा, टुहुराको दुःख, पराक्रम आदिको बयान गरिएको हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । चलाखीका धिमाल लोककथामा मङ्गोल जातीय छाप देखिने, कल्पना अनुप्राणित धिमाल लोककथामा ऐतिहासिक तथा पौराणिक घटना र व्यक्ति अलौकिक हुन पुगेका लोककथा प्रचलनमा रहेको कुरा जानकारी दिएका छन् । पञ्चतन्त्र, जातक, पुराण आदिका प्राचीन कथाहरू धिमाल जातिमा पुग्दा जातीय र स्थानीय अन्तरले नौला हुन पुगेका छन् भनेर धिमाल जातिमा पाइने लोककथाका विषयमा चर्चा गरिएको छ । यस पुस्तकमा दमक क्षेत्रका धिमाल जातिमा के कस्ता लोककथा प्रचलनमा रहेका छन् भन्ने कुरा उल्लेख गरिएको नभए पनि धिमाल जातिका किंवदन्तीमूलक लोककथाका विषयवस्तु केकस्ता छन् भन्ने कुरा पहिल्याउन उपयोगी भएको छ ।

तुलसी दिवस (२०३३) ले *नेपाली लोककथा : केही अध्ययन* नामक पुस्तकमा केही प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गरी सांस्कृतिक-ऐतिहासिक लोककथा,अर्ती उपदेशका लोककथा, पशुपक्षीका लोककथा, मानव विशेषका स्वभाव र प्रकृतिसँग सम्बन्धित लोककथा, अतिमानवीय रूपका लोककथा, दैविक लोककथा,फलफूका लोककथा,साहस र बहादुरीका लोककथा, धार्मिक लोककथा गरी फरक फरक आधारमा लोककथाको वर्गीकरण गरेका छन् । यसमा धिमाल जातिका लोककथा भनेर सङ्कलन गरिएको नभए पनि धिमाल जातिमा प्रचलित लोककथाकको वर्गीकरण गरी संरचनात्मक विश्लेषण गर्न सहयोग प्राप्त भएको छ ।

तुलसी दिवस (२०३५) ले *प्रदर्शनकारी धिमाल लोक संस्कृति* पुस्तकमा धिमाल जातिको प्रजातीय लक्षण र शारीरिक विशेषताका बारेमा वर्णन गर्दै धिमाल जातिले बोलचालमा सीमित धिमाल भाषा बोल्ने भएकाले यिनीहरूको आफ्नो लिपि नभएको र धिमाल बोलीमा प्रशस्त नेपाली शब्द मिसिएको कुरा व्यक्त गरेका छन् । यसका साथै धिमाल जातिमा प्रचलित भेषभूषा र गरगहनाका बारेमा पनि जानकारी दिएका छन् । धिमाल जातिमा प्रचलित लोककथाको बारेमा उल्लेख गरिएको नभए पनि यसबाट धिमाल जातिको संस्कार र रहनसहनको बारेमा जानकारी प्राप्त गर्न तथा लोककथाको भाषिक विन्यासको विश्लेषण गर्न उपयोगी भएको छ ।

डिल्लीराम दाहाल (२०३६) ले *धिमाल लोकजीवन अध्ययन* नामक पुस्तकमा धिमाल गाउँ तथा घर, जाति परिचय र सामाजिक रूपरेखा, आर्थिक व्यवस्था, ग्रामीण सामाजिक व्यवस्था, सामाजिक संस्कार, धार्मिक विश्वासहरू, धिमाल गाउँको बसाइको ढाँचा चित्र गरी सातवटा शीर्षकमा धिमाल जातिको लोकजीवनको अध्ययन गरेका छन् । यस पुस्तकमा धिमाल गाउँ तथा घर शीर्षकमा माई खोलाभन्दा पूर्व बसोबास गर्ने धिमाललाई पूर्वेली धिमाल र माइखोला पश्चिम (झापा तथा मोरङ दुवै जिल्लामा) बसोबास गर्ने धिमाललाई पश्चिमेली धिमाल भनिने कुरा उल्लेख गरेका छन् । यसैगरी 'जाति परिचय र सामाजिक रूपरेखा' शीर्षकमा धिमाल जाति इशापूर्व १००० वर्षभन्दा धेरै पहिले भारतीय उपमहाद्विपको उत्तरी र उत्तरपूर्वी हिमालय क्षेत्रमा आएर बसेका किराँतीहरूको एक शाखाभित्र पर्ने कुरा उल्लेख गरेका छन् । गाढा खैरो शरीरको रङ, कालो तर बाक्लो र खस्रो केश, दाह्रीजुँगा र रौँ कम भएको, सानासाना आँखा, पातला आँखीभौँ र परेला, आँखामा माथिल्लो ढकनीमा मङ्गोल पत्र भएको, छोटो, होचो र तल केही फुकेको नाक, नाकका ठुलाठुला प्वालहरू, मध्यम वा केही मोटो ओठ, प्राय लामा र पातला कान, गोलो चिउँडो, बोसो भएका गाला, टम्म कसिएको शरीर र औषत राई लिम्बूभन्दा केही अग्लो कद नै यिनीहरूका शारीरिक बनावटको संक्षिप्त वर्णन भएको कुरा वर्णन गरिएको छ । यसै गरी मृत्यु कर्ममा धिमालका जात राम्ररी छुट्टिने कुरा उल्लेख गर्दै जात विशेषको मृत्यु संस्कारको चर्चा गरिएको छ । यी लेखहरूमा धिमाल जातिमा प्रचलित लोककथा दिइएको नभए पनि केकस्ता लोककथा पाइन्छन् भनेर खोज्नका लागि आवश्यक सूचनाहरू प्रशस्त रहेका छन् । यसबाट धिमाल जातिको उत्पत्ति, सामाजिक रहनसहन, पेशा तथा व्यवसायसँग जोडिएका सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गर्न सहयोग पुगेको छ । त्यसैले यो पुस्तक शोधकार्यका लागि सहयोगी भएको छ ।

तुलसी दिवस (२०३९) ले *धिमाल लोकधर्म र संस्कृति* नामक पुस्तकमा धिमाल जातिको उत्पत्ति, जनसङ्ख्या तथा बसोबास क्षेत्रको चर्चा गर्दै कछाडी मेचे भाषामा 'दि' को अर्थ पानी र नदी हुने र दिसँग संयुक्त भएर दिहोङ, दिगारो आदि शब्दावलीबाट दिमाल हुँदाहुँदै धिमाल शब्द निर्माण हुन सम्भव भएको कुरा व्यक्त गरेका छन् । उनका अनुसार इसापूर्व १००० वर्षभन्दा धेरै पहिला संभवत आर्यहरूको आगमन भन्दा निकै अगाडि भारतीय उपमहाद्विपको उत्तर र उत्तर पूर्वी हिमालय क्षेत्रमा आएर बसेका किराँतीहरूको एक

शाखाभित्र धिमाल पर्दछन् । यस पुस्तकका अनुसार आफ्नै आफन्त र एउटै गोत्र र नातागोताभित्रका व्यक्तिहरू एउटै ठाउँमा एकत्रित भएर धिमालहरू बसोबास गर्ने गरेको पाइन्छ । धिमालहरूबिच प्रचलित श्रुतिपरम्पराका किंवदन्ती दन्त्यकथा तथा अनुश्रुति हुन् । तिनीहरू भनिदा सत्य कथाको रूपमा भन्ने र सुन्ने गरिए पनि ती पूर्ण सत्य कथा होइनन् तर तिनमा सन्निहित सामाजिक सांस्कृतिक पक्ष र ऐतिहासिकतालाई नकार्न नसकिने कुरा उल्लेख गरेका छन् । यस पुस्तकमा धिमाल जातिमा प्रचलित नेपाली लोककथाको अध्ययन विश्लेषण नभए पनि धिमाल समुदायमा रहेका लोककथा खोज्न र धिमाल समुदायमा प्रचलित अतिप्राकृतिक तथा किंवदन्तीमूलक लोककथाको विश्लेषण कार्यका सहयोग प्राप्त भएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) ले *नेपाली लोकसाहित्यको विवेचना* नामक पुस्तकमा नेपाली लोकसाहित्यको इतिहास, विकासक्रम, विशेषता, महत्त्व, वर्गीकरण तथा नेपाली लोकसाहित्यका विविध पक्षहरूका बारेमा विवेचना गरेका छन् । लोककथाको विशेषता, वर्गीकरण र विश्लेषण खण्डमा लोककथालाई धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक लोककथा, मानवीय तथा अति मानवीय लोककथा,पशुपक्षीका लोककथा, दैवीलोककथा र विविध लोककथामा वर्गीकरण गरेका छन् । यस पुस्तकमा धिमाल जातिमा केकस्ता लोककथा प्रचलनमा रहेका छन् भन्ने कुरा उल्लेख गरिएको नभए पनि लोककथाको वर्गीकरण गरिएकाले प्रस्तुत पूर्वकार्यले धिमाल जातिका लोककथा वर्गीकरणका लागि सहयोग पुऱ्याएको छ ।

मोतीलाल पराजुली (२०५४) ले *नेपाली लोककथाका अभिप्रायको अध्ययन* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा नेपाली लोककथामा पाइने अभिप्रायको सङ्कलन गरी तिनको तुलनात्मक अध्ययन र विश्लेषण गरी अभिप्रायको अनुक्रमणिका तयार पार्ने काम गरेका छन् । यस अध्ययनमा धिमाल जातिका लोककथामा पाइने अभिप्रायका बारेमा विश्लेषण नगरिए पनि समग्र लोककथामा पाइने अभिप्रायको अनुक्रमणिका तयार भएकाले धिमाल जातिमा प्रचलित नेपाली कथामा पाइने अभिप्रायको विश्लेषणका लागि सहयोगी भएको छ ।

चूडामणि बन्धु (२०५८) ले *नेपाली लोकसाहित्य* नामक पुस्तकमा लोकवार्ता र लोकसाहित्यका विधागत अभिलक्षणका साथै विश्वव्यापी रूपमा प्रचलनमा रहेका लोकसाहित्यिक अनुसन्धान पद्धतिका बारेमा चर्चा गरेका छन् । यसका साथै नेपाली लोकसाहित्यका सम्पूर्ण विधाको उदाहरणसहित विवेचना गरेका छन् । यस पुस्तकमा नेपाली लोकगीत, लोककविता, लोककगाथा, लोककाव्य, लोकनाटक, लोककथा, पहेली, उखान र टुक्काको परिचय, स्वरूप, विशेषता, प्रयोजन प्रस्तुत गरी प्रत्येक विधाका अध्ययन परम्पराका बारेमा चर्चा गरेका छन् । यसैगरी लोककथाको उत्पत्तिसम्बन्धी देखिएका मतहरूमा प्रकृति रूपकवाद, प्रसारवाद, इच्छापूर्तिवाद, विकासवाद, र यथार्थवादको बारेमा सङक्षिप्त चर्चा गरेका छन् । नेपाली लोकसाहित्यका विभिन्न पक्षको चर्चा गर्ने क्रममा नेपाली लोककथाका अध्ययन पद्धतिहरू र केही लोककथाको नमुनासमेत प्रस्तुत गरेका छन् । नेपाली लोककथाको वर्गीकरण गरी अभिप्रायको अध्ययन र प्रोपको संरचनावादी पद्धति लगायत अन्य पद्धतिका बारेमा पनि चर्चा गरेका छन् । यस पुस्तकमा धिमाल जातिमा प्रचलित

नेपाली लोककथाका बारेमा जानकारी नभए पनि लोककथा अध्ययन परम्परा र पद्धतिका बारेमा जानकारी दिइएकोले धिमाल जातिका लोकथाको वर्गीकरण र संरचनात्मक विश्लेषणका लागि उपयोगी रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६२) ले *कविताको संरचनात्मक विश्लेषण* नामक पुस्तकमा कविताको संरचनात्मक पक्षको विश्लेषण गरेका छन् । उनले यस पुस्तकमा आख्यानात्मक कविताको विश्लेषण गर्दा भाव वा विचार,सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीगत विन्यासका आधारमा गर्न सकिने र कतिपय आधारहरू अन्य विधामा पनि प्रयोग गर्न सकिने कुरा उल्लेख गरेका छन् । प्रस्तुत शोधप्रस्ताव दमक क्षेत्रका धिमाल जातिका प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययनसँग सम्बन्धित भएकाले लोककथा विश्लेषणको ढाँचा निर्माणमा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले *लोकवार्ताविज्ञान र लोकसाहित्य* नामक पुस्तकमा लोकवार्ता र लोकसाहित्यका बारेमा बृहत् चर्चा गरेका छन् । लोकसाहित्यलाई लोकवार्ता वा लोकसंस्कृतिअन्तर्गत पर्ने एउटा मुख्य भागका रूपमा मानेर लोकसाहित्यको परिचय, परिभाषा, स्वरूप, विशेषता र प्रयोजनका बारेमा प्रस्ट पारेका छन् । यस पुस्तकमा लोककथालाई लोकसाहित्यको प्रमुख विधाका रूपमा चर्चा गरिएको छ । लोककथाका तत्त्वहरूमा कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषा र शैलीलाई प्रमुख तत्त्वका रूपमा लिएर छुट्टाछुट्टै वर्णन गरिएको छ । यसैगरी लोककथाको पूर्वीय र पाश्चात्य वर्गीकरणका आधार र प्रकार प्रस्तुत गरी नेपाली लोककथाको पनि वर्गीकरणका आधार देखाइएको छ । लोककथाको उत्पत्तिसम्बन्धि दृष्टिकोण, लोककथाका वर्गीकरणका आधार र प्रकार देखाएर सोह्रवटा नेपाली लोककथाहरू पनि राखिएको प्रस्तुत पूर्वकार्यले धिमाल जातिमा प्रचलित नेपाली लोककथाका बारेमा समेटेको नभए पनि यसबाट लोककथा वर्गीकरण र विश्लेषणका साथै लोककथाका संरचक घटक निर्धारणका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले 'लोकसाहित्यको विधागत वर्गीकरण' लेखमा लोकसाहित्यका लोककविता, लोकनाटक, लोककथा, लाकगाथा, लोकगीत, गाँउखाने कथा, उखान, टुक्का र मन्त्रजस्ता विधाहरूलाई प्रस्तुति, श्रेणी, माध्यम, आकार र प्रकारको आधारमा वर्गीकरण गरेका छन् । यिनै आधारमा हेर्दा लोककथा माध्यमका आधारमा गद्य, प्रस्तुतिका आधारमा श्रव्य, श्रेणीका आधारमा स्थूल, आकारमा आधारमा लघु र प्रकारका आधारमा लोकगद्य विधाका रूपमा लिएको पाइन्छ । प्रस्तुत शोधप्रस्ताव लोककथाको संरचनात्मक अध्ययनसँग सम्बन्धित भएकाले लोककथाको बारेमा सिद्धान्त तथा अवधारणा निर्माण गर्न यो लेख महत्त्वपूर्ण सामग्री रहेको छ ।

सोमबहादुर धिमाल (२०७८) ले 'धिमाल जातिका अमूर्त सांस्कृतिक सम्पदा' शीर्षकको लेखमा धिमाल जातिको परिचय दिँदै यस जातिमा प्रचलनमा रहेका लोककथा, लोकगीत, लोकनाटक, लोकमन्त्र आदिको विवरण प्रस्तुत गर्दै यी सबै सम्पदा अलिखित

रूपमा रहेको जानकारी प्रस्तुत गरेका छन् । उनका अनुसार जनश्रुतिमा आधारित वंशावलीअनुसार धिमालहरू किराँत इङ्वाका दश भाइ छोराहरूमध्ये कान्छा थाङदावाका जेठा छोरा धिकोम्पाका सन्तान हुन् । धिमालहरू किराँतीहरूमध्ये लिम्बूलाई सबैभन्दा नजिकको दाजुभाइ ठान्छन् । त्यसैले पनि धिमालहरूलाई मधेसको लिम्बू भनेर भन्ने गरिन्छ । धिमालहरू प्रकृति पुजक हुन् । आफ्नो थातथलो, खोला नाला, भोनाई, पानी, वनजङ्गल इत्यादि प्राकृतिक श्रोत र शक्तिहरूको पूजा गर्ने र आफ्नो पितृ पूर्वजहरूको आत्मा र शक्तिलाई पुजेर आशीर्वाद लिने धिमालहरूको सामाजिक जीवन समानता, सामूहिकतामा अडेको हुन्छ । उनले यस लेखमा धिमाल महिलाहरूको आफ्नै घरेलु तानमा परम्परागत लुगा बुन्ने सीप र कला भएको र आफ्नै जातीय भेषभूषा भएको कुरा उल्लेख गर्दै महिलाहरूले लगाउने लुगालाई 'बोना/बोहना' र पुरुषहरूले लगाउने लुगालाई "आस्कोट, टेपाना र गान्जी" भनिने कुरा उल्लेख गरेका छन् । धिमाल महिलाहरूको परम्परागत लगाउने पहिरन 'बोहना' ले धिमाल चिनाउन सजिलो भएकाले "बोहना" धिमाल संस्कृतिको विशिष्ट पहिचान बनेको छ भनेर धिमाल जातिको पोसाकको पनि चर्चा गरेका छन् । यस लेखमा धिमाल जातिमा केकस्ता लोककथाहरू प्रचलनमा छन् भनेर विश्लेषण नगरिए पनि प्रस्तुत पूर्वकार्यले धिमाल जातिका लोककथा खोज्नका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६८) ले *लोकसाहित्यको परिचय* नामक पुस्तकमा लोकसाहित्यको बारेमा चर्चा गरेका छन् । उनले यस पुस्तकमा लोकसाहित्यको परिचय, परिभाषा, स्वरूप, विशेषता, महत्त्व, प्रयोजन, लोकवार्ता विज्ञानको सैद्धान्तिक स्वरूप, लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बीचको सम्बन्ध, लोकसाहित्यको अनुसन्धान पद्धति, अनुसन्धान प्रक्रिया, लोकसाहित्यको विधागत वर्गीकरण, लोकसाहित्य र सिर्जित साहित्यका बीचमा अन्तर तथा नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराका सम्बन्धमा चर्चा गरेका छन् । उनले श्रुतिपरम्पराबाट प्राप्त लोकज्ञान वा लोकभावनामा आधारित व्यक्ति विशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले विभिन्न विधाका माध्यमबाट अभिव्यक्त हुने मौखिक भाषिक संरचना लोककथा हो भन्ने कुरा स्पष्ट पारेका छन् । यस पुस्तकमा लोककथाको संरचनात्मक विश्लेषण गरिएको नभए पनि प्रस्तुत पूर्वकार्यले यस शोधकार्यमा लोककथाको सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा संरचनात्मक विश्लेषण गर्न सघाउ पुऱ्याएको छ ।

मोतीलाल पराजुली (२०७१) ले *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण* नामक पुस्तकमा लोककथा सिद्धान्त,लोकसाहित्यका अध्ययन पद्दति, नेपाली लोककथाका आद्य रूप तथा नेपाली लोककथामा अभिप्राय बारेमा विस्तृत चर्चा गरेका छन् । उनले यस पुस्तकमा संरचनावादको परिचय दिँदै भ्लादिमिर प्रोपको संरचनावादको चर्चा गरेका छन् । अध्ययन पद्दतिका बारेमा चर्चा गर्दै प्रोपको अध्ययन पाठकेन्द्रित देखिने र यिनका कार्यमा आगमनात्मक पद्दतिको प्रयोग भएको कुरा व्यक्त गरेका छन् । प्रस्तुत शोधमा धिमाल जातिमा प्रचलित नेपाली लोककथाको पाठकेन्द्रित विश्लेषण गरिएको हुँदा यस पुस्तकबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा संरचनात्मक विश्लेषण गर्न महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

सोमबहादुर धिमाल (सन् २०१४) ले 'धिमाल संस्कृति र लोक जीवन' शीर्षकको लेखमा धिमाल जातिका धर्म, संस्कृति र परम्पराका बारेमा विस्तृत चर्चा गरेका छन् । उनका अनुसार धिमालहरू प्रकृतिपूजक हुन् । धिमालहरूले आदिकालदेखि नै हिन्दू धर्मशास्त्रमा भएका देवताहरू तथा देवीहरूलाई स्वीकार नगरी आफ्नै तरिकाको प्रकृतिलाई सर्वमान्य सर्वशक्तिमान ठानी प्रकृतिको पूजाआजा गरेको देखिन्छ । यस जातमा पुरानो विश्वास अनुसार मृत्यु, बिमार, गरिबी, बच्चा नहुनु, अन्नबाली नहुनु, गाईवस्तु मर्नु, हैजा आउनु, सम्पति चोरिनु, आदि सबैको कारण नै प्रकृतिको देन हो र प्रकृति खुसी हुँदा सबै ठीक हुने र प्रकृति रिसाउँदा विनास हुने भन्ने जनविश्वास रहेको छ । यस जातिका मानिसहरू प्रकृति धर्म मान्दछन् । प्रकृतिका हरेक नयाँ चीजबीजहरूलाई पूजाआजा गर्दछन् । यस जातिको देवताहरूलाई घर भित्रको देवता र धिमाल ग्रामथानमा भएका देवताहरू गरी दुई भागमा विभाजन गर्न सकिन्छ । घरको देवतामा खासगरी सालीवेराङ्गलाई मान्ने चलन छ । हरेक घरको उत्तर पूर्व कुनामा अलिकति माटो उठाएर सानो चेराक, कुचो राखी देवीको थान स्थापना गरी पूजा गर्ने चलन छ । घरमा पूजा गर्दा काली, देवी र मसानको पूजा गर्ने चलन छ । घरमा कोही बिमारी भएमा घरको मूली मान्छेले नुहाइ धुवाइ गरी चोखो मन र वचनले सालीवेराङ्गको पूजा गर्ने चलन छ । यसो गरेमा बिमारी निको हुन्छ वा अनिष्ट नआउने धिमालहरूको जनविश्वास छ । ग्रामथानको देवताहरूलाई धिमालहरूले धिमाल जात्रीमेला वा सिरिजातको अवसरमा थानमा पूजाआजा गर्ने चलन छ । यस लेखमा धिमाल जातिमा प्रचलित नेपाली लोककथाका बारेमा जानकारी पनि धिमाल जातिका धर्म संस्कृति र परम्पराका बारेमा बुझ्न र धिमाल जातिमा रहेका धार्मिक कथाका पात्र र परिवेशको संरचनात्मक विश्लेषण गर्न मद्दत पुगेको छ ।

पूर्णानन्द ओझा (२०७४) ले 'डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना' शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा डोटी जिल्लामा प्रचलित पैंतालिसवटा लोककथाहरू सङ्कलन गरी दशवटा लोककथाको भ्लादिमिर प्रोपको संरचनावादी अध्ययन पद्धतिका आधारमा विश्लेषण गरेका छन् । त्यस क्षेत्रका लोककथामा लोकसमुदायका सुखदुःख, वैराग्य,चलाखी, बहादुरी, बुद्धिमानी आदि विविध अनुभूति र अनुभव समेटिएको कुरा प्रस्तुत गरेका छन् । सृष्टिसम्बन्धी लोककथा, वीरतासम्बन्धी लोककथा, अतिप्राकृतिक लोककथा तथा वीरचरित्रसम्बन्धी लोककथाले डोटी क्षेत्रको समग्र परम्परा र समुदायको जनजीवनलाई झल्काएको कुरा प्रष्ट पारेका छन् । यस पूर्वकार्यमा धिमाल जातिमा प्रचलनमा रहेका लोककथाका बारेमा जानकारी दिइएको नभए पनि अतिप्राकृतिक तथा वीरभावसँग सम्बन्धित लोककथाको संरचना अध्ययन गर्न सहयोग प्राप्त भएको छ ।

नवराज भट्ट (२०७४)ले *डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन* शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी साामाजिक र किंवदन्तीमूलक लोककथामा वर्गीकरण गरेका छन् र ती लोककथालाई कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषा, शैलीका आधारमा विश्लेषण गरेका छन् । त्यस क्षेत्रमा ऐतिहासिक, पौराणिक, सामाजिक र अलौकिक काल्पनिक लोककथा

पाइने र ती लोककथामा जातजातिका पहिचान, पितापुर्खाले भोगेका सुखदुःख, देवीदेवताको उत्पत्तिसम्बन्धी मान्यता आदि चित्रण गरिएको कुरा व्यक्त गरेका छन् । यस पूर्वकार्यमा लोककथाको संरचनात्मक विश्लेषण गरिएको नभए पनि लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएकाले पाठकेन्द्रित विश्लेषणका गर्न सहयोगी सामग्री बनेको छ ।

सोमबहादुर धिमाल (२०७५) ले 'लोकसाहित्यमा धिमाल जाति' शीर्षकको लेखमा धिमाल समुदायको लोकसाहित्यलाई हेर्दा प्रायः अलिखित रूपमै मौखिक परम्परामा आधारित विभिन्न अवसरमा गाइने गाना, लोककथा, लोकविश्वास, गाउँखाने कथा (नालचापाका कथा), लोकनृत्य, लोकोक्ति, कविता, छोटा नाटक पर्ने कुरा उल्लेख गरेका छन् । लोकसङ्गीत, गाना, बाजा, लोकनृत्य भनेको कुनै पनि समाज र त्यस समाजमा आदिकालबाट बस्दै आएका मानिसको हुलमा प्रतिभा प्रस्फुटन गर्न, मनोरञ्जन दिलाउन, कला तथा संस्कार संस्कृतिको जगेर्ना गर्नमा ठुलो मद्दत गर्ने भएकाले धिमाल समुदायको आफ्नै प्रकारको लोकगीत आदिकालबाटै चल्दै आएको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् । यस लेखमा धिमाल जातिका बारेमा जानकारी भएकाले धिमाल जातिमा प्रचलित लोककथाको सामाजिक लोककथाको अध्ययनका लागि महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०७६) ले *लोकवार्ताविज्ञान सिद्धान्त र विश्लेषण* पुस्तकमा लोकवार्ता, लोकवार्ताको प्रकार, लोकसाहित्यको उत्पत्ति, स्वरूप, विशेषता, महत्त्व, लोकसाहित्यको अध्ययन पद्धति, अनुसन्धान प्रक्रिया, लोकसाहित्यको विधागत वर्गीकरण तथा विश्लेषण, लोकसाहित्यका सबै विधाहरूको सैद्धान्तिक स्वरूप विशेषता, तत्त्व, वर्गीकरण तथा विश्लेषण गरेका छन् । यसै सन्दर्भमा उनले लोककथाको उत्पतिसम्बन्धी विभिन्न दृष्टिकोणलाई सम्मिश्रण गरी लोककथा मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त, सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचना हो भनेका छन् । साथै लोककथामा आख्यानको प्रधानता, विषयगत व्यापकता, सुखद समापन, अभिप्रायको प्रयोग, उत्सुकताको प्रधानता, कल्पनाको आधिक्य, मनोरञ्जनात्मकता, विशेष आदि-अन्त्य, भाषिक सरलता गद्यको प्रधानता र वणर्नात्मक शैलीजस्ता अभिलक्षण देखिने कुरा उल्लेख गरेका छन् । उनले लोककथा बन्न कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासजस्ता घटकहरू अनिवार्य हुने बताएका छन् । प्रस्तुत पुस्तकमा नमुना लोककथाहरूको विधातात्विक दृष्टिले विश्लेषणसमेत गरेका छन् । प्रस्तुत पुस्तक लोककथाको सैद्धान्तिक अध्ययन तथा विश्लेषणका लागि उपयोगी रहेको छ ।

सोमबहादुर धिमाल (२०७६) ले *चाँदीको घेरामा दमकका धिमालहरू* पुस्तकमा धिमाल जातिका संस्कार, संस्कृति र मूल्यमान्यताका बारेमा चर्चा गर्दै नेपालमा रहेका धिमालहरूको आफ्नै विशिष्ट संस्कार संस्कृतिले विशिष्ट मूल्यमान्यता बोकेको कुरा व्यक्त गरेका छन् । दमकका धिमालहरूमा वनजङ्गल, खोलानाला, भूमि जस्ता प्रकृतिलाई पुज्ने, आफ्नै प्रकारका खानपिनका परिकारहरू खाने, आफ्नै समुदायको बस्ती बनाएर बस्ने, जन्म, विवाह तथा मृत्य संस्कारहरू गर्ने, ओझा, धामी तथा माझीवाराङ प्रथामा विश्वास गर्ने,

आफ्नै प्रकारका चाडबाडहरू मनाउने, पितृ तथा पुर्खाहरूलाई पुज्ने जस्ता विविध संस्कृतिहरू छन् भन्ने कुरा उल्लेख गरेका छन् । यसैगरी उनले धिमाल समुदायको आफ्नै प्रकारका लोकगीत आदिकालबाटै चल्दै आएको कुरा उल्लेख गर्दै धिमालहरूमा अलिखित प्रकारले, मौखिक परम्पराबाट धेरै कुराहरू एउटा मुखबाट अर्को मुख हुँदै आएका र धिमाल समुदायका लोकगीतहरूले लिखित तथा अलिखित मौखिक तथा परम्परागत, सामाजिक, सांस्कृतिक मूल्य मान्यता बोकेको कुरा उल्लेख गरेका छन् । धिमालका गीतभित्र हर्ष, विष्मात, उमङ्ग, उल्लास, जोश, रीतिरिवाज, धार्मिक मान्यता र आस्था, सामाजिक प्रचलन, इच्छा आकाङ्क्षा, भावानाहरू समेटेको पाइने र यी गीतभित्र अनुभवका कथाहरू, जीवनशैलीका कथाहरू, गाउँबस्तीहरूको नक्सा, विभिन्न चाडपर्वहरूको क्रियाकलापहरू, संस्कार संस्कृति, दुःख पीडाका गाथाहरू, वीरताका कथाहरू लुकेका हुन्छन् भनेर जानकारी दिएका छन् । यस पूर्वकार्यमा धिमाल समुदायमा प्रचलित लोककथाको जानकारी नभए पनि गीतका माध्यमबाट व्यक्त गर्ने गाथा पनि लोककथासँगै सम्बन्धित भएकाले धिमाल जातिका प्रचलित सामाजिक, किंवदन्तीमूदक र धार्मिक लोककथाको भाषाशैली र परिवेशको विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

ईश्वरा पौडेल (२०७६) ले 'ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन' शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा भोजपुर जिल्लाको ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित छत्तिस वटा गीतहरू सङ्कलन गरी गीतको बाह्य संरचना, पर्याधार, ढाँचा, वस्तुविधान, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा संरचनात्मक विश्लेषण गरेकी छिन् । यस पूर्वकार्यमा कथाको विश्लेषण गरिएको नभए पनि संरचनावादी सिद्धान्तको अध्ययन र प्रयोगका लागि सैद्धान्तिक सहयोग प्राप्त भएको छ ।

बुलु मुकारूङ (२०७८) ले 'जातिगत बाजा कतिकति तर अधिकांश लोपोन्मुख' शीर्षकको लेखमा धिमाल जाति र बाजाका बारेमा चर्चा गर्दै विशेष गरेर झापा तथा मोरङ जिल्लाका गाउँ-बस्तीमा बाक्लो रूपमा बसोबास गर्ने धिमाल जातिमा प्रचलित बाजाहरू जस्तै, उर्नी, तुन्जाई, ढोल, गुमाना, चाप्टा, बासुली, घाघुरुङ, उर्नी, तुन्जाई जस्ता अति प्राचीन धिमाल बाजा संरक्षणको पर्खाइमा छन् भनेर यिनको संरक्षण हुनुपर्ने कुरामा जोड दिएका छन् । यस लेखमा धिमाल जातिमा लोकपरम्परा रहेको जानकारी प्रस्तुत गरिएकाले धिमाल जातिका रहन सहन र सामाजिक लोक संस्कृति र यससँग सम्बन्धित लोककथाका बारेमा जानकारी प्राप्त र कथाको विश्लेषण गर्न उपयोगी भएको छ ।

दीपेन्द्रराज तिम्सिना (२०७८) द्वारा सङकलित तथा सम्पादित कृति *धिमाल जातिको इतिहास विगतदेखि वर्तमानसम्म* मा सोमबहादुर धिमालले 'धिमाल समुदायको अमूर्त सांस्कृतिक सम्पदा' शीर्षकको लेखमा धिमालहरू गाउँबस्तीमा समुदायमा मिलेर बस्न थालेदेखि नै मौखिक अभिव्यक्ति अन्तर्गत दन्त्यकथा, लोककथा, उखानटुक्का, लोककथा, लोकगाना, लोकसङ्गीत, लोकमन्त्र, लोककविता, लोकप्रार्थना, लोकनाटक, लोकोक्ति आदिका माध्यमबाट समुदायमा भएका ज्ञानगुन, सीप, कला, धर्म, संस्कार, संस्कृति, जीवन पद्दतिजस्ता कुराहरू एक

पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको कुरा उल्लेख गरेका छन् । धिमाल जातिका बारेमा विभिन्न लेख रचना प्रकाशित भए पनि के कस्ता लोककथा प्रचलनमा छन् भनेर अध्ययन नभएकाले धिमाल जातिमा प्रचलित अतिप्राकृतिक, पशुपक्षीमूलक तथा सामाजिक लोककथाहरूको संरचनात्मक विश्लेषणका लागि यो पूर्वकार्य उपयोगी रहेको छ ।

सन्तोष कार्की (२०७९) ले 'सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन' शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा सङ्खुवासभा जिल्लाको धर्मदेवी क्षेत्रमा प्रचलित पन्ध्रवटा कथाहरू सङ्कलन गरी विषयक्षेत्र, भाव, शिल्पविधान र उद्देश्यका आधारमा वर्गीकरण गर्दै लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश,उद्देश्य र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरेका छन् । यस शोधकार्यबाट प्रस्तुत शोधप्रस्ताव लेखनका लागि सैद्धान्तिक प्रारूप तयार गर्न र सङ्कलित लोककथाको विश्लेषण गर्न सहयोग मिलेको छ ।

धिमाल जातिमा लोकसाहित्यका विविध सामग्री भए पनि अध्ययन अभावका कारण लोप हुँदै गएका छन् । उल्लिखित पूर्वकार्यहरूमा धिमाल जातिका संस्कार संस्कृति, परम्परा आदिको बारेमा जानकारी भए पनि धिमाल जातिमा प्रचलित लोककथाका बारेमा पूर्ण रूपमा अध्ययन विश्लेषण भएको पाइँदैन । पत्रपत्रिकामा फुटकर लेखरचना प्रकाशित भए पनि ती पूर्ण हुन सकेका छैनन् । स्थानगत आधारमा नेपाली लोककथाको अनुसन्धान भए पनि जातिगत आधारमा त्यति धेरै अध्ययन अनुसन्धान हुन सकेको देखिँदैन । फाट्टफुट्ट रूपमा धिमाल समुदायका लोककथाको बारेका चर्चा परिचर्चा भए पनि दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङकलन र विश्लेषण हुन सकेको छैन । त्यसैले यही रिक्ततालाई पूर्ति गर्न यस शोधकार्यमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्कलन गरी संरचनात्मक विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

लोकसाहित्यकै महत्त्वपूर्ण विधाका रूपमा लोककथा रहेको छ । धिमाल जातिमा पनि छुट्टै किसिमका विशेषता भएका लोककथाहरू प्रचलित छन् तर अध्ययन अनुसन्धानको अभावका कारण लोककथाहरू हराउँदै गएका छन् । यो लोकसाहित्यका लागि दुःखलाग्दो कुरा हो । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित विषयमा अहिलेसम्म कुनै पनि अध्ययन नभएको हुनाले यस विषयमा जान्न चाहने जुनसुकै क्षेत्रका मानिसका लागि यो शोधकार्य उपयोगी रहेको छ । लोकसाहित्यका लागि महत्त्वपूर्ण सम्पत्तिका रूपमा रहेका यी लोककथाहरूबाट लोकसाहित्यका अध्येतालाई धिमाल जातिका बारेमा थप जानकारी प्राप्त हुने छ । धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्कलन र तिनको संरचनात्मक विश्लेषणले धिमाल जातिबारे अध्ययन गर्न चाहने सबै अध्येताका लागि सहयोग पुऱ्याउने छ । सुव्यवस्थित अध्ययन र विश्लेषण गरिने हुनाले धिमाल जातिमा प्रचलित लोकसाहित्यका अध्येतालाई तथा यस बारेमा जान्न चाहने जो कोहीलाई पनि यो अध्ययन उपयोगी हुने छ । आगामी दिनमा दमक क्षेत्र र अन्य क्षेत्रका धिमाल जातिका लोककथाको अध्ययन गर्न चाहने अध्येता-अनुसन्धाताका लागि पनि यो शोधकार्य उपयोगी रहेको छ । यस शोधले लोककथाको संरचनात्मक अध्ययन कसरी गर्ने

भन्ने विषयमा खासखास आधारहरू तयार गरेको छ । जुनसुकै क्षेत्रका लोककथाको संरचनात्मक अध्ययन गर्दा संरचक घटकको निर्धारण र त्यसका आधारमा खास क्षेत्रका लोककथाको विश्लेषण गर्न यो शोध सहयोगी हुने छ । यसका अतिरिक्त भविष्यमा लोककथाको वर्गीकरण, संरचनाको पहिचान, वस्तुविश्लेषण, उद्देश्य तथा भाषाशैलीगत विन्यासको अध्ययन गर्ने अध्येताका लागि पनि सहयोग पुग्ने हुनाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

लोकसाहित्यको आयाम व्यापक रहेको छ । धिमाल समुदायमा लोकसाहित्यका विभिन्न विधाहरू भए पनि यस अध्ययनमा नेपाली लोककथाको मात्र अध्ययन विश्लेषण गरिएको छ । वर्तमान समयमा धिमाल जाति इलाम, झापा, मोरङ, सुनसरी, काठमाडौँ तथा सुर्खेतका विभिन्न स्थानमा छरिएर रहेका छन् । प्रस्तुत अध्ययनका लागि धिमाल जातिको मुख्य बसोबास क्षेत्र रहेको र धिमाल जातिलाई प्रथम नागरिक घोषणा गरिएको झापा जिल्लास्थित दमक नगरपालिकाको वडा नं ३ र ४ लाई आधार मानेर यस वरिपरिका वडाहरूलाई सोद्देश्यमूलक रूपमा नमुना छनोट गरी दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका लोककथालाई कथाका संरचक घटक कथावस्तु, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा संरचनात्मक विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

कुनै पनि शोधकार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि शोधविधि आवश्यक पर्छ । यस शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामग्री सङ्कलन र अध्ययन विश्लेषणका लागि शोधविधिलाई छुट्टाछुट्टै शीर्षकमा राखी तल चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलनविधि

“दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाहरूको संरचनात्मक विश्लेषण” शीर्षकको शोधकार्य गर्दा क्षेत्रीय कार्य र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीका लागि झापा जिल्लाको दमक नगरपालिकाका वडाहरूमा बसोबास गर्ने धिमाल समुदायमा गएर श्रव्य तथा श्रव्यदृश्य दुवै माध्यमबाट नेपाली भाषामा लोककथा सङ्कलन गरिएको छ । लोककथाको सङ्कलनका लागि स्रोतव्यक्तिका रूपमा यस क्षेत्रमा बसोबास भएका र लोककथा भन्न जान्ने धिमाल जातिका महिला तथा पुरुषको चयन गरिएको छ । साधारण लेखपढ गर्न जान्ने, खेतीपाती तथा व्यवसाय गरेर बसेका धिमाल जातिकै सूचकको प्रयोग गरी लोककथा सङ्कलन गरिएको छ । यसका लागि क्षेत्रकार्य तथा नमुना छनोट विधिको उपयोग गरिएको छ । सूचकहरूसम्म पुग्नका लागि स्थानीय अगुवा तथा लोककथासम्बन्धी जानकार व्यक्तिहरूसँग सम्पर्क गरिएको छ ।

लोककथाको सैद्धान्तिक अवधारणासम्बन्धी तथ्यहरूको सङ्कलन गर्न पुस्तकालयलाई आधार बनाइएको छ । पुस्तकालयबाट विभिन्न विद्वान्-लेखकहरूका पुस्तक तथा लेख,

लोककथाको सैद्धान्तिक विषयका प्रकाशित सामग्री, पूर्ववर्ती अध्ययन तथा सन्दर्भ सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसका साथै सैद्धान्तिक अवधारणाका लागि पुस्तकालय, इन्टरनेट तथा पत्रपत्रिकाबाट प्राप्त सामग्रीको पनि उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणविधि

साहित्य विश्लेषणका विभिन्न पद्दति र सिद्धान्तमध्ये संरचनावाद वस्तुवादी सिद्धान्तमा आधारित सिद्धान्त हो । यसले वस्तु वा कृतिको आन्तरिक र बाह्य अवयवको विश्लेषण गरेर प्रत्येक एकाइहरूको सम्बन्ध स्थापित गर्ने काम गर्छ । लोककथाका विभिन्न संरचक घटक हुन्छन् र घटकहरूबिच सोझो सम्बन्ध हुन्छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि सङ्कलन गरिएका लोककथाहरूलाई पाठपरक विश्लेषण विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसका लागि लोककथामा अन्तर्निहित सबै प्रकारका सूचनाहरू पाठबाटै सङ्कलन गरिएको छ । विश्लेषण गर्ने क्रममा लोककथालाई विभिन्न प्रकारमा वर्गीकरण गरी लोकथाका संरचक घटकहरूमा केन्द्रित भएर विश्लेषण गरिएको छ । कथाका संरचक तत्त्वहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासलाई प्रमुख तत्त्व मानी दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको संरचनावादी सिद्धान्तका आधारमा पाठपरक विधिबाट लोककथाको विश्लेषण गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित गर्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : दमक क्षेत्र, धिमाल जाति तथा लोककथाको परिचय

तेस्रो परिच्छेद : दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण

चौथो परिच्छेद : दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण

पाचौँ परिच्छेद : दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण

छैटौँ परिच्छेद : दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण

सातौँ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# दमक क्षेत्र, धिमाल जाति र लोककथाको परिचय

## २.१ विषयपरिचय

दमक नगरपालिका झापा जिल्लाको पश्चिम दक्षिण सिमानामा अवस्थित छ । यस नगरपालिकाले झापा र मोरङ जिल्लाको सिमाना छुट्याएको छ । विविध जातजातिको बासस्थान रहेको यस नगरपालिकामा धिमाल जातिहरू पनि बसोबास गर्छन् । धिमाल जातिको आफ्नै भाषा, धर्म संस्कृति, भेषभूषा र परम्परा रहेको छ । आदिवासी जाति भएकाले यस जातिमा परापूर्वकालदेखि सुन्दै र सुनाउँदै आएका नेपाली लोककथाहरू प्रचलनमा रहेका छन् तर यहाँका कथाहरू सङ्कलन र प्रकाशनका अभावका कारण लोप हुँदै गएका छन् । धिमाल बूढापाका आफ्नै भाषामा लोककथा भन्न रुचाउँछन् । धिमाल जातिमा प्रचलित कतिपय लोककथा धिमाल भाषामा नै प्रकाशित पनि भएका छन् तर ती पूर्ण छैनन् । आफूले जानेका कथा भन्दा पनि पितृ रिसाएर केही कुरामा बिघ्नबाधा आउने हो कि भन्ने आशङ्काले पनि उनीहरू आफ्नो समुदायभन्दा बाहिरका मानिसलाई कथा सुनाउन मान्दैनन् । लोककथा अपठित समुदायले भन्ने र सुन्ने गर्दै वर्तमान समयसम्म जीवित रहेको विधा हो । लोककथाबाट समाजको संरचना, संस्कार, संस्कृति, भेषभूषा, रहनसहन, खानपिन,सामाजिक अवस्था, आर्थिक अवस्था, भौगोलिक अवस्था आदिको जानकारी हुन्छ । कुनै पनि विधामा भएका विधातत्त्व र संरचनाबिच सोझो सम्बन्ध हुन्छ । यस परिच्छेदमा दमक क्षेत्रको परिचय दिँदै त्यस क्षेत्रमा बसोबास गर्ने धिमाल जाति तथा लोककथाको सैद्धान्तिक परिचयसहित विश्लेषणका लागि छनोट गरिएका कथाहरूको वर्गीकरण तथा विश्लेषण गरिएको छ ।

## २.२ दमक क्षेत्रको परिचय

कुनै पनि स्थानको परिचयका लागि त्यस ठाउँको भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रको परिचय आवश्यक पर्छ । दमक क्षेत्र झापा जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित रहेको छ र विविध जातजातिको बसोबास रहेको यस क्षेत्रको परिचय तल प्रस्तुत गरिएको छ :

### २.२.१ भौगोलिक परिचय

पूर्वी नेपालको समथर तराई भूभागको सुदूर पूर्वको पश्चिमी क्षेत्रमा अवस्थित प्रदेश नं १ अन्तर्गत साविक मेची अञ्चलको झापा जिल्लामा पर्ने दमकको उत्तरतर्फ ईलाम जिल्लाको चुलाचुली गाउँपालिका, दक्षिणतर्फ गौरादह नगरपालिका, पश्चिमतर्फ मोरङ जिल्लाको मधुमल्ला गाउँपालिका र उर्लावारी नगरपालिका र पूर्वतर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेका छन् । दमक क्षेत्र २६ डिग्री ४० मिनेट १६ सेकेन्ड उत्तरी अक्षांशदेखि ८७ डिग्री ४० मिनेट ३ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । वि.सं. २०३९ सालमा तत्कालीन नगर पञ्चायतका नाउँमा स्थापित यस नगरपालिकाको क्षेत्रफल ७५१३

हेक्टर रहेको छ । यस नगरपालिकाका साविकका १९ वटा वडाहरू नेपाल सरकारद्वारा मिति २०७३/११/२७ गते गरिएको पुनर्संरचनाअनुसार हाल १० वटा वडामा कायम गरी दमक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भएको छ (https://damakmun.gov.np/)। दमक क्षेत्र चुरे पर्वतमालादेखि तराईसम्म फैलिएको छ ।

### २.२.२ ऐतिहासिक परिचय

वडाहाकिम सन्तवीर लामाले दमक शहरलाई व्यवस्थित गरेका हुन् भन्ने जनविश्वास रहेको छ । धिमालहरूको सवालमा १९औं शताब्दीको सुरुवातमै धिमालहरू यस क्षेत्रमा जङ्गल फडानी गरी बसोबास गर्न थालेको कुरा ऐतिहासिक धिमालग्रामथानहरू भएकाले पुष्टि हुन्छ । धिमाल समुदायमा परम्परागत संस्था 'माझिवाराङ' तथा प्रथाजनित कानुन मार्फत गाउँटोल तथा बस्तीहरू सञ्चालन भएको प्रमाणहरूबाट पनि धिमाल जाति दमक क्षेत्रका पहिला बासिन्दाहरू भएको प्रमाण देखिन्छ । दमक नगरमा आजभन्दा १०० वर्षअघि घना जङ्गल रहेको थियो । १९७० सालतिर सुरुमा पूर्वी पहाडी जिल्लाहरू र भारतको आसामबाट पशुपालन र अन्य सिलसिलामा मानिसहरू आउन थालेपछि जङ्गल फडानी सुरु भयो । त्यसबेला औलोको महामारी भएकाले बसोबास सहज थिएन । १९७० सालदेखि दमकका बसोबासका लागि आउने क्रम सुरु भएपनि त्यसअघि नै धिमाल कुमाल, मेचे, सतार, राजवंशी, ताजपुरिया आदि जातिको बस्ती रहेको थियो । २००७ सालदेखि औलो उन्मुलन कार्यक्रम सुरु भएपश्चात २०१२ देखि उत्तरी क्षेत्र र २०२० सालदेखि दक्षिणी क्षेत्रमा बस्ती विस्तार हुन थालेको पाइन्छ । दमकको नामाङ्कनको विषयमा केही भनाइ तथा तथ्यहरू रहेका छन् । पहिले जिमिन्दारी पटुवारी प्रथा रहेको बेला आठमौजा अन्तरगत दमक धनपुरा एकाइमा पर्दथ्यो । दमनलाल मेचे नाम गरेका व्यक्तिले घना जङ्गल फडानीको नेतृत्व गरेकोले दमन अपभ्रंश हुदै दमक भएको एक थरीको भनाइ छ । यस ठाउँमा दलदल रहेको हुँदा धिमाल तथा कुमाल भाषामा दमक भनिएको अर्को मत छ भने माटोको ढिस्को उठेको ठाउँ भएकोले "ढिमक" भन्दाभन्दै अपभ्रंश भई दमक हुन गएको मत अझ प्रबल देखिन्छ । धिमाल समुदायमा 'दामाको दाली' (बाटोको दलदल) भएकोले यस ठाउँको नाम दमक रहन गएको हो भन्ने भनाइ प्रचलित छ (https://damakmun.gov.np/) । दमक क्षेत्रमा परापूर्वकालदेखि बसोबास गरेका धिमाल जातिको सम्मानस्वरूप उनीहरूलाई २०७४ सालमा प्रथम नागरिक घोषणा गरिएको थियो ।

### २.२.३ आर्थिक परिचय

मावा खोलादेखि पूर्व, रतुवा खोलादेखि पश्चिम, चुलाचुलीदेखि दक्षिण सिमसार भएको क्षेत्र दमक हो । मावा, रतुवा र बेतिनी खोलाको पानी हिउँद वर्षा नै लाग्ने हुँदा यहाँका खेतबारीमा राम्रो सिँचाइ सुविधा उपलब्ध छ । मलिलो माटो भएका कारण यस क्षेत्रमा धान, मकै, गहुँ, तोरीलगायतका नगदे बाली प्रशस्त मात्रामा उत्पादन हुन्छन् । सुपारी, नरिवलका लागि पनि दमक क्षेत्रको माटो उब्जाउशील रहेको छ । यहाँका बासिन्दाहरूले जीविकोपार्जनका लागि कृषि, पशुपालन, व्यापार, व्यवसाय, होटल सञ्चालन,

नोकरी तथा उद्योगधन्दा सञ्चालन गरेका छन् । कृषि मिल, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् ।

### २.२.४ सामाजिक तथा सांस्कृतिक परिचय

जातीय, धार्मिक तथा सांस्कृतिक विविधता रहेको यस क्षेत्रमा बाहुन, क्षेत्री, लिम्बू, धिमाल, राई, मगर, सतार, राजवंशी, कुमाल, कामी, दमाई आदि जातिको बसोबास रहेको छ । नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै २१,२८४ अर्थात् २४.५ प्रतिशत ब्राह्मण, दोस्रोमा १९,८१० अर्थात् २२.८ प्रतिशत क्षेत्री, तेस्रोमा लिम्बु, चौथो र पाँचौंमा क्रमश राई र धिमाल रहेका छन् भने नेवार, कामी, तामाङ, दमाई, मगर, अन्य पनि उल्लेख्य रूपमा रहेका छन् । त्यसैगरी यस क्षेत्र अन्य नगन्य रूपमा रहेका धेरै जातजातिको संख्या ९,२५० अर्थात् १०.६ प्रतिशत रहेको छ भने केही मात्रामा विदेशी पनि रहेका देखिन्छन् । यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ । नगरपालिकामा विशेषगरी पूर्वी पहाडी जिल्लाहरूबाट औलो उन्मुलन पश्चात बसाइँ सरी आएका ब्राह्मण, क्षत्री र आदिवासी समूहको बाहुल्यता रहेको पाइन्छ । घरधुरी तथ्याङ्क सङ्कलन, २०७५ अनुसार नगरपालिकामा रहेका कुल ८६,८९० जनसङ्ख्यामध्ये सबैभन्दा बढी ७२,४३८२ जना अर्थात् ८३.३७ प्रतिशतले नेपाली भाषा, दोस्रोमा ३,१५७ जना अर्थात् ३.६३ प्रतिशतले लिम्बू भाषा, तेस्रोमा २,६१३ जना अर्थात् ३.०१ प्रतिशत राई भाषा र क्रमश मैथिली, नेवार, तामाङ र अन्य नगन्य सङ्ख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेका छन् । नगरपालिकामा रहेका कुल ८६,८९० जनसङ्ख्या मध्ये ७१,८५५ अर्थात् ८२.७० प्रतिशत जनसङ्ख्याले हिन्दु धर्म मान्दछन् । त्यसैगरी किराँत धर्म मान्नेको संख्या ८,८६९ अर्थात् १०.२१ प्रतिशत, बौद्ध धर्म मान्नेको सङ्ख्या २,६४१ अर्थात् ३.०४ प्रतिशत र क्रिस्चियन धर्म मान्नेको सङ्ख्या १,९९९ अर्थात् २.३० प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार दमक नगरपालिकाको कूल जनसङ्ख्या १,०७,२२७ रहेकामा पुरुष ४७.४ प्रतिशत र महिला ५२.६ प्रतिशत रहेका छन् । यसै जनगणनाअनुसार धिमाल जातिको कूल जनसङ्ख्या २५,६४३ रहेको छ । यीमध्ये मातृभाषाका रूपमा धिमाल भाषा बोल्नेहरूको सङ्ख्या २०,५८३ जना देखाइएको छ । यसरी हेर्दा ८०.२६ प्रतिशत धिमालहरूले मात्रै धिमाल भाषा बोल्ने गरेका छन् । केही मात्रामा धार्मिक विविधता रहेपनि नगरपालिकामा हिन्दु धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता भने यस नगरपालिकामा कायमै रहेको देखिन्छ (दमक नगरपालिकाको पार्श्वचित्र, २०७५, https://damakmun.gov.np) । यसप्रकार दमकमा विविध जातजाति, धर्म तथा संस्कृति भएका मानिसहरूको बसोबास रहेको छ ।

## २.३ धिमाल जातिको परिचय

नेपाल जनजाति महासंघ तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा आवद्ध ५९ जनजातिहरूमध्ये धिमाल एक जाति हो । यस जातिको प्राचीन फैलावट पश्चिम कोशी नदीसम्म र पूर्वमा मेची नदीसम्म रहेको कुरा प्राचीन अध्ययन सामग्रीहरूले

देखाउँछन् । यस जातिको उत्पत्ति, नामकरण,सामाजिक अवस्था, सांस्कृतिक अवस्था तथा आर्थिक अवस्थाका बारेमा तल परिचय प्रस्तुत गरिएको छ :

### २.३.१ धिमाल जातिको उत्पत्ति र नामकरण

धिमाल जातिको उत्पत्तिको नामकरण र प्रसङ्गमा विभिन्न विद्वान्हरूका आ-आफ्नै मतहरू रहेका छन् । "धि" को अर्थ नदीको छेउ, "मालो" को अर्थ "बेपत्ता" हुनेबाट बनेको धिमालोबाट धिमाल नाम रहन गएको हो । ढेमाल शब्दको अर्थ धिमाल भाषामा खोज्दा "ढे" को अर्थ छुट्टिएको र "माल" को अर्थ मधेस वा तराई समथर भूमि भन्ने हुन्छ । धिमाल शब्दको अर्थ मात्र खोज्दा धिमाल भाषामा "धि" को अर्थ धकेल्नु वा ठेल्नु भन्ने हुन्छ र "माल" को अर्थ समथर वा मैदान भन्ने हुन्छ (धिमाल, २०७४, पृ. १६) । बहुसंख्यक धिमालहरू किराँती शाखाका लिम्बू तथा राई दाजुहरूसँग छुट्टिई मधेसमा बस्न थालेको प्रसङ्गले 'ढेमाल' शब्दले धिमाल अर्थ जनाउँछ । यसरी "धिमाल" शब्दको अर्थ खोज्दा किराँती दाजुभाइबाट छुट्टिएर तल मैदान वा समथरमा बसोबास गर्ने जाति वा समुदाय भन्ने बुझिन्छ । जनश्रुति अनुसार उत्तर पूर्वी पहाडबाट धौले राजा मधेश हान्न आफ्ना फौज लिएर गएका थिए । उनले कतै जित्दै, कतै हार्दै फर्कन लाग्दा मधेशको फौजले आक्रमण गरी लेखेटेकोले कोही बाटो बिर्सेर तल तराईमै अलमलिए । तिनै अलमलिएका धौले राजाका फौजका सन्तान नै पछि गएर धिमाल भएका हुन् । बिसौं शताब्दीको सुरुको दशकसम्म पूर्वी तराईका धेरै भू-भागहरू घना जङ्गलले ढाकिएका थिए र तराईका आदिवासीहरू बाहेक अन्य समुदायहरू औलो र जङ्गली जनावरको भयले यस क्षेत्रमा बस्न आँट गर्न सकेका पनि थिएनन् । यस्ता हिंस्रक वन्यजन्तुहरूसँग संघर्ष गर्दै, जिउज्यानको बाजी लगाउँदै लडदै भिड्दै, आवाद गरी बसोबास गर्दै आएको प्राचीन एक आदिवासी जाति नै धिमाल हो (दिवस, २०३९, पृ. २) । यसरी धिमाल जाति तराईको आदिवासीका रूपमा चिनिएको छ । धिमाल नाम कसरी रहन गयो भन्ने विषयमा दमक नगरपालिका वडा नं. ३ बस्ने गणेशमान धिमालले दिएको जानकारी यसप्रकार रहेको छ :

> वि.सं १८३० भन्दा अगाडि धिमाल लिम्बू, मेचे, दनुवार र पृथ्वीनारायण शाहका सेनाबिच अरूण नदीको आसपासमा नौ दिन नौ रात लडाइँ भएको थियो । उक्त लडाइँमा शाहले पनि जित्न सकेनन् र धिमालहरूले पनि जित्न सकेनन् । त्यहाँबाट विस्थापित भएपछि धिमालहरू भागेर लेटाङको भोगटेनी, रमैते, वारङ्गे, लेटाङ, जाँते र खेरुवातिर आए । त्यहीँबाट एउटा शाखा लिङ्भोलि (धिमाल भाषामा लिङ्को अर्थ जमिन र भोलिको अर्थ चाहिँ खोज्नु हुन्छ) आफू बाँच्नका लागि जमिन खोज्न पहाडतिर लागे । मधेशमा रहेका शाखासन्तान यतै बस्न थाले । उनैका अनुसार धिमाल र लिम्बूहरूका बिचमा को पहिलो ? भन्ने विषयमा अहिले पनि मतमतान्तर हुन्छ । पहाडतिर जाने वर्गमा युवायुवती र बलिया बाङ्गा जवानहरू थिए भने मधेस बस्नेमा बुढापाका जो पहाड चढ्न सक्दैन थिए उनीहरू नै थिए । त्यसैले लिम्बूहरू भन्दा धिमालहरू बुढापाका भएकोले गर्दा हामी पहिला हौँ भनेर धिमालले आफ्नो मत राख्ने गर्छन् । धिमाल भाषामा 'धे' भनेको दुई चिरा भएको र 'माल' भन्नाले जमनि भन्ने बुझिन्छ । एउटै समूहबाट छुट्टिएर एउटा समूह पहाडतिर

र एउटा समूह मधेसतिर झरेको इतिहासमा पाइएकाले त्यही धेमालबाट धिमाल भएको हो भन्ने किंवदन्ती पनि पाइन्छ । मधेश आएपछि धिमालहरू जीविका निर्वाहका क्रममा सिकार खेलेर बस्न थाले । लेटाङको भोगटेनीमा पच्चिस रोपनी जग्गामा निर्मित ठुलो राजारानी पोखरी छ । यो पोखरी सत्य राजा र सत्य रानीको हो भन्ने प्रचलन छ । पछि सम्झौता गरेर लिम्बूहरूलाई किपट र धिमालहरूलाई मालतिर विभाजन गरे । किपट भन्नाले किराँतलाई लगाउने मालपोत भनेर बुझिन्थ्यो । माल भनेको आदिवासीहरूलाई लगाउने मालपोत थियो । वि.सं १८३४ मा सम्झौता भएपछि लिम्बू दाजुभाइले तिमीहरूको किपट होइन तिमीहरूको माल हो भनेर धिमालहरूलाई तराईको जमिन दिए । यही सम्झौतामा धिमालहरू त्यहाँबाट विस्तापित भए । विस्थापित भएपछि रामु धिमालले हरैचा मोरङमा मौजा पाए । मधेशमा मौजा पाएकाले मधेशमा बस्नेहरू धिमाल भएका हुन् । उनका अनुसार धिमालले जति जमिन मौजामा पाए त्यति सबै लिएर साध्य भएन । धिमालहरू मौजामा बस्न नसकेर जङ्गलतिर सर्दै गएपछि मालमा बाभन थाले । धिमालहरूलाई कुटीकुटी मौजा लिन लगाइयो । त्यो बेलामा तिरो तिर्नुपर्थ्यो । जिम्दारहरूले सबै रेकर्ड मालपोतमा लानुपर्थ्यो । खाली जमिन निस्कियो भने धिमाललाई लगेर राख्न थाले । ए फलाना धिमाल ! कहाँ हिँडिस् ? मेरो छेउमा यत्रो धेरै जमिन निस्केको छ, तैँले लिनुपर्छ भनेर उसलाई श्रेस्ता पारी दिन्थे । मानेन भने ढड्डा राखेर सिस्नो लगाउँथे । एक विघा जग्गाको एक रूपियाँ कर तिर्नुपर्थ्यो । त्यतिबेला एक मुरी धानको एक रुपियाँ मात्रै हुन्थ्यो । यो पनि रङ्गेलीको चपटामा लगेर बेच्नुपर्थ्यो । बेचेर फर्किदा चोरहरूले त्यो पैसा पनि लुटेर लान्थे । यसरी तिरो तिर्न नसकेर धिमालहरू फेरि अर्को ठाउँमा भाग्नुपर्थ्यो । त्यस्तो किसिमको जङ्गली अवस्थामा धिमालहरू औलो महामारी लगायतका रोगहरूसँग जुध्दाजुध्दै अहिलेको अवस्थामा आइपुगेका हुन् । धिमाललाई दमकका प्रथम नागरिकका रूपमा चिनाउन यहाँका ठाउँका नाम पनि प्रमुख हुन् । मावा, रतुवा, दोघरे, दावागाछी, अडियामाल अठियाबारी, नलबारी आदि धिमाल भाषाबाटै बनेका नाम हुन् ।

### २.३.२ धिमाल जातिको सामाजिक परिचय

आफ्नो थातथलो, खोला नाला, माटो, पानी, वनजङ्गल आदि प्राकृतिक स्रोत र शक्तिको पूजा गर्ने र आफ्नो पितृ तथा पूर्वजको आत्मा र शक्तिलाई पुजेर आशीर्वाद लिने धिमाल जातिको पुरानो चलन रहेको छ । यिनीहरू पूर्वमा मेची नदी (मेन्ची झोरा), पश्चिममा सुनसरीको खादम झोरा, उत्तरमा चुरे पर्वत फेदी, दक्षिणमा हुलाकी मार्गदेखि उत्तरको भूमिलाई आफ्नो थातथलो मान्दछन् । एकै ठाउँमा झुरुप्प घर बनाएर बस्न मन पराउने धिमालहरू मर्दापर्दा, चाडपर्व मनाउँदा, विवाह तथा सांस्कृतिक कार्यहरूमा एकजुट हुन्छन् । यिनीहरूको आफ्नै भेषभूषा रहेको छ । धिमाल गाउँलाई सामान्य गोरेटो, खोल्सा, नदी, ढिस्को, जङ्गल, विशेष रुख आदिले छुट्याउने र जोड्ने गर्दछन् । धिमाल जातिलाई क्षेत्रीय भाषाका आधारमा दुई भागमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ । माईखोलादेखि पूर्व बसोबास गर्ने धिमालहरूलाई पूर्वीय धिमाल र माईखोलादेखि पश्चिममा बसोबास गर्दै आएका धिमालहरूलाई पश्चिमेली धिमाल भनी चिनिन्छ (दाहाल, २०३६, पृ. ३) । प्रायः धिमाल गाउँमा ३/४ घर देखि लिएर २०/३० घरसम्म सानो गाउँमा, २०/३० घर देखि लिएर ४०/५० घरसम्म मध्यम खालको गाउँमा र ठुलो गाउँमा

५०/६० घरदेखि लिएर १००/१८० घरहरू सम्म भएको पाइएको छ (धिमाल, २०७४, पृ. १८)। धिमाल समुदायलाई पहिचान गराउने आफ्नै धिमाल भाषा, तान बुन्ने सिपकला, खानपिनका परिकारहरू भेषभूषा, धर्मकर्म, आदिवासी ज्ञान, सिप, प्रविधि, संस्कार संस्कृति, थातथलो वा गाउँवस्ती, गाउँटोल सञ्चालन गर्ने माझीवाराङ परम्परा, धामी, ओझा जस्ता कुराहरू छन्।

## २.३.३ धिमाल जातिको धार्मिक तथा सांस्कृतिक परिचय

धिमाल समुदायको आफ्नै संस्कार, संस्कृति, धर्म र मूल्यमान्यता रहेका छन् । धिमालहरू वनजङ्गल, खोलानाला तथा जमिनको पूजा गर्छन् । यिनीहरू मूर्ति पूजा गर्दैनन् । आफ्ना नजिकका नातेदारहरूको समुदाय बनाएर बस्ने, आफ्नै परम्परामा आधारित जन्म, विवाह, मृत्युसंस्कार गर्ने, मौलिक प्रकारका खानाका परिकार बनाउने, परम्परागत चाडबाड मनाउने, पितृ तथा पुर्खालाई पुज्ने, धामी र माझीवाराङ प्रथामा विश्वास गर्नेलगायतका विविध सांस्कृतिक विशेषताले धिमाल जाति प्रसिद्ध छन् । यस जातिका मौलिक भेषभूषा तथा गहनाहरू रहेका छन् । धिमाल जातिका महिलाले चाँदी र पित्तलका गहना लगाउँछन् । प्रायः पुरुषहरूले औंलामा औंठी मात्र लगाएका देखिन्छन् । कुनै कुनै बालकलाई सानोमा केही भएको भए भाकल स्वरूप कानमा कानाउसि छेडी दिने चलन छ । सामान्य रूपले हेर्दा बेरेको औँठी, रुपैयाँ वा छापावाला टाका राखेको औँठी, देवीदेवताको प्रतिमा राखेको औँठी, पत्थर राखेको औँठी, आदि लगाउने चलन देखिन्छ । बुढापाकाहरूको भनाइअनुसार धेरै अगाडि युवकहरू पनि चाँदीको ठोका (चुरा), गाकुलि (कुण्डल) लगाउने गर्थे तर यो चलन प्रायः हराइसकेको अवस्थामा छ (धिमाल, २०७६, पृ. १३३) । धिमाल जातिका महिलाहरू घरैमा तानमा बुनेका बोना (एकप्रकारको पोसाक) र पेटानी लगाउँछन् । पेटानी कालो रङको गुन्युजस्तै हुन्छ र यो छातीदेखि तल पिँडौला छोप्ने गरी लगाउँछन् । पुरुषले कछार, भोटो, आसकोट, टोपी लगाउँछन् । प्राचीन कालदेखि नै प्रचलनमा रहेको तान बुन्ने सिप, कला तथा ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ । धिमाल समुदायका मौलिक बाजा पनि रहेका छन् । ढोलको पोदो (एकप्रकारको ढोलक), ढ्याङ्ग्रो, उर्नी, नागरि, झ्यालीजस्ता लोकबाजा प्रचलनमा रहेका छन् । गावा पूजा, जात्री पर्व, पार्वा (तिहार), सिरजात पर्व, सांसारी पूजा यस समुदायका प्रमुख चाडपर्व हुन् (धिमाल, २०७६, पृ. ११७) । धिमाल समुदायमा चाडपर्व मनाउँदा विभिन्न गीत गाएर नाच्दै मनोरञ्जन गर्ने चलन पनि रहेको छ ।

## २.३.४ धिमाल जातिको आर्थिक अवस्था

परम्परागत रूपमा खेतिपाती तथा पशुपालन गरेर जीविकोपार्जन गर्ने धिमाल समुदायले हाल आएर पेसा व्यवसाय परिवर्तन गरेको पाइन्छ । युवा वर्गहरू वैदेशिक रोजगारीमा जाने प्रचलन बढेको छ भने नोकरी, व्यापार, क्रसर व्यवसाय, सहकारी तथा उद्योगधन्दा सञ्चालन गरेर बस्नेहरू पनि छन् । धिमाल जातिका युवाहरूमध्ये ११.२५ प्रतिशत वैदेशिक रोजगारमा गएका छन् । यसैगरी १९.६३ प्रतिशत धिमालहरू सुकुम्बासी रहेका र ८०.३७ प्रतिशत धिमालको जग्गाजमिन रहेको पाइन्छ । जमिन हुने परिवार संख्या

७४१ र जमिन नहुने सुकुम्बासी परिवार संख्या १८१ रहेको पाइन्छ । यसबाट के बुझिन्छ भने लगभग ८० प्रतिशत धिमालहरू मात्र खेतीपाती तथा कृषि पेसामा आबद्ध भएका पाइन्छन् । बाँकी लगभग २० प्रतिशत धिमालहरू सुकुम्बासी भएकाले कलकारखाना, मजदुर तथा अन्य पेसाहरूमा आबद्ध भएको कुरा प्रस्ट हुन्छ । दमक नगरपालिका भित्र ४३ वटा कुखुरा फाराम दर्ता छन् । त्यसमध्ये धिमाल समुदायबाट दुईवटा मात्र दर्ता भएका छन् (धिमाल, २०७६, पृ. ४७) । धिमाल महिलाहरूले तानमा बुन्दै आएको बोनाहरू, आल्गीधाबा जस्ता उत्पादन बेचबिखन गर्छन् । तान बुन्ने सीप, कला तथा ज्ञानलाई आर्थिक उपार्जनको माध्यम बनाएका छन् । धिमाल समुदायको आफ्नै प्रकारको सानो घर निर्माण गर्ने सीप तथा हस्तकलाहरू पनि छन् ।

## २.४ लोककथाको परिचय

लोककथा समुदायमा निर्माण भएर प्रसारित हुँदै आएको लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । समाजको विकासक्रमसँगै एउटा पुस्ताबाट अर्को पुस्ता हुँदै श्रुतिमौखिक परम्परामा हुर्किएको विधा लोककथा हो । लोककथा 'लोक' र 'कथा'को समासबाट बनेको शब्द हो । यसको अर्थ लोकको कथा भन्ने हुन्छ । संस्कृत साहित्यमा 'लोक' शब्दको प्रयोग खासगरी स्थानका रूपमा र सामान्य जनताका रूपमा गरी दुई अर्थमा प्रयोग गरिएको पाइन्छ । लोकलाई जन पनि भन्ने गरिन्छ । जन शब्दको अर्थ पनि सामान्य जनता हो । यसरी हेर्दा लोककथा शब्दले सामान्य मानिसहरूले भन्ने र सुनाउने कथा भन्ने अर्थ दिन्छ । लोककथा अङ्ग्रेजी भाषाको फोल्कटेल (folktale) को नेपाली रूपान्तरण हो । लोक शब्दको निर्माण लोकदर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर भएको छ । लोकदर्शने धातुको अर्थ हेर्नु, देख्नु भन्ने हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला, देख्नेवाला भन्ने हुन्छ । यस परिप्रेक्षबाट लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ (लुइटेल, २०६८, पृ. १) । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा सबै उमेर समूहका मानिसले रुचाउने विधा हो । लोककथा जुनसुकै समयमा भन्न र सुन्न सकिन्छ । यसका लागि अवसर वा विशेष दिन कुर्नु पर्दैन । काम गर्दागर्दै, चौतारामा विश्राम गर्दा, मकै नङ्ग्याउँदा, मकै छोडाउँदा, बच्चा सुताउँदा, आगो ताप्दा, मनोरञ्जनका लागि लोककथा भन्ने र सुन्ने गरिन्छ । लोककथाको प्रचलन लोकसाहित्यका धारणाको विकासपछि आएको हो । लोककथामा लोकमानसको आदिम रूप रहन्छ र प्राचीनतम समाजका मूल्य, मान्यता र आस्थाको अभिव्यक्ति यिनमा हुन्छ (बन्धु, २०५८, पृ. २८५) । यस्ता अभिव्यक्तिहरू रहस्य, रोमाञ्च कुतुहलताले भरिएका हुन्छन् । लोककथा भन्नेले एकादेशमा, उहिल्यै, परापूर्वकालमा भनेर सुरू गर्छ र 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला' भनेर सक्छ । यसरी भनिने लोककथा सुन्दा सुन्ने मान्छेलाई साँच्चै यस्तो भएको थियो होला र ? भन्ने लागिरहन्छ । कतिपय अवस्थामा घटनाहरू लोक मानसमा घटित भएका नै हुन्छन् भने कतिपय घटनाहरू मानव जीवनमा हुनै नसक्ने अर्थात असम्भव किसिमका पनि हुन्छन् ।

लोककथा भन्ने र सुन्ने विधा भएकाले यसमा वक्ता र श्रोताको अनिवार्य सहभागिता हुन्छ । कथा वाचकले कथा भन्दै जाँदा श्रोताले हो, अँ, ए !, अनि...भन्दै कुतुहलता दर्शाइरहन्छ । लोककथा कुनै लामा र कुनै छोटा हुन्छन् । यी कथाहरू एक पुस्ताबाट अर्को पुस्तामा जाँदा परिवर्तन भइरहन्छन् । लोककथामा पनि लिखित कथामा जस्तै आदि, मध्य र अन्त्यको श्रृङ्खला हुन्छ । लोककथामा लोकजीवनका अनुभव, घटना, हाँसो आँसु, सुख, दुःख, माया, प्रेम, नीति, उपदेश, आदि कथ्यका रूपमा आएका हुन्छन् । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा, तन्त्रमन्त्र, राजामहाराजा, देवदेवी, पशुपक्षी, जनावर, आदिलाई विषयको रूपमा प्रयोग गरिएको हुन्छ । लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । लोककथामा मानवीय, मानवेतर, लौकिक, अलौकिक, जड, चेतन, प्राकृतिक, अप्राकृतिक, आदि विभिन्न किसिमका पात्रहरू रहेका हुन्छन् र तिनले असम्भव लाग्ने घटनाहरूलाई पनि सहजै सम्भव तुल्याई वक्ता एवम् श्रोताहरूमा मनोरञ्जन प्रदान गर्ने, कुतूहलता सिर्जना गर्ने कार्य गरेका हुन्छन् (गिरी, २०५७, पृ. २४) । लोककथाका जडपात्रहरू पनि चेतन पात्रहरू झैं जिउँदो जाग्दो देखिन्छन् । लोककथाले लोकजीवनको वास्तविक धरातलदेखि काल्पनिक भूमिलाई पनि परिवेशको सीमामा समेटेर त्यसभित्र तिलस्मी, स्वैरकाल्पनिक, अद्भुत लाग्दा घटनाहरूलाई समाहित गरेका हुन्छन् । यसमा आदिम मानवका भावनाहरू सङ्गृहित भएका हुन्छन् (पराजुली, २०५४, पृ. १३) । लोककथामा अद्भुत पराक्रम र असाधारण शक्ति भएका मान्छे, जीवजन्तु, चराचुरुङ्गी, जादुगर, अद्भुत प्रकृति आदि पात्रका रूपमा आएका हुन्छन् र तिनीहरूले अचम्मलाग्दा क्रियाकलाप गर्छन् । त्यसैले यसमा काल्पनिकता बढी हुन्छ । कथावाचकको कल्पना क्षमताअनुसार लोककथामा घटना, पात्र र परिवेश थपिन्छन् । वास्तविक लोककथाको सोझो सम्बन्ध लोकजीवनको सोच, चरित्र र जीवनपद्धतिसँग जोडिएको हुन्छ । लोककथाको कुनै भौगोलिक सीमा हुँदैन । लोककथाको परिवेश कथापिच्छे फरक हुन्छ । परिवेशले कथालाई रोमाञ्चक बनाउँछ । विशेष गरेर मेलापात, अनकन्टार वनजङ्गल, नदीनाला, गुफा, कठिन समय र त्यहाँको वातावरण लोककथाका परिवेश हुन् । सरल भाषाशैलीमा भनिने र चाख मानेर सुनिने लोककथा समयअनुसार हस्तान्तरण हुँदै जान्छन् । यसरी हस्तान्तरण हुँदा ठाउँ, परिवेश, जातिविशेष रूपमा लोककथा पनि परिवर्तन हुँदै जान्छन् । लोककथामा कथानकहरू थपिने, घट्ने, पात्र परिवर्तन हुने पनि हुन्छ । त्यसैले एउटै कथा पनि स्थान, जाति र समुदायअनुसार फरक फरक हुन सक्छ तर कथाको मूल रूप भने परिवर्तन हुँदैन । यसरी कथानक परिवर्तन हुनु लोककथाको विशेषता हो ।

लोककथाको कथनमा मुख्य रूपमा गद्यात्मक भाषाकै प्रयोग हुने भए पनि कतिपय ठाउँमा सामान्य पद्यात्मक श्लोक र संवादमा उक्तिहरूको पनि प्रयोग भएको पाइन्छ । स्रोताले जति चाख मानेर सुन्यो वक्ताले उति नै हाउभाउसाथ कथा भन्ने गर्छ । ग्रामीण समाजमा “दिउँसो लोककथा सुनाउँदा आँखा फुट्छन्” भन्ने उक्ति प्रचलनमा रहेको छ । लोककथा सुनाउनुको प्रमुख उद्देश्य दिनभरको कामको थकाइ मेट्नु र मनोरञ्जन प्रदान गर्नु हो । त्यसैले परम्परागत रूपमा बेलुका फुर्सद भएर बसेका बेलामा लोककथा सुनाउने गरिन्थ्यो । तर आजकल समय र परिस्थितिअनुसार साँझमात्र नभएर विषय प्रसङ्गानुसार

जुनसुकै बेला पनि लोककथा सुनाउने गरिन्छ । यसै स्थानमा सुनाउनु पर्छ भनेर तोकिएको पनि हुँदैन ।

## २.५ लोककथाको संरचना

संरचना भनेको ढाँचा, व्यवस्था वा सङ्गठन हो । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि त्यसको निर्माण गर्ने घटकहरूको कुल योगलाई नै संरचना भनिन्छ । प्रत्येक वस्तु वा कृतिका आआफ्ना संरचना हुन्छन् । संरचनाविना कुनै पनि वस्तु पूर्ण हुँदैनन् । संरचना शब्द स्ट्रक्चर (structure) को नेपाली रूपान्तर हो । यस शब्दको व्युत्पत्ति ल्याटिन भाषाको स्ट्रक्ट स्ट्रुएरर (Struct struere) धातुमा युअर (ure) प्रत्यय लागेर निर्मित स्ट्रक्चुरा (structura) तथा स्पेनेली स्ट्रक्सटुरा (estructura) र इटालेलीको स्ट्रटरा (struttura) शब्दबाट भएको हो । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ (लुइटेल, २०६२, पृ. ४२) । संरचना शब्दले कुनै पनि वस्तु वा कृति निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण अवयवहरूको समष्टिलाई जनाउँछ । कुनै वस्तु वा कृतिको एउटा निश्चित आकार हुन्छ त्यो आकार नै संरचना वा बनोट हो । त्यस संरचनामा विभिन्न तत्त्व र अवयवहरू रहेका हुन्छन् । (पराजुली, २०७१, पृ. २१४) । वस्तु वा कृतिको संरचनामा प्रत्येक तवको एक विशिष्ट प्रकार्य हुन्छ । आज 'संरचना' शब्दको अर्थमा विविधता आएको हुनाले ज्ञानविज्ञानका क्षेत्रमा विभिन्न अर्थहरूमा यसको प्रयोग भएको छ । विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ (लुइटेल, २०६२, पृ. ४३) । साहित्यिक दृष्टिमा संरचनाले कुनै कृतिको आन्तरिक तथा बाह्य निर्मितिलाई जनाउँछ । यहाँ संरचनाको साहित्यिक अर्थलाई मात्र ग्रहण गरिएको छ । यसले कृतिमा प्रयुक्त भएका घटकहरूको यन्त्रवत् सुसङ्गठित र तार्किक पूर्णतालाई बुझाउँछ । यसमा आफैँमा पूर्णता, परिवर्तशीलता तथा स्वायत्तता जस्ता विशेषताहरू हुन्छन् ।

कुनै वस्तुमा पाइने साना संरचक घटकहरूको योग संरचना हो । संरचनालाई बृहत् घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । यसमा बनोट अमूर्त घटकका रूपमा र बुनोट मूर्त घटकका रूपमा हुन्छ । लेखकले कृतिमा विषयवस्तु र अर्थ प्रदान गर्नका लागि विन्यस्त गरेका घटकलाई सो कृतिको संरचना भनिन्छ । यो कृतिको खास आकृति वा खाका हो । हरेक साहित्यिक कृतिको संरचनामा पूर्णता, परिवर्तनशीलता तथा स्वनिष्ठता जस्ता विशेषता हुन्छन् जसले गर्दा कृतिमा प्रयुक्त घटकहरूको अन्तर्सम्बन्ध सबल र विशिष्ट हुन्छ (लुइटेल, २०६२, पृ. ५१) । यसप्रकार कुनै वस्तु, पदार्थ वा कृतिको एउटा निश्चित आकार हुन्छ, त्यो आकार नै संरचना वा बनोट हो । संरचनामा विभिन्न तत्त्व वा अवयवहरू रहेका हुन्छन् । ती तत्त्व र अवयवहरूको आपसी मेल र एकअर्काप्रतिको आबद्धताबाट नै वस्तु वा कृतिको संरचना तयार हुन्छ । यिनै वस्तुका तत्त्व र अवयवहरूको समन्वितपूर्ण योग नै संरचना हो (पराजुली, २०७६, पृ. ४२५) । कृतिलाई समग्र सूत्रमा बाँध्ने र अर्थयुक्त बनाउने कार्य यसको संरचनाले गर्छ । त्यसैले संरचना भनेको कृति निर्माणको बाहिरी कलेवर तथा भित्री अन्तर्वस्तु दुवै हो । यसरी हेर्दा संरचना भनेको कृतिमा आउने घटकहरूको व्यवस्थित ढाँचा वा समुच्चय हो । विभिन्न घटकहरूको संयोजनबाट

कृतिले पूर्णता तथा जीवन्तता प्राप्त गर्दछ । यसमा सबै घटकहरूको पारस्परिक सम्बन्ध रहेको हुन्छ । साहित्यका सन्दर्भमा संरचनाको तात्पर्य कृतिगत सङ्गठनको समग्र सिद्धान्त मानिन्छ । साहित्यको संरचना अमूर्त हुन्छ र यसलाई अर्थपूर्ण ढङ्गले आकृति प्रदान गर्ने काम कथानक, बिम्ब, प्रतीक आदि विभिन्न संरचक घटकले गर्छन् । कृतिभित्र विभिन्न घटकहरूको क्रमिक व्यवस्थापन हुने र त्यसै व्यस्थापनले त्यसलाई संरचनात्मक पूर्णता प्रदान गर्ने हुँदा संरचनालाई कृतिको आन्तरिक व्यवस्था वा विन्यासका रूपमा लिइन्छ (लुइटेल, २०६०, पृ. ७) । संरचनाले वस्तु वा कृतिको समग्र रूपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउँछ । हरेक वस्तुको संरचनामा समयक्रमसँगै परिवर्तन पनि हुँदै जान्छ । लेखकले विषयवस्तु र अर्थ प्रदान गर्नका लागि कृतिका विभिन्न घटकहरूको क्रमबद्ध विन्यास गर्छ । यस्तो विन्यासबाट कृतिको संरचना तयार हुन्छ । यसर्थ कृतिको समग्र संरचना भनेको त्यसको समग्र आकृति एवम् समग्रतायुक्त हुन्छ र त्यसले विभिन्न घटकहरूका आन्तरिक सम्बन्धका सामन्जस्यबाट विशिष्टता प्राप्त गर्दछ । कुनै वस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्थालाई संरचना भनिन्छ । विचार भाव वा सार कुरालाई वस्तुले सङ्केत गर्छ । विधाका आधारमा वस्तुले सङ्केत गर्ने कुराहरू पनि फरक हुन्छन् । प्रगीतात्मक संरचनामा भाव वा विचार, आख्यानात्मक संरचनामा घटना प्रसङ्ग र नाटकीय संरचनामा द्वन्दलाई वस्तु विधानले संकेत गर्दछ । लोककथा आख्यानात्मक संरचनाको एउटा विधा हो । वस्तुविनाको कृतिको सान्दर्भिकता रहँदैन । लोककथाको वस्तुविधानले लोककथाका घटना वा प्रसङ्ग र त्यससँग आएका सहभागी तथा परिवेशलाई समेत बुझाउँछ । कृतिको वस्तुको विश्लेषण गर्ने क्रममा मूलतः प्रगीतात्मक संरचनाको विश्लेषण गर्दा भाव वा विचार, आख्यानात्मक संरचनाको विश्लेषण गर्दा घटना वा प्रसङ्ग, तथा नाटकीय संरचनाको विश्लेषण गर्दा कार्यव्यापार वा द्वन्द्वको प्रस्तुति कुन रूपमा गरिएको छ भन्ने कुरा केलाईन्छ (लुइटेल, २०६२, पृ. ३०८) । यसरी हेर्दा एउटा पूर्ण कृति बन्नका लागि त्यसका संरचक घटकहरूको सहसम्बन्ध हुनु आवश्यक देखिन्छ ।

प्रत्येक लोककथाको संरचना निश्चित नियमद्वारा व्यवस्थित हुन्छ र त्यो व्यवस्था कायम गर्न निश्चित प्रकार्यहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । लोक कथाको मूल विषय कथानक हो । कथानकको सेराफेरोमा सहभागी र परिवेश आएका हुन्छन् । लोककथामा आख्यानको प्रबलता हुन्छ र आख्यानलाई अगाडि बढाउन सहभागीको उत्तिकै भूमिका हुन्छ । सहभागीहरू विभिन्न अभिप्रायसँग सम्बन्धित हुन्छन् । लोककथामा उच्च कुलीन वा घरानिया वर्गले मात्र नभई सामान्य मानिसले बुझ्ने प्रकारको सरल भाषा प्रयोग गरिएको हुन्छ । यसमा सामान्यतयः यथार्थमा नमिल्ने प्रकारको स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । लोककथाको उद्देश्य मूलतः मनोरञ्जन प्रदान गर्ने र केही मात्रामा नैतिक उपदेश प्रदान गर्ने हुन्छ । त्यसैले प्रस्तुत शोधमा कथानकको विश्लेषणका साथै पात्र वा सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको पनि विश्लेषण गरिएको छ ।

### २.५.१ लोककथाका संरचक घटकहरूको परिचय

कथामा आवश्यक हुने घटकहरू नै लोककथाका संरचक घटकहरू हुन् । संरचना भनेको कृतिको बनोट र बुनोटको सामञ्जस्य हो । त्यसलाई पूर्णता दिने काम पूर्णता,


परिवर्तनशीलता र स्वनिष्ठताले गर्छ । साहित्यको संरचनामा यान्त्रिक र तार्किक गरी दुई प्रकारको संरचना पाइन्छ । विशेष नियम वा युक्तिका आधारमा गरिने रुढ, समान तथा प्रचलित प्रयोगलाई यान्त्रिक विन्यास भनिन्छ । यस प्रकारको विन्यास कृतिको बाह्य तहमा रहने गर्दछ । यान्त्रिक विन्यासमा कविता, गीत, नाटक आदि पर्दछन् । उपर्युक्त कार्यकारणमा आबद्ध प्रयोगलाई तार्किक विन्यास भनिन्छ । यस प्रकारको विन्यासमा कथा र उपन्यास पर्दछन् । यी सबैका संरचनात्मक स्वरूप भिन्नाभिन्नै भए पनि पूर्णता रहन्छ । लोककथा पनि तार्किक संरचनाअन्तर्गत पर्दछ । लोककथाको संरचनाका सन्दर्भमा विभिन्न मतमतान्तर देखिएका छन् । यस शोधमा मोहनराज शर्माको *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* खगेन्द्रप्रसाद लुइटेलको *कविताको संरचनात्मक विश्लेषण* तथा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ता र लोकसाहित्य* पुस्तकलाई मुख्य आधार बनाई ती पुस्तकमा उल्लेख गरिएका कथाका प्रकार र संरचक घटकका आधारमा लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

**१. कथानक**

घटनाहरूको कालक्रमिक विन्यासलाई कथानक भनिन्छ । यो कथाको आधारशिला हो । लोककथामा सामान्य रूपमा घटनाको प्रबलता पाइन्छ । कथामा जसरी घटनाहरूको क्रमबद्ध शृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । कथानकभित्र कार्यव्यापार हुन्छ । कथानक आदि-मध्य र अन्त्यको क्रममा रैखिक वा वृत्ताकारीय ढाँचामा अगाडि बढेको हुन्छ । कथामा आदि मध्य र अन्त्यको सामञ्जस्य हुन्छ । लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो । यसर्थ लोककथामा कथानकलाई अनिवार्य घटक स्वीकार गरिएको छ । लोककथाको निर्माणमा दुईथरी तत्त्वहरूको संयोग पाइन्छ– आख्यानतत्त्व र लोकतत्त्व । आख्यानतत्त्व लोककथाको बाह्य संरचनाको मूल पक्ष हो । सामान्यतः आख्यान विधामा हुने कथानक, पात्र, परिवेश, कथोपकथा, द्वन्द्व, उद्देश्य, शैली र भाषा आदि लोककथामा पनि हुन्छन् र यी सबै तत्त्वहरू आख्यानको बाह्य संरचनामा केन्द्रित हुन्छन् । यी तत्त्वहरूमध्ये पनि लोककथामा कथानकका आन्तरिक तत्त्वका रूपमा अभिप्राय रहेको हुन्छ । लोककथामा प्रयोग हुने घटना, चरित्र र विश्वासहरू जुन बारम्बार दोहोरिइरहन्छन्, त्यस्ता परम्परित रूढतत्त्व नै अभिप्राय बन्छन् (पराजुली, २०७१, पृ. ४०) । व्यक्तिका मनमा चलायमान भएका भावनालाई समाज र जीवनका साथमा कथानकले जोडेको हुन्छ । यस दृष्टिले लोककथाका घटनाहरूमा पाठकको मनमा कल्पनासँगै उत्सुकता जगाउने काम कथानकले गर्छ । कथानक अगि बढ्दै गर्दा श्रोतामा अब के हुन्छ ? भन्ने कुतुहलता सिर्जना हुन्छ । सामान्यतः विशिष्ट र असामान्य घटना, चरित्र कार्य तथा विश्वासले सिर्जना भएका अभिप्राययुक्त आख्यानले लोककथा जीवन्त बन्छ (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा काल्पनिक, किंवदन्तीमूलक, स्वैरकाल्पनिक, अतिप्राकृतिक आदि स्रोतबाट कथावस्तु लिइएको हुन्छ । जुन स्रोतबाट कथावस्तु ग्रहण गरिएको भए पनि यसमा प्रायः आदि मध्य र अन्त्यको सबै अङ्ग पुगेको पूर्ण कथानक रहन्छ । यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गमा अगाडि बढ्छ (लुइटेल, २०७६, पृ. २९२) । कथामा स्थापना भएका एकभन्दा बढी दृश्यविधानको अन्वय मिलाउने काम कथावस्तुले गरेको हुन्छ । लोककथामा कथानक

निर्माणको समय र स्थानको उचित स्थापना कथावस्तुमा भएको हुन्छ । समय र स्थानको सम्बन्ध स्थापना कथामा गरिने हुनाले कथावस्तुले यसको संरचना मिलाएको हुन्छ ।

कथामा निर्माण गरिएको घटनालाई निकास दिन पनि कथावस्तुको विशेष महत्त्व रहन्छ । सहभागीका बिचमा विद्यमान द्वन्द्वलाई अगाडि बढाउन कथानकले सहयोग गर्छ । कथानकमा आएका घटना तथा प्रसङ्गले सहभागी तथा परिवेश निर्धारण गर्छ । यस दृष्टिले लोककथामा कथाको संरचना निर्माणका लागि कथावस्तु अत्यावश्यक मानिएको छ । कथाको कथावस्तु आफैँमा एउटा योजनाबद्ध सङ्गठन हो । जीवनजगतका समस्त क्रियाव्यापारका लागि कथामा निर्माण गरिएका अन्य अवयवलाई साथमा डोऱ्याउने र उद्देश्य पहिचान गर्ने दिशा पहिल्याउने पद्धति कथावस्तु मानिएको छ । कथावस्तुले अन्य अवयवसित सम्बन्ध स्थापना गर्दै आफ्ना संरचनात्मक घटकलाई निश्चित उद्देश्यप्राप्तिको दिशामा अग्रसर गराएको हुन्छ । यसर्थ कथाको आदि, मध्य र अन्त्य भागको संरचनात्मक अनुक्रम मिलाउने काम कथावस्तुको हो । कथामा समावेश भएका सबै अवयवहरूको अवस्था र तिनको उपस्थितिलाई सार्थक बनाउने दिशामा कथावस्तु आफैँमा सहज ढङ्गले जोडिएको हुन्छ । कथामा स्थूल आकार ग्रहण गरी अन्य अवयवहरूलाई यसले तत्स्थानिक मान्यता दिलाएको हुन्छ (पौड्याल, सन् २०२१, पृ. १५४) । कथामा कलात्मक मूल्य निरूपण गर्न उपस्थित रहने कथावस्तुविना कथा बन्न सक्दैन । घटना, कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ र यसले मूलतः कालक्रमद्वारा शृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ । सावयव वस्तुका रूपमा रहेका कथानकका घटनाहरू गतिशील हुन्छन् र ती सिधा वा बक्र रेखामा आरोहअवरोहका साथ अगि बढ्छन् (लुइटेल, २०६२, पृ. २२१) । त्यसैले लोककथामा कथानको महत्त्वपूर्ण तत्त्व हो । अपठितहरूको समूहले भन्ने र सुन्ने हुँदा लोककथामा घटनाहरूको क्रमबद्धता हुनु आवश्यक देखिन्छ । लोककथाको कथानकको विकासलाई यसरी देखाउन सकिन्छ :




(शर्मा, २०७९, पृ. ४५)


माथि उल्लिखित वर्गीकरणबाट कथाको आदि, मध्य र अन्त्य भागमा क्रमशः विषयको उठान, सङ्घर्षविकास, सङ्कटावस्थाहरू र अन्त्यमा कथामा सङ्घर्षह्रास भई कथानकको समापन

हुने कुरा प्रस्ट हुन्छ । कथानक विकासको पहिलो भाग आदि भाग हो । यसअन्तर्गत चिनारी र सङ्घर्ष विकास पर्छन् । कृतिमा आएका प्रमुख सहभागी, स्थान, समय र समस्याको उठान गर्नु चिनारी हो । यसमा लोककथाका सम्भावित समस्याको सङ्केत दिइएको हुन्छ । यसअन्तर्गत मुख्य सहभागी, स्थान, समय परिवेशको जानकारी दिइएको हुन्छ । लोककथाको आदि भागमा आकस्मिक घटनाका कारण नयाँ समस्या उत्पन्न भई सहभागीहरूले सङ्घर्षको थालनी गर्नु प्रथम सङ्कटावस्था हो । यसपछि लोककथा मध्य भागतिर प्रवेश गर्छ । यस भागमा पहिलो सङ्कटावस्थाको विस्तार हुनुका साथै शृङ्खलाबद्ध रूपमा अन्य सङ्कटावस्था आउँछन् । सहभागीले बुद्धिमतापूर्ण ढङ्गमा समस्या समाधान गर्ने अथवा अझै बढी सङ्कट बेहोरेर पतन हुने अवस्थासम्म पुग्दछन् । यिनै सङ्कटावस्थासँगै कथानक पनि विस्तार हुँदै जान्छ र कथा चरम अवस्थामा पुग्दछ । अन्त्य भाग भनेको समापन भाग हो । यसको विकास सङ्घर्षह्रास र उपसंहार गरी दुई भागमा हुन्छ । सङ्घर्षह्रास भनेको कथाको अन्तिम सङ्कटावस्था हो । यसमा छरिएका कथानक एकीकृत भएर अगाडि बढ्छन् र कथानक समापन विन्दुमा पुग्छ । उपसंहार सङ्घर्षह्रासपछिको भाग हो जसमा सङ्घर्ष समाप्त भई कथाको अन्त्य हुन्छ ।

### २. सहभागी

कथाको संरचना निर्माणमा उपस्थित हुने र क्रिया-प्रतिक्रिया गर्ने मानवीय वा मानवेतर चरित्रलाई सहभागी, पात्र वा चरित्र भनिन्छ । सहभागीले कथालाई डोहोऱ्याउने काम गर्दछ । लोककथामा कथावस्तुमा रहेका घटना र विचारहरूलाई संवहन गर्नसक्ने पात्रहरूको व्यवस्था गरिएको हुन्छ । सामान्यतः असाधारण चरित्र, खुबी, शारीरिक बनोट, चतुऱ्याइँ र विशेष शक्ति भएका असामान्य चरित्रहरू लोककथाका पात्रका रूपमा चिनिन्छन् । कथाले निर्माण गरेको परिवेश र कालका चिन्तनलाई वहन गर्न सक्ने सहभागीले कथालाई गन्तव्यमा पुऱ्याएका हुन्छन् । कथाको कथ्य संरचना निर्माण गर्दा जस्तोसुकै स्वरूपको खोजी गरिने भए पनि सहभागीहरूले कथामा ऊर्जा दिने भएकाले यिनको सहभागिताविना कथाको कल्पना गर्न सकिँदैन । कथाकारले अपनाएको उद्देश्य परिपूर्ति गर्न सहभागीको पहिचान प्रथम पुरुष वा तेस्रो पुरुषका माध्यमबाट गराइएको पाइन्छ । कथाकारको विचारको स्थापनाका लागि कथामा स्वतः प्रकट हुने सहभागी भनेका कथाका आवश्यक उपकरण हुन् । कथामा यिनको अनिवार्य उपस्थिति रहन्छ (पौड्याल, सन् २०२१, पृ. १५६) । लोककथाका सहभागी मानवीय र मानवेतर दुवै प्रकारका हुन्छन् । यस्ता मानवेतर सहभागीलाई कथा वाचकले मान्छेका व्यवहार तथा संस्कारसँग मिल्ने बनाएर लोककथामा प्रस्तुत गर्छन् । यी पात्रहरूले मानिसले गर्न नसक्ने जादुमयी र अलौकिक काम गर्न सक्छन् । लोककथाका पात्रहरूलाई मूलतः कार्यक्षमता वा शक्तिका आधारमा र योनी वा वर्गका आधारमा गरी दुई दृष्टिकोणबाट वर्गीकरण गर्न सकिन्छ । लोककथाका पात्र मानव र मानवेतर पनि हुन्छन् । मानव पात्रमा अर्द्धमानव, मानव, अतिमानव र दिव्य हुन्छन् भने मानवेतर पात्रमा सजीव र निर्जीव हुन्छन् (पराजुली, २०७१, पृ. ४२) । लोककथामा आउने व्यक्ति, पशुपक्षी, भूतप्रेत, जङ्गली जनावर आदि नै लोककथाका पात्र हुन् । प्राय राक्षस, बोक्सी, भूतप्रेत, दुष्ट स्वभावका पशुपक्षी एवम् मानिसहरू खलपात्रका रूपमा प्रयोग गरिन्छन् । नायकलाई सहयोग गर्ने पात्र सत् पात्र हुन्छ । लोककथाको पात्र मानवीय,

मानवेतर, सजीव, निर्जीव जस्तो पनि हुनसक्छ । नेपाली लोककथाका पात्रहरूमध्ये केही नेपाली लोकसमाजबाटै लिइएका जस्ता देखिन्छन् भने अधिकांशतः काल्पनिक संसारबाट टिपिएका जस्ता देखिन्छन् (लामिछाने, २०७७, पृ. ३०२) । विभिन्न विद्वान्ले सहभागीका बारेमा विभिन्न मत राखे पनि पात्रले गर्ने कार्यव्यापारको आधारमा पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता, आबद्धता आदिका आधारमा यसप्रकार वर्गीकरण गर्न सकिन्छ :




(लुइटेल, २०६२, पृ. २२९)

माथि वर्गीकरण गरिएका सबै प्रकारका सहभागी एउटै कथामा नआउन सक्छन् । एउटा पात्रले एउटा मात्र भूमिका निर्वाह गर्न वा एउटा पात्रले विभिन्न भूमिका एक्लै निर्वाह गर्न सक्छ । सहभागीको स्वभाव, प्रकृति तथा गतिशीलताले कथानकका आरोहअवरोहलाई निर्धारण गर्दछ । सहभागीलाई लिङ्गका आधारमा पुरुष र स्त्री गरी दुई प्रकारमा विभाजन गरिएको छ । कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । कथामा मुख्य भूमिका भएका पात्र प्रमुख, प्रमुख पात्रभन्दा कम काम गर्ने पात्रलाई सहायक र कथामा खास भूमिका नभएका पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ । यसैगरी प्रवृत्तिका आधारमा सकारात्मक गुण भएका पात्र अनुकूल पात्र वा नायक र नकारात्मक गुण भएका पात्र प्रतिकूल वा खलपात्रका रूपमा उपस्थित हुन्छन् । पात्रका स्वभावका आधारमा समयानुसार परिवर्तन हुने पात्र गतिशील र कथाभरि परिवर्तन नहुने पात्र स्थिर पात्रका वर्गमा पर्दछन् । कुनै वर्गविशेषको प्रतिनिधित्त्व गर्ने पात्र वर्गीय हुन्छन् भने व्यक्तिविशेषको प्रतिनिधित्त्व गर्ने पात्रलाई व्यक्ति पात्र भनिन्छ । आसन्नताका आधारमा

अप्रत्यक्ष उपस्थित हुने पात्रलाई नेपथ्य पात्र र प्रत्यक्ष रूपमा उपस्थित भएर भूमिका निर्वाह गर्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । आबद्धताका आधारमा बद्ध र मुक्त गरी सहभागीलाई दुई प्रकारमा बाँड्न सकिन्छ । यसबाहेक कथामा आउने पात्रलाई मानवीय र मानवेतर पात्रमा पनि बाँडेको पाइन्छ । कथामा मानवेतर सहभागी भएर आएका पशुपक्षी तथा निर्जीव वस्तु मानिसजस्तै कुराकानी गर्ने, हिँडडुल गर्ने, मानिसले भन्दा अद्भुत काम गर्ने गर्छन् । यस्ता सहभागीले मानिसलाई सहयोग वा असहयोग दुवै गरेका हुन्छन् । परिवेश वा स्थानविशेषका आधारमा सार्वभौमिक र आञ्चलिक गरी सहभागीलाई दुई प्रकारमा बाँडेको पाइन्छ । सार्वभौम पात्र सबैतिर एकै रूपमा पाउन सकिन्छ भने आञ्चलिक पात्र खास क्षेत्र वा भूगोलमा मात्र पाउन सकिन्छ ।

कथाले अपेक्षा गरेको कथानकलाई सरल गतिले अगाडि बढाउन सक्ने सहभागीको छनोट गरी कथाको निर्माण हुन्छ । लोककथाका पात्रहरू वर्ग, समुदाय, जात, धर्म, लिङ्गअनुसार फरक भूमिका र फरक क्षमताका हुन्छन् । कथाले निर्माण गरेको परिवेशअनुकूल अपेक्षित उद्देश्य प्राप्त गर्न र जिम्मेवारी वहन गर्न सक्ने सहभागीले कथालाई निश्चित मोडमा पुऱ्याएका हुन्छन् । लोककथाका मानवेतर सहभागीले मानवीय गुण ग्रहण गरी अद्भुत क्रियाकलाप गर्नु लोककथाका सहभागीहरूको विशेषता हो । त्यसैले लोककथामा साधारण मानिसले गर्न नसक्ने अलौकिक क्षमता भएका सहभागीको छनोट गरेर असम्भव तथा अद्भुत कुराहरू गर्न लगाइएको हुन्छ ।

## ३. परिवेश

लोककथामा सहभागीले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । घटना कहिले कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत बुझाउँछ । परिवेशलाई देश, काल, वातावरण, परिवृत्त, पर्यावरण जस्ता शब्दहरूले बुझाइन्छ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न प्रभावलाई जनाउँछ । यसरी घटना घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो (लुइटेल, २०६२, पृ. २३२) । देश, काल र वातावरणले कथाको सामान्य कथास्थल वा घटनास्थल र घटना गतेको समयलाई बुझाउँछ ।

परिवेशले कथानकको गतिलाई अगाडि बढाउन सहयोग गर्छ । समाज वा समुदायको व्यावहारिक जनजीवन, रहनसहन, भौगोलिक पृष्ठभूमि आदिले कुन परिवेशमा कथिएको कथा हो भन्ने कुरा बुझाउँछ । सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक परिवेशले सहभागीको भावनालाई उदिप्त पार्न भूमिका खेल्छ । लोककथाका पात्रहरूले कथानक अगाडि बढाउने ठाउँ र समयका साथै स्थानविशेषको रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँछन् (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा आउने प्रायजसो स्थानहरू पौराणिक तथा ऐतिहासिक हुन्छन् । प्रकृतिको

मनोरम दृश्य, भयानक गुफा, तलाउ, नदी, जङ्गल, पोखरी आदि स्थानका रूपमा आउँछन् । लोककथाको उठान परिवेशबाटै भएको हुन्छ । नेपाली लोककथामा स्वर्गलोक, नरलोक परिलोक, नागलोक, सूर्यलोक,पितृलोक आदि विभिन्न लोकहरूको चित्रण गरिएको छ र त्यहाँ रहेका जीवहरूमा पाइने असाधारण एवम् अलौकिक शक्तिका बारेमा पनि वर्णन गरिएको छ (पराजुली, २०७१, पृ. ४९) । लोककथामा एकादेशमा, एउटा जङ्गलमा, एउटा गाउँमा, परापूर्वकालमा भनेर कथानक अगाडि बढाइन्छ । घाँसपात काट्दा, गाईवस्तु चराउँदा, लेक बेँसी, मेलापात गर्दा, हाटबजार गर्दा तथा बेलुकाको समयमा परिवार भेला भएर थकाइ भुल्नका लागि लोककथा भन्ने तथा सुन्ने गरिन्छ । त्यसैले लोककथाको परिवेशले शहरभन्दा गाउँको परिवेशलाई प्रायजसो समेटेको हुन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तुति हुन सक्छ । सहभागीको मानसिकतामा सामाजिक,आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक सन्दर्भ पैदा गर्नसक्ने सन्दर्भहरू हुन्छन् । परिवेश बाह्य र आन्तरिक दुवै हुन सक्छ । बाह्य परिवेशलाई भौतिक र आन्तरिक परिवेशलाई मानसिक परिवेश भनिन्छ । यसप्रकार परिवेशले निकै व्यापक अर्थ समेटेको पाइन्छ ।

### ४. उद्देश्य

हरेक साहित्यिक रचनाको खास उद्देश्य हुन्छ । लोककथा सुन्नु र सुनाउनुका पछाडि पनि प्रत्यक्ष वा परोक्ष उद्देश्य रहेको हुन्छ । श्रोतालाई मनोरञ्जन दिनु, उपदेश दिनु, नीतिनियम सिकाउनु, धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्नु र लोकमङ्गलको कामना गर्नु लोककथाका मुख्य उद्देश्य हुन् । धर्मको व्याख्या,प्रचार र धार्मिक रहस्यको प्रस्तुति, दुःख निवारण, नीतिशिक्षा र उपदेश, शिक्षा प्रदान र मनोरञ्जन प्रदान गर्नु लोककथाका मुख्य उद्देश्य हुन् (पराजुली, २०७१, पृ ५१–५२) । लोककथाले बालकदेखि वृद्धसम्म सबै उमेर समूहका मान्छेलाई मनोविनोद प्रदान गरी उद्देश्य पूरा गर्छ । नेपाली लोककथाको अध्ययन गर्दा लोककथाले धार्मिक–नैतिक शिक्षा, व्यावहारिक र जीवनोपयोगी शिक्षा, इमानदारिता र लगनशीलताको महत्त्व, कर्मको फल भोग्नुपर्ने जस्ता सन्देश दिएको पाइन्छ (लामिछाने, २०७७, पृ. ३३०) । लोककथामा समाज तथा समुदायको प्रतिबिम्ब हुने हुँदा यसमा समाज तथा समुदायका धार्मिक तथा सांस्कृतिक परम्परा रीतिरिवाज, चालचलन, संस्कार, सामाजिक तथा आर्थिक अवस्थाको चित्रण पाइन्छ । यिनै विविध अवस्थाको बारेमा वर्णन गरेर श्रोतालाई मनोरञ्जन गराउनु र उपदेश दिनु लोककथाको उद्देश्य रहेको पाइन्छ ।

### ५. भाषाशैलीगत विन्यास

भाषाशैलीगत विन्यास लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । विन्यास भनेको सुव्यवस्थित ढङ्गले र योजनाबद्ध तरिकाले राखिने व्यवस्थित प्रकारको रखाइ हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, बिम्ब, प्रतीक, लय छन्द अलङ्कार आदिको रखाइक्रम वा व्यवस्थापनलाई भाषाशैलीगत विन्यास भनिन्छ (लुइटेल, २०६२, पृ. २४५) । भाषा विचार सम्प्रेषणको साधन हो । भाषा प्रस्तुतिको माध्यम हो । साहित्यको सम्प्रेषण पनि

भाषाकै माध्यमबाट हुन्छ । लोककथाको भाषा गद्य भाषा हो । लोककथा श्रुति परम्परामा आधारित अपठित समूहको रचना भएकाले यसमा प्रयुक्त हुने भाषा द्वैत अर्थ लाग्ने किसिमको हुँदैन । लोककथाको भाषा सरल र सहज हुने भएकाले बालकदेखि बृद्ध उमेर समूहकाले बुझ्ने किसिमको हुन्छ । लोककथामा प्रायजसो मौलिक तथा रूढ शब्दको प्रयोग हुन्छ । यसमा सरल बोधगम्य छोटा वाक्यहरूको प्रयोग गरिन्छ । लोककथामा बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग ज्यादै कम हुन्छ । लोककथाको पाठैपिच्छे भाषा परिवर्तन भइरहन्छ । समय र स्थानका भेदले वाक्यमा परिवर्तन भए झैँ लोककथाका पाठमा पनि परिवर्तन भइरहन्छ (लुइटेल, २०६३, पृ. ३७७) । लोककथामा प्रयुक्त भाषा अभिव्यक्तिको रूप र कथ्य सामग्री दुवै हो । लोककथामा शब्दयोजना, वाक्य संरचना, वाक्य विन्यास पनि कथावाचकको क्षमताअनुसार प्रयोग भएको पाइन्छ । लोककथामा विभिन्न वर्गविशेषका पात्रहरूको उपस्थिति हुन्छ । उनीहरूको आफ्नै पेशा र व्यवसाय हुन्छ । पात्रले प्रयोग गर्ने भाषामा आफ्नै किसिमका व्यावहारिक र व्यावसायिक शब्दहरूको प्रयोग भएको पाइन्छ । भूगोल, समुदाय, धर्म, संस्कृति, मूल्यमान्यताअनुरूपका शब्द तथा वाक्यको प्रयोग भएको पाइन्छ । पात्रानुकूल सभ्य तथा असभ्य बोलीमार्फत पात्रले साहस, त्याग, घृणा, इर्ष्या, विलौना, खुसी आदि साटासाट गर्छन् । धनी, गरिब, नोकर, मालिक, महिला, पुरुष, आदिले बोल्ने भाषामा फरक पाइन्छ । प्राय लोककथामा निम्नवर्गका पात्रले बोल्ने भाषा सरल, अनौपचारिक र सामान्य स्तरको हुन्छ ।

शैली भनेको अभिव्यक्तिको ढाँचा वा तरिका हो । साहित्यका हरेक विधामा फरक शैलीको प्रयोग गरिएको हुन्छ । शैली शब्द अङ्ग्रेजीको Style (स्टाइल) को नेपाली अनुवाद हो । अङ्ग्रेजीको Style (स्टाइल) शब्दको व्युत्पत्ति ल्याटिनको Stilus (स्टिलस) शब्दबाट भएको र यसको प्राचीन अर्थ मैनमाथि लेख्न बनाएको हाड वा धातुको कलम भन्ने हुन्छ । समयान्तरमा अर्थ परिवर्तन भएर Stlye (स्टाइल) शब्दले वर्तमान अर्थ ग्रहण गरेको हो (लुइटेल, २०६२, पृ. २५२) । शैलीले लेखक वा रचनाकारको अभिव्यक्तिको तरिकालाई बुझाउँछ । लोककथामा सरल र सहज भाषाशैलीको प्रयोग हुन्छ । एकले अर्कालाई सुनाउँदा बुझिने शैलीमा छोटा वाक्यहरूको प्रयोग गरेर लोककथा भन्ने गरिन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदा भाषिक परिवर्तन पनि हुँदै जान्छ । यस्तो परिवर्तन समयक्रमँगै हुने गर्छ र भाषिकागत भेदअनुसार फरक शब्दहरूको प्रयोग भएको पाइन्छ । एउटै कथावस्तु भएका कथामा पनि शैलीगत भिन्नताका कारण प्रत्येक कथा बेग्लाबेग्लै र मौलिक जस्ता लाग्छन् । कथा वाचकको शैलीले कथालाई रोचक बनाउँछ । श्रोतालाई विशिष्ट प्रभाव र नवीन अनुभूति दिलाउन शैलीले महत्त्वपूर्ण भूमिका खेल्छ । शैलीले साहित्यका विधालाई एकअर्काबाट अलग बनाउने काम गर्छ । भाषा साहित्यको उपयुक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ । यस रूपान्तरणलाई विशिष्टि तथा अमूर्त प्रक्रिया मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो,जसको सम्बन्ध एकातिर भाषारूपी कच्चापदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग हुन्छ (शर्मा, २०७९, पृ. ८) । लेखकले भाषाका माध्यमबाट आफ्ना विचारहरू पाठकसम्म पुऱ्याउन निश्चित शैलीको

प्रयोग गर्छन् । शैलीले कृतिको साहित्यिक संरचना, (बनोट र बुनोट), भाषिक संरचना (ध्वनि, शब्द, व्याकरण र अर्थ) लाई जोड्ने काम गर्छ । शैलीलाई अभिव्यक्ति घटक वा योजक घटक मानिन्छ (लुइटेल, २०६०, पृ. ११३) । यसरी हेर्दा शैली भनेको भाषिक संरचना र साहित्यिक संरचना दुवैलाई जोड्ने भाषिक अभिव्यक्तिको विशिष्ट ढाँचा हो । त्यसैले लोककथामा कथाले उठाएको विषयलाई वर्णन गर्ने पद्धति नै शैली हो । केही विद्वान्हरूले यसलाई कथन पद्धति पनि भनेका छन् । लोककथामा प्रयोग गरिएको एकादेशमा, परापूर्वकालमा, यस्तो भएछ अरे भन्दै घटनाक्रमअनुसार आवाजको आरोह अवरोह मिलाएर कथा अगाडि बढाउने तौरतरिका वा कथन ढाँचालाई शैलीअन्तर्गत राख्न सकिन्छ । भाषाशैली जति सरल भयो त्यति नै कथा सम्प्रेषणीय हुन्छ ।

## २.६ लोककथा वर्गीकरणका आधार

प्राणीहरूको उत्पत्ति र विकासक्रमसँगै मानवजातिले आफ्ना विचारहरूलाई सम्प्रेषण गर्ने माध्यम बनायो । त्यसपछि मनोरञ्जन प्राप्त गर्न र आफ्ना मनका भावनाहरू साटासाट गर्नका लागि जीवन भोगाइका कथाव्यथा सुनाउने क्रममा नै लोककथाको जन्म भएको मानिन्छ । लोकमानसले लोक भावनाहरूलाई आदान प्रदान गर्ने माध्यमका रूपमा देखापरेको लोककथा केटाकेटी, युवा तथा बुढाबुढी सबैले रुचाएको विधा हो । लोककथाको इतिहास धेरै पुरानो छ । लोककथा परावूर्वकालदेखि वक्ता र श्रोताको बीचमा एक कान दुई कान मैदान हुँदै अगाडि बढेको वा समाजमा लोकप्रिय हुँदै आएको पाइन्छ । यस विधालाई सङ्कलन गरेर राख्ने तथा व्यवस्थित अध्ययन गर्ने परम्पराको थालनी भने धेरै पछि मात्र भएको पाइन्छ ।

लोककथाको सङ्कलन र विश्लेषण गर्ने क्रममा विद्वान्हरूले विभिन्न तरिकाले वर्गीकरण गरी अध्ययन गरेका छन् । यसरी गरिएको वर्गीकरणमा तुलसी दिवसले लोककथालाई १० वर्ग र ९ उपवर्ग गरी १९ वर्गमा विभाजन गरेका छन् । उनका अनुसार सांस्कृतिक ऐतिहासिक लोककथा, अर्ती-उपदेशका लोककथाहरू, पशुपक्षीका लोककथाहरू, ठगी तथा चलाखीका लोककथाहरू, मुर्ख्याइँका लोककथाहरू, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, लोभी तथा कन्जुसका लोककथाहरू, विश्वासघातका लोककथाहरू, अतिमानवीय रूपका लोककथाहरू, भूत तथा राक्षसका लोककथाहरू, बोक्सी तथा जादुका लोककथाहरू, परी तथा अप्सराका लोककथाहरू, दैवी लोककथाहरू, फलफूलका लोककथाहरू साहस तथा बहादुरीका लोककथाहरू, धार्मिक लोककथाहरू, व्रतात्मक लोककथाहरू, पौराणिक लोककथाहरू रहेका छन् (दिवस, २०३२, पृ. ३०) । यसैगरी धर्मराज थापा र हंसपुरे सुवेदीले धार्मिक तथा सांस्कृतिक–ऐतिहासिक लोककथा, मानवी तथा अतिमानवी लोककथा, पशुपक्षीका लोककथा, दैवी लोककथा र विविध लोककथामा वर्गीकरण गरेका छन् (थापा र सुवेदी, २०४१, पृ. ३४६) । पाश्चात्य विद्वान् स्टिथ टम्सनले परम्परित कथा, परीकथा, पशुकथा, नीतिकथा, पौराणिक कथा भनेर वर्गीकरण गरेका छन् भने मार्टिन ग्रेले पौराणिक कथा, किंवदन्ती, पशुकथा, परीकथा दैत्य र भूतप्रेतका कथा तथा

ठट्यौली कथा भनेर वर्गीकरण गरेका छन् । यसैगरी एन्टी आर्नेले लोककथालाई पशुकथा, दन्त्यकथा, ठट्यौली र चुट्किलाहरू गरी तीन भागमा वर्गीकरण गरेका छन् (बन्धु, २०५८, पृ. २९१) । यीबाहेक रूप कथा, हास्य कथा, धार्मिक कथा, गीतिकथा, प्रेमकथा, उपदेश कथा, सामाजिक कथा, व्रतकथा, मनोरञ्जनात्मक कथा, पौराणिक कथा आदिका आधारमा पनि वर्गीकरण गरिएको पाइन्छ । यसैगरी मोतीलाल पराजुलीले विषयगत वर्गीकरण र उद्देश्यगत वर्गीकरण गरी लोककथालाई दुई भागमा वर्गीकरण गरेका छन् । विषयगत वर्गीकरणअनुसार पौराणिक कथा, अनुश्रुति कथा, सामाजिक कथा, अलौकिक तथा अतिरञ्जित कथा, र विविध तथा उद्देश्यगत वर्गीकरण अन्तर्गत पौराणिक लोककथा, मनोरञ्जनप्रधान लोककथा, शैक्षिक प्रयोजनका लागि निर्मित लोककथामा वर्गीकरण गरी विश्लेषण गरेका छन् । शैक्षिक प्रयोजनका लागि निर्मित लोककथाहरूमा अनुश्रुति कथा, अर्ती/उपदेशका कथा, ऐतिहासिक कथा, क्रमसंवर्द्धनात्मक कथा, कारणनिर्देशक कथा, तन्त्रकथा, नीतिकथा, न्यायसम्बन्धी कथा, पराप्राकृतिक लोककथा, परी तथा अप्सराका कथा, पशुपक्षी, सरीसृप तथा कीटपतङ्गका कथा, प्रेमकथा, फलफूल/वृक्षवनस्पतिका लोककथा, बालकथा, बोक्सी तथा जादुटुनामुनाका कथा, भूत तथा राक्षसका कथा, मिथक, वीरकथा, ब्रतकथा, सामाजिक कथा,सूत्रकथा, स्थानसम्बन्धी कथा, हास्यकथा र विविध लोककथा गरी लोककथालाई बीस प्रकारमा वर्गीकरण गरी अध्ययन गरेका छन् (पराजुली, २०७१, पृ. ६४–८३) । विविध जातजाति र धर्म सम्प्रदाय भएको नेपाललाई लोक साहित्यको धनी देश मानिन्छ । यहाँका लोककथामा जातिगत, भाषागत, स्थलगत, भाषिकागत, भेद-उपभेदगत भिन्नताहरू पनि पाइन्छन् ।

लोककथाको वर्गीकरणमा विद्वान्हरूको मतमा एकरूपता भने पाइँदैन । नेपाली विद्वान्हरूले पनि भिन्नाभिन्नै आधारमा लोककथाको वर्गीकरण गरेर अध्ययन गरेका छन् । यस शोधपत्रमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ताविज्ञान र लोकसाहित्य* पुस्तकमा गरिएको वर्गीकरणलाई मुख्य आधार मानी लोककथाको वर्गीकरण गरिएको छ ।

### २.६.१ विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण

लोककथाको मुख्य कथ्यलाई विषयवस्तु भनिन्छ । लोककथाका विषयवस्तुमा व्यापकता पाइन्छ । लोककथामा आउने विषयवस्तु ठाउँ, परिवेश, समुदाय, व्यवहार, आचरण, रहनसहन आदिका आधारमा तय भएका हुन्छन् । मानवीय र मानवेतर प्राणीका स्वभाव, तन्त्रमन्त्र, जादुटुनामुना, अद्भुत कला तथा अलौकिक शक्तिलाई विषयवस्तु बनाएर लोककथा कथिएका हुन्छन् । लोककथाका विषयवस्तु ठाउँअनुसार फरक फरक हुन सक्छन् । विषयका आधारमा लोककथालाई पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

#### १. पौराणिक लोककथा

पुराणसँग सम्बन्धित लोककथा पौराणिक लोककथा हुन् । महाभारत, रामायण, भागवत गीता, स्वस्थानी ब्रतकथा, विष्णु महात्म्य आदिबाट विषयवस्तु लिएर कथिएका लोककथा यसअन्तर्गत पर्छन् । यस्ता कथामा देवी देवता, राक्षस, अप्सरा, गन्धर्व जस्ता पात्रले अलौकिक शक्ति देखाएर सत्यको विजय गराएका हुन्छन् । यस्ता लोककथाहरूमा

देवीदेवता, धर्म, व्रत, सृष्टि, ब्रह्माण्ड, महापुरुष, प्रलय वा त्यस्ता घटना, प्राकृतिक नियम आदि पौराणिक विषयवस्तुलाई आधार बनाइएको हुन्छ । यस्ता कथाहरू धार्मिक प्रकृतिका हुन्छन् । ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय, जीवजन्तु र पदार्थको उत्पति, स्थिति र विनाश तथा विशेषताहरूको वर्णन भएको, धर्मदर्शनको व्याख्या भएको, व्रतको व्याख्या गरिएका, देवीदेवताको उत्पत्ति र स्वभाव तथा कायृहरूको वर्णन गरिएका स्थानीय देवीदेवता, खोलानाला, पजर्वत आदिको उत्पत्तिको वर्णन गरिएका र धार्मिक आस्था भएका कथाहरू पौराणिक कथा हुन् (पराजुली, २०७१, पृ. ६५) । विशेष गरेर धार्मिक विषयवस्तु समेटेर नैतिक चेतना दिने खालका कथा यसअन्तर्गत समेटिन्छन् ।

**२. किंवदन्तीमूलक लोककथा**

किस्सा वा कहानीमा आधारित कथालाई किंवदन्तीमूलक लोककथा भनिन्छ । किंवदन्तीमा समाजमा परम्परादेखि चल्दै आएका अन्धविश्वासका कुरा पनि हुन्छन् । यस्ता कथामा मानिसको पुरुषार्थ, राजा महाराजाका वीरता, पराक्रम, महात्मा तथा योगीहरूको अद्भुत कला आदिका बारेमा वर्णन गरिएको हुन्छ । कुनै असत्य कुरा हुन्छन् भने कुनै अर्धसत्य कुरा हुन्छन् तर लोककथा सुन्दा परम्परादेखि नै चलेर आएको हो भनी विश्वास गर्ने पनि हुन्छन् । यस्ता कथावाचकले साँच्चै घटेको घटना जस्तै बनाएर कथा भन्ने गर्छन् । किंवदन्तीमूलक लोककथामा देवीदेवताको नभई मानवीय विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ । जस्तै- राजा मौना, चिमा र चिन्तु, गुरुमापा, बुढासुब्बा आदि (शर्मा र लुइटेल, २०६३, पृ. ३८६) । यस्ता कथाहरू सुन्दा सत्य लागे पनि सत्य प्रमाणित गर्न चाहिँ गाह्रो हुन्छ ।

**३. सामाजिक लोककथा**

लोककथाको स्रोत नै समाज हो । लोकका व्यवहार, समुदायका चालचलन तथा समाजमा घटेका घटनाहरू, धर्म, संस्कृति चालचलन नै लोककथाका विषयहरू हुन् । समाजमा विभिन्न वर्ग, स्वभाव, चरित्र भएका मानिसहरू हुन्छन् । तीनै पात्रहरूको प्रतिनिधित्व लोककथामा हुन्छ । यसमा समाजको भोगाइ र समस्याहरू प्रतिबिम्बित भएका हुन्छन् । यस्ता कथाहरू धुर्त्याइँ, चलाखी, ईर्ष्या, डाहा, विश्वासघात, प्रतिशोध, न्याय, अन्याय, बहुविवाह, बालविवाह, अनमेल विवाह, पारिवारिक झैझगडा, गरिबी, सतीप्रथा, अन्धविश्वास, रीतिथिति, मूल्यमान्यता, आचार, व्यवहार आदि विषयवस्तुमा आधारित हुन्छन् । यस्ता कथामा मानवीय स्वभावको विशेष चित्रण हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८६) । सामाजिक लोककथा पात्रहरू मानिस नै हुन्छन् तथा समाजमा घट्नसक्ने घटनाहरूलाई कथाका रूपमा प्रस्तुत गरिन्छ (पराजुली, २०७१, पृ. ८२) । साामाजिक लोककथाले सिङ्गो समाज र त्यहाँ बस्ने समुदायमा घटेका सुख दुःखका घटनालाई समेट्छ ।

**४. अतिप्राकृतिक लोककथा**

प्राकृतिकभन्दा भिन्न स्वरूपका कथाहरू अतिप्राकृतिक लोककथा हुन् । यस्ता कथामा अलौकिक, अद्भुत चरित्र भएका अप्राकृतिक पात्रहरूले अद्भुत व्यवहार देखाउँछन् । यस्ता

पात्रले सामान्य मानिसले गर्न नसक्ने काम चामत्कारिक ढङ्गबाट सजिलैसँग गर्न सक्छन् । प्राकृतिक वस्तुलाई मानवीकरण गरी मान्छेजस्तै बनाइएका यस्ता पात्रले हिँड्ने, बोल्ने, खाने, विवाह गर्ने, सन्तान उत्पादन गर्ने लगायतका काम गर्न सक्छन् । खिर पाक् ताउली कथाको ताउली, बजा लौरी डाङ्डुङ् कथाको लौरो यसका उदाहरण हुन् । भूतप्रेत, राक्षस, दानव, पिशाच, डङ्किनी, दुष्टात्मा, मृतात्मा, निशाचर, परी, अप्सरा, गन्धर्व आदिका कथा यस वर्गमा पर्छन् (लुइटेल, २०७६, पृ. ९९) । तन्त्रमन्त्र, जादुटुना, बोक्सी, रहस्य, तिलस्मी र भयानक परिवेशका कथाहरू पनि यसै अन्तर्गत पर्छन् । यस्ता कथाहरू रहस्यात्मक र कुतूहलपूर्ण हुन्छन् ।

**५. पशुपक्षीका लोककथा**

लोककथाका विषयहरू वनजङ्गल तथा घरपालुवा पशुपक्षीका गतिविधि र क्रियाकलापमा आधारित भएर पनि आएका हुन्छन् । यस्ता कथामा पशुपक्षीले मानिसले गर्ने जस्तै काम गर्ने, मान्छेजस्तै बोल्ने, हिँड्ने, डुल्ने गर्छन् । यस्ता कथाहरूले मानिसलाई उपदेश दिने, चेतना जगाउने काम गर्छन् । पशुपक्षी बोल्ने भएकाले केटाकेटीले यस्ता कथा निकै मन पराउँछन् । चरा, सर्प, मुसो, खरायो, स्याल, बाँदर, कुकुर, घोडा, गोरु, भ्यागुतो, गोही, सिंह, बाघ आदि जनावर तथा पक्षीले कथामा रोचक पाराले मानिसलाई सहयोग वा असहयोग गरेका हुन्छन् (लुइटेल, २०७६, पृ. २९९) । पशुपक्षी र सरीसृपहरू दिव्यशक्ति भएका र सामान्य गरी दुई प्रकारका हुन्छन् । दिव्यशक्ति भएका नागकन्या, कामधेनु गाई, ऐरावत हात्ती, वायुपङ्खी घोडा, गरुड, सिमलचरी,सुगाा आदिलाई श्रद्धाका दृष्टिले हेर्ने गरिन्छ (पराजुली, २०७१, पृ. ७४) । यस्ता कथाहरूमा जनावर पात्रका रूपमा प्रयोग भए पनि प्रकारान्तरमा तिनीहरूले मानिसका जीवनमा घटेका घटनाहरू नै समेटेका हुन्छन् ।

**२.६.२ भावका आधारमा लोककथाको वर्गीकरण**

लोककथामा कुनै न कुनै भाव लुकेको हुन्छ । मानिसका मनमा भएका विभिन्न भावहरूलाई लोककथाले जगाउने काम गर्छ । लोककथा सुन्दा वा पढ्दा श्रोताका मनमा जुन भाव उत्पन्न हुन्छ त्यसका आधारमा लोककथाको वर्गीकरण गर्न सकिन्छ । विभिन्न विद्वान्हरूले भावका आधारमा लोककथाको वर्गीकरण गरेका छन् । यहाँ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका *लोकवार्ताविज्ञान र लोकसाहित्य* पुस्तकलाई आधार मानेर लोककथाको वर्गीकरण गरिएको छ ।

**१. प्रेमकथा**

माया, प्रीति, मिलन, स्नेह, वात्सल्य, विछोड, विरहको प्रधानता भएका कथालाई प्रेमकथा भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । कुनै दुई प्राणीहरूका बिचमा रूप, गुण, स्वभाव, सामिप्य अथवा कामवासना आदिका कारण परस्पर हुने अनुराग अथवा कुनै वस्तु वा व्यक्तिका स्वभाव एवम् गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयतालाई प्रेम भनिन्छ । लोककथामा नायकनायिकाका बिचमा कामवासना वा कुनै गुणका कारणले अनुराग उत्पन्न भई एकअर्कालाई प्राप्त गर्न दुःस्साध्य परिश्रम गरी सफलता प्राप्त गरेका घटनाहरूको वर्णन पाइन्छ । यस्ता कथालाई प्रेमकथा भनिन्छ (पराजुली, २०७१, पृ. ७५) ।

लोककथाका पात्रहरूको कार्यव्यापारबाट श्रोतामा माया, प्रेम, स्नेह, करुणा, वात्सल्य आदिको भाव जागृत गराउने कथा प्रेमकथा हुन् । कथामा नायक नायिकाबिच प्रेम, मिलन, विछोड भएपछि श्रोता वा पाठकका मनमा तिनीहरूप्रति माया, दया वा करुणाको भाव उत्पन्न हुन्छ ।

**२. वीरकथा**

साहस, शौर्य, आँट र बहादुरीका साथ कार्य गरेर समाजमा आफ्नो प्रभाव जमाएका वीरहरूको जीवनीमा आधारित कथाहरू वीर कथा हुन् । यस्ता कथाहरू ऐतिहासिक वीर पुरुष तथा काल्पनिक नायकका बारेमा बनेका हुन्छन् । काल्पनिक वीरहरूका बारेम ाबनेका लोककथाहरू अतिरञ्जित प्रकृतिका हुन्छन् । यस्ता कथाको नायक बलिष्ठ, चतुर साहसिलो तथा कठिन परिस्थितिमा पनि काम सम्पन्न गर्नसक्ने प्रकृतिको हुन्छ (पराजुली, २०७१, पृ. ८०) । वीरकथामा वीरता र पराक्रम देखाउने मानवीय वा मानवेतर पात्रहरूबिच कार्यव्यापार हुन्छ ।

**३. करुणकथा**

करुण रस प्रधान कथा करुण कथा हुन् । यस प्रकारका कथाका सहभागीमा शोक, दया, माया, दु:ख, दर्द, आँशु, रोदन आदिको प्रबलता पाइन्छ । नायक नायिकाको बिछोड हुने, मृत्यु हुने तथा शोक पर्ने किसिमका कथा यसअन्तर्गत पर्दछन् (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । करुण कथामा नायक तथा नायिकाको मृत्यु हुने वा विछोड हुने गर्छ ।

**४. भक्तिकथा**

आस्था विश्वास तथा श्रद्धाभाव भएका कथा यस अन्तर्गत पर्दछन् । यस्ता कथामा पात्र वा चरित्रको महिना गाडी गरिएको हुन्छ । हाम्रा पौराणिक, धार्मिक पात्र तथा स्थान विशेष प्रति असीम श्रद्धाभाव प्रथा भक्तिभाव प्रकट गरिएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता कथाहरू ईश्वर तथा इष्ट देवताप्रतिको धार्मिक विश्वासले ओतप्रोत भएका हुन्छन् ।

**५. हास्यकथा**

हाँसो, विनोद, मनोरञ्जन, ख्यालठट्टा आदिको प्रधानता रहेका कथालाई हास्यकथा भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । लोककथाहरू अर्ती उपदेश, ज्ञान र शिक्षाका निम्ति मात्र नभएर हास्य र मनोरञ्जनका निम्ति पनि रचना गरिएका हुन्छन् । हास्य कथा यस्तै प्रकृतिको लोककथा हो । हास्यरस प्रधान कथाहरूमा उट्पट्याङ् विषयको वर्णन पाइन्छ (पराजुली, २०७१, पृ. ८०) । सहभागीको कार्यबाट श्रोता वा पाठकमा हास्य भाव उत्पन्न हुने कथा यस अन्तर्गत पर्छन् । यस्ता कथामा हाँसउठ्ने कथानक तथा चरित्रको प्रधानता हुन्छ ।

**६. अद्‌भुतकथा**

विष्मय, आश्चर्य, विचित्रता आदिको प्रधानता रहेका अद्‌भुत कथा भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता लोककथाका सहभागीले साधारण मानिसभन्दा भिन्न तरिकाले अद्‌भुत प्रतिभा देखाएर श्रोताका मनमा आश्चर्य भाव उत्पन्न गराउँछन् ।

सामान्यभन्दा असाधारण शक्ति, अलौकिक शक्तिद्वारा आश्चर्यचकित बनाउने कथाहरू अद्‌भुत कथा हुन् ।

**७. रोमाञ्चक कथा**

रोमाञ्चक कथा लोक कथा सुन्दा वा पढ्दा श्रोता वा पाठकको शरीर नै सिरिङ्ग हुने खालका कथा रोमाञ्चक कथा हुन्छ । यस्ता कथामा हर्ष, शोक आदिको प्रधानता रहन्छ र शरीरमा रौं ठाडो पार्ने सामर्थ्य हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) ।

**२.६.३ शिल्प विधानका आधारमा लोककथाको वर्गीकरण**

वस्तुको बनोट प्रक्रियालाई शिल्पविधान भनिन्छ । कथावाचकले विभिन्न शिल्प भरेर लोककथा प्रस्तुत गर्दछन् । पात्रका कार्य व्यापार तथा कथानक घट्ने परिवेशलाई केन्द्रित बनाएर कथावाचकले कथा प्रस्तुत गर्छ । कुनै कथामा घटनाको, कुनै कथामा पात्र चरित्र र कुनै कथामा परिवेशको प्रधानता हुन्छ । यस आधारमा लोककथालाई यसप्रकार विभाजन गर्न सकिन्छ ।

**१. घटनाप्रधान लोककथा**

सहभागी भन्दापनि घटनालाई प्राथमिकता दिएका कथा घटना प्रधान लोककथा हुन् । यस्ता कथामा कथानकको प्रवलता हुन्छ । पात्र र परिवेश नेपथ्यमा रहने र कथाको घटना भने मञ्चीय प्रकृतिको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) ।

**२. चरित्रप्रधान लोककथा**

पात्र चरित्र वा सहभागीलाई विशेष महत्त्व दिएका कथा चरित्रप्रधान कथा हुन् । यस्ता कथामा सहभागीको भूमिका प्रमुख हुन्छ । पात्रकै सेरोफेरोमा कथानक घुमेको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) ।

**३. परिवेशप्रधान लोककथा**

घटना र चरित्रलाई भन्दा परिवेश नै महत्त्व दिएका लोककथा यस अन्तर्गत पर्छन् । यस्ता कथामा कथा सहभागीको भूमिका ज्यादै कम हुन्छ भने स्थान, परिवेश र समयलाई बढी महत्त्व दिइएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) । कथामा वर्णित परिवेशले कथालाई रोमाञ्चक बनाउँछ ।

**२.६.४ उद्देश्यका आधारमा लोककथाको वर्गीकरण**

साहित्यको खास प्रयोजन हुन्छ र कथाको पनि आफ्नै प्रयोजन रहेको पाइन्छ । खासगरी मनोरञ्जन दिन उपदेश दिन लोकमङ्गलको कामना गर्न शिक्षा तथा ज्ञान दिन कथा भन्ने गरिन्छ । यस आधारमा लोककथा निम्नलिखित प्रकार रहेका छन् :

**१. मनोरञ्जनप्रधान लोककथा**

लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । समूहमा भेला भएका बेलामा, काम गरेर थाकेका बेलामा मानिसलाई मनोरञ्जन गराउने उद्देश्यले सिर्जिएका कथा यस

वर्गमा पर्दछन् । यसमा नीति तथा शिक्षाको पाटो सुक्ष्म रहन्छ भने मनोरञ्जनको पाटो मुख्य रहन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) । लोककथाहरू मूलतः मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् । यस्ता कथामा अतिरञ्जित र रोमाञ्चक तत्त्वहरूको प्रधानता रहन्छ । यस्ता कथाहरू हुन्– परीकथा तथा अप्सराका कथा, जादुटुनामुनाका कथा, भूतप्रेत र राक्षसका कथा, पशुपक्षी तथा परीसृपका कथा, ठगी तथा चलाखीका कथा आदि (पराजुली, २०७१, पृ. ८०) । यस्ता कथामा शरीर सिरिङ्ग पार्ने कथावस्तुको प्रधानता पाइन्छ ।

**२. नीतिप्रधान लोककथा**

श्रोता तथा पाठकलाई नीति शिक्षा, उपदेश दिने प्रयोजनका लागि कथिएका कथा नीति प्रधान कथा हुन् । यस्ता कथाले पाठक श्रोतालाई मनोरञ्जन भन्दा बढी उपदेश दिने गर्छन् । यस्ता कथाहरू ज्ञानवर्द्धक र शिक्षामूलक हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता कथाले मानिसलाई सत्य मार्गमा हिँड्न अभिप्रेरित गर्छन् ।

यी बाहेक विभिन्न विद्वान्हरूले लोककथालाई सामान्य र यथार्थ कथा, पशुकथा, जादुकथा, साँचोकथा तथा भाग्य परिवर्तनसम्बन्धी कथा, विश्व उत्पत्तिसम्बन्धी कथा र मनोरञ्जक कथा भनी वर्गीकरण गरेका छन् ।

## २.७ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको वर्गीकरण

लोककथालाई विषयका आधारमा, शिल्प विधानका आधारमा र उद्देश्यका आधारमा यस अगि नै वर्गीकरण गरिसकिएको छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाहरूमा विभिन्न विषयक्षेत्रका कथाहरू पाइन्छन् । प्राप्त कथाहरूलाई विषयका आधारमा तलको तालिकामा वर्गीकरण गरी राखिएको छ ।

**तालिका नं. १**

**दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको वर्गीकृत तालिका**

| क्र. सं | सङ्कलित लोककथा | वर्गीकरणका आधारहरू | | | |
|---|---|---|---|---|---|
| | | विषयवस्तु | भाव | शिल्पविधान | उद्देश्य |
| १. | कोडिको पनि दिन आउँछ | सामाजिक | प्रेमकथा | घटनाप्रधान | नीतिप्रधान |
| २. | चतुर साहिँलो | सामाजिक | रोमाञ्चककथा | चरित्रप्रधान | मनोरञ्जनप्रधान |
| ३. | टुहुराका दिन फर्किन्छन् | सामाजिक | अद्भुतकथा | घटनाप्रधान | नीतिप्रधान |
| ४. | लोभीको कथा | सामाजिक | हास्यकथा | चरित्रप्रधान | मनोरञ्जनप्रधान |
| ५. | अल्छे तीनकुरिया | अतिप्राकृतिक | अद्भुतकथा | घटनाप्रधान | मनोरञ्जनप्रधान |
| ६. | चन्द्रसूर्य | अतिप्राकृतिक | रोमाञ्चक | घटनाप्रधान | मनोरञ्जनप्रधान |
| ७. | टुहुरो र लोभी बुढी | अतिप्राकृतिक | रोमाञ्चककथा | चरित्रप्रधान | नीतिप्रधान |
| ८. | सात बहिनी र सर्प | अतिप्राकृतिक | अद्भुतकथा | घटनाप्रधान | नीतिप्रधान |
| ९. | खरायो र बाँदरको मित्रता | पशुपक्षीमूलक | हास्यकथा | चरित्रप्रधान | नीतिप्रधान |
| १०. | बुढाबुढी र चङ्खे बाँदर | पशुपक्षीमूलक | हास्यकथा | घटनाप्रधान | मनोरञ्जनप्रधान |
| ११. | लोभी बाहुन | पशुपक्षीमूलक | अद्भुत कथा | चरित्रप्रधान | मनोरञ्जनप्रधान |
| १२. | दुई राजकुमार | किंवदन्तीमूलक | वीरकथा | घटनाप्रधान | नीतिप्रधान |
| १३. | मित्रताको कथा | किंवदन्तीमूलक | वीरकथा | घटनाप्रधान | मनोरञ्जनप्रधान |
| १४. | सती राजा | धार्मिक | भक्तिमूलक | घटनाप्रधान | नीतिप्रधान |

माथि चौधवटा कथालाई विषय, भाव, शिल्पविधान र उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित चौधवटा नेपाली लोककथामध्ये चारवटा सामाजिक लोककथा, चारवटा अतिप्राकृतिक लोककथा, तीनवटा पशुपक्षीमूलक लोककथा, दुईवटा किंवदन्तीमूलक लोककथा र एउटा धार्मिक लोककथा रहेका छन् । 'कोडिको पनि दिन आउँछ, 'चतुर साहिँलो', 'टुहुराका दिन फर्किन्छन्', र 'लोभीको कथा' सामाजिक लोककथा हुन् भने 'अल्छे तीनकुरिया', 'चन्द्रसूर्य', 'टुहुरो र लोभी बुढी' तथा 'सात बहिनी र सर्प' अतिप्राकृतिक लोककथा हुन् । 'खरायो र बाँदरको मित्रता, 'बुढाबुढी र चङ्खे बाँदर र 'लोभी बाहुन' पशुपक्षीमूलक लोककथा हुन् । 'दुई राजकुमार' र 'मित्रताको कथा' किंवदन्तीमूलक कथा हुन् भने 'सती राजा' धार्मिक लोककथा हो ।

भावका आधारमा चारवटा अद्भुत, तीनवटा हास्य, दुईवटा रोमाञ्चक कथा, तीनवटा वीर, एउटा प्रेमकथा र एउटा भक्तिकथा रहेका छन् । 'कञ्जुस बुढाबुढी', 'खरायो र बाँदरको मित्रता', 'लोभीको कथा', 'बुढाबुढी र चङ्खे बाँदर' हास्यकथा रहेका छन् । 'कोडिको पनि दिन आउँछ' प्रेमकथा रहेको छ भने 'अल्छे तीनकुरिया', 'टुहुराका दिन फर्किन्छन्', 'लोभी बाहुन', 'सात बहिनी र सर्प' अद्भुतकथा रहेका छन् । 'चन्द्रसूर्य', 'मित्रताको कथा' र 'दुई राजकुमार' वीरभाव भएका लोककथा रहेका छन् भने 'सती राजा' भक्तिमूलक लोककथा रहेको छ ।

यसैगरी शिल्पविधानका आधारमा हेर्दा नौवटा घटनाप्रधान र पाँचवटा चरित्रप्रधान लोककथा रहेका छन् । 'कोडिको पनि दिन आउँछ', 'टुहुराका दिन फर्किन्छन्', 'अल्छे तीनकुरिया', 'चन्द्रसूर्य', 'बुढाबुढी र चङ्खे बाँदर', 'मित्रताको कथा', 'दुई राजकुमार', 'सती राजा' घटनाप्रधान कथा रहेका छन् भने 'खरायो र बाँदरको मित्रता','लोभीको कथा', 'चतुर साहिँलो', 'टुहुरो र लोभी बुढी', र 'लोभी बाहुन' चरित्रप्रधान कथा रहेका छन् ।

साहित्य सिर्जनाको प्रयोजनका आधारमा हेर्दा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथामध्ये सातवटा नीतिप्रधान र सातवटा मनोरञ्जनप्रधान लोककथा रहेका छन् । 'कोडिको पनि दिन आउँछ', 'टुहुराका दिन फर्किन्छन्,' 'टुहुरो र लोभी बुढी', 'सात बहिनी र सर्प', 'खरायो र बाँदरको मित्रता', 'दुई राजकुमार' र 'सती राजा' नीतिप्रधान कथा रहेका छन् भने 'लोभीको कथा', 'अल्छेको कथा', 'चन्द्रसूर्य', 'बुढाबुढी र चङ्खे बाँदर', 'लोभी बाहुन', 'चतुर साहिँलो' र 'मित्रताको कथा' मनोरञ्जनप्रधान लोककथा रहेका छन् ।

यस शोधपत्रमा सबै विषयवस्तु, भाव र शिल्पविधान समेटिने गरी चौधवटा लोककथाको छनोट गरी संरचनात्मक विश्लेषण गरिएको छ ।

## २.८ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्क्षिप्त कथानकविन्यास

दमक क्षेत्रका धिमाल जातिमा प्रचलित चौधवटा नेपाली लोककथाको विस्तृत विश्लेषण परिच्छेद चार,पाँच, छ र सातमा गरिएको छ । कथानकविन्याससँग अन्य संरचक घटकहरूको सम्बन्ध रहने हुँदा यहाँ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित चौधवटा नेपाली लोककथाको संक्षिप्त कथानक विन्यासलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. २

## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको सङ्क्षिप्त कथानकविन्यास

| क्रसं | सङ्कलित लोककथा | कथानकको विकास शृङ्खला | | |
|---|---|---|---|---|
| | | आदि | मध्य | अन्त्य |
| १. | अल्छे तीन कुरिया | एउटा गाउँमा तीनकुरिया नाम गरेको साह्रै अल्छी केटो हुनु, उसको नाम अल्छे रहनुको बेग्लै कथा हुनु, एउटा जङ्गलमा जङ्गली मुसा र घरको मुसासँग मित्रता हुनु, जङ्गलको मुसा घरको मुसासँग मित्रता गाँस्नु पर्‍यो भन्ने ठानेर घरको मुसाकोमा पाहुना जानु, घरको मुसाले आफ्नो खेत देखाउन बगरमा लानु, खेत देखाउँदा देखाउँदै अचानक बाज आएर जङ्गलको मुसालाई टिपेर लानु, घरको मुसा चाहिँ दुलोभित्र पसेर जोगिनु, जङ्गली मुसोलाई ठुलो ठुटामा लगेर भुँडी चिर्दाखेरि तीनटा राक्षस निस्कनु, अर्कोपल्ट चिर्दा एकजोर परेवा निस्कनु, अर्कोपल्ट चिर्दा बहर गोरु निस्कनु, अन्त्यमा चिर्दा एउटा केटो निस्कनु, त्यसको नाम अल्छे तीनकुरिया हुनु, तिनीहरूमध्ये राक्षस र परेवा जङ्गलतिर लाग्नु, मान्छे र गोरु गाउँमा बस्न थाल्नु, | केटाले गोरुलाई जङ्गल लाने चराउने गर्दा एकदिन एउटा ठुलो पोखरी देख्नु, त्यस पोखरीमा अप्सराहरू नुहाउन आउनु, गोरुले पनि आफ्नो भाइलाई बिहे गर्ने भए जो नराम्रो छ, त्यसैलाई समात् है भन्नु, दाजुको कुरा मानेर भाइले पनि पोखरीमा गएर सबैभन्दा फोहोरी जेठी बहिनीलाई समाउनु, अरू दिदीबहिनीले चाहिँ लु है दिदी ! हामी गयौँ तपाइँ बस्नु भनेर जानु, बहर गोरु र भाइसँगै अप्सरा गाउँमा आउनु, गाउँका ठाकुरहरू त्यस केटाको घरमा आउँदा त्यस्ती राम्री केटीलाई देखेर लोभिनु र राजालाई सुनाउन जानु, राजाले जसरी पनि त्यो केटी मलाई चाहियो भन्नु, राजाले पठाएको खबर अल्छेको घरमा पुग्नु, अल्छेलाई पीर लागेर रुनु, अप्सराले अल्छेलाई जे जे सिकाउँछु, त्यही त्यही गर भन्नु, राजाले तीनवटा ठुलो पोखरी खन्न नसकेमा तेरी बुढी म ल्याउँछु भन्नु, अल्छेकी बुढीले पैसा लिएर बजार जान र सबै पैसाको बाखा किन्न लगाउनु र खोला पारि गएर दिदी दाजु राक्षस राक्षस्नीलाई बचाइदेऊ भन्न लगाउनु, अल्छेले त्यसै गर्नु, रातभरमा ती राक्षसहरूले ठुल्ठुला तीनवटा पोखरी खनेर सक्नु, बिहान हेर्दा तीनवटा पोखरी देखेर राजा छक्क पर्नु, राजाले फेरि तोरी र सर्स्युँ मिसाएर बारीमा छर्दिने र त्यस केटालाई टिप्न लगाउने कुरा सोच्नु र केटालाई बोलाएर बारीमा छरेको कोदो र तोरी नटिपे उसकी बुढी लाने कुरा गर्नु, बुढीको सल्लाहअनुसार खेसरी किनेर परेवालाई खान दिनु र परेवासँग सहयोग मागेर रातभरिमा तोरी र कोदो छुट्याएर बोरामा भर्नु, राजाले फेरि पोखरी खनेको ठाउँमा बाघको दूधले भर्न लगाउनु, यसपल्ट पनि बुढीको सल्लाह लिएर आफ्ना दाजु दिदी बाघ बघिनीसँग सहयोग माग्नु,बघिनीले दूधले पोखरी टनाटन भरिदिनु, फेरि त्यहाँ कमलको फूल पनि ल्याउनु पर्ने सर्त ठाकुरले राख्नु, केटाले घर गएर बुढीलाई कमलको फूल कहाँबाट ल्याउनु भनेर सोध्नु, उसकी बुढी आफैँ अप्सरा भएकीले आफैँमा कमलको फूल उमार्ने शक्ति हुनु, कमलको फूल उमारेर पोखरीमा | एक वर्षपछि अल्छे राजाकोमा जानु, स्वर्ग पठाएको केटो नमरी फर्केको देखेर राजा छक्क पर्नु, आफ्नो बुवाको नङ र कपाल बढेको कुरा सुनेपछि राजा पनि कैँची र दारी काट्ने सामान,खसी तथा चामलको बोरा लिएर स्वर्ग जान ठिक पर्नु, राजा र ठाकुरलाई सानो झुप्रोमा राखेर आगो लगाइदिनु, राजा र ठाकुर दुवैजना जलेर मर्नु,यता अल्छे केटो आफ्नी अप्सरा बुढी र गोरुसँगै मिलेर आनन्दले घरमा बस्नु । |

| | | | | |
|---|---|---|---|---|
| | | | ढकमक्क कमलको फूल फुल्नु, ठाकुरले फेरि केटालाई मार्ने षडयन्त्र बुन्नु, आफ्नो हजुरबा स्वर्गमा भएकाले हेरेर आइज भन्नु, अल्छेको बुढीको सल्लाह अनुसार राजासँग खसी, तेल र चामलको व्यवस्था गरी मागेर मित मुसाको सहयोग लिएर दालचामल घरमा पुऱ्याउनु र घरमै लुकेर बस्नु, | |
| २. | चन्द्रसूर्य | एकादेशमा धनी मुखिया हुनु, विवाह भएको ३-४ वर्षमा पनि सन्तान नहुँदा सिकार खेल्ने निहु गरेर केटी लिएर घर फर्किनु, जेठी र कान्छी श्रीमतीबाट नै सन्तान नभएपछि विरक्त भएर एक हप्ता सिकार खेल्न जाने र त्यो बेलामा झगडा नगरी बस्नु भनेर श्रीमतीलाई निर्देशन दिनु, एक हप्तालाई पुग्ने गरेर खाजा हालेर हात्ती र माउते लिएर जङ्गलतिर लाग्नु, मध्यरातमा जङ्गलमा भएको पोखरी पुगेर पानी खानु, राति त्यहीं सुत्नु, माउते ननिदाउनु, मध्य रातमा पोखरीबाट तीन जना देवी निस्केर पासा खेल्नु, कुराकानीका क्रममा जेठीले राजासँग बिहे गर्ने, माइलीले हाकिमसँग बिहे गर्ने र कान्छीले सामान्य मान्छेसँग बिहे गरेर चन्द्रसूर्य पाउने विचार राख्नु, माउतेले मालिकलाई सबै कुरा बताउनु, भोलिपल्ट कान्छी देवी पोखरीबाट बाहिर निस्केको मौका पारी माउते र मुखिया दुवैले समाएर हात्तीमा चडाई घर ल्याउनु, | कान्छी श्रीमती गर्भवती हुनु, जेठी र माइलीलाई डाहा हुनु, महिना पुगेपछि मुखिया घरमा नभएको बेलामा बेथा लाग्नु, जेठी र माइली सौता मिलेर कान्छीलाई गाग्रोमा मुख हाल्न लगाउनु, आधा घण्टामा छोरा जन्मनु, जेठी र माइलीले त्यस छोरालाई माछा पोखरीमा हाल्नु र एउटा मुस्लीमा रगत दलेर थाङ्नामा बेरबार पारी कान्छीले त काठको मुस्ली पो पाई भनेर मुखियालाई सुनाउनु, मुखिया रिसाएर कान्छीलाई चार बाटोको बीचमा झुप्रो घर बनाएर राख्नु, महिना दिन पुगेपछि माछाले चन्द्रसूर्यलाई पेटमा राख्न नसकी घोडालाई दिनु, घोडाले पानी खाँदा चन्द्रसूर्यलाई पेटमा निल्नु, घोडाले दिनमा दाना पानी केही नखानु र रातमा चन्द्रसूर्यलाई पेटबाट बाहिर निकालेर चर्नु, यो कुरा माइली सौताले देख्नु र घोडा मार्ने योजना बनाउनु, घरमा जेठी र माइली सौताले बिरामी भएको नाटक गर्नु, गाउँको ओझालाई पैसा ख्वाएर माइलीलाई पोखरीका माछा मारेर जिउमा लगाउँदा जाती हुने र जेठीलाई सेतो घोडा जङ्गलमा लगेर काटेपछि निको हुने कुरा मुखियालाई भन्न लगाउनु, मुखियाले सोही अनुसार नोकर चाकरलाई अह्राउनु, घोडा उडेर भाग्नु र अर्कै देश पुग्नु, चन्द्र सूर्यलाई घोडाले नै हुर्काउनु, | एकदिन चन्द्रसूर्य र आमाको भेट हुनु, आफ्नो छोराको छातीमा चन्द्रसूर्य झलल बलेको देखेर आमा भाव बिभोर भएर छोरालाई अँगालोमा लिनु, माउतेले मुखियालाई खबर गरेपछि मुखिया पनि कान्छी श्रीमतीकोमा आउनु, सबै कुरा थाहा पाएपछि जेठी र माईली श्रीमतीको नाक कान काटेर जङ्गल पठाउनु र कान्छी श्रीमतीसँग आनन्दले बस्नु । |
| ३. | टुहुरो र लोभी बुढी | एउटा गाउँमा एउटी साह्रै गरिब बुढी मान्छे हुनु, उसको एउटा छोरा हुनु, छोरो ठुलो भएपछि सहर जान खाज्नु, उसकी आमाले सातवटा रोटी बनाएर पठाइदिनु, जङ्गलको बाटो जाँदाजाँदा धेरै थकाइ लागेपछि एउटा पिपलको फेदमा थकाइ मार्न बस्नु, भोक लागेपछि ऊ आफ्नी आमाले दिएको खाजा खोलेर एउटा खाऊँ कि | केटो फर्केर आउँदा आउँदा एउटी कन्जुस बुढीमान्छेको घरमा बास माग्नु, बेलुका जे भन्यो त्यही पाक्ने तपेसको बारेमा बुढीले थाहा पाउनु, त्यस केटाले भात पाक् भन्दा भात पाक्नु, दाल पाक् भन्दा दाल पाक्नु, दालभात तरकारी सबै पाकेपछि खाना खानु, केटो सुतेपछि लोभी बुढीले भाँडा साट्नु, भोलिपल्ट केटो घरमा गएर दालभात पाक् भन्दा तपेसमा केही नपाक्नु, केटो निराश भएर भोलिपल्ट त्यही ठाउँमा आमाले बनाएको सातवटा रोटी लिएर जानु, जुन ठाउँमा बिसाउनुपर्ने त्यही ठाउँमा | केटाले लठ्ठी र डोरी ल्याएको देखेर बुढीले यसलाई के भन्नुपर्छ भनेर सोध्नु,केटाले जल्ले मलाई बेइमान गरेको छ त्यसलाई ठोक्, बाँध्, भन्नु, लौरोले लोभी बुढीलाई कुट्न थाल्नु, दाम्लोले बाँध्न थाल्नु, बुढी डराएर तपेस र बोका फिर्ता दिनु, केटो घर फर्किनु र सुखपूर्वक बस्नु । |

| | | | | |
|---|---|---|---|---|
| | | दुईटा खाऊँ ? दुईटा खाऊँ कि तीनटा खाऊँ भन्दाभन्दै सातैवटा खाऊँ भन्दै तीनपल्ट भन्नु, त्यहाँ भूत बस्नु, जङ्गलको भूतप्रेत निस्केर उनीहरू सातजना भएकाले हामीलाई नखाऊ, बरु तिमी जे भन्छौ, हामी दिन्छौँ भन्नु, केटाले आमाछोरालाई खान लाउन चाहियो भनी भूतलाई भन्नु, भूतले जे भन्यो त्यही पाक्ने एउटा तपेस दिनु, केटो सन्तुष्ट भएर घर फर्किनु, | बिसाएर सातवटा रोटी निकाल्नु र एउटा खाऊँ कि दुईटा खाऊँ कि सातैवटा खाऊँ भन्नु, त्यो भूतले केटालाई किन फेरि हामीलाई खान आएको भनेर सोध्नु, तिमीले दिएको तपेसमा केही पाकेन भनेर केटाले भन्नु, भूतले फेरि एउटा बोका दिएर तिमीले ओच्छ्याउनु पनि पर्दैन, ओढ्नु पनि पर्दैन यसले सबै जाडो खाइदिन्छ भन्नु, केटो बोका लिएर फेरि त्यही ठाउँमा बास बस्न पुग्नु, जाडोको मौसममा लुगा नलगाउँदा पनि नकाँपी बसेको देखेर लोभी बुढी छक्क पर्नु र केटो निदाएको मौका पारेर बोका साटिदिनु, घर फर्केपछि राति जाडो हुनु बिहान उठेर फेरि त्यही ठाउँमा उसैगरी सातवटा रोटी लिएर जानु र सबै कुरा भन्नु, भूतले एउटा लठ्ठी र डोरी दिनु, केटो लठ्ठी र डोरी लिएर पहिले बास बसेकै ठाउँमा आउनु, | |
| ४. | सात बहिनी र सर्प | एकादेशमा बुढाबुढीका सात बहिनी छोरी हुनु, बुवा आमाले बनीबुतो गरेर र सिकार खेलेर छोरी हुर्काउनु, एकदिन डुम्रीको फल टिप्न भनेर बुवा छोरी नै जङ्गल जानु, बुवा डुम्री टिप्न रुखमा चढ्नु, त्यहाँ सर्प हुनु, सर्पले मलाई एउटा छोरी दिइस् भने मात्रै तँलाई छोड्छु हैन भने खान्छु भन्नु, बुवाले पालै पालो सर्पसँग जान्छेस भनेर छोरीहरूलाई सोध्नु, कान्छी छोरीले मात्र सर्पसँग जाने मञ्जुर गर्नु, त्यसपछि सर्पले बुवालाई छोड्नु, डुम्रीको रुखबाट भुइँमा झरेपछि कान्छी छोरीलाई सर्पले सर्लक्कै निल्नु र झ्यासतिर पस्नु, बाँकी छोरी र बुवा रुँदै कराउँदै घर फर्किनु, | सर्पले कान्छी छोरीलाई निलेपछि सुरुङभित्रको भव्य राजदरवारभित्र लानु र कान्छीलाई ओकल्नु, राजदरबार भित्रको झिलीमिली देखेर कान्छी छक्क पर्नु, भोलिपल्ट धुमधामसँग कान्छी र सर्पको बिहे हुनु, एउटी सुसारेले सर्पले बाह्र बजे राती काँचुली फेर्ने र त्यो बेलामा काँचुली डढाएमा सर्पले रूप परिवर्तन गर्न नपाउने र राजकुमार नै रहने कुरा बताउनु, कान्छीले सुसारेले भने झैँ सर्पको काँचुली डडाउनु, सर्प सुन्दर राजकुमार हुनु, भोलिपल्ट दिउँसो अबेर सम्म पनि कान्छी र सर्प बाहिर ननिस्किँदा दरबारका सबैजना चिन्तित हुनु, आधा दिन बितेपछि ढोका खोलेर हेर्दा सुन्दर राजकुमारलाई देखेर सबैजना छक्क पर्नु । धेरै समयपछि कान्छी राजकुमारका साथ माइत जानु, हात्तीको लावा लस्करसहित गरगहनाले झपक्क सजिएर टन्न कोसेलीपात लिएर माइत आएकी कान्छी देख्दा बुवा आमा र दिदीहरू छक्क पर्नु, भोलिपल्ट नुहाउन गएको बेलामा माइली दिदीले कान्छी बहिनीलाई कसरी बाँचिस् र राजकुमारसँग बिहे भयो भनेर सोध्नु, कान्छीले सबै कुरा बताएपछि माइलीले कान्छीलाई इनारमा धकेल्नु र गहना लगाएर घर फर्किनु, | राजकुमारको दरबार फर्किने बेला हुनु, हात्ती सवार गर्ने बेला हात्ती नउठ्नु, माउतेले विधिविधान गरेपछि हात्ती उठेर इनारमा जानु, इनारको पानी निकालेर कान्छी बहिनीलाई इनारबाहिर निकाल्नु र माइलीलाई त्यही इनारमा हालेर पानी भर्नु, हात्ती, कान्छी र राजकुमार दरवार फर्किनु, घरका अरू पाँच बहिनी पनि सर्पसँगै बिहे गर्छु भनेर करकर गर्न थाल्नु, बुवाले जङ्गलबाट पाँचवटा सर्प खोजेर ल्याउनु, छोरीलाई सर्पसँग छुट्टाछुट्टै कोठामा राख्नु, बेलुका भएपछि सबै छोरीलाई सर्पले टोकेर मार्नु । |
| ५. | कोडिको पनि दिन आउँछ | एकादेशमा एउटा गाउँमा बुढाबुढी हुनु, तिनीहरूका पाँचभाइ छोरामध्ये कान्छो छोरा चाहिँ साह्रै ठग हुनु, | आमाको काजक्रिया सकेपछि फेरि पाँच जना दाजुभाइ सिकार खोज्न जङ्गल जानु, कान्छो भाइले थोरै सिकार भएकाले सबै परिवारलाई | गोहोरो त्यस पोखरीमा बस्ने देवी हुनु, देवीले कान्छोसँग विवाह गर्नु, गाउँबाट कान्छो हराएको |

| | | | | |
|---|---|---|---|---|
| | | छोरो ठग भएकाले आमाबुवालाई पीर लाग्नु, हामी बाँचुञ्जेल त मिठो खाने होलास् नि भनेर आमा बुवाले कान्छो छोरालाई भन्नु, बुवाको मृत्यु हुनु, कोरा बसेर निस्केपछि आमालाई काममा सघाउनु भनेर कान्छो भाइलाई घर छोडेर चार दाजुभाइ जङ्गलतिर जानु, यता घरमा आमाको पनि मृत्यु हुनु, चारभाइले सिकार गरेर ल्याएका आठवटा गोहोरो जङ्गलतिरै पठाउनु, | नपुग्ने कुरा गर्नु, दाजुभाइको भागमा टन्न मासु देखेपछि आफ्नो भागको थोरै मासु देखेर कान्छो भाइ खिन्न हुनु, कान्छोले दाजुभाइलाई नसुनाई विवाह गर्नु, एक्लै सिकार गरेर ल्याउनु,सिकार ल्याएको कुरा दाजुभाइलाई नसुनाउनु भनेर बुढीलाई भन्नु, दाजुभाइले के सिकार गरेर ल्याइस् भन्दा केही पनि छैन भनेर ढाँट्नु,<br>दाजुभाइ खाना खान आफ्नो घर घर गएपछि बुढीलाई गोहोरो कहाँ राखिस् भनेर कान्छोले सोध्नु, गोहोरो झिकेर मार्न लाग्दा गोहोरोले मलाई नमार, तँलाई जे चाहिन्छ म त्यही दिन्छु भनेर भन्नु, मेरो भाग्य नै यस्तो हो कि किन खान ल्याएको कुरा खान पाउँदिन भनेर कान्छोलाई पीर लाग्नु, गोहोरोले कान्छोसँग सर्स्यूं र चोखो कपडा माग्नु, तैंले दुःख पाइस् भने मैले सर्स्यूं छरेको बाटो पछ्याएर आउनु भनेर पुच्छरमा तोरीको पोको बाँधी गोहोरो जानु, यता कान्छोकी बुढी गोहोरोको मासु खान नपाएर रिसाएर घर छोडेर जानु, कान्छो घरमा एक्लै हुनु, कान्छोले गोहोरोले भने अनुसार उसको बाटो पछ्याउँदै जाँदा पोखरीको छेउको धोद्रे रुखमा गोहोरोलाई भेट्नु, तैंले गर्दा मेरो घरबार बिग्र्यो भनेर गोहोरोसँग रिसाउनु, | हल्ला चल्नु, गाउँलेले कान्छोले ठुलो महल बनाएर बसेको कुरा दाजुभाइलाई सुनाउनु, दाजुभाइ भेट्न जाँदा झिलिमिली महल देखेर दाजुभाइ छक्क पर्नु, कान्छाका भाउजूहरू कान्छी देउरानी देखेर बेहोस हुनु, सुनको पङ्खाले हम्केपछि मात्रै उनीहरूको होस खुल्नु, कान्छोलाई हेपेकोमा दाजुभाइलाई पछुतो हुनु र भाइलाई मालिक बनाएर सबै दाजुभाइ सँगै बस्नु |
| ६. | टुहुराका दिन फर्किन्छन् | एकादेशको गाउँमा धेरै धनी मुखिया हुनु, त्यही गाउँमा अनपढ गरीब बुढाबुढी र तिनीहरूको एउटा छोरो हुनु, छोरो सानै हुँदै उसका आमाबुवाको मृत्यु हुनु, त्यो टुहुरो गाउँ गाउँ डुलेर खाँदै बस्तै हिँड्दै गर्नु, गाउँकै मान्छेलाई त्यो टुहुराको सारै माया लाग्नु, टुहुरा केटालाई दुई चारवटा गाईवस्तु चराएर आफ्नैमा खान लाउन दिएर राख्नु, एकदिन उसले चराउने गाई मर्नु, टुहुरोलाई सारै पीर पर्नु, उसले मरेको गाईलाई छोड्नै नसक्नु, गाई मरेपछि काला गिद्धहरू सारा संसार देख्न नसकिने गरी गाईको मासु खान भनेर आउनु, टुहुरो केटाले ती गिद्धलाई धपाएर गाई खान नदिनु, | एकदिन एउटा लिम्बूनीले कानमा लगाउने चेप्टे सुनजस्तो सुनौलो चुच्चो भएका भाले पोथी गिद्ध आउनु, के खोज्छस् केटा भनेर सोध्नु, अनि टुहुराले मेरो बुवा आमा पनि छैन म टुहुरो केटो गाउँमा बासी भातको डल्ला खाँदै हिँड्दै गर्दा मालिकक्कले यो गाई हेर्ने काम दिएको तर गाई मरेपछि आफूलाई पीर परेको कुरा बताउनु, आफूले यही गाईको दूध खाएकाले मरेको गाईलाई गिद्धले खान्छन् भनेर कुरेर बसेको कुरा भन्नु, गिद्धले केटालाई तैंले खोजेको जिनिस हामी दिन्छौँ भनेर बाचा खानु, केटाले नपत्याउनु, त्यहाँबाट गएको केही समयपछि फेरि ती गिद्ध आउनु, ती गिद्धहरू गरूड हुनु, गिद्धको बुढाबुढीले केटो टुहुरो भएको कुरा थाहा पाएर जोडी खोजिदिने कुरा गरेर जानु, फर्केर आउँदा त्यो टुहुरो केटो गाईको हड्डी बटुलेर त्यहीँ बसिरहेको हुनु, केटाले पनि मलाई जोडा चाइयो भन्नु, गरूडले तँलाई जोडा खोजदिन्छौँ भनेर पखेटामाथि केटालाई राखेर आकाशमा लिएर जानु,आकाशमा | बिहान गिद्धले सिनो खाएको ठाउँमा ठुलो महल बनेको देखेर गाउँका मान्छे हेर्न आउनु,अन्तिममा उसको घरमालिक आइपुग्नु, टुहुराको घर रहेछ भन्ने थाहा पाएर खुसी हुनु, बुहारीले खाजा बनाएर खुवाउनु, राम्ररी गरिखानु भनेर घर फर्किंदै गर्दा बाटोमा भेटेका मान्छेहरूले कहाँ पुगेर आएको भनेर सोध्नु, घरमा केटाकेटी बिमारी भएकाले जडीबुटी खोज्न जङ्गल पुगेर आएको भन्दा गाउँका मान्छेले हामीलाई किन ढाँटेको भनेर उसलाई कुट्न खोज्नु,गाउँलेलाई सबै कुरा बताएपछि टुहुराको पनि दिन फर्किन्छन् भनेर सबै गाउँलेले कुरा गर्नु । |

| | | | | |
|---|---|---|---|---|
| | | | पुऱ्याएपछि त्यो गरूड राजाले दायाँबायाँ नगरी जुन केटी आउँछ त्यसले जे भन्छ तेइ मान्नुपर्छ भन्नु, एउटी केटी आएर मलाई बिहे गर्ने तिमी नै हो भनेर सोध्नु, दुवैको परिचय हुनु, राम्रा लुगा,गरगहना लगाएर केटी आउनु र केटा र केटी दुवै गाई मरेर हड्डीखुड्डी छरिएको ठाउँमा पुग्नु, राति नै केटीले जङ्गलबाट एउटा हाँगो काटेर ल्याई त्यसैले खनेर खाल्डो बनाउन लगाउनु र सतै सत् भनेर तीन पल्ट भन्ने र खाँबो गाड्ने भनेर भन्नु, केटाले चाहिँ दिव्यै बार वर्ष मात्र भन्नु, तीन बाचा सकिनु, उसको समय बाह्र वर्षको मात्रै हुनु, त्यहीँ घर बनाएर बस्न थाल्नु, | |
| ७. | लोभीको कथा | एकादेशमा दाजुभाइ हुनु, भाइ सोझो हुनु, दाजु फटाहा हुनु, तिनीहरू साह्रै गरिब भएकाले खान दिलाउन धौ धौ हुनु, छोराछोरीलाई खुवाउन नपाएको कान्छो भाइ निराश भएर जङ्गलतिर लाग्नु, जङ्गलमा ठुलो पिपलको रुखको फेदमा बस्नु, एकजना मान्छे त्यहीँ आएर निराश हुनुको कारण सोध्नु, आफू गरिब भएकाले खान, लगाउन केही पनि नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउनु, त्यो मान्छेले कान्छोलाई तीनवटा कौडा दिएर चाहिएको कुरा माग्न भन्नु र कान्छो घर फर्किनु, | भोलिपल्ट बिहान नुहाइधुवाइ गरेर लिपेको आँगनमा कान्छाकी श्रीमतीले तीनवटा कौडा राख्नु, हात जोडेर पहिला अन्नपात, दोस्रोमा जग्गाजमिन र तेस्रोमा राजाको जस्तै हात्तीको लावा लस्कर माग्नु, उस्ले मागेजस्तै सबै सामानले घर भरिभराउ हुनु, तीनवटा कौडा पनि सकिनु, घरमा धन सम्पत्ति पूरा भएपछि दाजुको घरबाट माना पाथी मागेर सम्पत्ति नापजोख गर्नु, केही असर्फी माना पाथीको फेदमा गोबरमा टाँसेर दाजुकोमा पठाउनु, असर्फी देखेर दाजु लोभिनु, कसरी असर्फी आयो भनेर भाइलाई सोध्नु, भाइले सबै घटना बताउनु, दाजु पनि भाइको जस्तै गरेर जङ्गलमा गएर पिपलको रुखमुनि बस्नु, एकजना मान्छे त्यहीँ आएर निराश हुनुको कारण सोध्नु, आफू गरिब भएकाले खान, लगाउन केही पनि नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउनु, त्यो मान्छेले कान्छोलाई तीनवटा कौडा दिएर चाहिएको कुरा माग्न भन्नु, जेठो दाजु घर फर्किनु, | दाजु रिसाएर उता भाइ बुहारीले त्यत्रो घर सम्पत्ति पाए, तैँले चाहिँ नाथे फुली मागिस् भनेर कराउनु, श्रीमती रिसाएर चाक (पुच्छर) माग्नु त भन्नु, श्रीमतीको अनुहारभरि चाक आउनु, बाँकी कौडा फ्याँकेर पुच्छर जा भन्नु, सबै कौडा सकिनु र दाजुको परिवार जस्ताको तस्तै हुनु । |
| ८. | खरायो र बाँदरको मित्रता | जङ्गलमा खरायो र बाँदर मित लगाएर बस्नु, एकदिन भोक लागेपछि खानेकुराको खोजी गर्न जानु, बाँदर रुखमाथि चढेर खानेकुराको खोजी गर्नु, खरायोलाई खुट्टा खोच्याएर बाटोमै हिँड्न भन्नु, बाँदरले केराको घरी बोकेर आएको मान्छे देख्नु, बाँदरले मान्छे आउँदै गरेको कुरा खरायोलाई भन्नु, खरायो खुट्टा खोच्याउँदै बिस्तारै | बाँदरले दहीको भार लिएर आएको मान्छे देख्नु, खरायोलाई फेरि खुट्टा खोच्याउन भन्नु, दही बोक्ने मान्छेले खरायो देख्नु, खरायो समाउन दही छोडेर पछि लाग्नु, बाँदरले दही पनि लिएर रुखमा जानु र सबै खानु, खरायोलाई रिस उठ्नु र बाँदरसँग बदला लिने योजना बनाउनु, बाँदरलाई माहुरीको गोलो देखाएर राजाको पङ्खा हो भनेर ढाँट्नु, पङ्खा छुँदा धेरै हावा आउने भएकोले नछुनु है भनी खरायो जानु, बाँदरले माहुरीको गोलो छुनु, माहुरी बाँदरमाथि खनिनु, बाँदर भाग्दा | बाघलाई पानीमा हालेपछि बाँदर ढुक्क भएर त्यहाँबाट जानु, बाटोमा खरायोलाई भेटेर दुबैजनाको हिसाव किताब बराबर भएको कुरा गरी दुबै मित मिलेर बस्नु । |

| | | | | |
|---|---|---|---|---|
| | | भाग्नु, मान्छेले खरायोलाई खेदाउनु, खरायो भागेर जङ्गलतिर भाग्नु, बाँदरले केराको घरी लिएर रुखमा चड्नु, मान्छे फर्केर आउँदा केराको घरी नदेखेर पछुताउनु । | इनारमा खस्नु, बाघको सहयोगले बाहिर निस्किनु, बाँदरले बाघलाई इनारमा ठेलेर मार्नु । | |
| ९. | बुढाबुढी र चड्खे बाँदर | एकादेशमा दुईजना बुढाबुढी बस्नु, उनीहरूको जायजन्म नहुनु, जे रोपे पनि प्रशस्त फल्ने धेरै जमिन हुनु,सन्तान नभए पनि उनीहरूलाई सम्पत्तिको धेरै लोभ हुनु, जङ्गलको जनावरले लगाएको बाली खाएर वाक्क बनाउनु, जनावरले नखाने कच्छु र पिँडालु रोप्न बुढाबुढीले सल्लाह गर्नु, एकदिन बारी जोत्ताजोत्तै बाँदर आइपुग्नु, के रोप्ने भनेर बाँदरले सोध्नु, बुढोले पिँडालु रोप्ने कुरा सुनाउनु, मिहिनेत गरेर जोतेकाले पिँडालु ठुलाठुला फलाउनु है भनेर बाँदरले भन्नु,आफ्नोमा बिउ नभएकाले बुढोले चारचौरास घुमेर पिँडालुको बिउ जम्मा पार्नु, | बारीमा भएका सबै झिक्राहरू टिपेर माटो राम्रो पारेपछि बाँदरले के गरेको बाजे भनेर सोध्नु, बालीलाई असर नपरोस् भनेर झिक्रा टिपेको कुरा सुनाएपछि त्यहीँ आगो लगाई दिनु, मल पनि हुन्छ झिक्रा पनि टिप्नु पर्दैन भनेर बाँदरले भन्नु, बुढालाई बाँदरको कुरा मन पर्नु, बाँदरले पिँडालु रोप्ने बेलामा ठुलो खड्कुलोमा उसिनी बोक्रा तासेर पातमा बाँधी माटो नपर्ने गरी छोपेर माटोमा गाड्न भन्नु, बुढाबुढी दुबैजना मिलेर दिनभरि लगाएर पिडालु र कच्छु उसिन्नु, तासेर मानेको पातमा पोको पारी बारीमा रोप्न जानु, बाँदरले जहाँ-जहाँ रोप्यौ त्यहाँ त्यहाँ एउटा एउटा चिनोका रूपमा सिन्का गाड्न लगाउनु,<br>बुढाबुढी घर फर्किए पछि राति जङ्गलका सबै बाँदर आएर पिँडालु झिकेर खानु र पातमा दिसा गरेर पोको पारेर जहाँबाट पिँडालु झिकेका थिए त्यही ठाउँमा गाडेर फर्किनु, रोपेको दस दिनमा पनि पिँडालु र कच्छु नउम्रिएपछि खनेर हेर्दा बाँदरको दिसा भेट्नु,बाँदरको उपद्रो देखेर बुढो निराश भएर घर फर्किनु,बुढाबुढी भएर बाँदरलाई सजाय दिने उपाय सोच्नु, बुढोले छिमेकीसँग मागेर छिप्पेको बाँस काटेर ल्याउनु, बुढीलाई लुगा लगाएर मरेको जस्तो भएर सुत्न लगाएर माथिबाट सेतो कपडा ओडाउनु, बुढो एकदम रोएको जस्तो गर्नु, बाँदरले बुढो रोएको आवाज सुनेर हजुरबा के भो किन रुनु भएको भन्दै बुढोको छेउमा आउनु, लाऊँलाऊँ खाऊ खाऊँको बेलामा बुढीले सन्सार छोडेर गई त्यसैले रोएको भनेर बुढोले भन्नु, बुढो रोएको सुनेर सबै बाँदरहरू भेला हुनु, बुढीको लास उठाउन नसकेर घरभित्रै लास रहेको कुरा बताउनु,त्यो सुनेर सबै बाँदर घरभित्र पस्नु, बुढोको पालो बाँसको लौरो लिएर भित्र पसी ढोका थुनेर एक-एक गरेर सबै बाँदरलाई कुट्नु,मेरो पिडालु सबै खाएर तिमीहरूले दिसा गरेर पोको पार्दियौ अब पख, तिमीहरूलाई म सिदला बनाउँछु भन्नु, | मैले सबै बाँदर मारेर सकेँ भनेर बुढीलाई उठाउनु, सबै बाँदरको मासुबाट सिदला (एकप्रकारको रोटी) बनाउनु, पिडालुको डाँठ र बाँदरको मासुको रोटी पकाएर गाउँमा लगेर तिमीहरू कोही बाँदरको सिदला खान्छौ भनेर भन्नु, छिमेकीले जङ्गलको बाँदर मासिस् भनेर कराउनु, मैले रोपेको पिँडालु रातभरि सबै बाँदर आएर खाएर मेरो पिँडालुको बीउ मासियो त्यसैले बाँदरको बिऊ पनि मैले मास्न खोजेको हो भनेर बुढोले भन्नु, गाउँलेहरूले त्यो बुढोलाई पनि कुट्न खोज्नु, त्यसपछि ती बुढाबुढी घरतिर फर्किनु । |

| | | | | |
|---|---|---|---|---|
| १०. | लोभी बाहुन | एउटा गाउँमा लोभी बाहुन हुनु, खानलाउन दुःख भएकाले जजमान गरेर खानु, आफ्नो गाउँमा मात्र मागेर खाँदा उसलाई वाक्क लाग्नु र अर्कै गाउँमा गएर माग्ने कुरा सोचेर माग्न निस्किनु, जाँदा जाँदा ठुलो जङ्गलमा पुग्नु, त्यस जङ्गलमा बाघ, भालु, हात्ती, जस्ता जङ्गली जनावरहरू बस्नु, त्यस जङ्गलको राजा बाघ हुनु, बाघको मन्त्री हाँस हुनु, बाघले मान्छेलाई खान्छ भन्ने सोचेर हाँसले जोगाउनु, | बाहुन बाघको छेउमा पुगेर सरकार मलाई अन्याय भयो, मैले मेरा छाराछोरीलाई खान लाउन दिन सकिन,म आपतमा परेको छु भनेर बिन्ती बिसाउनु, बाघले मन्त्री हाँसलाई भनेर अन्नपातको व्यवस्था गरेर बाहुनलाई पठाउनु, बाहुन, बाहुनी र छोराछोरी बाघले दिएको अन्नपात खाँदै रमाएर बस्नु,आफूले कमाई गर्नुपर्छ भन्ने कुरा बिर्सिनु, अर्काले दिएको सम्पत्तिमा रमाउँदा रमाउँदै दुई चार वर्षमा भएभरको अन्नपात सकिनु, फेरि जङ्गल गएर बाघसँग बिन्ती बिसाउनु पर्‍यो भनेर बाहुन जङ्गलतिर लाग्नु, | जङ्गलमा बाघको मन्त्री हाँसको मृत्यु भएपछि स्याल मन्त्री हुनु, स्यालले मान्छे आएको थाहा पाएर बाघलाई हाम्रो खानेकुरा आयो भन्नु, बाघले बाहुनलाई चिन्नु, स्यालले मान्छेलाई अन्न दिने होइन भनेर बाघलाई सम्झाउनु, मान्छेले बाघसँग अन्नपात माग्दा तँ लोभी बाहुनलाई जति दिए पनि नपुग्ने रहेछ, फेरि माग्न आइस् भनेर घाँटीमा समाउनु र मार्नु । |
| ११. | चतुर साहिँलो | एकादेशमा बुढाबुढीका पाँच भाइ छोरा हुनु, छोराहरू सानै हुँदा बुबाको मृत्यु हुनु, आमाको अर्कै मान्छेसँग विवाह भएपछि पाँच भाइ छोराको बिजोग हुनु, जेठो दाजु भागेर जानु, अरू भाइ गाउँकै धनी मान्छेकामा काम गर्न बस्नु, सबै भाइको विवाह भएपछि अलग-अलग घर बनाएर बस्न थाल्नु, | साहिँलो भाइ कमाउन जान्छु भनेर घर छोडेर हिड्नु,राजाको दरबारमा पुग्नु, बाह्र वर्ष राजाकोमा मिहिनेत गरेर काम गर्नु, त्यसपछि घर जाने मनसाय बनाउनु र राजालाई भन्नु, राजाले साहिँलोको सबै हिसाबकिताब सिपाहीले दिन्छ भन्दा पैसा चोरले लुट्छन्, मेरो परिवारलाई राख्न जग्गाजमिन घर केही पनि छैन त्यसैले सरकारले त्यसको व्यवस्था गरिदिनुहोस् भन्नु, राजासँग जमिन माग्दा मैले जुन ठाउँमा भन्छु त्यही ठाउँमा दिनुपर्छ भनेर सर्त राख्नु, राजाले सर्त मन्जुर गर्नु र साहिँलोले रोजेको जमिन दिन सिपाहीलाई अह्राउनु, चारजना सिपाही सहित हिँडेको साहिँलोले चारवटा झण्डा दिएर पूर्व-पश्चिम उत्तर-दक्षिण आँखाले देखेसम्मको सिमानामा झण्डा गाड्न लगाउनु र राजासँग मलाई यत्ति जमिन चाहिन्छ भन्नु राजाले पहिले नै बोलेकाले त्यति जमिन साहिँलोको नाममा गरिदिनु, बाह्र वर्षपछि साहिँलो घर फर्किनु चारकिल्लाको जमिन सहित साहिँलो फर्केको थापा पाएर सबै परिवार खुसी हुनु, राजाले दिएको जमिन जङ्गलै जङ्गलले भरिएको हुनु राम्रो जमिन रोजेर चार भाइले घर बनाउनु बाँकी जमिनमा फुपू,सानिमा ठुलेमालाई घर बनाउन दिएर बस्ती विस्तार गर्नु, उक्त गाउँको चर्चा धेरै ठाउँमा चल्नु, | सानैमा हराएको जेठो दाजु हात्तीको लावालस्करसहित गाउँमा फर्किनु गाउँमा जङ्गल र हिलोले भरिएको ठुलो खाडी हुनु, जेठो दाजुले ल्याएका हात्तीले रुख उखेलेर उक्त खाडलमा हाल्नु, खाडल पुरिएपछि बस्ती बसाउनु, सबै जना दाजुभाइ एकै ठाउँमा भेला भएर सुखदुःख साटासाट गर्दै बस्नु, |
| १२. | दुई राजकुमार | एकादेशमा एउटा राजाका दुई जना छोरा हुनु, एकदिन राजाकी श्रीमती बिमारी हुनु, बिमारी भएपछि राजासँग म बिरामी भएँ, | दुई राजकुमार हिँड्दा हिँड्दै राजसभामा पुग्नु, त्यहाँ हात्तीले माला लगाएर स्वयम्बर गर्ने राजा चुन्ने राजसभा कार्यक्रम हुनु, हात्तीले जसको गलामा माला लगाई | यता ती राजकुमारका बाउआमा भने राजकाज सबै सकेर कङ्गाल हुनु, राजाका जनताहरू तीनै छोराको राज्यमा काम |

| | | | | |
|---|---|---|---|---|
| | | बाँच्छु मर्छु थाहा छैन, म मरेँ भने बिहे नगर्नु भन्नु, बिहे नगरी राजकाज नचलाउनु भन्ने भनाइअनुसार केही वर्षपछि राजाले दोस्रो बिहे गर्नु, सानीआमा छुच्ची हुनु, एकदिन दुई भाइ फुटबल खेल्दै गर्दा गोल उछिट्टिएर सानीआमाको शृङ्गार गर्ने ठाउँमा खस्नु, सानीआमा रिसाएर अब यिनीहरूको मुटु नखाई म छोड्दिन भनेर बाँझ्दा बाँझ्दै रुन थाल्नु, राजाले यो कुरा थाहा पाउनु, के भो भनेर सोध्दा रानीले रुँदैरुँदै तपाईंका छोराले मेरो सबै शृङ्गार छरिदिएकाले जसरी भएपनि यिनीहरूको मुटु कलेजो चाहियो होइन भने म तपाईँलाई छोडेर हिड्छु भन्नु, राजालाई छोराको भन्दा रानीको बढी माया लाग्नु र छोरोको मुटु कलेजो झिकेर ल्याउन सिपाहीलाई अह्राउनु, दुईजना सिपाहीले ती दुईजना राजकुमारलाई जङ्गलमा पुऱ्याउनु, राजकुमारले आफूलाई नमार्न र खरायो, हरिण वा मिर्ग मारेर मुटु, कलेजो, फोक्सो झिकेर लगिदिन अनुरोध गर्नु, सिपाहीले मान्नु, | दिन्छ त्यो नै त्यस देशको राजा हुने र त्यही राजासँग राजकुमारीले बिहे गर्ने भन्ने सर्त हुनु, हात्तीले सुँडमा माला लिएर घुम्दै जाँदा दुई राजकुमारमध्ये एक जनालाई माला लगाइदिनु, त्यहाँ भेला भएका अरू राजकुमारहरूले हात्ती पागल भयो भनेर फेरि माला लगाउन पठाउनु तर त्यसपल्ट पनि हात्तीले त्यही राजकुमारलाई माला लगाइदिनु, तेस्रो पल्ट पनि उही केटालाई माला लगाएपछि राजकुमार साधारण मानिस नभएकाले हात्तीले माला लगाएको होला भनेर भेला भएका मानिसले भन्नु र त्यहाँकी राजकुमारीको बिहे दाजु राजकुमारसँग गरिदिनु, दाजुभाइ सधैँभरि एकै ठाउँमा बसेर पनि नहुने भएकाले भाइले दाजु भाउजूसँग मलाई केही भयो भने सङ्केत आउँछ भनेर तुलसीको बोट रोपेर अर्कै ठाउँ जानु जाँदा जाँदा धेरै टाढा पुग्नु, त्यहाँ पनि हात्तीले जसलाई माला लगाई दिन्छ उसैलाई त्यस देशको राजाको छोरी दिने भन्ने कार्यक्रम हुनु, हात्तीले त्यो भाइलाई पनि माला लगाइदिनु,त्यसपछि त्यस देशकी राजकुमारीसँग उसको बिहे हुनु, एकदिन कान्छोको चाहिँ जीव कहाँ छ भनेर उसकी श्रीमतीले जिस्किँदा जिस्किँदै सोध्नु, सोधेपछि मेरो जीव एउटा छुरीमा छ भनेर बताउनु, एकदिन त्यो छुरीलाई उसकी बुढीले आगोमा हाल्नु, राजकुमारलाई ज्वरो आउनु, दाजुले तुलसीको बोटमा पानी हाल्दा हाल्दै भाइलाई केही आपत पऱ्यो भन्ने कुरा थाहा पाउनु, भाइलाई खोज्नु भनेर दाजु अर्कै देशमा भएको भाइको घरमा पुग्नु, बुहारीलाई भाइको बारेमा सोध्दा भाइ मरिसकेको कुरा थाहा पाउनु, भाइको जीव रहेको छुरी खोजी गरी घोट्दाघोट्दा टलक्क टल्किने बनाएपछि उसको भाइ जाग्नु । बुढीसँग बस्न नहुने रहेछ भनेर भाइ पनि दाजुसँगै आउनु, | गर्न जानु, एकदिन राजकुमारले काम गर्न आउनेसँग आफ्ना बुवाआमाका बारेमा सोध्नु, जनताले ती राजारानी खान नपाएर भोकभोकै बसेका छन् भनेर सुनाउनु, राजारानी भएर बसेको मान्छे अर्काको छोराछोरी हल्लाउन जानु भनेको मर्नु समान हो भन्ने सोचेर राजारानी राजकुमारकोमा काम गर्न जान नसक्नु, भोकले छट्पटिएपछि एकदिन राजा छोराको राज्यमा जानु, राजकुमारले परैबाट आफ्नो बुवालाई चिन्नु, दुःख सुखका कुरा गर्दा राजाले आफ्ना दुईओटी श्रीमती भएका, जेठी श्रीमतीको मृत्यु भएपछि कान्छी श्रीमतीले छोराको मुटु नखाई छोड्दिन भनेपछि जङ्गलमा लगेर काटेर ल्याएको मुटु कलेजो खाएकी, अहिले कान्छी श्रीमती केही खान नपाएर बिमारी भएर घरमा बसेकी कुरा सुनाउनु, छोराले अरूको मुटु कलेजो खान नहुने कुरा सम्झाउँदै हामी दुई तिनै छोरा हौँ भनेपछि बुवा छक्क पर्नु र सबैजना एकै ठाउँमा बस्न थाल्नु । |
| १३. | मित्रताको कथा | एकादेशमा राजाको छोरा, मन्त्रीको छोरा, सिपाहीको छोरा र पुलिसको छोराबिच राम्रो मित्रता हुनु, चारै जना मित्र परदेश घुम्न जानु, राजाको छोरा तीर हान्न सिपालु हुनु, जङ्गलमा अनौठो आवाज आउनु, | नुहाउदा राक्षसकी छोरीको कपाल बग्नु र अर्को देशमा पुग्नु, त्यस देशको राजाले लामो कपाल भेट्नु र उक्त कपाल भएकी केटीसँग बिहे गर्ने मन गरेर खोजी गर्न पठाउनु,एउटी बुढी आइमाई डुङ्गा लिएर राजकुमार भएको ठाउँमा पुग्नु, सानीमा भनेर आएकी नक्कली बुढी आमैले राजकुमारको जीव कर्दमा छ भन्ने | सबै साथी लिएर राक्षसकी छोरी पनि राजकुमारलाई झुन्ड्याएको ठाउँमा पुग्नु, कर्द खोजी गरी घोटेर फलाम निकाल्नु अनि राजकुमारको हड्डी सेतो हुन्जेल घोटेपछि राजकुमारको शरीरमा |


| | | | | |
|---|---|---|---|---|
| | | राजाका छोराले आवाज आएतिर तीर ताकेर हान्नु, बाण लिन जाँदा राजाको छोरा अरू साथीसँग छुट्टिनु र एक्लै हुनु, उसको राक्षसकी छोरी सँग भेट हुनु, राक्षसकी छोरीले राजकुमारलाई आफ्नो बुबाबाट जोगाएर राख्नु, राजकुमार र राक्षसकी छोरीबिच प्रेम हुनु, आफ्नो प्रेमीलाई केही नगर्ने बाचा खुवाएर राक्षससँग राजकुमारको भेट गराउनु, राक्षसको जीव पत्ता लगाएपछि मात्र हाम्रो प्रेम सफल हुन्छ भनेर राजकुमारले केटीलाई भन्नु, छोरीले कर गरेपछि राक्षसले आफ्नो जीव पोखरीको बिचमा भएको खम्बाभित्रको सुगामा रहेको बताउनु, राजकुमारले खम्बामा भएको मारेपछि राक्षस मर्नु, राजकुमार र राक्षसकी छोरी मिलेर एकै ठाउँमा बस्न थाल्नु, | कुरा राक्षसकी छोरीमार्फत थाहा पाउनु र कर्द आगोमा पोलेपछि राजकुमारको प्राण जानु,राक्षसकी छोरीलाई नुहाउने निहुँ गरेर बुढी आइमाईले अर्को देशको राजकुमारकोमा पुऱ्याउनु, राजकुमारले विवाहको प्रस्ताव राख्नु, राक्षसकी छोरीले एक वर्षसम्म मैले योगी जोगीहरूलाई खानेकुरा खुवाउन पाएँ भने मात्र विवाह गर्छु भनेर भन्नु, राजकुमारले उसको कुरा मानेर छुट्टै घर बनाएर राख्नु, एकदिन जोगीको भेष धरेर पहिलाको राजकुमारका साथी त्यही बाटो गरेर राक्षसकी छोरीकोमा बास माग्न आइपुग्नु, राक्षसकी छोरीको हातमा आफ्ना साथीको औँठी देखेपछि राजकुमारको बारेमा सोधीखोजी गर्नु राजकुमारलाई झुन्ड्याउन लगाएर बुढीले मलाई यहाँ ल्याएकी हो भनेर साथीहरूलाई सुनाउनु, | प्राण आएर जीवित हुनु, सबै जना साथीहरू खुसी हुनु र मित्रता भनेको सबैभन्दा ठूलो कुरा हो भनी आफ्ना श्रीमती लिएर खुसीसाथ बस्नु । |
| १४. | सती राजा | सत्ययुगमा लेटाङ भन्ने ठाउँमा सती राजाको शासन हुनु, सतीराजालाई दक्षिणका राजाले लडाइँका लागि बोलाउनु, लडाइँमा जाँदा सती राजाले एक जोडी परेवा आफ्नो साथमा लानु, सेता परेवा मभन्दा अगाडि उडेर आए भने म लडाइँमा मरेँ भन्ने सम्झिनु भनेर रानीलाई भन्नु, राजा लडाइँमा जानु, | राजा लडाइँमा व्यस्त भएका बेला शत्रु पक्षकाले सेता परेवा उडाइदिनु, सेता परेवा उड्दै उड्दै दरबार आउनु, रानीलाई राजा लडाइँमा मरे भन्ने लाग्नु, गाउँलेलाई राजासँगको कुराकानी सुनाएपछि रानीलाई ढोल झ्याम्टा बजाएर घाट लानु, उता राजाले हेर्दा परेवा नहुनु, राजा हतारहतार दरबार फर्किनु, दरबारमा आउँदा रानीलाई नभेट्नु, राजालाई पनि जबरजस्ती विष खुवाएर घाटमा लगी राजारानी दुवैलाई एउटै चितामा जलाउनु, राजारानीलाई विनाकारण जलाएकाले प्रकृति पनि दुःखी हुनु, धेरै समय पानी नपर्नु, खडेरीले गर्दा जङ्गली जनावर मर्न थाल्नु, सिकार गर्न नपाएपछि गाउँमा हाहाकार हुनु गाउँका मान्छे आत्तिनु, | सती राजा र सती रानीको पूजा गरेपछि पानी पर्नु, त्यसै बेलादेखि धिमाल समुदायले सती राजाको पूजाआराधना गर्न थाल्नु, |

माथि उल्लिखित तालिकामा दमक क्षेत्रमा धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये नमुना छनोट विधिका आधारमा छानिएका चौधवटा कथाको आदि, मध्य र अन्त्यको शृङ्खला देखाइएको छ । चौधवटा कथामा घटनाहरूबिच सामञ्जस्य रहेको पाइन्छ । 'अल्छे तीनकुरिया', 'चन्द्रसूर्यको कथा', 'सात बहिनी र सर्प', 'कोडीका पनि दिन आउँछन्', 'टुहुराका दिन फर्किन्छन्', 'दुई राजकुमार' र 'मित्रताको कथा' लामा छन् भने 'लोभीको कथा', 'खरायो र बाँदरको मित्रता', 'बुढाबुढी र चङ्खे बाँदर', 'लोभी बाहुन', 'चतुर साहिँलो', 'सती राजा' छोटा छन् । यहाँ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको

सङ्क्षिप्त विन्यासक्रमलाई प्रस्तुत गरिएको छ । यसको विस्तृत विश्लेषणात्मक चर्चा चौथो,पाँचौं र छैटौं र सातौं परिच्छेदमा गरिएको छ ।

## २.९ लोककथाको संरचनात्मक विश्लेषणको प्रारूप

कुनै पनि कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्था नै संरचना हो । लोककथा आख्यानात्मक गद्य रचना हो । सामान्यतया कथाका संरचक घटकहरू लोककथाका पनि घटक हुन् । तसर्थ कथाको संरचनात्मक विश्लेषण यसप्रकार गर्न सकिन्छ :




(लुइटेल, २०६२, पृ. ३४४-४२५)

माथिको तालिकाले लोककथाको संरचनात्मक विश्लेषणलाई देखाउँछ । लोककथाको कथानक, सहभागी र सहभागिता, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको सैद्धान्तिक चर्चा दोस्रो परिच्छेदमा गरिएको छ । कुनै पनि साहित्यिक सिर्जनाको संरचनात्मक विश्लेषण गर्दा माथिको ढाँचा प्रयोग गर्न सकिन्छ । यस शोधपत्रमा लोककथाको संरचनात्मक विश्लेषण माथिको ढाँचाका आधारमा गरिएको छ ।

## २.१० निष्कर्ष

पूर्वी नेपालको झापा जिल्लास्थित दमक क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू मिलेर बसेका छन् । यहाँको समथर भूभागमा खेतीपाती, पशुपालन र व्यापार व्यवसाय गर्दै बसेका धिमालहरू आदिवासी हुन् । यिनीहरूको आफ्नै संस्कार, संस्कृति, भेषभूषा, रहनसहन र चाडपर्व रहेका छन् । परापूर्वकालदेखि नै धिमाल समुदायमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको छ । जङ्गल जाने, सिकार खेल्ने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने धिमाल समुदायमा मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्न जान्ने मानिसको अभावका कारण यस जातिमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेका छन् । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा आदि जोडिएर आउँछन् । त्यसैले लोककथा मानव विकाससँगै अगाडि बढेको विधा हो । समग्रमा रोचक मनोरञ्जनमूलक प्रस्तुतीकरणमा आधारित, आधुनिकताको गन्धबाट टाढा रहेको, ग्रामीण जनजीवनका भावनाहरू समेटेको, विविध विषय परिवेश र सहभागीयुक्त, सरल सहज भाषामा अभिव्यक्त लोकप्रिय विधा नै लोककथा हो । प्राचीन कालदेखि समुदायमा हुर्किएर श्रुतिमौखिक परम्पराबाट अगाडि बढ्दै आजसम्म बच्चा, युवा तथा वृद्धवृद्धामाझ लोकप्रिय भएको विधा लोककथा हो । लोककथाका माध्यमबाट समाज र समुदायको रीतिस्थिति, चालचलन, धर्म, सामाजिक तथा आर्थिक अवस्था, भूगोललगायतका कुरा थाहा पाउन सकिन्छ । लोककथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु, नीति तथा उपदेश दिनु रहेको हुन्छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाहरूमध्ये प्रस्तुत शोधमा विश्लेषण गरिएका कथाहरूमा 'कोडीको पनि दिन आउँछ', 'टुहुराका दिन फर्किन्छन्', 'लोभीको कथा' र 'चतुर साहिँलो' सामाजिक लोककथा रहेका छन् भने 'अल्छे तीनकुरिया', 'चन्द्रसूर्य', 'टुहुरो र लोभी बुढी' तथा 'सातबहिनी र सर्प' अतिप्राकृतिक लोककथा रहेका छन् । 'खरायो र बाँदरको मित्रता', 'बुढाबुढी र चङ्खे बाँदर' तथा 'लोभी बाहुन' पशुपक्षीमूलक लोककथा रहेका छन् भने 'दुई राजकुमार' र 'मित्रताको कथा' किंवदन्तीमूलक कथा रहेका छन् । यसैगरि धार्मिक विषयवस्तु समेटिएका कथामा 'सती राजा' रहेको छ । यी लोककथामा विशेष गरी नैतिक शिक्षा दिने,उपदेश दिने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको पाइन्छ । सामाजिक तथा अतिप्राकृतिक लोककथाका आयाम केही लामा छन् भने धार्मिक लोककथा अत्यन्त छोटो रहेको छ । यी कथाहरूमा माया, प्रेम, करुणा, वीरता, अद्भुत, रोमाञ्चक भावहरू समेटिएका पाइन्छन् । यस क्षेत्रमा प्रचलित नेपाली लोककथाको कथानकविन्यास शृङ्खलाबद्ध र व्यवस्थित रहेका छन् ।

# तेस्रो परिच्छेद

## दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण

### ३.१ विषयप्रवेश

समाज र सामाजिक परिवेशलाई केन्द्रविन्दु बनाएर लेखिएका लोककथा सामाजिक लोककथा हुन् । यस्ता कथाका सहभागी समाजिक जीवनबाट लिइएका हुन्छन् । सहभागीले समाजिक जीवनशैली, रहनसहन, आचारविचारको प्रतिनिधित्व गर्दछन् । झापा जिल्लाको दमक क्षेत्रका धिमाल समुदायमा गएर सङ्कलन गरिएका नेपाली लोककथामध्ये चारवटा सामाजिक लोककथा रहेका छन् । सामाजिक लोककथामा समाजको धर्म, संस्कृति, रीतिरिवाज, संस्कार, परम्परा, लोकका व्यवहार, अन्धविश्वास, धुर्त्याइँ, लोकविश्वास, मूल्यमान्यता, पारिवारिक झैझगडा आदि विषयको वर्णन गरिएको हुन्छ । माथि दोस्रो परिच्छेदको तालिका नं. १ मा वर्गीकरण गरिएका कथामध्ये 'कोडिको पनि दिन आउँछ', 'चतुर साहिँलो', 'टुहुराका दिन फर्किन्छन्' र 'लोभीको कथा' सामाजिक विषयवस्तु समेटिएका कथा हुन् ।

प्रस्तुत शोधप्रबन्धमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गर्ने क्रममा यस अगि दोस्रो परिच्छेदमा तयार गरिएको लोककथाको संरचनात्मक विश्लेषणको प्रारूपका आधारमा लोककथाको विश्लेषण गरिएको छ । यहाँ लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा लोककथाको विश्लेषण गरिएको छ । लोककथाको संरचनात्मक विश्लेषणका लागि मोहनराज शर्माको नेपाली लोककथा : सिद्धान्त र विश्लेषण, खगेन्द्रप्रसाद लुइटेलको *कविताको संरचनात्मक विश्लेषण* तथा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ता र लोकसाहित्य* पुस्तकलाई विश्लेषणको मूल आधार मानी विश्लेषण गरिएको छ । यस परिच्छेदमा 'कोडीको पनि दिन आउँछ' 'चतुर साहिँलो', 'टुहुराका दिन फर्किन्छन' र 'लोभीको कथा' लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

### ३.२ 'कोडीको पनि दिन फर्किन्छ' लोककथाको विश्लेषण

प्रस्तुत 'कोडीको पनि दिन फर्किन्छ' धिमाल जातिमा प्रचलित लामो आयामको सामाजिक लोककथा हो । प्रस्तुत कथामा दाजुभाइबिच हुने प्रतिष्पर्धा, दुस्मनी तथा भाइचारा सम्बन्धलाई देखाउन खोजिएको छ । खानलाउन धौधौ पर्ने परिवारले जीवन निर्वाह गर्न गर्नुपरेको सङ्घर्षलाई यस कथामा देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

#### ३.२.१ कथानक

एकादेशमा एउटा गाउँमा बुढाबुढी हुनु, तिनीहरूका पाँचभाइ छोरामध्ये कान्छो छोरा चाहिँ साह्रै ठग हुनु, छोरो ठग भएकाले आमाबुवालाई पीर लाग्नु, हामी बाँचुन्जेल त मिठो

खाने होलास् नि भनेर आमा बुवाले कान्छो छोरालाई भन्नु, म पनि ठुलो हुन पाउँ न, मेरो पनि पालो आउला नि भनेर कान्छोले भन्नु, बुवाको मृत्यु हुनु, पाँचै भाइ छोरा बाबुको काजक्रिया गर्न कोरामा बस्नु, कोरा बसेर निस्केपछि कान्छो भाइलाई आमालाई काममा सघाउनु भनेर घरमै छोडेर चार दाजुभाइ जङगलतिर जानु, कान्छो अल्छी भएकाले आमाको हेरविचार नगर्नु, घरमा आमाको पनि मृत्यु हुनु, दाजुभाइ सिकार गरेर फर्किंदा आमाको मृत्यु भएको थाहा पाएर भाइसँग रिसाउनु, मिठोमसिनो खाने विचारले चारभाइले सिकार गरेर ल्याएका आठवटा गोहोरो घरमा जुठो परेपछि जङ्गलतिरै पठाउनु, आमाको काजक्रिया सकेपछि फेरि पाँच जना दाजुभाइ सिकार खोज्न जङ्गल जानु, कान्छो भाइले थोरै सिकार भएकाले सबै परिवारलाई नपुग्ने कुरा गर्नु, दाजुभाइको भागमा टन्न मासु देखेपछि आफ्नो भागको थोरै मासु देखेर कान्छो भाइ खिन्न हुनु, कान्छोले दाजुभाइलाई नसुनाई विवाह गर्नु, एक्लै सिकार गरेर ल्याउनु, सिकार ल्याएको कुरा दाजुभाइलाई नसुनाउनु भनेर बुढीलाई भन्नु, दाजुभाइले के सिकार गरेर ल्याइस् भन्दा केही पनि छैन भनेर ढाँट्नु, दाजुभाइ खाना खान आफ्नो घर घर गएपछि बुढीलाई गोहोरो कहाँ राखिस् भनेर कान्छोले सोध्नु, गोहोरो झिकेर मार्न लाग्दा गोहोरोले मलाई नमार्, तँलाई जे चाहिन्छ म त्यही दिन्छु भनेर भन्नु, मेरो भाग्य नै यस्तो हो कि किन खान ल्याएको कुरा खान पाउँदिन भनेर कान्छोलाई पीर लाग्नु, गोहोरोले कान्छोसँग सर्स्यूँ र चोखो कपडा माग्नु, तैँले दुःख पाइस् भने मैले सर्स्यूँ छरेको बाटो पछ्याएर आउनु भनेर पुच्छरमा तोरीको पोको बाँधी गोहोरो जानु, यता कान्छोकी बुढी गोहोरोको मासु खान नपाएर रिसाएर घर छोडेर जानु, कान्छो घरमा एक्लै हुनु, कान्छोले गोहोरोले भनेअनुसार उसको बाटो पछ्याउँदै जाँदा पोखरीको छेउको धोद्रे रुखमा गोहोरोलाई भेट्नु, तैँले गर्दा मेरो घरबार बिग्र्यो भनेर गोहोरोसँग रिसाउनु, गोहोरो त्यस पोखरीमा बस्ने देवी हुनु, देवीले कान्छोसँग विवाह गर्नु, गाउँबाट कान्छो हराएको हल्ला चल्नु, गाउँलेले कान्छोले ठुलो महल बनाएर बसेको कुरा दाजुभाइलाई सुनाउनु, दाजुभाइ भेट्न जाँदा झिलिमिली महल देखेर दाजुभाइ छक्क पर्नु, कान्छाका भाउजूहरू कान्छी देउरानी देखेर बेहोस हुनु, सुनको पङ्खाले हम्केपछि मात्रै उनीहरूको होस खुल्नु, कान्छोलाई हेपेकोमा दाजुभाइलाई पछुतो हुनु र भाइलाई मालिक बनाएर सबै दाजुभाइ सँगै बसेको प्रसङ्गसँगै कथाको कथानक समाप्त भएको छ ।

'कोडीको पनि दिन फर्किन्छ' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

### १. आदि

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

#### (१) चिनारी

एकादेशमा एउटा गाउँमा बुढाबुढी हुन्छन् । तिनीहरूका पाँचभाइ छोरामध्ये कान्छो छोरा चाहिँ काममा साह्रै ठग्ने बानी भएको हुन्छ । छोरो ठग भएकाले आमाबुवालाई पीर लाग्छ र हामी बाँचुन्जेल त मिठो खाने होलास् नि भनेर आमा बुवाले कान्छो छोरालाई भन्छन् । म ठुलो

भएपछि मेरो पनि पालो आउला नि भनेर कान्छाले पनि मुख लगाउँछ । यस भागमा बाबुआमाको सेखपछि कान्छोको भविष्य अनिश्चित हुने कुरा सङ्केत गरिएको छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

रहँदा बस्दा केही समयमा बुवाको मृत्यु हुन्छ । कोरा बसेर निस्केपछि कान्छो भाइलाई आमाको काममा सघाउनु भनेर घर छोडेर चार दाजुभाइ जङगलतिर जान्छन् । यता घरमा आमाको पनि मृत्यु हुन्छ । घरमा खानेकुरा नभएपछि सिकार खेल्न गएका चारभाइले सिकार गरेर ल्याएका आठवटा गोहोरो जङ्गलतिरै पठाउँछन् । कान्छो भाइले आमाको हेरविचार नगरेकाले आमाको मृत्यु भएको कुरा दाजुभाइले गर्छन् । यस घटनाक्रमसँगै कथानकको पहिलो सङ्कटावस्था सुरू भएको छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

आमाको काजक्रिया सकेपछि फेरि पाँच जना दाजुभाइ सिकार खोज्न जङ्गल जान्छन् । कान्छो भाइले थोरै सिकार भएकाले सबै परिवारलाई नपुग्ने कुरा गर्छ । दाजुभाइको भागमा टन्न मासु देखेपछि आफ्नो भागको थोरै मासु देखेर कान्छो भाइ खिन्न हुन्छ । उसको मन साह्रै दुख्छ ।

**(४) तेस्रो सङ्कटावस्था**

कान्छोले दाजुभाइलाई नसुनाई विवाह गर्छ । एक्लै सिकार गरेर गोहोरो ल्याएको कुरा दाजुभाइलाई नसुनाई गोप्य राख्न बुढीलाई अह्राउँछ । दाजुभाइले के सिकार गरेर ल्याइस् भन्दा केही पनि छैन भनेर ढाँट्छ ।

**(५) चौथो सङ्कटावस्था**

दाजुभाइ खाना खान आफ्नो घर गएपछि गोहोरो झिकेर मार्न लाग्दा गोहोरोले मलाई नमार्, तँलाई जे चाहिन्छ म त्यही दिन्छु भनेर भन्छ । कान्छो अचम्ममा पर्छ । गोहोरोले कान्छासँग सस्युँ र चोखो कपडा माग्छ र तैँले दुःख पाइस् भने मैले सस्युँ छरेको बाटो पछ्याएर आउनु भनेर पुच्छरमा तोरीको पोको बाँधी जङ्गलतिर जान्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

बल्ल बल्ल गोहोरोको मासु खान पाउने भइयो भनेर खुसी भएकी कान्छाकी बुढी कान्छोसँग रिसाउँछे । गोहोरोको मासु खान नपाएर रिसाएर घर छोडेर जान्छे ।

**३. अन्त्य**

**(७) सङ्घर्ष ह्रास**

बुढीले घर छोडेर हिँडेपछि कान्छोलाई गोहोरोदेखि साह्रै रिस उठ्छ । बल्लबल्ल बिहे गरेर घरजम गरेको पनि यो गोहोरोले गर्दा बिग्रियो । अब यसलाई नमारी छोड्दिन भनेर

गोहोरोले भने अनुसार उसको बाटो पछ्याउँदै जाँदा पोखरीको छेउको धोद्रे रुखमा गोहोरोलाई भेट्छ । तैँले गर्दा मेरो घरबार बिग्र्यो भन्दै गोहोरोसँग रिसाउँछ । कान्छो गोहोरोसँग रिसाएपछि गोहोरोले आफू त्यस पोखरीमा बस्ने देवी भएको कुरा बताउँछ । दाजुभाइले हेपेको टुहुरो केटासँग देवीले विवाह गरेर उनीहरू घरजम गरी बस्छन् । यहाँबाट कथाको सङ्घर्ष ह्रास हुन्छ ।

**(८) उपसंहार (फलप्राप्ति)**

कान्छो भाइ गोहोरो खोज्न हिँडेपछि गाउँमा कान्छो हराएको हल्ला चल्छ । एकदिन सिकार गर्न जङ्गल गएका गाउँलेले चउरको बिचमा भव्य महल बनाएको देख्छन् । यस्तो सुनसान जङ्गलमा कसले घर बनाएर बसेछ भन्दै हेर्न जाँदा गाउँलेले कान्छालाई देख्छन् । कान्छोले ठुलो महल बनाएर बसेको कुरा दाजुभाइलाई सुनाउँछन् । दाजुभाइ छक्क पर्छन् र कान्छालाई भेट्न जाँदा झिलिमिली महल देख्छन् । कान्छाका भाउजूहरू कान्छी देउरानी देखेर बेहोस हुन्छन् । सुनको पङ्खाले हम्केपछि मात्रै उनीहरूको होस खुल्छ । कान्छालाई हेपेकामा दाजुभाइलाई पछुतो हुन्छ र भाइलाई मालिक बनाएर सबै दाजुभाइ सँगै बस्न थाल्छन् । यसरी कथाको उपसंहार हुन्छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथामा अल्छी वा कोडीको पनि भाग्य बलियो भएमा सुख पाउने दिन आउने हुँदा कसैलाई पनि नहेप्ने सन्देश दिइएको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

## ३.२.२ सहभागी

'कोडीको पनि दिन फर्किन्छ' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा बुढाबुढी, पाँच भाइ छोरा, उनीहरूका श्रीमती र गोहोरो सहभागीका रूपमा आएका छन् । यो लोककथा पाँच दाजुभाइ र गोहोरोको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा कान्छो र गोहोरो आएका छन् । गोहोरोलाई पनि मानवीकरण गरेर देवीका रूपमा देखाइएको छ । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ३**

**'कोडीको पनि दिन फर्किन्छ' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बाबु | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| आमा | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| कान्छो भाइ | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| गोहोरो | - | - | + | - | - | + | - | + | - | - | + | - | + | + | + |
| दाजुभाइहरू | + | - | - | + | - | - | + | + | - | + | - | - | + | + | + |
| भाउजूहरू | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| कान्छाकी श्रीमती | - | + | - | - | + | - | + | + | - | + | - | - | + | + | + |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ बाबु, आमा, कान्छो भाइ, दाजुभाइहरू, भाउजूहरू, गोहोरो र कान्छाकी श्रीमती जस्ता सहभागीहरू आएका छन् । कान्छो कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू कान्छोको केन्द्रीयतामा घटेका छन् । कान्छो अनुकूल पात्र हो । उसलाई दाजुहरूले अल्छी भनेर हेप्दा पनि झगडा नगरी बसेको छ । ऊ गतिशील पात्र हो । दाजुभाइले हेपेपछि उनीहरूलाई नसुनाइ विवाह गर्ने निर्णय लिनु, गोहोरो मारेर ल्याउँदा पनि दाजुभाइलाई नसुनाउनु, गोहोरोले मलाई नमार् भन्दा मान्नु, श्रीमतीले छोडेर जाँदा गोहोरोसँग रिसाउनु र उसको खोजीमा जानु, गोहोरोसँग विवाह गरेर धनी भएपछि दाजुभाइलाई माफी दिएर आफूसँगै राख्नुलगायतका कार्यव्यापारले कान्छोलाई गतिशील पात्रका रूपमा चिनाएको छ । जीवनचेतनाका आधारमा हेर्दा कान्छो वर्गीय पात्र हो । उसले निम्न वर्गको प्रतिनिधित्व गरेको छ । खान लगाउन धौ- धौ पर्दा गोहोरोको सिकार खोजेर खानु, दाजुभाइबाट हेपिनु, भगाएर विवाह गर्नु, गोहोरोले जे भन्यो त्यो कुरा पत्याउनुलगायतका घटनाले कान्छोलाई अत्यन्त सोझो र इमान्दार निम्न वर्गीय पात्रका रूपमा देखाइएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कान्छोकै सेरोफेरोमा कथा घुमेकाले कान्छो मञ्चीय र बद्ध पात्र हो ।

कान्छाका दाजुहरू सहायक पुरुष पात्र हुन् । कान्छोलाई हेप्ने, दुःख दिने र खान पनि नदिने भएकाले यिनीहरू प्रतिकूल पात्रको रूपमा कथामा उपस्थित भएका छन् । पहिले भाइलाई हेप्ने दाजुहरू भाइले सुख पाएपछि उसैलाई मालिक बनाएर भाइसँगै बस्न पुगेका छन् । यिनीहरू गतिशील निम्न वर्गीय पात्र हुन् । यिनीहरूको उपस्थिति कथाको सुरुदेखि अन्त्यसम्म नै रहेको देखिन्छ । त्यसैले यिनीहरू मञ्चीय र बद्ध पात्र हुन् । कान्छाका भाउजूहरू गौण पात्र हुन् । यिनीहरू कथामा प्रतिकूल पात्रका रूपमा उपस्थित भएका छन् । दाजुहरूले खानामा मासु भाग लगाउँदा कान्छाको भागमा थोरै दिन्छन् तर भाउजूहरूले कान्छालाई पनि दिनुपर्छ भनेर भनेका छैनन् । कान्छाले दोस्रो विवाह गरेकी श्रीमती आफूभन्दा राम्री देखेपछि यिनीहरू मुर्छा परेका छन् । यिनीहरू गतिहीन निम्नवर्गीय पात्रका रूपमा कथामा आएका छन् ।

यस कथामा पशुसम्बन्धी अभिप्रायको प्रयोग भएको छ । कथामा मानवेतर पात्रका रूपमा गोहोरोको पनि उपस्थिति रहेको छ । गोहोरो प्रमुख पात्र हो । उसको आगमनले कान्छाको जीवनमा सकारात्मक परिवर्तन आएको छ । गोहोरो मानवका रूपमा जीवन फेर्ने गतिशील पात्र हो । गोहोरो ऊ वर्गीय र मञ्चीय पात्रका रूपमा उपस्थित छ । कान्छाकी श्रीमती प्रतिकूल प्रवृत्ति भएकी महलिा पात्र हो । बुढोले खान भनेर ल्याएको गोहोरो खान नपाएपछि ऊ घर छोडेर हिँडेकी छे । कथामा उसको भूमिका गौण रहेको छ भने ऊ मुक्त सहभागी हो । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र मौलिक बनाएको छ ।

### ३.२.३ परिवेश

'कोडीको पनि दिन आउँछ' कथामा प्राचीन कालमा सिकार खेलेर जीविकोपार्जन गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने धिमाल गाउँ समुदायको गाउँबस्ती, वनजङ्गल पाखा चउर, पोखरी आदि स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य

कथास्थलका रूपमा दाजुभाइ बस्ने घर, सिकार गर्ने वनजङ्गल र गोहोरो बस्ने पोखरी आएका छन् भने गोहोरोले रूप परिवर्तन गरेपछि निर्माण भएको भव्य महल, झिलीमिली सजावटले राजदरवार जस्तो झल्को दिएको छ । यहाँ प्रस्तुत लोककथाको वातावरण आदि भागमा बुबा आमा मरेर दुःखद भएको छ भने मध्य भागमा पनि कान्छोलाई दाजुभाइले हेपेकाले दुःखद नै छ । अन्त्यमा भने दरवार जत्रो महल र देवी जस्ती श्रीमती पाएपछि सबै दाजुभाइ कान्छालाई मालिक बनाएर मिलीजुली बसेकाले सुखद परिवेशको सिर्जना भएको छ ।

### ३.२.४ उद्देश्य

'कोडीको पनि दिन आउँछ' सामाजिक लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । समय सँधै एकनास हुँदैन । कहिले सुख र कहिले दुःख जीवनमा आउने जाने भइरहन्छन् । पहिला काम नगर्ने र कोडी गर्ने कान्छो भाइलाई पछि भाग्यले साथ दिँदा दाजु भाइको भन्दा ठुलो महल प्राप्त भयो । भाउजूभन्दा राम्री श्रीमती भित्र्यायो र सबै दाजुभाइको हाइहाइ भएर बस्न पायो । टुहुरो हुँदा दुःख हुन्छ । दाजुभाइको साथ नपाउँदा झनै दुःख पाईन्छ । त्यसैले मानिसलाई बच्चामा यस्तो थियो भनेर व्यवहार गर्नुहुँदैन । पछि भाग्य फेरिन सक्छ भन्ने शिक्षा दिनु नै यस कथाको उद्देश्य हो ।

### ३.२.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ । बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । गयुम् (गयौँ), मिठोमसिनु (मिठो मसिनो), तीनटा (तीनवटा), रिस्सिएर (रिसाएर), गइगो (गइहाल्यो), उनारको (उनीहरूको), भको (भएको) जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यस कथामा निम्न आदरार्थी शब्द 'तँ' प्रयोग गरिएको छ । संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको यस कथाको प्रारम्भ एकादेशमा.....भनेर सुरु भएको छ । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल,सहज र सुबोध्य भाषशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ३.३ 'टुहुराका दिन फर्किन्छन्' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'टुहुराका दिन फर्किन्छन्' लोककथा धिमाल जातिमा प्रचलित लामो आयामको लोककथा हो । प्रस्तुत कथामा सानै उमेरमा बुवाआमाको मृत्यु भएर अर्काको घरमा काम गर्न बसेको टुहुरो केटाले आफ्नो बुद्धि लगाएर आर्थिक अवस्था राम्रो पार्न सफल भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ३.३.१ कथानक

एकादेशको गाउँमा धेरै धनी मुखिया हुनु, त्यही गाउँमा अनपढ गरीब बुढाबुढी र तिनीहरूको एउटा छोरो हुनु, छोरो सानै हुँद उसका आमाबुवाको मृत्यु हुनु, त्यो टुहुरो गाउँ

गाउँ डुलेर खाँदै बस्तै हिँड्दै गर्नु, गाउँकै मान्छेलाई त्यो टुहुराको सारै माया लाग्नु, टुहुरा केटालाई दुई चारवटा गाईवस्तु चराएर आफ्नैमा खान लाउन दिएर राख्नु, एकदिन उसले चराउने गाई मर्नु, टुहुरोलाई सारै पीर पर्नु, उसले मरेको गाईलाई छोड्नै नसक्नु, गाई मरेपछि काला गिद्धहरू सारा संसार देख्न नसकिने गरी गाईको मासु खान भनेर आउनु, टुहुरो केटाले ती गिद्धलाई धपाएर गाई खान नदिनु, एकदिन एउटा लिम्बूनीले कानमा लगाउने चेप्टे सुनजस्तो सुनौलो चुच्चो भएका भाले पोथी गिद्ध आउनु, के खोज्छस् केटा भनेर सोध्नु, टुहुरोले मेरो बुवा आमा पनि छैनन् । म टुहुरो केटो गाउँमा बासी भातको डल्ला खाँदै हिँड्दै गर्दा मालिककले यो गाई हेर्ने काम दिएका तर गाई मरेपछि आफूलाई पीर परेको कुरा बताउनु, आफूले यही गाईको दूध खाएकाले मरेको गाईलाई गिद्धले खान्छन् भनेर कुरेर बसेको कुरा भन्नु, गिद्धले केटालाई तैँले खोजेको कुरा हामी दिन्छौँ भनेर बाचा खानु, केटाले नपत्याउनु, त्यहाँबाट गएको केही समयपछि फेरि ती गिद्ध आउनु, ती गिद्धहरू गरूड हुनु, गिद्धका बुढाबुढीले केटो टुहुरो भएको कुरा थाहा पाएर जोडी खोजिदिने कुरा गरेर जानु, फर्केर आउँदा त्यो टुहुरो केटो गाईको हड्डी बटुलेर त्यहीँ बसिरहेको हुनु, केटाले पनि मलाई जोडा चाइयो भन्नु, गरूडले तँलाई जोडा खोज्दिन्छौँ भनेर पखेटामाथि केटालाई राखेर आकाशमा लिएर जानु, आकाशमा पुऱ्याएपछि गरूड राजाले दायाँबायाँ नगरी जुन केटी आउँछ, त्यसले जे भन्छे त्यही मान्नुपर्छ भन्नु, एउटी केटी आएर मलाई बिहे गर्ने तिमी नै हौ भनेर सोध्नु, दुवैको परिचय हुनु, राम्रा लुगा, गरगहना लगाएर केटी आउनु र केटा र केटी दुवै गाई मरेर हड्डीखुड्डी छरिएको ठाउँमा पुग्नु, राति नै केटीले जङ्गलबाट एउटा हाँगो काटेर ल्याई त्यसैले खनेर खाल्डो बनाउन लगाउनु र सतै सत् भनेर तीन पल्ट भन्ने र खाँबो गाड्ने भनेर भन्नु, केटाले चाहिँ दिव्यै बार वर्ष मात्र भन्नु, तीन बाचा सकिनु, उसको समय बाह्र वर्षको मात्रै हुनु, उनीहरू त्यहीँ घर बनाएर बस्न थाल्नु, बिहान गिद्धले सिनो खाएको ठाउँमा ठुलो महल बनेको देखेर गाउँका मान्छे हेर्न आउनु, अन्तिममा उसको घरमालिक आइपुग्नु, टुहुराको घर रहेछ भन्ने थाहा पाएर खुसी हुनु, बुहारीले खाजा बनाएर खुवाउनु, राम्ररी गरिखानु भनेर घर फर्किंदै गर्दा बाटोमा भेटेका मान्छेहरूले कहाँ पुगेर आएको भनेर सोध्नु, घरमा केटाकेटी बिमारी भएकाले जडीबुटी खोज्न जङ्गल पुगेर आएको भन्दा गाउँका मान्छेले हामीलाई किन ढाँटेको भनेर उसलाई कुट्न खोज्नु, त्यसपछि मुखियाले म उसको बाबु नभएपनि बाबुसमानको हुँ, उसलाई टुहुरो भनेर हेप्न हुन्न, सबैले माया गर्नु पर्छ भन्नु, गाउँले टुहुराको श्रीमती देखेर बेहोस् हुनु, मुखियालाई टुहराकी श्रीमतीका बारेमा बताउनु, मुखिया पनि टुहुराकी श्रीमती हेर्न जानु, टुहुरो केटाले आफ्नी श्रीमतीलाई सुनको पङ्खा लिएर मुखिया भेट्न आऊ भन्नु, अप्सराजस्ती टुहुराकी श्रीमती देखेर मुखिया मुर्छा पर्नु, ब्युँझिदा सुनको पङ्खाले हम्किरहेको पाएपछि टुहुराको पनि दिन फर्किंदारहेछन्, लाटाको खुट्टा बाटामा पर्छ भनेको सही रहेछ भन्ने कुरा उसको दिमागमा घुस्नु जस्ता प्रसङ्गसँगै कथावस्तु समाप्त भएको छ ।

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एकादेशको गाउँमा धेरै धनी मुखिया हुन्छ । त्यही गाउँमा अनपढ गरीब बुढाबुढी र तिनीहरूको एउटा छोरो बस्छन् । छोरो सानै हुँदा उसका आमाबुवाको मृत्यु हुन्छ । आमाबुवाको मृत्यु भएपछि त्यो टुहुरो गाउँ गाउँ डुलेर खानेकुरा मागेर खान्छ । गाउँकै मान्छेलाई त्यो टुहुराको सारै माया लाग्छ । त्यसैले टुहुरो केटालाई दुई चारवटा गाईवस्तु चराउने काम दिएर आफ्नैमा खान लाउन दिएर राख्छ । यसरी कथाको सुरुमा टुहुरो केटोको दयनीय अवस्थालाई चिनाइएको छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

केही समयपछि टुहुरो केटाले चराउने गाई मर्छ । टुहुरोलाई सारै पीर पर्छ । उसले मरेको गाईलाई छोड्नै सक्दैन र जङ्गलमै गाई रुँगेर बस्छ । गाई मरेपछि काला गिद्धहरू सारा संसार देख्न नसकिने गरी आकाश ढाकेर गाईको मासु खान आउँछन् । टुहुरो केटाले ती गिद्धलाई धपाउँछ र गाई खान दिँदैन ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

एकदिन एउटा लिम्बूनीले कानमा लगाउने चेप्टे सुनजस्तो सुनौलो चुच्चो भएका भाले पोथी गिद्धहरू केटो भएको ठाउँमा आउँछन् । टुहुराले आफू टुहुरो भएकाले गाउँमा बासी भातको डल्ला खाँदै हिँड्दै गर्दा मालिकले गाई हेर्ने काम दिएको तर गाई मरेपछि आफूलाई पीर परेको कुरा बताउँछ । आफूले यही गाईको दूध खाएकाले मरेको गाईलाई गिद्धले खान्छन् भनेर कुरेर बसेको कुरा बताउँछ । गिद्धहरू केटालाई तैँले खोजेको जिनिस हामी दिन्छौँ भनेर बाचा खाएर फर्किन्छन् तर केटाले पत्याउँदैन ।

**(४) तेस्रो सङ्कटावस्था**

केटोसँग बाचा गरेर गएका गिद्धहरू केही समयपछि फेरि आउँछन् । ती गिद्धहरू गरूड भएका कुरा केटाले थाहा पाउँछ । गिद्धका बुढाबुढीले केटो टुहुरो भएको कुरा थाहा पाएर जोडी खोजिदिने कुरा गरी फर्केर जान्छन् ।

**(५) चौथो सङ्कटावस्था**

गिद्ध फर्केर आउँदा टुहुरो केटो गाईको हड्डी बटुलेर त्यहीँ बसिरहेको हुन्छ । आफूलाई जोडा खोजिदिन्छौँ भनेर गएका गरूड रित्तै आएका देखेपछि केटाले मलाई जोडा चाहियो भन्छ । गरूडले तँलाई जोडा खोजिदिन्छौँ भनेर पखेटामाथि केटालाई राखेर आकाशमा लिएर जान्छन् ।

**(६) पाँचौँ सङ्कटावस्था**

केटालाई आकाशमा पुऱ्याएपछि गरूड राजाले दायाँबायाँ नगरी जुन केटी आउँछ त्यसले जे भन्छे त्यही मान्नुपर्छ भन्छ । एउटी केटी आएर मलाई बिहे गर्ने तिमी नै हो भनेर

सोध्छे । दुवैको परिचय हुन्छ । केही बेरमा राम्रा लुगा,गरगहना लगाएर केटी आउँछे । टुहुरो केटो र केटी दुवै गाई मरेर हड्डीखुड्डी छरिएको ठाउँमा पुग्छन् ।

**(७) छैटौँ सङ्कटावस्था**

राति नै केटीले जङ्गलबाट एउटा हाँगो काटेर ल्याउँछे । केटालाई त्यही हाँगोले खनेर खाल्डो बनाउन लगाउँछे र सतै सत् भनेर तीन पल्ट भनेर र खाँबो गाड्न भन्छे । केटाले चाहिँ दिव्यै बार वर्ष मात्र भन्छ । तीन बाचा सकिन्छ । उसको समय बाह्र वर्षको मात्रै हुन्छ र उनीहरू त्यहीँ घर बनाएर बस्न थाल्छन् ।

**(८) सातौँ सङ्कटावस्था**

बिहान गिद्धले सिनो खाएको ठाउँमा ठुलो महल बनेको देखेर गाउँका मान्छेहरू कसले यति राम्रो घर बनाएछ भनेर हल्लाखल्ला गर्छन् । गाउँलेले जङ्गलमा महल बनेको छ भन्ने कुरा सुनाएपछि टुहुराको घरमालिकलाई पनि महल कसले बनाएछ भन्ने खुलदुली लाग्छ ।

**(९) आठौँ सङ्कटावस्था**

भोलिपल्ट टुहुराको मालिक जङ्गलमा कसले घर बनाएछ भनेर हेर्न आउँछ । टुहुराको घर अगाडि पुगेर घरमा को छ ? भनेर बोलाउँदा टुहुरो केटो बाहिर निस्किन्छ । टुहुराको घर रहेछ भन्ने थाहा पाएर खुसी हुन्छ । बुहारीले खाजा बनाएर खुवाउँछे । तिमीहरू खुसीसाथ बस भनेर टुहुराको मालिक घर फर्किन्छ ।

**(१०) नवौँ सङ्कटावस्था**

टुहुराको मालिक घर फर्किँदै गर्दा गाउँका मान्छेले कहाँ पुगेर आएको भनी सोध्छन् । टुहुराको घर मालिकले जङ्गल पुगेर आएको भनी जवाफ दिन्छ । गाउँलेले टुहुरो केटोको घरबाट निस्केको देखेकाले किन ढाँटिस् ? भनेर कुट्न खोज्छन् । त्यसपछि उसले मेरै घरमा बसेको केटो हो । म उसको बाबु नभएपनि बाबुसमानको हुँ । उसलाई टुहुरो भनेर हेप्न हुन्न । सबैले माया गर्नु पर्छ भन्छ ।

**३. अन्त्य**

**(११) सङ्घर्ष ह्रास**

गाउँलेलाई देखेपछि टुहुराले मलाई हेप्ने मान्छे आएका छन्, हेर्न आऊ भनेर आफ्नी श्रीमतीलाई भन्छ । अप्सराजस्ती केटी देखेर सबै गाउँले मुर्छा पर्छन् । सुनको पङ्खाले हम्किएपछि उनीहरूको होस खुल्छ । गाउँलेले गाउँको मुखियालाई सबै कुरा सुनाउँछन् ।

**(१२) फलप्राप्ति**

मुखिया पनि टुहुरो केटाले अप्सराजस्ती बुढी बिहे गरेर ल्याएको छ भन्ने सुनेर हेर्न आउँछ । टुहुरो केटाले आफ्नी श्रीमतीलाई सुनको पङ्खा लिएर मुखिया भेट्न आऊ भन्छ ।

टुहुराकी श्रीमती अप्सरा भएकीले ऊ बाहिर निस्किदा मुखिया मुर्छा पर्छ । ब्युँझिदा सुनको पङ्खाले आफूलाई हम्किरहेको थाहा पाउँछ । त्यसपछि टुहुराको पनि दिन फर्किँदारहेछन् । लाटाको खुट्टा बाटामा पर्छ भनेको सही रहेछ भन्ने कुरा उसको दिमागमा घुस्छ ।

यसरी कथानकको सुरुमा दुःख पाएको टुहुरो केटाले कथाको अन्त्यमा आइपुग्दा सुख पाएको देखाएर कथाको सुखद अन्त्य भएको छ । आदि मध्य र अन्त्यको शृङ्खला क्रमैसँग आएको यस कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

### ३.३.२ सहभागी

'टुहुराका दिन फर्किन्छन्' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा टुहुरो केटो, टुहुराको मालिक, मुखिया, गरुडका भालेपोथी, गाउँले तथा टुहुराकी श्रीमती सहभागीका रूपमा आएका छन् । यो लोककथा टुहुराको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा टुहुरो केटो र गरुडका भालेपोथी उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ४**

**'टुहुराका दिन फर्किन्छन्' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| टुहुरो केटो | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| गरुडका भालेपोथी | - | - | + | - | - | + | - | - | + | - | - | - | + | + | - |
| टुहुराकी श्रीमती | - | + | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| मुखिया | + | - | - | + | - | - | + | + | - | + | - | + | - | + | - |
| टुहुराको मालिक | + | - | - | + | - | + | - | - | + | + | + | + | - | + | - |
| गाउँलेहरू | + | + | - | - | + | + | - | + | - | + | - | + | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा टुहुरो केटो, मालिक, मुखिया, टुहुराकी श्रीमती मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने गरुडका भालेपोथी मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । यस लोककथाको प्रमुख पात्र टुहुरो हो । ऊ अनुकूल र गतिशील पात्र हो । सानैमा टुहुरो भएकाले उसले मागेर र अर्काको घरमा गाईवस्तु चराएर बाल्यकाल बिताएको छ । ऊ गरिब वर्गको प्रतिनिधि पात्र हो । टुहुरो केटाले गाउँलेकै एकजना धनी मानिसको साथ पाएको छ । उसलाई गरुडले आकाशमा पुऱ्याएर अप्सरासँग विवाह गरिदिएको छ । त्यसपछि मात्र उसको जीवनमा सुख आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कथामा उपस्थित भएको टुहुरो मञ्चीय तथा बद्ध पात्र हो ।

यस कथामा पनि पशुसम्बन्धी अभिप्रायको प्रयोग गरिएको छ । गरुड जादुमय पक्षी हो । गरुड कथाको प्रमुख मानवेतर पात्र हो । उसमा देवतामा हुने शक्ति रहेको छ । मानिसको बोली बुझ्ने र मानिसलाई सहयोग गर्ने सहभागीका रूपमा उपस्थित भएको

गरुडले टुहरो केटाको जीवनमा परिवर्तन ल्याएको छ । उसले टुहुरो केटालाई अप्सरासँग विवाह गराउने वातावरण तयार पारेको छ । गरुड अनुकूल प्रवृत्तिको सहभागी हो । उसमा अद्‌भुत शक्ति रहेको छ । टुहुराकी श्रीमती सहायक महिला सहभागीका रूपमा कथामा उपस्थित भएकी छे । ऊ अप्सरा भएकीले टुहुरोसँग विवाह गरेर टुहुराको जीवनमा प्रसस्त धनसम्पत्ति प्राप्त भएको छ । उसले दुःख पाएको टुहुरोलाई साथ दिएकी छे । अप्सरा अनुकूलप्रवृत्तिकी मञ्चीय सहभागी हो ।

टुहुराको मालिक अनुकूल प्रवृत्तिको पुरुष सहभागी हो । उसले आमाबुवा गुमाएर दुःख पाएको टुहुरोलाई आश्रय दिएर उपकार गरेको छ । ऊ गतिशील, मञ्चीय र बद्ध पात्र हो । मुखिया गाउँको गन्यमान्य व्यक्ति हो । उसलाई सम्पत्तिको घमण्ड हुन्छ । ऊ प्रतिकूल चरित्रको सहभागी हो । धनी वर्गको प्रतिनिधित्व गर्ने मुखिया मञ्चीय पात्र हो । टुहुरोले अप्सराजस्ती श्रीमती भित्र्याएको थाहा पाएर टुहुराको टुघर पुग्दा अप्सरालाई देखेर मुखिया बेहोस भएको छ । उसलाई टुहुराकी श्रीमतीले सुनको पङखाले हम्केर होसमा ल्याएपछि गरिब भनेर कसैलाई हेप्न हुन्न भन्ने ज्ञान प्राप्त भएको छ । यसबाहेक गाउँलेहरू पनि कथाका सहभागी हुन् । उनीहरूले टुहुरो केटोकी श्रीमती अप्सराजस्तै छे भनेर मुखियालाई सुनाएका छन् । यसबाहेक कथामा यिनीहरूको खासै भूमिका छैन । यसरी हेर्दा थामा आउका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, मौलिक र स्वाभाविक बनाएका छन् । सहायक र गौण पात्रले कथानकको विकासलाई खाँदिलो बनाएका छन् ।

### ३.३.३ परिवेश

'टुहुराका दिन फर्किन्छन्' लोककथामा कालिक परिवेशका रूपमा गाउँमा मुखियाले शासन गर्ने, गाईवस्तु पालेर जीविकोपार्जन गर्ने, कुनै काम गर्दा वाचा खानुपर्ने, सुनको पङ्खाले हम्किँदा होस फर्किने, दीनदुःखीलाई ईश्वरले हेर्छन् भन्ने विस्वास गर्ने समाज रहेको छ । यस लोककथामा स्थानिक परिवेशका रूपमा गाउँघर, वनजङ्गल, आकाश, भव्य महल जस्ता स्थानहरू आएका छन् । कथामा सामान्य समयका रूपमा बिहान, दिउँसो, राति आएका छन् भने विशिष्ट कथास्थलका रूपमा अप्सरा बस्ने स्वर्गजस्तो स्थान आएको छ । प्रस्तुत लोककथाको वातावरण सुरुमा दुःखद र त्यसपछि सुखद रहेको छ । कथाको सुरुमा आमाबुवा मरेर टुहुरो भएको केटाले मध्य भागमा आइपुग्दा आफूले माया गरेर चराएको गाई पनि गुमाउँछ । अन्त्यमा गरुडका भालेपोथीले अप्सरासँग विवाह गराएपछि टुहुराको जीवनमा खुसी छाएको सुखद प्रसङ्गसँगै कथा समाप्त भएको छ ।

### ३.३.४ उद्देश्य

लोककथा भन्न वा सुनाउन केही न केही उद्देश्य राखिएको हुन्छ । यो सामाजिक लोककथा भएकाले यसमा नेपाली लोकजीवनलाई प्रस्तुत गरिएको छ । यस लोककथाको मूल उद्देश्य अर्ती वा उपदेश प्रदान गर्नु हो भने यसले मनोरञ्जन पनि प्रदान गरेको छ । टुहुरो भनेर बासी भातका निस्तो डल्ला खान दिने गाउँले र समाजमा दुःख पाएकालाई हेरविचार गर्नुपर्ने कर्तव्य भुलेको मुखियाले टुहुरो केटाले सुख पाएपछि टुहुराका दिन फर्किन्छन् भन्ने

उक्ति चरितार्थ भएको बुझेका छन् । मानिसको जीवन सधैँ एकैनासले चल्दैन । जीवनमा आरोह अवरोह आइरहन्छ तर दुःख पाउँदा आत्तिनु हुँदैन । निरन्तर कर्म गर्ने मानिसले एक न एक दिन सुख पाउँछ भन्ने शिक्ष प्रदान गर्नु यस लोकककथाको उद्देश्य रहेको छ ।

### ३.३.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककगथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । साना, छोटा र सरल वाक्यको प्रयोगले लोककथालाई सरल बनाएको छ । पिलेन, मनलोग्ने, बालखै, बटुको, गन्धे, जिनिस, जोडा, डडाल्नो, गैगो जस्ता ग्रामीण जीवनमा प्रयोग गरिने शब्दको प्रयोगले लोककथालाई मौलिकता प्रदान गरेको छ । 'त्यो बेला केटो बालखै थ्यो अरे', 'अब तँलाई के दिउँ ?', 'मर्न दे न त', 'तैँले खोजेको जिनिस् नै हामी दिन्छौँ', 'यिनेरलाई छोड्देऊ' जस्ता सरल अनादरबोधक वाक्यको प्रयोगले लोककथालाई अझै सरल र सुबोध्य बनाएको छ । टुहुरो केटो र गरुडका बिचमा संवादात्मक शृङ्खलाको प्रयोग पाइन्छ । यस लोककथाको प्रारम्भ 'एकादेशमा' र अन्त्य सुन्नेलाई सुनको माला...'मा भएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ ।

## ३.४ 'चतुर साहिँलो' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'चतुर साहिँलो' लोककथा धिमाल जातिमा प्रचलित सत्य घटनामा आधारित लोककथा हो । प्रस्तुत कथामा सानै उमेरमा घर छोडेको गरिब र टुहुरो साइँलोले आफ्नो बुद्धि लगाएर एउटा गाउँ नै आफ्नो हातमा पार्न सफल भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ३.४.१ कथानक

एकादेशमा बुढाबुढीका पाँच भाइ छोरा हुनु, छोराहरू सानै हुँदा बुबाको मृत्यु हुनु, आमाको अर्कै मान्छेसँग विवाह भएपछि पाँच भाइ छोराको बिजोग हुनु, जेठो दाजु भागेर जानु, अरू भाइ गाउँकै धनी मान्छेकामा काम गर्न बस्नु, सबै भाइको बिवाह भएपछि अलग-अलग घर बनाएर बस्न थाल्नु, साहिँलो भाइ कमाउन जान्छु भनेर घर छोडेर हिँड्नु, राजाको दरबारमा पुग्नु, बाह्र वर्ष राजाकोमा मिहिनेत गरेर काम गर्नु, त्यसपछि घर जाने मनसाय बनाउनु र राजालाई भन्नु, राजाले साहिँलोको सबै हिसाबकिताब सिपाहीले दिन्छ भन्दा पैसा चोरले लुट्छन्, मेरो परिवारलाई राख्न जग्गाजमिन घर केही पनि छैन त्यसैले सरकारले त्यसको व्यवस्था गरिदिनुहोस् भन्नु, राजासँग जमिन माग्दा मैले जुन ठाउँमा भन्छु त्यही ठाउँमा दिनुपर्छ भनेर सर्त राख्नु, राजाले सर्त मन्जुर गर्नु र साहिँलोले रोजेको जमिन दिन सिपाहीलाई गरिदिनुहोस् भन्नु, राजासँग जमिन माग्दा मैले जुन ठाउँमा भन्छु त्यही ठाउँमा दिनुपर्छ भनेर सर्त राख्नु, राजाले सर्त मन्जुर गर्नु र साहिँलोले रोजेको जमिन दिन सिपाहीलाई अह्राउनु, चारजना सिपाहीसहित हिँडेको साहिँलोले चारवटा झण्डा दिएर पूर्व-पश्चिम उत्तर-दक्षिण आँखाले

देखेसम्मको सिमानामा झण्डा गाड्न लगाउनु र राजासँग मलाई यत्ति जमिन चाहिन्छ भन्नु, राजाले पहिले नै बोलेकाले त्यति जमिन साहिँलोको नाममा गरिदिनु, बाह्र वर्षपछि साहिँलो घर फर्किनु, चारकिल्लाको जमिनसहित साहिँलो फर्केको थाहा पाएर सबै परिवार खुसी हुनु, राजाले दिएको जमिन जङ्गलै जङ्गलले भरिएको हुनु, राम्रो जमिन रोजेर चार भाइले घर बनाउनु, बाँकी जमिनमा फुपू, सानिमा, ठुलेमालाई घर बनाउन दिएर बस्ती विस्तार गर्नु, उक्त गाउँको चर्चा धेरै ठाउँमा चल्नु, सानैमा हराएको जेठो दाजु हात्तीको लावालस्करसहित गाउँमा फर्किनु, गाउँमा जङ्गल र हिलोले भरिएको ठुलो खाडी हुनु, जेठो दाजुले ल्याएका हात्तीले रुख उखेलेर उक्त खाडलमा हाल्नु, खाडल पुरिएपछि बस्ती बसाउनु, सबैजना दाजुभाइ एकै ठाउँमा भेला भएर सुखदुःख साटासाट गर्दै बस्नु जस्ता घटनासँगै कथाको अन्त्य भएको छ ।

'चतुर साहिँलो' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एकादेशमा दुईजना बुढाबुढीका पाँच भाइ छोराहरू हुन्छन् । छोराहरू सानै हुँदा उनीहरूको बुवाको मृत्यु भएपछि आमालाई छोराहरू पाल्नलाई साह्रै कष्ट हुन्छ । अब आउने दिनमा यो परिवार सङ्कटमा पर्नेतर्फ चिनारी भागले सङ्केत गरेको छ ।

**(२) सङ्घर्ष विकास (पहिलो सङ्कटावस्था)**

पाँच भाइकी आमाले एकजना धनी मान्छेसँग विवाह गरेर गएपछि उनीहरू झन् धेरै सङ्कटमा पर्छन् । अलिक समय बितेपछि जेठो भाइ घर छोडेर हिँड्छ । अरू भाइ चाहिँ बस्दाबस्दै एउटा धनी मानिसकामा पुग्छन् । तिनीहरूमध्ये काम गर्न सक्ने चाहिँ बाहिरको काम गर्ने, कोही गाईवस्तु चराउने, कसैले घरको काम गर्ने र कसैले नानी हेर्ने काम गरेर बस्न थाल्छन् । तिनीहरूले उमेर पुगेपछि विवाह गर्छन् र अर्केको एउटा जग्गामा छुट्टा-छुट्टै घर बनाएर बस्न थाल्छन् ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

केही समयपछि साहिँलो चाहिँ बिदेश कमाउन जान्छु भनेर हिँड्छ । जाँदा जाँदा ऊ धेरै टाढाको एउटा ठुलो दरबारमा पुग्छ । दरबारमा बिन्ती बिसाएपछि उसले त्यही दरबारमा काम पाउँछ । त्यहाँका राजा साह्रै असल र दयालु भएकाले साहिँलो दस बार वर्ष त्यही राजाकामा काम गरेर बस्छ । एक दिन उसले घर नगएको पनि धेरै भयो, घरमा परिवारको अवस्था के छ बुझेको पनि छैन । अब एकपल्ट घर गएर आउनु पर्यो भनेर राजासँग बिन्ती बिसाउँछ ।

**(४) तेस्रो सङ्कटावस्था**

राजाले साहिँलोलाई तिमीले आजसम्म यहाँ बसेर काम गरेको हिसाब गरेर दाम दिन मेरो सिपाहीलाई भन्छु, तिमी दाम लिएर घर जाऊ भनेर भन्छन् । तर साहिँलाले पैसा लिन इन्कार गर्छ । आफ्नो घर जाँदा जङ्गलको बाटो जानुपर्न र धेरै पैसा देखेपछि बाटैमा चोरहरूले मार्नसक्ने कुरा बताउँछ । परिवारहरू अरूकै जग्गामा बसेकाले बस्ने ठाउँको व्यवस्था मिलाईदिनुहोस् भनेर बिन्ती बिसाउँछ ।

**(५) चौथो सङ्कटावस्था**

साहिँलोको कुरा सुनेर राजाले पनि मैले के गर्नुपर्छ भनेर सोध्छन् । उसले मैले जुन ठाउँमा भन्छु त्यही ठाउँमा जमिन दिनुपर्छ भन्छ । राजाले सिपाहीलाई बोलाएर साहिँलोले जे भन्छ त्यो गरिदिनु भनेर आदेश दिन्छन् । साहिँलोले आफूसँग पाँचवटा झण्डा पनि बोकेर ल्याएको हुन्छ । त्यसपछि चारजना सिपाहीलाई ती झन्डा दिएर एउटा सिपाहीलाई आँखाले देखुन्जेलसम्म पूर्व जान र सिटी बजेपछि त्यो झण्डा त्यहीँ गाड्नु भनेर भन्छ । अर्को सिपाहीलाई पश्चिम, अर्को सिपाहीलाई उत्तर र चौथो सिपाहीलाई दक्षिण दिशातिर जान र सिटी बजेपछि झन्डा गाड्न अराउँछ । ती सिपाहीहरूले आँखाले देखुन्जेलसम्म जमिनमा झन्डा गाडेपछि हजुर मलाई यत्ति जमिन चाहिन्छ भनेर भन्छ । साहिँलोको चतुरता देखेर ती सिपाहीहरू छक्क पर्छन् । राजाले अगाडि नै हुन्छ त भनेकाले सिपाहीहरूले केही नभनी त्यति जमिन उसैको नाम गरिदिन्छन् ।

**(६) पाँचौँ सङ्कटावस्था**

जग्गा पाएपछि साहिँलो घर फर्किन्छ । धेरै लामो समयपछि आफ्नो भाइ घर फर्केर आएको थाहा पाएपछि सबै जना खुसी हुन्छन् । उसले आफू बार वर्षसम्म राजाको दरबारमा बसेर काम गरेको र त्यसैको साटो आफूले चारकिल्लाको जमिन पाएको कुरा सुनाउँछ । त्यो बेलामा उक्त जमिन जङ्गलै जङ्गलले भरिएको हुनाले अब यो जङ्गलमा बस्ती बसाल्नु पर्छ भनेर ती दाजुभाइले सोच्छन् र आफूले राम्रो र सम्म परेको जमिन रोजेर घर बनाएर बस्छन् ।

**(७) छैटौँ सङ्कटावस्था**

आफ्नो र दाजुभाइको घर बनेपछि साहिँलो मावली घर जान्छ र मामालाई आफूले राजाबाट धेरै जमिन पाएको र त्यो जमिनमा बस्ती बसाउने इच्छा भएकाले मामालाई पनि पश्चिम किल्लाबाट जति जमिन चाहिन्छ त्यति लिन र त्यही जमिनमा घर बनाएर बस्न भन्छ । फुपूको घर गएर फुपूलाई दक्षिण किल्लाबाट जति जमिन चाहिन्छ त्यति लिनु र त्यही जमिनमा घर बनाएर बस्नू भन्छ । सानीमाकोमा पुगेर सानीमालाई उत्तर किल्लाबाट जति जमिन चाहिन्छ, त्यति लिनु र त्यही जमिनमा घर बनाएर बस्नु भन्छ । तीनवटा किल्लामा मामा फुपू र सानिमालाई राखेपछि त्यहाँ तीनवटा बस्ती बस्छ । आफूचाहिँ पूर्वी किल्लामा गएर बस्ती बसाउँछ । उसको बस्तीमा आफ्ना दाजुभाइ आफ्नो ससुराली, दाजुभाइका ससुराली सबै मिलेर बस्न थालेपछि त्यो गाउँको धेरैतिर चर्चा चल्छ । यो खबर उसको जेठो दाजुसम्म पुग्छ ।

### ३. अन्त्य

#### (८) सङ्घर्ष ह्रास

आफ्नो भाइले एक्लै धेरै प्रगति गरेको थाहा पाएर जेठो दाजुलाई आफूले सानैमा छोडेर हिँडेका दाजुभाइ कसरी बसेका होलान् भनेर जान्न मन लाग्छ । ऊ पनि सोध्दै सोध्दै दाजुभाइ बसेको ठाउँमा आउँछ । हात्तीमा सवार भएको अनौठो मान्छे देखेर ती दाजुभाइले सोधीखोजी गर्दा धेरै वर्ष अगाडि सानैमा आफूलाई छोडेर हिँडेको दाजुलाई हात्तीको जमदार माउते भएर आएको थाहा पाउँछन् र सबैजना दङ्ग पर्छन् ।

#### (९) उपसंहार (फलप्राप्ति)

गाउँको वरिपरि ठुलो जङ्गल भएकाले ठुला ठुला जङ्गली जनावरको बिगबिगी हुन्छ । दाजुभाइले हामीले जमिन त पायौँ तर यो जङ्गलमा केही गर्न सकेनौँ भनेर ठुलो दाजुसँग भन्छन् । हिलो र पानीले भरिएको एउटा ठुलो खाल्डो भएकाले त्यो खाल्डोमा अर्नाहरू आहाल बस्न आउँथे । दाजुले लावालस्कर लाएर ल्याएका हात्तीहरूलाई त्यो जङ्गलका रूख उखेलेर त्यो खाल्डोमा भर्न अराउँछ । हात्तीहरूले पनि त्यस जङ्गलका रूख सुँडले बटारेर लाँदै खाल्डो पुरेपछि सबै दाजुभाइ खुसीसाथ एकै ठाउँमा बस्छन् । यसरी लोककथाको सुखद अन्त्य हुन्छ । सुखदुःख जीवनका दुई पाटा हुन् । मानिसले दुःखमा पनि सम्हालिएर कर्म गर्नु पर्छ । मानिसले दुःख पर्दा हिम्मत हारेन भने अवस्य सुख प्राप्त गर्न सक्छ भन्ने कुरा देखाएर कथा सकिएको छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

### ३.४.२ सहभागी

'चतुर साहिँलो' धेरै सहभागीहरू भएको कथा हो । यस कथामा पाँच भाइ दाजुभाइ, उनीहरूका श्रीमतीहरू, आमा, राजा र सिपाहीहरू सहभागीका रूपमा आएका छन् । यो लोककथा साहिँलोले चलाखी र बुद्धिमतापूर्वक गरेको कामको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा साहिँलो आएको छ । राजा, जेठो दाजु र हात्ती सहायक पात्रका रूपमा सहभागी भएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ५**

**'चतुर साहिँलो' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| आमा | - | + | - | - | + | - | + | + | - | - | + | + | - | - | + |
| साहिँलो | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| राजा | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| जेठो दाजु | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| दाजुभाइहरू | + | - | - | - | + | + | - | - | + | - | + | + | - | + | - |
| दाजुभाइका श्रीमतीहरू | - | + | - | - | + | + | - | + | - | - | + | + | - | - | + |
| सेनाहरू | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| हात्ती | - | - | - | + | - | - | - | - | - | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ आमा, साहिँलो, राजा, साहिँलोको जेठो दाजु, दाजुभाइहरू, दाजुभाइका श्रीमतीहरू, सेनाहरू र हात्ती जस्ता जस्ता सहभागीहरू आएका छन् । साहिँलो कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू साहिँलोको केन्द्रीयतामा घटेका छन् । साहिँलो चतुर तथा अनुकूल पात्र हो । ऊ गतिशील पात्र हो । आमाले छोडेपछि अर्काको घरमा बसेर काम गर्दागर्दा दिक्क भएको साहिँलो कमाइ गर्न भनेर परदेश गएको छ । राजाकोमा बसेर काम गरेपछि तलबको रूपमा बुद्धिमतापूर्वक चारकिल्ला बाँधेर जमिन हात पार्न सफल भएको छ । यसर्थ उसलाई चलाख र धूर्त पात्रका रूपमा कथामा उपस्थित गराइएको छ । कथाको सुरुदेखि अन्त्यसम्म साहिँलोको महत्त्वपूर्ण भूमिका रहेकाले ऊ बद्ध र मञ्चीय पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा साहिँलो वर्गीय पात्र हो । उसले निम्न वर्गको प्रतिनिधित्व गरेको छ ।

कान्छाकी आमा कथाकी महिला सहभागी हो । श्रीमानको मृत्यु भएपछि आफ्ना पाँच भाइ छोराको लालनपालन गर्न नसकेर धनी मानिससँग विवाह गरेर जाने आमा गतिशील पात्र हो । आमाको स्वार्थी स्वभावका कारण पाँच भाइ छोराले अर्काकोमा नोकर भएर खानुपरेको छ । कथाको आदि भागमा मात्र आमाको उपस्थिति देखिन्छ । ऊ मञ्चीय र बद्ध पात्र हो ।

कान्छाको जेठो दाजु सहायक पुरुष पात्र हो । कथाको सुरुमा नेपथ्य पात्रको रूपमा रहेको जेठो दाजु कथाको अन्त्यमा हात्तीको लावालस्करसहित साहिँलो भाइले बस्ती बसाएको ठाउँमा आएको छ । खानलाउन दुःख भएपछि घर छोडेको उसको स्वभाव स्वार्थी किसिमको देखिन्छ । भाइले प्रगति गरेको थाहा पाएपछि मात्र ऊ गाउँ फर्केर आएको छ । कथाको अन्त्यमा भने दाजुभाइले अनुरोध गरेपछि आफूसँग ल्याएका हात्ती प्रयोग गरेर गाउँमा भएको भास र खाल्डो पुर्न सहयोग गरेको छ । ऊ व्यक्ति पात्र हो ।

राजा कथाको सहायक पुरुष पात्र हो । उसले साहिँलोलाई काम दिएर उपकार गरेको छ । राजाकै कारण साहिँलोले चारकिल्ला जग्गा प्राप्त गरेको छ । राजा वर्गीय पात्र हो । राजाका सेनाहरू पुरुष सहभागी हुन् । कथामा साहिँलोले भनेजति जग्गा नापेर दिनेबाहेक उनीहरूको अरू भूमिका छैन । सेनाहरू गौण, मञ्चीय र मुक्त पात्र हुन् । कथमा सहभागी भएका मानवेतर पात्र हात्तीहरूले गाउँमा भएको खाल्डो पुरेर सहयोगी भूमिका निर्वाह गरेका छन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र रोचक बनाएका छन् ।

### ३.४.३ परिवेश

'चतुर साहिँलो' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । गरिब भएर खान लगाउन दुःख भएको कारुणिक परिवेश कथामा आएको छ भने लोककथाको स्थानिक परिवेशका रूपमा जङ्गल, गाउँ, दाजुभाइको घर, राजाको दरबार आदि आएका छन् । कथाको आदि भागमा बुवाको मृत्यु भएपछि दुःखमा डुबेको बेला नाबालक छोराछोरी छोडेर आमाले पनि अर्को विवाह गर्दा छोराहरू झन् दुःखमा फसेको कारुणिक परिवेश कथामा आएको छ । कथाको मध्य भागमा खान लाउन दुःख भएपछि घर छोडेर साहिँलो भाइ हिँड्दा

कारुणिक भाव उत्पन्न हुन्छ । अन्त्यमा भने छुट्टिएका जेठो र साहिँलो भाइ भेट भएर सुन्दर गाउँको निर्माण गरेर बसेको सुखद परिवेशसँगै कथाको समाप्त भएको छ ।

### ३.४.४ उद्देश्य

यस कथाको उद्देश्य योजना बनाएर काम गर्दा सफलता प्राप्त हुन्छ भन्ने सन्देश दिनु हो । दुःख सधैँ रहँदैन, दुःखपछि सुख पनि आउँछ । टुहुराका पनि दिन फिर्छन् । दाजुभाइबिचको सम्बन्ध राम्रो भयो भने सबैले सम्मान गर्छन् भन्ने उपदेश पनि दिन खोजिएको छ । जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय पनि सँगसँगै निस्किन्छ । साहिँलो भाइले बक्सिसमा पाएको जमिनमा भएको खाल्डो कसरी पुर्ने भनेर सोचिरहेका दाजुभाइले जेठो दाजुले ल्याएको हात्तीको सहयोगमा खाल्डो पुरेर बस्ती बसाउन सफल भएका छन् । प्रस्तुत कथाले दाजुभाइबिच राम्रो सम्बन्ध र मेलमिलाप भएमा जस्तोसुकै कठिन परिस्थिति पनि सहज भएर जान्छ । मानिसले योजना बनाएर काम गर्दा र भाग्यले साथ दिँदा नसोचेको सुख प्राप्ति हुन्छ भन्ने सन्देश दिइएको छ ।

### ३.४.५ भाषाशैलीगत विन्यास

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङग सङ्गति नमिलेका वाक्यको प्रयोग भएको पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । उच्च आदरार्थी सर्वनाम तपाइँ, मध्यम आदरार्थी सर्वनाम तिमी र अनादरवाची सर्वनाम 'तँ' पनि प्रयोग भएको छ । बोलीचालीका शब्दको प्रयोग भएको यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'चतुर साहिँलो' लोककथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । यस कथाको भाषा सरल र सुबोध्य रहेको छ ।

## ३.५ 'लोभीको कथा' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'लोभीको कथा' धिमाल जातिमा प्रचलित छोटो आयामको लोककथा हो । प्रस्तुत कथामा देखासिकी र लोभले गर्दा आफूसँग भएको कुरा पनि सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । खानलाउन धौधौ पर्दा भगवान्सँग पुकारा गर्ने नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको यस कथामा दाजुभाइबिच हुने प्रतिष्पर्धा र देखासिकीलाई देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू, कथानक,सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ३.५.१ कथानक

एकादेशमा दाजुभाइ हुनु, भाइ सोझो हुनु, दाजु फटाहा हुनु, तिनीहरू साह्रै गरिब भएकाले खान लाउन धौधौ हुनु, छोराछोरीलाई खुवाउन नपाएको कान्छो भाइ

निराश भएर जङ्गलतिर लाग्नु, जङ्गलमा ठुलो पिपलको रुखको फेदमा बस्नु, एकजना मान्छे त्यहीँ आएर निराश हुनुको कारण सोध्नु, आफू गरिब भएकाले खान, लगाउन केही पनि नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउनु, त्यो मान्छेले कान्छालाई तीनवटा कौडा दिएर चाहिएको कुरा माग्न भन्नु र कान्छो घर फर्किनु, भोलिपल्ट बिहान नुहाइधुवाइ गरेर लिपेको आँगनमा कान्छाकी श्रीमतीले तीनवटा कौडाराख्नु, हात जोडेर पहिला अन्नपात, दोस्रोमा जग्गाजमिन र तेस्रोमा राजाको जस्तै हात्तीको लावा लस्कर माग्नु, उसले मागेजस्तै सबै सामानले घर भरिभराउ हुनु, तीनवटा कौडा पनि सकिनु, घरमा धन सम्पत्ति पूरा भएपछि दाजुको घरबाट माना पाथी मागेर सम्पत्ति नापजोख गर्नु, केही असर्फी माना पाथीको फेदमा गोबरमा टाँसेर दाजुकोमा पठाउनु, असर्फी देखेर दाजु लोभिनु, कसरी असर्फी आयो भनेर भाइलाई सोध्नु, भाइले सबै घटना बताउनु, दाजु पनि भाइको जस्तै गरेर जङ्गलमा गएर पिपलको रुखमुनि बस्नु, एकजना मान्छे त्यहीँ आएर निराश हुनुको कारण सोध्नु, आफू गरिब भएकाले खान, लगाउन केही पनि नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउनु, त्यस मान्छेले जेठो दाजुलाई तीनवटा कौडा दिएर चाहिएको कुरा माग्न भन्नु, जेठो दाजु घर फर्किनु, श्रीमतीलाई नुहाइधुवाइ गर्न लागाएर लिपेको आँगनमा कौडा राखी मनका इच्छा के के छन्, पूरा होस् भनेर माग्न भन्नु, श्रीमतीले नाकको फुली माग्नु, दाजु रिसाएर उता भाइ बुहारीले त्यत्रो घर सम्पत्ति पाए, तैँले चाहिँ नाथे फुली मागिस् भनेर कराउनु, श्रीमती रिसाएर चाक (पुच्छर) माग्नु त भन्नु, श्रीमतीको अनुहारभरि चाक आउनु, बाँकी कौडा फ्याँकेर चाक (पुच्छर) जा भन्नु, सबै कौडा सकिनु र दाजुको परिवार जस्ताको त्यस्तै भएको देखाएर कथाको अन्त्य भएको छ ।

'लोभीको कथा' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

### १. आदि

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

#### (१) चिनारी

छोराछोरीलाई खुवाउन नपाएको कान्छो भाइ निराश भएर जङ्गलतिर लाग्छ । जङ्गलमा ठुलो पिपलको रुखको फेदमा चिन्तामा डुबेर बस्छ । यो कथाको चिनारी भाग हो । गरिब भएकाले गरिबीको समस्या समाधान गर्न घर छोडेर हिँडेको कुरा चिनारी गराइएको छ ।

#### (२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)

मध्य जङगलमा पिपलको रुखको फेदमा बसिरहेको बेला एकजना मान्छे त्यही बाटो गरेर कान्छो बसेको ठाउँमा आउँछ र आएर निराश हुनुको कारण सोध्छ । कान्छाले आफू गरिब भएकाले छोराछोरीलाई खान लगाउन केही पनि दिन नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउँछ । त्यस मान्छेले कान्छालाई तीनवटा कौडा दिएर चाहिएको कुरा

माग्न भन्छ । कान्छो तीनवटा कौडा लिएर फर्केसँगै कथाको पहिलो सङ्कटावस्था समाप्त हुन्छ र सङ्घर्षविकास सुरु हुन्छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

भोलिपल्ट बिहान नुहाइधुवाइ गरेर लिपेको आँगनमा कान्छाकी श्रीमतीले तीनवटा कौडा राखेर हात जोड्छे र सबैभन्दा पहिले अन्नपात, दोस्रोमा जग्गाजमिन र तेस्रोमा राजाको जस्तै हात्तीको लावा लस्कर माग्छे । उसले मागेजस्तै सबै सामानले घर भरिभराउ हुन्छ । मान्छेले कान्छालाई दिएका तीनवटा कौडा पनि सकिन्छन् ।

**(४) तेस्रो सङ्कटावस्था**

घरमा धन सम्पत्ति पूरा भएपछि दाजुको घरबाट माना पाथी मागेर सम्पत्ति नापजोख गर्छन् । भाइले केही असर्फी माना पाथीको फेदमा गोबरले टाँसेर दाजुकोमा पठाउँछ ।

**(५) चौथो सङ्कटावस्था**

असर्फी देखेर दाजु लोभिन्छ र कसरी असर्फी आयो भनेर भाइलाई सोध्छ । कान्छाले दाजु र भाउजू मिलेर खान लाउनै नदिएपछि जङ्गलमा गएर पिपलको रुखको फेदमा बसेदेखि कौडा पाएसम्मको सबै घटना बताउँछ । दाजुलाई पनि सम्पत्ति कमाउने रहर लाग्छ र ऊ पनि भाइ जस्तै जङ्गलमा गएर पिपलको रुखमुनि बस्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

एकजना मान्छे पिपलको रुखमुनि आएर निराश हुनुको कारण सोध्दा आफू गरिब भएकाले खान, लगाउन केही पनि नसकेको कारण दुःखी भएर निराश भएको कुरा बताउँछ । त्यस मान्छेले दाजुलाई पनि तीनवटा कौडा दिएर तिम्री श्रीमतीलाई नुहाइधुवाइ आँगन लिप्न लगाउनु र यी कौडा राखेर चाहिएको कुरा माग्न भन्नु भनेर अह्राउँछ । जेठो दाजु कौडा लिएर घर फर्किएसँगै कथाको मध्य भाग समाप्त हुन्छ र कथा सङ्घर्षह्रासतर्फ अगाडि बढ्छ ।

**३. अन्त्य**

**(७) सङ्घर्ष ह्रास**

घर पुगेपछि जेठो दाजुले आफ्नी श्रीमतीलाई नुहाइधुवाइ गर्न लगाएर लिपेको आँगनमा कौडा राखी मनका इच्छा के के छन्, पूरा होस् भनेर माग्न अह्राउँछ । श्रीमतीले लोग्नेले अह्राए झैँ नुहाइधुवाइ गर्छे र आँगन लिपेर आँगनको बिचमा कौडा राख्छे अनि हात जोडेर नाकको फुली माग्छे । उसको नाकमा एउटा फुली आउँछ । बुढो रिसाउँछ र के मागेकी यस्तो ? उता भाइ बुहारीले यही कौडासँग मागेर त्यत्रो घर सम्पत्ति पाए तैँले चाहिँ नाथे फुली मागिस् भनेर कराउँछ । यति भन्दा एउटा कौडा उडिसकेको हुन्छ । बुढो रिसाएपछि बुढीलाई पनि रिस उठ्छ र के माग्नु त ? चाक (पुच्छर) माग्नु ? भन्दै रिसाउँछे ।

फेरि एउटा कौडा उड्छ र बुढीको अनुहार ढाक्ने गरी चाक आउँछ । यस प्रसङ्गबाट कथाको सङ्घर्ष ह्रास भइ कथा एकदमै अन्त्यमा पुग्छ ।

**(८) उपसंहार (फलप्राप्ति)**

अनुहारभरि चाक आएपछि जेठो दाजुकी श्रीमतीलाई अब के गर्ने भनेर आपत आइलाग्छ । बाँकी भएको एउटा कौडा छोएर मेरो अनुहारमा आएको चाक जा भन्छे । यसो भन्दा उसको अनुहारमा आएको चाक तथा कौडा पनि उडेर जान्छ । त्यसपछि सबैथोक सकिएर ती दाजुभाउजू पहिलाको जस्तै बन्छन् । यसरी कथा समाप्त हुन्छ । आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ । अर्काको सम्पत्तिमा लोभ गऱ्यो भने अझै दुःख थपिन सक्छ । अरूले जे गरे त्यसैको पछि लाग्दा आफूसँग भएको कुरा पनि गुम्छ भन्ने सन्देश यस कथाले दिएको छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

**३.५.२ सहभागी**

'लोभीको कथा' सीमित सहभागीहरू भएको कथा हो । यस कथामा दुई भाइ दाजुभाइ, उनीहरूका श्रीमती र कौडा दिने मान्छे सहभागीका रूपमा आएका छन् । यो लोककथा दुई दाजुभाइ र उनीहरूका श्रीमतीको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा कान्छो भाइ र कौडा दिने मान्छे आएका छन् । जेठो दाजु र श्रीमतीहरू सहायक पात्रका रूपमा सहभागी भएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ६**

**'लोभीको कथा' कथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| जेठो दाजु | + | - | - | + | - | - | + | + | - | - | + | - | + | + | - |
| कान्छो भाइ | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| जेठी भाउजू | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| कान्छाकी श्रीमती | - | + | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| कौडा दिने मान्छे | + | - | + | - | - | + | - | - | + | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ जेठो दाइ, कान्छो भाइ, भाउजू, कान्छाकी श्रीमती र जङ्गलमा भेटिएको कौडा दिने मान्छे जस्ता सहभागीहरू आएका छन् । कान्छो भाइ कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू कान्छो भाइको केन्द्रीयतामा घटेका छन् । कान्छो सोझो तथा अनुकूल पात्र हो । उसले कौडासँग मागेर प्राप्त गरेको असर्फीबाट अलिकति असर्फी गोबरमा टाँसेर श्रीमतीले थाहा नपाउने गरी दाजुको घर पठाएको छ । यसर्थ उसलाई मनकारी पात्रका रूपमा कथामा उपस्थित गराइएको छ । ऊ गतिशील पात्र हो । गरिबीलाई खपेर बस्न नसकेपछि समस्याको समाधान गर्न ऊ बाहिर निस्किएको छ । आफ्ना छोराछोरीलाई लगाउन र खान दिन नसकेपछि खानेकुराको खोजीमा निस्किएको कान्छो सचेत व्यक्ति पात्र हो । उसले

कथामा गरेका कार्यव्यापारसँगै कथानक विस्तार भएकाले कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेको छ । त्यसैले कान्छो भाइ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छो वर्गीय पात्र हो । उसले निम्नवर्गको प्रतिनिधित्व गरेको छ । कान्छाको दाजु सहायक पुरुष पात्र हो । स्वभावले ऊ बाठो भए पनि लोभी प्रवृत्तिको प्रतिकूल पात्रका रूपमा कथामा उपस्थित भएको छ । खानलाउन त्यति दुःख भए पनि उसले कान्छो भाइको जस्तै सम्पत्ति कमाउन पिपलको रुखमा गएर बसेको छ र कौडा लिएर घर आएको छ । अर्काको सम्पत्ति देखेर जलन हुने दाजु गतिशील पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म जेठो दाजुको उपस्थिति रहेकाले ऊ बद्ध र मञ्चीय पात्र हो । उसले भाइको देखासिकी गरेको कारण उही कौडा प्रयोग गरे पनि उत्ति नै सम्पत्ति प्राप्त हुन सकेन । कान्छाकी जेठी भाउजू सहायक महिला पात्र हो । कथाको मध्यतिर मात्रै उसको उपस्थिति देखिन्छ । त्यसपछि अन्त्यसम्म उसको कार्यव्यापारको सेरोफेरोमा कथा अगाडि बढेकाले ऊ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छाकी भाउजू व्यक्ति पात्र हो । देवर देउरानीले प्रशस्त धनसम्पत्ति प्राप्त गरेको थाहा पाएर उसलाई पनि आफ्नो रहर पूरा गर्न मन लाग्नु स्वाभाविक नै हो तर उसको नसोची अपशब्द बोल्ने बानीले उही कौडा प्रयोग गरे पनि देवरको जति सम्पत्ति प्राप्त हुन सकेन बरु उसको अनुहारभरि चाक (पुच्छर) आयो । ऊ गतिहीन पात्र हो । आफ्नो बोलीकै कारण उसले सजाय पाई तर घरमा के अभाव छ भन्ने कुरा सोच्न सकिन र लोग्नेको गाली खाई । कान्छाकी श्रीमती बाठी महिला पात्र हो । ऊ अनुकूल प्रवृत्तिकी छे । श्रीमानले भनेको कुरा हुबहु गरेर घरमा प्रशस्त धनसम्पत्ति ल्याउन सफल भएकी छे । ऊ धैर्य राखेर काम गर्नसक्ने स्वभाव भएकी गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छाकी श्रीमतीले निम्नवर्गको प्रतिनिधित्व गरेकी छे भने कथाको मध्यभागमा उपस्थित भएर कथालाई अगाडि बढाएकीले ऊ बद्ध र मञ्चीय पात्रका रूपमा सहभागी भएकी छे ।

कौडा दिने मान्छे कथालाई रोचक बनाउने प्रमुख पुरुष पात्र हो । यस कथामा कौडालाई जादुटुनामुनायुक्त अभिप्रायका रूपमा प्रयोग गरिएको छ । कौडा दिने मान्छेले कान्छोलाई कौडा दिएर उपकार गरेको छ । ऊ अनुकूल प्रवृत्तिको व्यक्ति पात्र हो । कथामा एकछिन् मात्र उपस्थित भएर अगिल्लोपल्ट गरेकै काम दोहाऱ्याएको छ । स्वभावका दृष्टिकोणले ऊ गतिहीन पात्र हो भने कथामा थोरै समय उपस्थित भएर पनि उसको सहयोगले कान्छाको जीवन परिवर्तन भएको छ । आसन्नता र आबद्धताका आधारमा ऊ मञ्चीय र बद्ध पात्र हो । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, हाँसउठ्दो र रोचक बनाएका छन् ।

### ३.५.३ परिवेश

'लोभीको कथा' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । गरिब भएर खान लगाउन दुःख भएको कारुणिक परिवेश कथामा आएको छ भने लोककथाको स्थानिक परिवेशका रूपमा जङ्गल, पिपलको रुख, गाउँ, दाजुभाइको घर आदि आएका छन् । खान

लाउन दुःख भएपछि कान्छो घर छोडेर हिँड्दा कारुणिक भाव उत्पन्न हुन्छ भने प्रशस्त धन सम्पत्ति पाएर खुसी भएको बेला सुखद परिवेश आउँछ । दाजुको परिवार जस्ताको त्यस्तै भएर दुःखी छ । जेठो दाजुकी श्रीमतीको बोली अश्लील भएको र कौडा फाल्दा अनुमानै नगरिएको अनौठो घटना भएकाले कथा हाँसोलाग्दो भएको छ ।

### ३.५.४ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु तथा ढङ्ग पुऱ्याएर काम नगर्दा दुःख पाइन्छ भन्ने सन्देश दिनु हो । भाग्य राम्रो भएपछि दुःख सधैँ रहँदैन, दुःखपछि सुख पनि आउँछ । गरिबका पनि दिन आउँछन् । मौका एकपल्ट मात्र आउने हुँदा पाएको अवसरको सदुपयोग गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । एउटै तरिकाले कौडा फालेर चाहिएको कुरा माग्दा कान्छाको परिवारमा खुसी मिलेको छ भने जेठी भाउजूले आफूलाई के आवश्यक छ भन्ने कुरा थाहा नपाई पहिला फुली र पछि चाक आइज भन्ने त भनेर रिसाउँदै अश्लील कुरा गरेकाले अनुहारभरि चाक आएर विरूप भएकी छे । त्यसैगरी अर्काको प्रगति देखेर उही बाटो अपनाउँदा आफ्नो पनि प्रगति हुन्छ भन्ने छैन । भाग्यमा छैन भने भागमा आएको कुरा पनि सकिन्छ भन्ने देखाइएको छ ।

### ३.५.५ भाषाशैलीगत विन्यास

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा चाकजस्तो अश्लील शब्दका साथै उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । खै हौ !, हे नारायण !, हे प्रभु !, हे भगवान् ! जस्ता विष्मयादिबोधक शब्दको प्रयोग गरिएको छ भने खान्तेपिन्ते, सरसफा, गरो, तेइ, वाँ, जस्ता बोलीचालीका शब्दको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'लोभीको कथा' लोककथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले समय र साधनको सही प्रयोग गर्नु पर्छ नत्र पछुताउनुपर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा केही अश्लील शब्द बाहेक सरल, सुबोध्य शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

## ३.६ निष्कर्ष

दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये यस परिच्छेदमा चारवटा सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यी लोककथाहरूमध्ये आयामका दृष्टिकोणले 'कोडीका पनि दिन फर्किन्छन्' र 'टुहुराका दिन फर्किन्छन्' लामो आयाम भएका लोककथा हुन् । 'लोभीको कथा' र 'चतुर साहिँलो' छोटो आयाम भएका

लोककथा हुन् । छोटा वाक्य र सरल, सहज बोलीचालीको भाषा प्रयोग गरिएका यी लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । समाजमा वर्ग विभाजन छ भन्ने कुरा महल, झुपडी जस्ता संरचना र हात्ती पाल्ने तथा हात्ती चढेर सिकार खोज्न जाने मुखिया, मुखियाले अह्राएको मान्ने नोकरचाकर पात्रका माध्यमबाट प्रस्ट पारिएको छ । वनजङ्गल, भीरपाखा, ईश्वरप्रतिको विश्वास, प्राचीन कालमा सिकार खोजेर खाने परम्परा, गाउँले जीवनको सुख दुःख, आरोह, अवरोह, उतारचढाव, बहुविवाह, जस्ता सामाजिक कथावस्तुलाई लोककथाले टपक्क टिपेका छन् । घटनाप्रधान तथा चरित्रप्रधान शिल्पले भरिएका यी कथाहरूले विशेष गरी नीति तथा उपदेश दिने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखेका छन् । यी कथाहरूमा पशुपक्षीसम्बन्धी अभिप्राय र जादुटुनामुनासम्बन्धी अभिप्रायको प्रयोग गरिएको छ ।

# चौथो परिच्छेद

# दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण

## ४.१ विषयप्रवेश

विषयका आधारमा लोककथा वर्गीकरणको एउटा आधार अतिप्राकृतिक लोककथा हो । अति प्राकृतिक लोककथा अलौकिक प्रकृतिका हुन्छन् । यस्ता लोककथामा सहभागीहरूले अलौकिक शक्तिद्वारा चामत्कारिक कार्य सम्पन्न गर्छन् । जादु, टुनामुना, तन्त्रमन्त्र, राक्षस राक्षसनी, भूतप्रेत पिशाच, अप्सरा, गन्धर्वका कथाहरू अतिप्राकृतिक कथाभित्र पर्छन् । यस्ता कथाहरू रहस्यात्मक र कुतूहलपूर्ण हुन्छन् । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये चारवटा अति प्राकृतिक लोककथा रहेका छन् । प्रस्तुत शोधपत्रमा 'अल्छे तीनकुरिया', 'चन्द्र सूर्य', 'टुहुरो र लोभी बुढी' तथा 'सात बहिनी र सर्प' लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

## ४.२ 'अल्छे तीनकुरिया' कथाको विश्लेषण

प्रस्तुत 'अल्छे तीनकुरिया' लोककथा धिमाल जातिमा प्रचलित लामो आयामको अतिप्राकृतिक लोककथा हो । प्रस्तुत कथामा अल्छी मान्छेको पनि भाग्य खुल्ने दिन आउँछ भनेर देखाउन खोजिएको छ । पशुलाई मानवीकरण गरिएको यस कथामा नेपाली समाजले विश्वास गरेका अप्सरा, राक्षस, स्वर्ग, नर्क लगायतका विषयवस्तु बुनिएका छन् । पहिले सबैको हेपाइमा परेको अल्छेले अन्त्यमा सुख पाएको देखाएर कथा टुङ्ग्याइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ कथानक

एउटा गाउँमा तीनकुरिया नाम गरेको साह्रै अल्छी केटो हुनु, उसको नाम अल्छे रहनुको बेग्लै कथा हुनु, एउटा जङ्गलमा जङ्गली मुसा र घरको मुसासँग मित्रता हुनु, जङ्गलको मुसा घरको मुसासँग मित्रता गाँस्नु पऱ्यो भन्ने ठानेर घरको मुसाकोमा पाहुना जानु, घरको मुसाले आफ्नो खेत देखाउन बगरमा लानु, खेत देखाउँदा देखाउँदै अचानक बाज आएर जङ्गलको मुसालाई टिपेर लानु, घरको मुसा चाहिँ दुलोभित्र पसेर जोगिनु, जङ्गली मुसोलाई ठुलो ठुटामा लगेर भुँडी चिर्दाखेरि तीनवटा राक्षस निस्कनु, अर्कोपल्ट चिर्दा एक जोर परेवा निस्कनु, अर्कोपल्ट चिर्दा बहर गोरु निस्कनु, अन्त्यमा चिर्दा एउटा केटो निस्कनु, त्यसको नाम अल्छे तीनकुरिया हुनु, तिनीहरूमध्ये राक्षस र परेवा जङ्गलतिर लाग्नु, मान्छे र गोरु गाउँमा बस्न थाल्नु, केटाले गोरुलाई जङ्गल लाने चराउने गर्दा एकदिन एउटा ठुलो पोखरी देख्नु, त्यस पोखरीमा अप्सराहरू नुहाउन आउनु, गोरुले पनि आफ्नो भाइलाई बिहे गर्ने भए जो नराम्रो छ, त्यसैलाई समात् है भन्नु, दाजुको कुरा मानेर

भाइले पनि पोखरीमा गएर सबैभन्दा फोहोरी जेठी बहिनीलाई समाउनु, अरू दिदीबहिनीले चाहिँ लु है दिदी ! हामी गयौँ तपाइँ बस्नु भनेर जानु, बहर गोरु र भाइसँगै अप्सरा गाउँमा आउनु, गाउँका ठाकुरहरू केटाको घरमा आउँदा त्यस्ती राम्री केटीलाई देखेर लोभिनु र राजालाई सुनाउन जानु, राजाले जसरी पनि त्यो केटी मलाई चाहियो भन्नु, राजाले पठाएको खबर अल्छेको घरमा पुग्नु, अल्छेलाई पीर लागेर रुनु, अप्सराले अल्छेलाई जे जे सिकाउँछु त्यही त्यही गर भन्नु, राजाले तीनवटा ठुलो पोखरी खन्न नसकेमा तेरी बुढी म ल्याउँछु भन्नु, अल्छेकी बुढीले पैसा लिएर बजार जान र सबै पैसाको बाखा किन्न लगाउनु र खोलापारि गएर राक्षस राक्षस्नीलाई मलाई बचाइदेऊ भन्न लगाउनु, अल्छेले त्यसै गर्नु, रातभरमा ती राक्षसहरूले ठुला ठुला तीनवटा पोखरी खनेर सक्नु, बिहान हेर्दा तीनवटा पोखरी देखेर राजा छक्क पर्नु, राजाले फेरि तोरी र सस्युँ मिसाएर बारीमा छर्दिने र त्यस केटालाई टिप्न लगाउने कुरा सोच्नु र केटालाई बोलाएर बारीमा छरेको कोदो र तोरी नटिपे उसकी बुढी लाने कुरा गर्नु, बुढीको सल्लाहअनुसार खेसरी किनेर परेवालाई खान दिनु र परेवासँग सहयोग मागेर रातभरिमा तोरी र कोदो छुट्याएर बोरामा भर्नु, राजाले फेरि पोखरी खनेको ठाउँमा बाघको दूधले भर्न लगाउनु, यसपल्ट पनि बुढीको सल्लाह लिएर आफ्ना दाजु दिदी बाघ बघिनीसँग सहयोग माग्नु, बघिनीले दूधले पोखरी टनाटन भरिदिनु, फेरि त्यहाँ कमलको फूल पनि ल्याउनुपर्ने सर्त ठाकुरले राख्नु, केटाले घर गएर श्रीमतीलाई कमलको फूल कहाँबाट ल्याउनु भनेर सोध्नु, उसकी श्रीमती आफैँ अप्सरा भएकीले आफैँमा कमलको फूल उमार्ने शक्ति हुनु, कमलको फूल उमारेर पोखरीमा ढकमक्क कमलको फूल फुल्नु, ठाकुरले फेरि केटालाई मार्ने षडयन्त्र बुन्नु, आफ्नो हजुरबा स्वर्गमा भएकाले हेरेर आइज भन्नु, अल्छेको बुढीको सल्लाहअनुसार राजासँग खसी, तेल र चामलको व्यवस्था गरी मागेर मित मुसाको सहयोग लिएर दालचामल घरमा पुर्‍याउनु र घरमै लुकेर बस्नु, एक वर्षपछि अल्छे राजाकोमा जानु, स्वर्ग पठाएको केटो नमरी फर्केको देखेर राजा छक्क पर्नु, आफ्नो बुवाको नङ र कपाल बढेको कुरा सुनेपछि राजा पनि कैँची र दारी काट्ने सामान, खसी तथा चामलको बोरा लिएर लिएर स्वर्ग जान ठिक पर्नु, राजा र ठाकुरलाई सानो झुप्रोमा राखेर आगो लगाइदिनु,राजा र ठाकुर दुवैजना जलेर मर्नु, यता अल्छे केटो आफ्नी अप्सरा बुढी र गोरुसँगै मिलेर आनन्दले घरमा बस्नु जस्ता घटनाक्रमसँगै कथा समाप्त भएको छ ।

'अल्छे तीनकुरिया' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एउटा गाउँमा तीनकुरिया नाम गरेको साह्रै अल्छी केटो हुन्छ । उसको नाम अल्छे तीनकुरिया रहनुको छुट्टै कथाबाट कथा अगाडि बढेको छ । एउटा जङ्गलमा जङ्गली मुसा र घरको मुसा भेट हुन्छन् । जङ्गलको मुसा घरको मुसासँग मित्रता गाँस्नु पर्‍यो भन्ने ठानेर

घरको मुसाकोमा पाहुना जान्छ । घरको मुसा र जङ्गली मुसाबिच मित्रता भएपछि घरको मुसाले आफ्नो खेत देखाउन बगरमा लाँदा अचानक बाज आएर जङ्गलको मुसालाई टिपेर लान्छ तर घरको मुसा चाहिँ दुलोभित्र पसेर जोगिन्छ । राक्षसले जङ्गली मुसोलाई ठुलो ठुटामा लगेर भुँडी चिर्दा पहिलोपल्ट तीनवटा राक्षस निस्कन्छन् । अर्कोपल्ट चिर्दा एक जोर परेवा निस्कन्छन् । अर्कोपल्ट चिर्दा बहर गोरु निस्कन्छ र अन्त्यमा चिर्दा एउटा केटो निस्कन्छ । त्यसरी निस्किएको केटोको नाम नै तीनकुरिया हुन्छ । यो कथाको चिनारी भाग हो ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

जङ्गली मुसाबाट निस्केका राक्षस र परेवा जङ्गलतिर लाग्छन् भने मान्छे र गोरु गाउँमा बस्न थाल्छन् । अल्छेले गोरुलाई जङ्गल लाने चराउने गर्दा एकदिन एउटा ठुलो पोखरी देख्छ । त्यस पोखरीमा अप्सराहरू नुहाउन आउँछन् । गोरुले पनि आफ्नो भाइलाई बिहे गर्ने भए जो नराम्रो छ, त्यसैलाई समात्न भन्छ । दाजुको कुरा मानेर भाइले पनि पोखरीमा गएर सबैभन्दा फोहोरी जेठी बहिनीलाई समाउँछ । गोरु, भाइ र अप्सरा गाउँ फर्किन्छन् । गाउँका ठाकुरहरू अल्छे तीनकुरियाको घरमा आउँदा राम्री अप्सरालाई देखेर लोभिन्छन् र राजालाई सुनाउँछन् । राजाले जसरी पनि त्यो केटी मलाई चाइयो भनेर खबर पठाउँछ । यो कुरा सुनेर अल्छे तीनकुरिया अब के गर्ने होला भनेर चिन्तामा पर्छ । अप्सरालाई राजाले जसरी पनि मेरी बनाउँछु भन्नु कथाको पहिलो सङ्कटावस्था हो । यहीँबाट कथामा सङ्घर्षविकासको स्थिति आउँछ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

राजाले पठाएको खबर सुनेर अल्छे तीनकुरिया रुन थाल्छ । अप्सराले अल्छेलाई जे जे सिकाउँछु त्यही त्यही गर भन्छे । अल्छे राजा भेट्न जान्छ । राजाले एक रातमा तीनवटा ठुला ठुला पोखरी खन्ने जिम्मा अल्छेलाई दिन्छ । पोखरी खनेर नसकेमा तेरी बुढी म ल्याउँछु भनेर अल्छेलाई डर देखाउँछ । अल्छे घर फर्किन्छ र र राजाले भनेका सबै कुरा बुढीलाई सुनाउँछ । अल्छेकी बुढीले पैसा लिएर बजार जान र सबै पैसाको बाखा किन्न अह्राउँछे । अल्छे बाखा किनेर बुढीले भनेजस्तै गरी खोलापारि गएर ए ! दाजु बचाइदेऊ भन्दै राक्षसलाई बोलाउँछ । अल्छेले बोलाएको सुनेर राक्षस राक्षस्नी आउँछन् । रातभरमा ती राक्षसहरूले ठुलाठुला तीनवटा पोखरी खनेर सक्छन् । बिहान हेर्दा तीनवटा पोखरी देखेर राजा छक्क पर्छ । यस भागमा पहिलो सङ्कटावस्था भने टरेको छ ।

**(४) तेस्रो सङ्कटावस्था**

राजाले फेरि तोरी र सस्र्युँ मिसाएर बारीमा छर्दिने र त्यो तीनकुरियालाई टिप्न लगाउने कुरा सोच्छ र अल्छेलाई बोलाएर बारीमा छरेको सस्र्युँ र तोरी नटिपे उसकी बुढी लाने कुरा गर्छ । अल्छे फेरि चिन्तामा पर्छ । बुढीको सल्लाहअनुसार खेसरी किनेर आफ्नै दिदी परेवालाई खान दिन्छ र परेवासँग सहयोग मागेर रातभरिमा तोरी र कोदो छुट्याएर बोरामा भर्न लगाउँछ ।

यसपल्टको बाजी पनि अल्छेले नै जित्छ । यसरी हेर्दा राजाका कारण अल्छे तीनकुरिया सङ्कटमा परेको छ तर उसका दाजु दिदीका सहयोगले उसले बाजी जित्न सकेको देखिन्छ ।

**(५) चौथो सङ्कटावस्था**

राजाले फेरि पोखरी खनेको ठाउँमा बाघको दूधले भर्न लगाउँछु भनेर सोच्छ । त्यसैले अल्छेलाई बोलाएर बाघको दूधले पोखरी भर्न लगाउँछ । यसपल्ट पनि अल्छेले बुढीको सल्लाह मान्छ र आफ्ना दाजुदिदी बाघ बघिनीसँग सहयोग माग्छ । बघिनीले दूधले पोखरी टनाटन भरिदिन्छन् । एक रातमा बाघको दूधले पोखरी भरिएको देखेर राजा छक्क पर्छ । अप्सराको जुक्तिले अल्छे तीनकुरियाले यस पटक पनि बाजी जित्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

राजाले अल्छेलाई फसाउन अर्को उपाय सोच्छ । उज्यालो हुँदा पोखरीमा कमलको फूल पनि ल्याउनु पर्ने सर्त ठाकुरले राख्छ । अल्छेले घर गएर बुढीलाई कमलको फूल कहाँबाट ल्याउनु भनेर सोध्छ । उसकी बुढी आफैँ अप्सरा भएकीले आफैँमा कमलको फूल उमार्ने शक्ति हुन्छ । त्यसैले कमलको फूल उमारेर पोखरीमा ढकमक्क कमलको फूल फुलाउँछे । यसपल्ट पनि राजाले हार्छ र अल्छेले बाजी जित्छ ।

**(७) छैटौँ सङ्कटावस्था**

पटक पटक प्रयास गर्दा पनि अल्छे केटालाई जित्न नसकेकाले राजाले फेरि अल्छेलाई मार्ने षडयन्त्र रच्छ । उसले अल्छेलाई आफ्नो हजुरबा स्वर्गमा भएकाले हेरेर आउन भन्छ । स्वर्ग जानकालागि सुरुङ् मार्ग छिचोल्नुपर्ने सर्त राजाले राख्छ । अल्छेलाई फेरि आपत आइलाग्छ । ऊ निराश हुँदै घर फर्किन्छ । निन्याउरो मुख लगाएर फर्केको पतिलाई देखेर अप्सराले के भयो भनी सोध्छे । अल्छेले सबै कुरा बताएपछि अप्सराले यसपल्ट पनि एउटा उपाय बताउँछे । बुढीको सल्लाहअनुसार राजासँग खसी, तेल र चामलको व्यवस्था गर्न लगाउँछ र मित मुसाको सहयोग लिएर दालचामल घरमा पुऱ्याएर घरमै लुकेर बस्छ । यता राजाले भने अल्छे सुरुङ्मा पसेपछि आगो लगाउँछ र अल्छे मऱ्यो भन्ने ठानेर खुसी हुन्छ ।

**३. अन्त्य**

**(८) सङ्घर्ष ह्रास**

सुरुङमा पसेको एक वर्षपछि अल्छे तीनकुरिया राजाकोमा जान्छ । स्वर्ग पठाएको केटो नमरी फर्केको देखेर राजा छक्क पर्छ । अल्छेले आफू स्वर्ग पुगेर आएको कुरा बताउँदै राजाको बुवाको नङ र कपाल बढेकोले कैँची र दारी काट्ने सामान लिएर स्वर्गमा पठाइदेऊ भनेका छन् भनेर सुनाउँछ । अल्छेको कुरा सुनेपछि राजा पनि कैँची, दारी काट्ने सामान, खसी तथा चामलको बोरा लिएर लिएर स्वर्ग जान ठिक पर्छ । यता अल्छेले राजा र ठाकुर दुवैलाई मार्ने षडयन्त्र बुनेको कुरा राजाले पत्तै पाउँदैन । अब अल्छेलाई लामो समयदेखि दुःख दिने राजाको अन्त्य हुने निश्चित भएकाले कथा एकदमै अन्त्य अवस्थामा पुगेको छ ।

### (९) उपसंहार (फलप्राप्ति)

अल्छे तीनकुरियाले भनेअनुसार राजा र ठाकुर स्वर्ग जान भनेर निस्किनै लागेको बेला अल्छेले सानो झुप्रोमा राखेर आगो लगाइदिन्छ । राजा र ठाकुर दुवैजना जलेर मर्छन् । यता अल्छे तीनकुरिया आफ्नी अप्सरा बुढी र गोरुसँगै मिलेर आनन्दले घरमा बसेसँगै कथा समाप्त भएको छ । कथामा अरूलाई दुःख दिँदा र नचाहिँदो कुरामा विश्वास गर्दा राजा र ठाकुर दुवैको मृत्यु भएको देखाएर मानिसलाई सत् कर्म गर्नु पर्छ भनेर सिकाउन खोजिएको छ ।

कथानकको सुरुमा अल्छेको परिचय दिन भनेर छुट्टै कथा शृङ्खला बुनिएको छ । मध्य भागमा राजाले अल्छेकी श्रीमती अप्सरा पाउने चाहना राखेर अल्छेलाई दुःख दिएको भए पनि अल्छेलाई स्वर्ग पठाएपछि उसले अप्सरालाई कुनै नराम्रो व्यवहार गरेको छैन । आदि मध्य र अन्त्यको शृङ्खला क्रमैसँग आएको यस कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

## ४.२.२ सहभागी

'अल्छे तीनकुरिया' धेरै सहभागीहरू भएको कथा हो । यस कथामा अल्छे, अल्छेकी श्रीमती, राजा, ठाकुर, मुसा, गोरु, बाघ, बघिनी, परेवा, खसीबाखा सहभागीका रूपमा उपस्थित भएका छन् । यो लोककथा राजा र अल्छेबिच भएको बाजीको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा अल्छे, अप्सरा र राजा आएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ७**

**'अल्छे तीनकुरिया' लोककथाका सहभागीहरूको चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| अल्छे केटो | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| राजा | + | - | + | - | + | - | + | + | - | + | - | - | + | + | - |
| अप्सरा | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ठाकुर | + | - | - | - | + | - | + | + | - | + | - | - | + | + | - |
| घरमुसा | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| जङ्गली मुसा | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| बाघ/बघिनी | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| बहर गोरु | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| खसी बाखा | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| परेवा | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ राजा, ठाकुर, अल्छे केटो, घरमुसा, जङ्गलीमुसा, बाघ, बघिनी, बहर गोरु, अप्सरा, खसीबाखा, परेवा जस्ता सहभागीहरू आएका छन् । अल्छे, राजा र अप्सरा कथाका केन्द्रीय पात्रहरू हुन् । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू राजा, अल्छे केटो र अप्सराका केन्द्रीयतामा घटेका छन् । अल्छे अनुकूल पुरुष पात्र हो । उसको जन्म जङ्गली मुसाबाट हुन्छ । उसका दाजुभाइ, दिदीबहिनी गोरु, बाघ, परेवा भए पनि ऊ चाहिँ मानवका रूपमा जन्मिएको छ । ऊ गतिशील पात्र हो । मुसाबाट जन्मिएका बाघ र परेवा जङ्गलतिर लागेपछि अल्छे चाहिँ आफ्नो भाइ बहर

गोरुसँगै गाउँमै बसेको छ । जीवनचेतनाका आधारमा हेर्दा अल्छे वर्गीय पात्र हो । उसले निम्न वर्गको प्रतिनिधित्व गरेको छ । राजा र ठाकुरले आफ्नी श्रीमती चाहियो भन्दा कुनै प्रतिकार नगरी रुने अल्छे अत्यन्त सोझो र इमान्दार निम्न वर्गीय पात्रका रूपमा देखाइएको छ । उसले आफ्नी श्रीमतीको सहयोगले राजालाई जित्न सफल भएको छ । कथाको सुरुदेखि अन्त्यसम्म अल्छेकै सेरोफेरोमा कथा घुमेकाले अल्छे मञ्चीय र बद्ध पात्र हो ।

अप्सरा अल्छेकी श्रीमतीका रूपमा कथामा सहभागी भएकी महिला पात्र हो । अल्छेले पोखरीमा नुहाउँदै गरेकी अप्सरालाई तानेर आफ्नो घरमा लिएर आएपछि उसले आफ्नो श्रीमानको सुख दुःखमा साथ दिएकी छे । राजाले आफ्नो श्रीमानलाई विभिन्न अफठ्यारा काम लगाउँदा उसले बुद्धिमतापूर्ण ढङ्गले सबै समस्याको समाधान गरेकी छे । त्यसैले ऊ अनुकूल पात्र हो । अल्छेलाई सुरुदेखि अन्त्यसम्म साथ दिने अप्सरा मञ्चीय तथा बद्ध पात्र हो । कथामा उसको उपस्थिति अत्यन्त चतुर, इमान्दार र बुद्धिमानी पात्रका रूपमा भएको छ । उसको आगमनले अल्छेको जीवनमा सकारात्मक परिवर्तन आएको छ ।

कथामा राजाको उपस्थिति प्रतिकूल पुरुष पात्रका रूपमा भएको छ । उसले अल्छेकी श्रीमतीलाई मन पराएर उसलाई पाउन हदैसम्म नराम्रा गतिविधि गरेको छ । अल्छे केटालाई मान्छेले गर्न नसक्ने काम गर्न लगाएर उसकी श्रीमती हात पार्ने दाउ कसेको छ । ऊ अहङ्कारी, घमण्डी तथा व्यभिचारी मनस्थितिको पात्र हो । राजाले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । ऊ गतिशील तथा मञ्चीय पात्र हो । अल्छेलाई हराउन जतिसुकै जाल थापे पनि अन्त्यमा आफैँ मृत्युको मुखमा पुगेको छ ।

ठाकुर राजाको सहयोगीका रूपमा कथामा सहभागी भएको छ । उसले राजाको आज्ञा पालन गरेर अल्छेलाई दुःख दिन विभिन्न उपाय खोजी गरी राजालाई सघाएको छ । त्यसैले ऊ प्रतिकूल पुरुष पात्र हो । राजाको इशारामा चल्ने ठाकुर गतिशील र बद्ध पात्रका रूपमा कथामा उपस्थित भएको छ ।

कथामा मानवेतर पात्रका रूपमा बहर गोरु, बाघबघिनी, खसीबाखा तथा परेवाको सहभागिता रहेको छ । यिनीहरू एउटै मुसाका सन्तान हुन् । यी सबै पात्रलाई पशुसम्बन्धी अभिप्रायका रूपमा प्रयोग गरिएको छ । अल्छे केटालाई राजा र ठाकुर मिलेर असम्भव काम गर्न लगाउँदा यिनीहरूले अद्भुत काम गरेर सहयोग गरेका छन् । त्यसैले यिनीहरू सबै पशुपक्षी तथा जादुटुनामुना सम्बन्धी अभिप्राय हुन् । यी सबै सहभागी अनुकूल, बद्ध र मञ्चीय पात्र हुन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र मौलिक बनाएको छ । असम्भव लाग्ने काम गर्ने पात्रको प्रयोगले कथा चाखलाग्दो बनेको छ ।

### ४.२.३ परिवेश

'अल्छे तीनकुरिया' उडन्ते कथा भएकाले यसमा चमत्कारयुक्त परिवेश पाइन्छ । कथामा प्राचीनकालमा पशुपालन गरेर जीविकोपार्जन गर्ने परम्परा कालिक परिवेशका

रूपमा आएको छ भने गाउँबस्ती, वनजङ्गल पाखा चउर, पोखरी आदि स्थानिक परिवेशका रूपमा आएका छन् । राजदरबारमा काम गर्ने ठाकुरले राजालाई विभिन्न बुद्धि सिकाउने र सोझासाझा जनतालाई दुःख दिने, राजाले जस्तो हुकुम दिए पनि जनताले मान्नुपर्ने, राजाबाट आफ्ना श्रीमती जोगाउन जोखिमयुक्त काम गर्नुपर्ने र निम्न वर्गलाई सभ्रान्त वर्गले दबाउने समाज लोककथामा रहेको छ । सामान्य कथास्थलका रूपमा अल्छे बस्ने घर, राजाको महल, सुरुङ, वनजङ्गल आएका छन् । कथाको आदि भागमा चमत्कारिक परिवेश आएको छ । कथामा जङ्गली मुसो चिर्दा बाघ, परेवा, गोरु र अल्छे निस्केका छन् । मध्य भागमा राजा र ठाकुर मिलेर अल्छेलाई असम्भव काम गर्न लगाउँदा त्रासद परिवेश निर्माण भएको छ भने अन्त्यमा अप्सराको बुद्धि र बाघबघिनी, र परेवाको सहयोगले राजा र ठाकुरको पराजय भएपछि गोरु, अप्सरा र अल्छे आफ्नै घरमा मिलीजुली बसेकाले सुखद परिवेशको सिर्जना भएको छ ।

### ४.२.४ उद्देश्य

'अल्छे तीनकुरिया' अतिप्राकृतिक लोककथा हो । यस कथाले मनोरञ्जनका साथै अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । समय सँधै एकनास हुँदैन । भाग्यले साथ दियो भने अल्छीका पनि दिन आउँछन् । अल्छे जस्तो निम्न वर्गको मान्छेसँग राजा र ठाकुरजस्ता उच्च वर्गका मानिसले हार्नु परेको छ । त्यसैले मानिसले शक्ति र धनको आडमा अरूलाई दुःख दिनु हुँदैन । अर्काको श्रीमतीलाई आँखा लगाउँदा दुःख पाइन्छ भन्ने सन्देश कथाले दिएको छ । त्यसैगरी पशुमा पनि सहयोगी भावना हुन्छ । मानिसलाई दुःख पर्दा पशुले पनि मदत गर्छन् भन्ने देखाएर सबैसँग मित्रवत व्यवहार गर्नु पर्छ भन्ने सन्देश कथाले दिएको छ ।

### ४.२.५ भाषाशैलीगत विन्यास

'अल्छे तीनकुरिया' लोककथामा सरल सहज र सुबोध्य नेपाली भाषाको प्रयोग गरिएको छ । लोककथामा प्रयोग भएका शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङ्ग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । हौ !, अरे !, हे भगवान् ! जस्ता विष्मयादिबोधक शब्दको प्रयोग गरिएको छ भने राजाको हुकुम, बाबुको दुहाइ, झुलेगा कि भुलेगा जस्तो उखान, नपकड, बोरा, बे, टापटुप्प, तीनटा, काँबाट जस्ता बोलीचालीका शब्दको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'अल्छे तीनकुरियाको कथा' लोकथाको कथानक व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले शक्ति र धनसम्पतिको घमण्ड गर्नु हुँदैन । विनाकारण अर्कालाई दुःख दिनु हुँदैन । अरूलाई दुःख दिँदा आफैँले अकालमा ज्यान गुमाउनुपर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा पदक्रम

विचलन भएका वाक्य तथा पदसङ्गति नमिलेका वाक्य प्रयोग गरिएको भए पनि ती सरल सहज र सुबोध्य नै रहेका छन् ।

## ४.३ 'चन्द्रसूर्य' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'चन्द्रसूर्य' धिमाल जातिमा प्रचलित लामो आयामको अतिप्राकृतिक लोककथा हो । प्रस्तुत कथामा धिमाल समुदायमा प्रचलित सिकार गर्ने परम्परा, बहुविवाहको चलन, सौताले गर्ने सौतेनी व्यवहार तथा देवीदेवताका प्रभावले मानिसमा हुने चमत्कारिक परिवर्तनलाई देखाउन खोजिएको छ । पशुलाई मानवीकरण तथा देवत्वकरण गरिएको यस कथामा असत्यमाथि सत्यको विजय भएको देखाइएको छ । काठको टुक्रा जन्माई भनेर सौताले भनेको कुरामा विश्वास गरेर घर निकाला गरेकी कान्छी श्रीमतीले चन्द्रसूर्य छोरो जन्माएको रहस्य कथाको अन्त्यतिर खुल्छ र मुखियाले माफी माग्दै कान्छी श्रीमती र छोरालाई घर लगेको सुखद परिवेशमा कथाको अन्त्य हुन्छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक,सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ४.३.१ कथानक

एकादेशमा धनी मुखिया हुनु, विवाह भएको ३-४ वर्षमा पनि सन्तान नहुँदा सिकार खेल्ने निहु गरेर केटी लिएर घर फर्किनु, जेठी र कान्छी श्रीमतीबाट नै सन्तान नभएपछि विरक्त भएर एक हप्ता सिकार खेल्न जाने र त्यो बेलामा झगडा नगरी बस्नु भनेर श्रीमतीलाई निर्देशन दिनु, एक हप्तालाई पुग्ने गरेर खाजा हालेर हात्ती र माउते लिएर जङ्गलतिर लाग्नु, मध्यरातमा जङ्गलमा भएको पोखरी पुगेर पानी खानु, राति त्यहीँ सुत्नु, माउते ननिदाउनु, मध्य रातमा पोखरीबाट तीन जना देवी निस्केर पासा खेल्नु, कुराकानीका क्रममा जेठीले राजासँग बिहे गर्ने, माइलीले हाकिमसँग बिहे गर्ने र कान्छीले सामान्य मान्छेसँग बिहे गरेर चन्द्रसूर्य पाउने विचार राख्नु, माउतेले मालिकलाई सबै कुरा बताउनु, भोलिपल्ट कान्छी देवी पोखरीबाट बाहिर निस्केको मौका पारी माउते र मुखिया दुवैले समाएर हात्तीमा चडाई घर ल्याउनु, कान्छी श्रीमती गर्भवती हुनु, जेठी र माइलीलाई डाहा हुनु, महिना पुगेपछि मुखिया घरमा नभएको बेलामा व्यथा लाग्नु, जेठी र माइली सौता मिलेर कान्छीलाई गाग्रोमा मुख हाल्न लागाउनु, आधा घण्टामा छोरा जन्मनु, जेठी र माइलीले त्यस छोरालाई माछा पोखरीमा हाल्नु र एउटा मुस्लीमा रगत दलेर थाङ्नामा बेरबार पारी कान्छीले काठको मुस्ली पाई भनेर मुखियालाई सुनाउनु, मुखिया रिसाएर कान्छीलाई चार बाटोको बीचमा झुप्रो घर बनाएर राख्नु, महिना दिन पुगेपछि माछाले चन्द्रसूर्यलाई पेटमा राख्न नसकी घोडालाई दिनु, घोडाले पानी खाँदा चन्द्रसूर्यलाई पेटमा निल्नु, घोडाले दिनमा दाना पानी केही नखानु र रातमा चन्द्रसूर्यलाई पेटबाट बाहिर निकालेर चर्नु, यो कुरा माइली सौताले देख्नु र घोडा मार्ने योजना बनाउनु, घरमा जेठी र माइली सौताले बिरामी भएको नाटक गर्नु, गाउँको ओझालाई पैसा ख्वाएर माइलीलाई पोखरीका माछा मारेर जिउमा लगाउँदा जाती हुने र जेठीलाई सेतो घोडा जङ्गलमा लगेर काटेपछि निको हुने कुरा

मुखियालाई भन्न लगाउनु, मुखियाले सोही अनुसार नोकर चाकरलाई अह्राउनु, घोडा उडेर भाग्नु र अर्कै देश पुग्नु, चन्द्रसूर्यलाई घोडाले नै हुर्काउनु, एकदिन चन्द्रसूर्य र आमाको भेट हुनु, आफ्नो छोराको छातीमा चन्द्रसूर्य झलल बलेको देखेर आमा भाव बिभोर भएर छोरालाई अँगालोमा लिनु, माउतेले मुखियालाई खबर गरेपछि मुखिया पनि कान्छी श्रीमतीकोमा आउनु, सबै कुरा थाहा पाएपछि जेठी र माईली श्रीमतीको नाक कान काटेर जङ्गल पठाउनु र कान्छी श्रीमतीसँग आनन्दले बसेसँगै कथाको अन्त्य भएको छ ।

'चन्द्रसूर्य' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि भाग**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एकादेशमा एकजना धनी मुखियाको विवाह भएको ३-४ वर्षमा पनि सन्तान हुँदैनन् । आफ्नो माहुते र हात्तीसहित सिकार खेल्ने निहुँ गरेर जङ्गल गएको मुखिया दोस्री श्रीमती लिएर लिएर घर फर्किन्छ । जेठी र कान्छी श्रीमतीबाट नै सन्तान नभएपछि विरक्त भएर फेरि एकहप्ता सिकार खेल्न जाने योजना बनाउँछ । आफू घरमा नहुँदा झगडा नगरी बस्नु नि भनेर श्रीमतीहरूलाई निर्देशन दिन्छ । एक हप्तालाई पुग्ने खाजा हालेर माहुते र हात्ती लिएर मुखिया जङ्गलतिर जान्छ । यो कथाको चिनारी भाग हो । यस भागमा सिकार खेल्न गएको मुखिया सिकार लिएर फर्किने हो वा फेरि श्रीमती नै ल्याउने हो भन्ने कुतुहलता सिर्जना हुन्छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

घरबाट बिहानै हिँडेका मुखिया र माहुते मध्यरातमा घनघोर जङ्गलमा पुग्छन् । भोक र थकाइले गलेका उनीहरू त्यहाँ भएको पोखरीमा पुगेर पानी खान्छन् । रुखमा हात्तीलाई बाँधेर त्यस रात माहुते र मुखिया सोही जङ्गलमा सुत्छन् । माहुतेलाई निद्रा लाग्दैन । मध्य रातमा पोखरीबाट तीन जना देवी निस्केर त्रिपासा खेल्न थालेको माहुतेले देख्छ । कुराकानीका क्रममा जेठीले राजासँग बिहे गर्ने, माइलीले हाकिमसँग बिहे गर्ने र कान्छीले सामान्य मान्छेसँग बिहे गरेर चन्द्रसूर्य पाउने विचार राख्छे । माउतेले मालिकलाई सबै कुरा बताउँछ । भोलिपल्ट राति भएपछि मुखिया र माहुते दुवै देवी निस्किने प्रतिक्षामा नसुती बस्छन् । मध्य रातमा उसैगरी देवीहरू निस्केर त्रिपासा खेल्न थाल्छन् । त्यही समयमा कान्छी देवी पोखरीबाट बाहिर निस्केको मौका पारी माउते र मुखिया दुवैले समाएर हात्तीमा चडाएर घर ल्याउँछन् । यस घटनाक्रमसँगै कथानकको पहिलो सङ्कटावस्था सुरु भएको छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

सिकार खेल्न गएको श्रीमानले कान्छी श्रीमती लिएर आएको देखेर दुवै जना सौता छक्क पर्छन् । आएको चौध महिनामा कान्छी श्रीमती गर्भवती हुन्छे । सन्तान प्राप्त गर्न

नसकेका जेठी र माइली सौतालाई डाहा हुन्छ । उनीहरू सौताको बच्चालाई मार्ने योजना बनाउँछन् । गाउँको कुमालेकोमा गएर मान्छे आँट्ने माटोको भाँडा बनाउन लगाउँछन् । नौ महिना पुगेपछि कान्छीलाई बच्चा जन्माउने व्यथा लाग्छ । त्यो बेला मुखिया घरमा हुँदैन । जेठी र माइली सौता मिलेर कान्छीलाई गाग्रोमा मुख हाल्न लागाउँछन् । एक घण्टापछि छोरा जन्मन्छ । छोरा हेर्दै झलल्ल बलेको, छातीमा चन्द्रसूर्य भएको अत्यन्त सुन्दर हुन्छ । त्यो देखेर कान्छीले मुखियाको धेरै माया पाउने भई । हामीलाई बुढाले हेला गर्छ होला भन्ने शङ्काले जेठी र माइली सौताले त्यस छोरालाई माछा पोखरीमा हाल्छन् । यो कथाको दोस्रो सङ्कटावस्था हो । यस भागमा सौता सौताबिचमा विभिन्न कुरामा आशङ्का हुन्छ । उनीहरू मिलेर बस्ने सम्भावना हुँदैन भन्ने कुरा देखाउन खोजिएको छ ।

**(४) तेस्रो सङ्कटावस्था**

छोरोलाई माछापोखरीमा हालेपछि दुवै सौता मिलेर एउटा काठको मुस्लीमा रगत दलेर थाङ्नोमा पोको पारी तिमीले त काठको मुस्ली पो पायौ भनेर कान्छी सौतालाई देखाउँछन् । कान्छी असाध्यै दुःखी हुन्छे । मुखिया घर आएपछि थाङ्नामा बेरबार पारेको मुस्ली देखाएर कान्छीले काठको मुस्ली पाई भनेर मुखियालाई सुनाउँछन् । मैले छोरा पाउँछे होला भनेर सात दिन पर्खेर बिहे गरेर ल्याएकी कान्छी त राक्षसनी परिछे भनेर मुखिया रिसाउँछ । कान्छीलाई चार बाटोको बीचमा झुप्रो घर बनाएर राख्छ । कान्छी रुँदैरुँदै जान्छे र झुप्रोमा एक्लै बस्छे । अब कान्छीको जीवनमा सङ्कट थपिँदै जान्छ भन्ने कुरा देखाइएको छ ।

**(५) चौथो सङ्कटावस्था**

माछा पोखरीमा फ्याँकेको नवजात शिशुलाई माछाले आफ्नो पेटमा राखेर हुर्काउँछ । महिना दिन पुगेपछि माछाले चन्द्रसूर्यलाई पेटमा राख्न सक्दैन । मुखियाको घोडा पानी खान गएको बेला माछाले घोडालाई चन्द्रसूर्य आफ्नो पेटमा राखेर हुर्काउन अनुरोध गर्छ । घोडाले पानी खाँदा चन्द्रसूर्यलाई पेटमा निल्छ । यसपछि कथामा नयाँ मोड थपिन्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

बच्चा निलेपछि माछापोखरीमा रातिराति झलल बल्ने दृश्य देखिँदैन । माइली सौता निकै चलाख भएकीले चन्द्रसूर्यलाई त माछाले खाएछ क्यारे भन्ने शङ्का गर्छे । त्यस रात माछापोखरीमा उज्यालो नदेखिनु र बिहान घोडाले दाना पानी केही नखानुमा पक्कै केही रहस्य छ भनेर उसले घोडमाथि निगरानी राख्छे । घोडाले रातमा चन्द्रसूर्यलाई पेटबाट बाहिर निकालेर चर्छ र अघाएपछि चन्द्रसूर्यलाई निलेर पेटमा राख्छ । यो कुरा माइली सौताले देख्छे र जेठी सौतालाई सुनाउँछे । यस भागपछि घोडाको ज्यान सङ्कटमा पर्न सक्ने खतरा बढ्छ ।

**(७) छैटौँ सङ्कटावस्था**

माइली सौताले चन्द्रसूर्यलाई देखेको कुरा थाहा पाएर घोडा चिन्तित हुन्छ । उसले राति नै माछापोखरीमा पुगेर माछालाई सबै कुरा सुनाउँछ । घोडा र माछा दुवैलाई मार्छन्

भन्ने यकिन गरेर घोडाले पहिले आफू मर्ने र पछि माछा मर्ने भनी प्रस्ताव राख्छ ।। माछाले घोडाको प्रस्ताव स्वीकार्छ । यस भागमा आइपुग्दा घोडा र माछा मरेपछि चन्द्रसूर्यको जीवन पनि जोखिममा पर्ने डर हुन्छ ।

**(८) सातौँ सङ्कटावस्था**

चन्द्रसूर्यलाई घोडाले पालेर राखेको कुरा जेठी सौतालाई सुनाएपछि दुई दिदीबहिनी मिलेर घोडा मार्ने योजना बनाउँछन् । घरमा जेठी र माइली सौताले बिरामी भएको नाटक गर्छन् । गाउँको ओझालाई पैसा ख्वाएर माइलीलाई पोखरीका माछा मारेर जिउमा लगाउँदा जाती हुने र जेठीलाई सेतो घोडा जङ्गलमा लगेर काटेपछि निको हुन्छ भनेर मुखियालाई भन्न लगाउँछन् । ओझाले पनि माइली सौताले भनेजस्तै गरी जोखाना हेरेर माछा र घोडा मार्नुपर्छ भनेर मुखियालाई भन्छ । मुखियाले सोहीअनुसार नोकर चाकरलाई पोखरीका माछा मारेर धुलो बनाउन र घोडालाई जङ्गलमा लगेर काटेर मार्न अह्राउँछ । मुखियाको आदेश मानेर नोकरचाकर सेतो घोडा लिएर जङ्गलतिर जान्छन् ।

**(९) आठौँ सङ्कटावस्था**

बिच जङ्गलमा पुगेपछि घोडा लगामको डोरी चुँडाएर उडेर भाग्छ र अर्कै देश पुग्छ । चन्द्रसूर्यलाई घोडाले नै हुर्काउँछ । चन्द्रसूर्य अलिअलि कुरा बुझ्ने भएपछि घोडाले उसको जीवनमा घटेका सबै कुरा सुनाउँछ । सौतेनी आमाहरूले गर्दा आफूले घर छोड्नुपरेको कुरा थाहा पाउँछ । चन्द्रसूर्य आमा भेट्न भनेर घोडा लिएर गाउँ नै फर्किन्छ । यस भागमा आएपछि अब आमा छोराको भेट हुने विश्वास बढेर आउँछ । यहाँसम्ममा कथाको मध्य भाग सकिएर कथा अन्त्यतिर पुग्छ ।

**३. अन्त्य**

**(१०) सङ्घर्ष ह्रास**

मुखियाले घरबाट निकालेर चौबाटोमा राखिएकी चन्द्रसूर्यकी आमा छोराको विछोडमा तड्पिएर बाँचेकी हुन्छे । चन्द्रसूर्य आफ्नी आमा खोज्दै खोज्दै जन्मगाउँ आइपुग्छ । नकोरेको कपाल, रुँदारुँदा सुन्निएका आँखा, मैलो शरीर भएकी आमासँग एकदिन चन्द्रसूर्यको भेट हुन्छ । चन्द्रसूर्यले आफूलाई छोरो भनेर चिनाउँछ । आफ्नो छोराको छातीमा चन्द्रसूर्य झलल बलेको देखेर आमाले छोरालाई चिन्छे । आमा भावविभोर भएर छोरालाई अँगालोमा लिन्छे । आफ्नो छोरोलाई दूधसम्म चुसाउन नपाएकी आमाको मातृवात्सल्य पग्लिन्छ । यस भागमा आमाछोराको मिलन भएर कथा अत्यन्त अन्त्यतिर पुग्छ ।

**(११) उपसंहार (फलप्राप्ति)**

माउतेले गाउँमा घुम्दै जाँदा चारदोबाटोमा घर बनाएर राखेकी कान्छी मुखिनीको घरमा एउटा धुस्रो फुस्रो बालक आएको र सेतो घोडा पनि त्यहीँ रहेको कुरा थाहा पाउँछ । उसले उक्त खबर मुखियाकोमा पुऱ्याउँछ । मुखिया पनि केटो र घोडा हेर्न त्यहाँ आउँदा चन्द्रसूर्य आफ्नै छोरो भएको कुरा थाहा पाउँछ । जेठी र माइली बुढीको विश्वास गरेर छोरो

पाउने कान्छी श्रीमतीलाई हेला गरेकामा मुखियालाई पछुतो लाग्छ । उसलाई जेठी र माइली श्रीमतीसँग रिस उठ्छ र कान्छीलाई घर निकाला गरेको सजायस्वरूप जेठी र माइली श्रीमतीको नाक कान काटेर गाउँ निकाला गर्छ । त्यसपछि कान्छी श्रीमती, चन्द्रसूर्य छोरोसहित रमाएर घरमा बस्छन् ।

यसप्रकार 'चन्द्रसूर्य' लोककथाको कथानकको विकास र विस्तारको व्यवस्थापन क्रमिक रूपमा भएको छ । एकपछि अर्को घटनाक्रम बाँधिएर आएकाले आदि, मध्य र अन्त्यको शृङ्खला पनि क्रमिक र व्यवस्थित रहेको छ ।

### ४.३.२ सहभागी

'चन्द्रसूर्य' सीमित सहभागीहरू भएको लोककथा हो । यस कथामा मुखिया, मुखियाका जेठी, माइली र कान्छी श्रीमती, छोरो चन्द्रसूर्य र माहुते मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने घोडा, हात्ती र माछा मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । कथाका मुख्य सहभागीका रूपमा मुखिया र चन्द्रसूर्य आएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ८**

**'चन्द्रसूर्य' लोककथाका सहभागीका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| चन्द्रसूर्य | + | - | + | - | - | + | + | + | - | + | - | - | + | + | - |
| मुखिया | + | - | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| जेठी श्रीमती | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| मुखियाकी माइली श्रीमती | - | + | + | - | - | - | + | - | + | - | + | - | + | + | - |
| मुखियाकी कान्छी श्रीमती | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| घोडा | - | - | - | + | - | + | - | + | - | - | - | - | + | + | - |
| माछा | - | - | - | - | + | + | - | + | - | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ चन्द्रसूर्य, मुखिया, मुखियाका जेठी, माइली र कान्छी श्रीमती, घोडा र माछा जस्ता सहभागीहरू आएका छन् । चन्द्रसूर्य कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू चन्द्रसूर्यकै केन्द्रीयतामा घटेका छन् । चन्द्रसूर्य अनुकूल पात्र हो । उसका जेठी आमाहरूले उसलाई जन्मनेबित्तिकै मार्न खोज्छन् । पोखरीको माछाको पेटमा बसेर तथा घोडाको पेटमा बसेर ऊ हुर्किएको हुन्छ । ऊ गतिशील पात्र हो । घोडाले आफ्नो जीवनकहानी सुनाएपछि ऊ आफ्नी आमा खोज्न गाउँ फर्किएको छ । जतिसुकै अफठ्यारो परिस्थितिमा पनि जोगाउने पशु पात्रका कारण ऊ बाँच्न सफल भएको छ । जीवनचेतनाका आधारमा हेर्दा चन्द्रसूर्य व्यक्ति पात्र हो । चन्द्रसूर्यकै जीवनको सेरोफेरोमा कथा बुनिएकाले ऊ बद्ध तथा मञ्चीय पात्र हो ।

मुखिया पनि कथाको मुख्य पुरुष पात्र हो । उसले सन्तान प्राप्त गर्ने चाहनामा तीनवटी श्रीमती भित्र्याएको छ । उसको श्रीमती बटुल्ने बानीले गर्दा नै कथामा नराम्रा

घटनाहरू घटेका छन् । जङगलमा सिकार खेल्ने मुखिया वर्गीय चरित्र हो । उसले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । कथाको सुरुका प्रतिकूल पात्रका रूपमा देखिएको मुखिया कथाको अन्त्यतिर पुग्दा अनुकूल चरित्रको देखिएको छ । ऊ गतिशील पात्र हो । सत्यतथ्य नबुझी कान्छी श्रीमतीलाई घर निकाला गर्ने मुखियाले अन्त्यमा सत्य थाहा पाएपछि जेठी र माइली श्रीमतीलाई घर निकाला गरी कान्छी श्रीमती र छोरोसँग जीवन बिताएको छ । मुखिया मञ्चीय तथा बद्ध पात्र हो ।

मुखियाकी माइली श्रीमती प्रमुख खल पात्र हो । उसले कान्छी सौताको छोरा मार्न हदैसम्मका अमानवीय क्रियाकलाप गरेकी छे । जेठी सौतालाई हात लिएर नवजात शिशुलाई माछापोखरीमा फाल्ने र मुखियालाई कान्छीले मुस्ली पाई भनेर पोल लगाएर घर निकाला गर्न लगाउने माइली श्रीमती गतिहीन व्यक्ति पात्र हो । उसले चन्द्रसूर्य हुर्काउने माछा तथा घोडालाई पनि मार्न लगाएकी छे । उसले गर्दा नै कथामा विभिन्न घुम्ती र मोडहरू आएका छन् । माइली श्रीमती खराब प्रवृत्ति र व्यवहार भएकी मञ्चीय पात्र हो ।

मुखियाकी जेठी श्रीमती सहायक महिला सहभागी हो । ऊ पनि प्रतिकूल पात्र हो । कान्छी सौताको छोरो, घोडा र माछा मार्ने प्रमुख योजनाकार माइली सौतालाई उसले सहयोग गरेकी छे । त्यसैले ऊ खलपात्रका रूपमा कथामा सहभागी भएकी छे । कथाको सुरुदेखि अन्त्यसम्म सौताको छोरो मार्ने योजनामा साथ दिएकी जेठी श्रीमती गतिहीन, बद्ध र मञ्चीय पात्र हो ।

कथामा मानवेतर सहभागीका रूपमा घोडा र माछा उपस्थित भएका छन् । यी दुवैले अद्भुत चमत्कार गरेका छन् । यी सहभागी मित्रवत सहयोगी पशुका रूपमा कथामा उपस्थित छन् । यी पनि पशुसम्बन्धी अभिप्रायका रूपमा आएका छन् । मुखियकी कान्छी श्रीमतीबाट जन्मेको छोरोलाई सौता मिलेर माछा पोखरीका हालेपछि माछाले उक्त छोरोलाई आफ्नो पेटमा राखेर हुर्काएको छ । चन्द्रसूर्य बढ्दै गएपछि माछाले पेटमा राख्न नसकेर घोडालाई चन्द्रसूर्य हुर्काउने जिम्मा दिएको छ । घोडाले चन्द्रसूर्यलाई हुर्काउने र उसकी आमालाई भेट्टाउने सहयोग पनि गरेको छ । त्यसैले माछा र घोडा दुवै अनुकूल सहायक पात्र हुन् । दुवै सहभागी गतिशील, बद्ध र मञ्चीय पात्रका रूपमा उपस्थित भएका छन् । घोडा र माछाको कार्यव्यापारबाट कथा रोमाञ्चक र अतिकाल्पनिक बनेको छ ।

### **४.३.३ परिवेश**

'चन्द्रसूर्य' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । जङ्गल, पोखरी, चारदोबाटो, जस्ता परिवेशले यस कथाका घटना गाउँमा घटेका हुन् भन्ने पुष्टि हुन्छ । मुखियाले दुईदुई ओटी श्रीमती विवाह गर्दा पनि सन्तान प्राप्ति नभएपछि कान्छी श्रीमती भित्र्याएको प्रसङ्गले तत्कालीन समाजको बहुविवाह प्रथालाई सङ्केत गरेको छ । गाउँमा मुखिया हुने, मुखियाले जतिओटी विवाह गरे पनि समाजले स्वीकार्ने, सौता सौताबिच रिस, डाहा, छटपटी हुने, धामी झाँक्रीमाथि विश्वास गर्ने, धामीले भनेको कुरा मान्ने र शक्ति भएकाले शक्तिहीनलाई दबाउने तथा जसरी पनि आफ्नो भलो सोच्ने सामाजिक परिवेश कथामा आएको छ ।

जङ्गलमा सिकार गर्न जाने, घरको मूलीले अह्राएको घरका जहानले मान्नुपर्ने कालिक परिवेशलाई देखाइएको छ । बिहान, दिउँसो, राति, मध्यान्ह आदि सामान्य कथा समयका रूपमा आएका छन् भने चन्द्रसूर्यले आमालाई भेटेको समय विशिष्ट समयका रूपमा आएको छ । घोडाले मानिसलाई पेटमा बोकेर हुर्काउने, माछाले मानिसको बच्चालाई पेटमा राखेर बचाउने लगायतका अद्भुत कार्य गरेको देखाएर कथामा अद्भुत र चामत्कारिक वातावरणको सिर्जना गरिएको छ । कथाको आदि र मध्य भागमा कारुणिक परिवेश आएको छ भने सुखद परिवेशमा कथाको अन्त्य भएको छ ।

### ४.३.४ उद्देश्य

अद्भुत भाव रहेको यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । यसका साथै मानिसले गरेका कुकर्म धेरै दिन टिक्दैन । नराम्रा काम गर्दा मानिसले क्षणिक समयको लागि विजय प्राप्त गरे पनि कालान्तरमा सत्कर्मले नै जित्छ भन्ने उपदेश पनि दिएको छ । सन्तान प्राप्त गर्नु सौभाग्य हो । आमाका लागि धन सम्पत्ति र सुखसयलभन्दा ठुलो कुरा सन्तान प्राप्त गर्नु हो । त्यसैले कसैले पनि आमाको काखबाट सन्तानलाई खोस्नु हुँदैन भन्ने सन्देश पनि कथाले दिएको छ ।

### ४.३.५ भाषाशैलीगत विन्यास

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । 'जेठीले त्रिपासा झिक्यो ।' 'कान्छी बहिनी पनि आयो अरे ।' 'घरमा थुप्रै काम छ भनेर कान्छीले भन्यो अरे ।' जस्ता लिङ्ग सङ्गति नमिलेका वाक्यहरू प्रयोग गरिएका छन् । स्त्री र पुरुष, पशु सबैलाई एउटै आदर प्रयोग गरिएको छ साथै पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा ओर्तिरपर्तिर, लहरालुहुरी, आदानप्रदान, चियोचर्चो, सरसामान जस्ता द्वित्त्व शब्दको प्रयोग भएको छ भने टुकुटुकु, टहटह, जगजग, झलझल,जस्ता अनुकरणात्मक शब्दहरू प्रयोग गरिएका छन् । पूर्वेली भाषिकाका शब्दहरू प्रशस्त प्रयोग भएको यस कथामा ल्यार (ल्याएर), भनो (भन्यो), तेललाई(त्यसलाई), बे(विवाह), नआर(नआएर), पानदिन(पाँच दिन), एता(यता), तिमेरु(तिमीहरू), उनेरले(उनीहरूले)जस्ता बोलीचालीका शब्दहरू प्रयोग गरिएका छन् । लामाछोटा वाक्य, निपातहरूको प्रशस्त प्रयोगले कथाको भाषाशैली मिठासपूर्ण बनेको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'चन्द्रसूर्य' लोककथाको कथानक क्रमिक विन्यास र व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । बहुविवाहले गर्दा परिवारबिच हुने बेमेल, अविश्वास, सौताबिचको झैझगडाले निम्तिने दुर्घटनालाई देखाइएको यस लोककथामा मानवीय पात्रभन्दा मानवेतर पात्रको सहयोगी र इमान्दार बानीव्यवहारलाई देखाइएको छ । यस कथामा केही पूर्वेली भाषिकाका शब्द बाहेक सरल शब्दको प्रयोग गरिएको छ। सरल शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

## ४.४ 'टुहुरो र लोभी बुढी' लोककथाको संरचनात्मक विश्लेषण

'टुहुरो र लोभी बुढी' कथा धिमाल जातिमा प्रचलित छोटो आयामको अतिप्राकृतिक कथा हो । अर्काको सम्पत्तिमा लोभ गर्दा मानिसले दुःख पाउने कुरालाई रमाइलो पाराले प्रस्तुत गरिएको यस लोककथालाई कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा संरचनात्मक विश्लेषण गरिएको छ ।

### ४.४.१ कथानक

एउटा गाउँमा एउटी साह्रै गरिब बुढी मान्छे हुनु, उसको एउटा छोरा हुनु, छोरो ठुलो भएपछि सहर जान खाज्नु, उसकी आमाले सातवटा रोटी बनाएर पठाइदिनु, जङ्गलको बाटो जाँदाजाँदा धैरै थकाइ लागेपछि एउटा पिपलको फेदमा थकाइ मार्न बस्नु, भोक लागेपछि ऊ आफ्नी आमाले दिएको खाजा खोलेर एउटा खाऊँ कि दुईटा खाऊँ, दुईटा खाऊँ कि तीनवटा खाऊँ, भन्दाभन्दै सातैवटा खाऊँ भनेर तीनपल्ट भन्नु, त्यहाँ भूत बस्नु, जङ्गलको भूतप्रेत निस्केर उनीहरू सातजना भएकाले हामीलाई नखाऊ, बरु तिमी जे भन्छौ, हामी दिन्छौँ भन्नु, केटाले आमाछोरालाई खान लाउन चाहियो भनी भूतलाई भन्नु, भूतले जे भन्यो त्यही पाक्ने एउटा तपेस दिनु, केटो ऊ सन्तुष्ट भएर घर फर्किनु, केटो फर्केर आउँदा आउँदा एउटी कन्जुस बुढीमान्छेको घरमा बास माग्नु, बेलुका जे भन्यो त्यही पाक्ने तपेसको बारेमा बुढीले थाहा पाउनु, त्यो केटाले भात पाक् भन्दा भात पाक्नु, दाल पाक् भन्दा दाल पाक्नु, दालभात तरकारी सबै पाकेपछि खाना खानु, केटो सुतेपछि लोभी बुढीले भाँडा साट्नु, भोलिपल्ट केटो घरमा गएर दालभात पाक् भन्दा तपेसमा केही नपाक्नु, केटो निराश भएर भोलिपल्ट त्यही ठाउँमा आमाले बनाएको सातवटा रोटी लिएर जानु, जुन ठाउँमा बिसाउनुपर्ने त्यही ठाउँमा बिसाएर सातवटा रोटी निकाल्नु र एउटा खाऊँ कि दुईटा खाऊँ कि सातैवटा खाऊँ भन्नु, त्यस भूतले केटालाई किन फेरि हामीलाई खान आएको भनेर सोध्नु, तिमीले दिएको तपेसमा केही पाकेन भनेर केटाले भन्नु, भूतले फेरि एउटा बोका दिएर तिमीले ओच्छ्याउनु पनि पर्दैन, ओड्नु पनि पर्दैन, यसले सबै जाडो खाइदिन्छ भन्नु, केटो बोका लिएर फेरि त्यही ठाउँमा बास बस्न पुग्नु, जाडोको मौसममा लुगा नलगाउँदा पनि नकापी बसेको देखेर लोभी बुढी छक्क पर्नु र केटो निदाएको मौका पारेर बोका साटिदिनु, घर फर्केपछि राति जाडो हुनु बिहान उठेर फेरि त्यही ठाउँमा उसैगरी सातवटा रोटी लिएर जानु र सबै कुरा भन्नु, भूतले एउटा लठ्ठी र डोरी दिनु, केटो लठ्ठी र डोरी लिएर पहिले बास बसेकै ठाउँमा आउनु, केटाले लठ्ठी र डोरी ल्याएको देखेर बुढीले यसलाई के भन्नुपर्छ भनेर सोध्नु, केटाले जल्ले मलाई बेइमान गरेको छ त्यो मान्छेलाई ठोक्, बाँध् भन्नु, लौरोले लोभी बुढीलाई कुट्न थाल्नु, दाम्लोले बाँध्न थाल्नु, बुढी डराएर तपेस र बोका फिर्ता दिनु, केटो घर फर्किनु र सुखपूर्वक बस्नु जस्ता घटनाहरूसँगै कथानक समाप्त भएको छ ।

'टुहुरो र लोभी बुढी' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

### १. आदि भाग

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एउटा गाउँमा एउटी साह्रै गरिब बुढी मान्छे हुन्छे । उसको एउटा छोरो हुन्छ । छोरो सानै हुँदा उसको बुवाको मृत्यु भएकाले छोरालाई टुहुरा केटा भनेर बोलाउँन् । आमाछोरालाई खान लगाउन अपुग हुन्छ । छोरो ठुलो भएपछि केही कमाइ हुन्छ कि भनेर सहर जान खोज्छ । छोरोले सहर जाने विचार गरेपछि आमाले बाटोमा खानका लागि सातवटा रोटी बनाएर पठाउँछिन् । यो कथाको चिनारी भाग हो । यस भागमा केटाले खानलगाउनका लागि सङ्घर्ष गर्छ भन्ने कुराको सङ्केत पाइन्छ ।

**(२) सङ्घर्ष विकास (पहिलो सङ्कटावस्था)**

जङ्गलको बाटो जाँदाजाँदा धेरै थकाइ लागेपछि ऊ एउटा पिपलको फेदमा थकाइ मार्न बस्छ । भोक लागेपछि आफ्नी आमाले दिएको खाजा खोलेर उसले एउटा खाऊँ कि दुईटा खाऊँ ? दुईटा खाऊँ कि तीनटा खाऊँ भन्दाभन्दै सातैवटा खाऊँ भन्छ । संयोगवश केटो खाजा खान बसेको ठाउँमा भूतप्रेत बसेका हुन्छन् । जङ्गलका भूतप्रेत निस्केर उनीहरू सातजना भएकाले हामीलाई नखाऊ, बरु तिमी जे भन्छौ, हामी दिन्छौँ भन्छन् । केटाले आमाछोरालाई खानलाउन धौधौ भएकाले त्यसैको खोजीमा हिँडेको कुरा बताउँछ । भूतले जे भन्यो त्यही पाक्ने एउटा तपेस दिन्छ र घर गएर जे जे मन लाग्छ त्यही त्यही पकाएर खानू भन्छ । त्यसपछि केटो सन्तुष्ट भएर घर फर्किन्छ । यसरी हेर्दा प्रस्तुत लोककथामा खान लगाउन धौधौ परेर सहर हिँडेको छोरो बिच बाटोबाटै घर फर्किएको छ । बुवा सानैमा बितेकाले दैनिकी चलाउन कठिन भएको हुँदा उसले राक्षसले भनेको कुरामा विस्वास गरेको छ । यो कथानकको पहिलो सङ्कटावस्था हो र यहीँबाट सङ्घर्ष विकासको स्थिति आउँछ ।

**२. मध्य भाग**

**(३) दोस्रो सङ्कटावस्था**

केटो फर्केर आउँदा आउँदा एउटी कन्जुस बुढीमान्छेको घरमा बास माग्छ । बेलुका जे भन्यो त्यही पाक्ने तपेसको बारेमा बुढीले थाहा पाउँछे । केटाले भात पाक् भन्दा भात पाक्छ । दाल पाक् भन्दा दाल पाक्छ । दालभात तरकारी सबै पाकेपछि लोभी बुढी र केटाले सँगै खाना खान्छन् । केटो सुतेपछि बुढीको मनमा सबैथोक पाक्ने भाँडोप्रति लोभ जाग्छ र उसले केटाले थाहा नपाउने गरी राति नै भाँडा साट्छे ।

**(४) तेस्रो सङ्कटावस्था**

भोलिपल्ट बिहान उठेर केटो घर जान्छ । कमाउन गएको छोरो भोलिपल्टै फर्किएको देख्दा आमा छक्क पर्छिन् । केटाले मैले सबै कुरा पाक्ने तपेस ल्याएको छु भन्छ । उसले भाँडो निकालेर दाल पाक् भन्छ, पाक्दैन । भात पाक् भन्छ तर भात पनि पाक्दैन । केटो निराश हुन्छ । उसलाई भूतले ठगेको भन्ने भान पर्छ । यसपछि केटो फेरि भूतसँग कुरा गर्न जाने सोच्छ ।

**(५) चौथो सङ्कटावस्था**

केटो निराश भएर भोलिपल्ट त्यही ठाउँमा आमाले बनाएको सातवटा रोटी लिएर जान्छ । जुन ठाउँमा बिसाउनुपर्ने हो, त्यही ठाउँमा बिसाएर सातवटा रोटी निकाल्छ र एउटा खाऊँ कि दुईटा खाऊँ कि सातै वटा खाऊँ भन्छ । भूतले केटालाई किन फेरि हामीलाई खान आएको भनेर सोध्छ । तिमीले दिएको तपेसमा केही पाकेन भनेर केटाले भन्छ । भूतले फेरि एउटा बोका दिएर तिमीले ओच्छ्याउनु पनि पर्दैन, ओड्नु पनि पर्दैन, यसले सबै जाडो खाइदिन्छ भन्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

केटो बोका लिएर फर्किन्छ । ऊ फेरि त्यही ठाउँमा बास बस्न पुग्छ । जाडोको मौसममा लुगा नलगाउँदा पनि केटो नकामी बसेको देखेर लोभी बुढी छक्क पर्छे । केटाले ल्याएको बोकाले जाडो खाएर केटालाई जाडो नभएको कुरा बुढीले थाहा पाउँछे र केटो निदाएको मौका पारेर बोको साटिदिन्छे ।

**(७) छैटौँ सङ्कटावस्था**

केटो बिहानै बोको लिएर घर पुग्छ र आमालाई बोकोले जाडो खाइदिने कुरा सुनाउँछ । बेलुका हुँदै जान्छ । रात छिप्पिएपछि जाडो बढ्छ र रातभरि जाडो हुन्छ । यसरी केटालाई भूतले पटकपटक विभिन्न सामान दिँदै घर पठाउँदै गर्छ तर केटो भने ती सामान लिएर जहिल्यै एउटै ठाउँमा बास माग्न पुग्छ । त्यसैले उसको सामान साटिने क्रम पनि चलिरहेको देखिन्छ । भूतले दिएका सामानले केही काम नगरेको देखेर केटो र आमा दुवै भूतसँग रिसाउँछन् । बिहानै उठेर केटो फेरि त्यही ठाउँमा उसैगरी सातवटा रोटी लिएर जान्छ र सबै कुरा भन्छ । भूतले एउटा लठ्ठी र डोरी दिएर तँलाई दुःख दिने मान्छेलाई डोरीले बाँध्छ अनि लौरोले हान्छ । अब यसले सबै काम बन्छ भनेर पठाउँछ । केटो लठ्ठी र डोरी लिएर पहिले बास बसेकै ठाउँमा आउँछ ।

**(८) सातौँ सङ्कटावस्था**

केटालाई देखेर लोभी बुढी खुसी हुन्छे । सधैँ केही न केही अचम्मका कुरा लिएर आउने केटालाई लौरो र डोरी लिएर आएको देखेपछि यसपाली के लिएर आइस् भनेर लोभी बुढीले सोध्छे । उसले लौरो र डोरी देखाउँछ । लौरो र डोरीले के के काम गर्छन् त भनेर बुढीले सोध्छे । जसले मलाई बेइमान गरेको छ, जसले दुःख दिएको छ, त्यसलाई डोरीले बाँध्छ र लौरोले कुट्छ भन्यो । त्यति भनिसक्दा डोरीले बुढीलाई बाँध्छ र लौरोले पिट्न थाल्छ । यो कथाको चरम भाग हो । यो कथाको चरम अवस्था हो । यसपछि कथाको कथानक सङ्घर्षह्रासतर्फ लाग्छ ।

**३. अन्त्य**

**(८) सङ्घर्षह्रास**

डोरीले बाँधेर लौरोले कुट्न थालेपछि बुढी डराउँछे । उसले नै केटालाई दुःख दिएकी थिई । मैले नै तेरो तपेस र बोका साटिदिएकी हुँ । मलाई नकुट, म तँलाई तपेस र बोका

फिर्ता दिन्छु भन्छे । यति सुनेपछि केटाले लौरो र डोरीलाई अब लोभी बुढीलाई बाँध्न र कुट्न छोड् भन्छ । बुढीले जे पाक् भन्यो त्यही पाक्ने तपेस र जाडो खाने बाखो केटालाई नै फिर्ता दिन्छे । यस भागमा आइपुग्दा कथामा केटोको सङ्घर्ष सकिन्छ र कथा एकदमै अन्त्यतिर पुग्छ ।

**(९) उपसंहार (फलप्राप्ति)**

तपेस र बोको लिएर केटो घर फर्किन्छ । तपेसमा जे पाक् भन्यो त्यही पाक्छ । बोकोले जाडो पनि खाइदिन्छ, ओड्ने ओच्छ्याउने केही पनि चाहिँदैन । आमाछोरा सुखपूर्वक बस्छन् । यी घटनाहरूसँगै कथानक समाप्त भएको छ ।

### ४.४.२ सहभागी

'टुहुरो र लोभी बुढी' लोककथा सीमित सहभागी भएको लोककथा हो । यस कथामा टुहुरो केटो, उसकी आमा, लोभी बुढी, भूतप्रेत, तपेस, बोका, दाम्लो र लौरो सहभागीका रूपमा उपस्थित भएका छन् । प्रमुख सहभागीका रूपमा केटो र लोभी बुढी उपस्थित छन् । भूतप्रेत, तपेस, लौरो र बोको मानवेतर सहभागी हुन् । प्रस्तुत लोककथामा उपस्थित भएका सहभागीहरू र तिनका अभिलक्षणहरूलाई तल तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं. ९**

**'टुहुरो र लोभी बुढी' लोककथाका सहभागीका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| टुहुरो केटो | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| आमा | - | + | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| लोभी बुढी | - | + | + | - | - | - | + | + | - | - | + | - | + | + | - |
| भूतप्रेत | + | - | - | + | - | + | - | - | + | - | - | - | + | + | - |
| लौरो र डोरी | - | - | - | + | - | + | - | - | + | - | - | - | + | + | - |
| तपेस | - | - | - | - | + | + | - | + | + | - | - | - | + | + | - |
| बोको | - | - | - | - | + | + | - | + | + | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ टुहुरो केटो, आमा, लोभी बुढी, भूतप्रेत, लौरो, तपेस र बोको सहभागीका रूपमा उपस्थित छन् । टुहुरो केटो कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू टुहुराको केन्द्रीयतामा घटेका छन् । टुहुरो अनुकूल पात्र हो । उसले भूतप्रेतहरूले जे जे दिन्छन् त्यही सामान लिएर घर फर्किएको छ । प्रत्येकपल्ट भूतले दिएको सामान लिएर लोभी बुढीकोमा आउनु, बुढीले ठग्दा समेत थाहा नपाउनु, भूतलाई विश्वास गरेर धाउनुले टुहुरो गतिशील तर सोझो पात्रका रूपमा चिनिएको छ । मागेर जीविका चलाउने टुहुरो निम्नवर्गीय पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म टुहुरोकै सेरोफेरोमा कथा घुमेकाले ऊ मञ्चीय र बद्ध पात्र हो ।

टुहुराकी आमा गौण महिला पात्र हो । उसले छोरालाई रोटी पकाएर खाजा पठाएको बाहेक कथामा अन्य भूमिकाका बारेमा उल्लेख छैन । ऊ गतिहीन, मञ्चीय र निम्न वर्गीय सहभागी हो । लोभी बुढी यस कथाकी प्रमुख खलपात्र हो । लोभी बुढीले कथाको सुरुदेखि अन्त्यसम्म टुहुरोले

ल्याएका सामान साटेर दुःख दिएकी छे। ऊ प्रतिकूल र गतिशील पात्र हो। दुष्ट चरित्रकी बुढी व्यक्ति पात्रका रूपमा कथामा उपस्थित भएकी छे। ऊ मञ्चीय र बद्ध पात्र हो।

यी बाहेक कथामा तपेस, बोका, लौरो, डोरी मानवेतर पात्रका रूपमा सहभागी भएका छन्। यी जादुटुनामुना तथा चमत्कारसम्बन्धी अभिप्राययुक्त सहभागी हुन्। तपेसमा जे पाक् भन्यो त्यही पाक्नसक्ने अद्भुत गुण छ। बोकोले मानिसको जाडो खाइदिन्छ र न्यानो बनाइदिन्छ। लौरी र दाम्लोले पनि टुहुरो केटालाई दुःख दिने लोभी बुढीलाई बाँधेर र कुटेर अद्भुत क्षमता देखाएका छन्। चारै वटा मानवेतर पात्रले लोककथालाई अतिप्राकृतिक, रोमाञ्चक र चाखलाग्दो बनाएका छन्।

### ४.४.३ परिवेश

'टुहुरो र लोभी बुढी' लोककथामा ग्रामीण परिवेश आएको छ। बुढी र उसको छोरो बस्ने झुपडी, पिपलको रुख, भूत बस्ने ओडार, जङ्गल, लोभी बुढीको घर स्थानिक परिवेशका रूपमा आएका छन्। सामान्य कथास्थलका रूपमा बुढी र टुहुरो केटो बस्ने घर तथा लोभी बुढीको घर आएका छन्। धिमाल समुदायमा भूतप्रेत हुन्छ भन्ने विस्वास रहेको कुरा बुझिन्छ। खान लगाउन दुःख भएपछि छोराले घर छोडेर हिँड्ने परम्परा, टुहुरो भएपछि आइपर्ने व्यावहारिक कठिनाइ, भूतप्रेतप्रतिको विश्वास, आदि समयविशेषको परिवेश हो। प्रस्तुत लोककथाको आदिभाग र मध्यभागमा दुःखद वातावरण रहेको छ। केटाले भूतप्रेतसँग आफ्नो दुःख बिसाएपछि भूतले उसको सहयोग गर्ने सामान दिएर घर पठाउँदा श्रोता तथा पाठकका मनमा अब केटाले सुख पाउँछ भन्ने आशा पलाउँछ। तर मध्य भागमा आइपुग्दा लोभी बुढीले पटकपटक टुहुरो केटोको सामान साटेपछि उसले दुःख पाएको छ। लोककथाको अन्त्यमा भने भूतले दिएको लौरो र डोरीले लोभी बुढीलाई सजाय दिएपछि टुहुरो केटाले न्याय पाउँछ सुखद परिवेशमा कथाको अन्त्य भएको छ।

### ४.४.४ उद्देश्य

अद्भुत भाव रहेको यस कथाको उद्देश्य मनोरञ्जनका साथै नीतिशिक्षा र उपदेश प्रदान गर्नु रहेको छ। कहिलेकाहीँ मानिसले अन्जानमै गरेको कुराले पनि सही मार्ग प्राप्त गर्ने अवसर प्राप्त हुन्छ। तर जसले अवसरको सही प्रयोग गर्छ उसले मात्र सुख पाउँछ भन्ने अर्ती कथामा दिइएको छ। यसका साथै अपरिचित मानिसलाई व्यक्तिगत सम्पत्तिको पोल खोल्न हुँदैन, सबै मानिस सफा मनका हुँदैनन्। खराब मन भएका मानिसले दुःख दिन्छन् भन्ने कुरा पनि कथामा देखाइएको छ। अर्काको सम्पत्तिमा लोभ गर्ने मानिसले क्षणिक सुख पाए पनि त्यो सुख पछिसम्म रहँदैन। त्यसैले मानिसल अर्काको सम्पत्तिमा लोभ गर्नुहुँदैन भन्ने उपदेश यस कथाले दिएको छ।

### ४.४.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ। बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ। पाकिगो, दुईटा,

ल्याको, बसिराको, हत्तेरी जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यस कथामा निम्न आदरार्थी शब्द 'तँ' प्रयोग गरिएको छ । संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको यस कथाको प्रारम्भ एउटा गाउँमा.....भनेर सुरु भएको छ भने अन्त्य सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला..... बाट भएको छ । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल,सहज र सुबोध्य भाषशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ४.५ 'सात बहिनी र सर्प' लोककथाको विश्लेषण

'सात बहिनी र सर्प' लोककथा धिमाल समुदायमा प्रचलित लामो आयामको अतिप्राकृतिक लोककथा हो । यस लोककथामा दिदीबहिनीबिचमा हुने लोभ, इर्ष्या, डाहा र छटपटीलाई देखाउन खोजिएको छ । प्रस्तुत लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषशैलीय विन्यासका आधारमा तल विश्लेषण गरिएको छ ।

### ४.५.१ कथानक

एकादेशमा बुढाबुढीका सात बहिनी छोरी हुनु, बुवा आमाले बनीबुतो गरेर र सिकार खेलेर छोरी हुर्काउनु, एकदिन डुम्रीको फल टिप्न भनेर बुवा छोरी नै जङ्गल जानु, बुवा डुम्री टिप्न रुखमा चड्नु, त्यहाँ सर्प हुनु, सर्पले मलाई एउटा छोरी दिइस् भने मात्रै तँलाई छोड्छु नत्र खान्छु भन्नु, बुवाले पालै पालो सर्पसँग जान्छेस् भनेर छोरीहरूलाई सोध्नु, कान्छी छोरीले मात्र सर्पसँग जाने मञ्जुर गर्नु, त्यसपछि सर्पले बुवालाई छोड्नु, डुम्रीको रुखबाट भुइँमा झरेपछि कान्छी छोरीलाई सर्पले सर्लक्कै निल्नु र झ्यासतिर पस्नु, बाँकी छोरी र बुबा रुँदै कराउँदै घर फर्किनु, सर्पले कान्छी छोरीलाई निलेपछि सुरुङभित्रको भव्य राजदरवारभित्र लानु र कान्छीलाई ओकल्नु, राजदरबार भित्रको झिलीमिली देखेर कान्छी छक्क पर्नु, भोलिपल्ट धुमधामसँग कान्छी र सर्पको बिहे हुनु, एउटी सुसारेले सर्पले बाह्र बजे राती काँचुली फेर्ने र त्यो बेलामा काँचुली डढाएमा सर्पले रूप परिवर्तन गर्न नपाउने र राजकुमार नै रहने कुरा बताउनु, कान्छीले सुसारेले भने झैं सर्पको काँचुली डडाउनु, सर्प सुन्दर राजकुमार हुनु, भोलिपल्ट दिउँसो अबेरसम्म पनि कान्छी र सर्प बाहिर ननिस्किँदा दरबारका सबैजना चिन्तित हुनु, आधा दिन बितेपछि ढोका खोलेर हेर्दा सुन्दर राजकुमारलाई देखेर सबैजना छक्क पर्नु, धेरै समयपछि कान्छी राजकुमारका साथ माइत जानु, हात्तीको लावा लस्करसहित गरगहनाले झपक्क सजिएर टन्न कोसेलीपात लिएर माइत आएकी कान्छी देख्दा बुवा आमा र दिदीहरू छक्क पर्नु, भोलिपल्ट नुहाउन गएको बेलामा माइली दिदीले कान्छी बहिनीलाई कसरी बाँचिस् र राजकुमारसँग बिहे भयो भनेर सोध्नु, कान्छीले सबै कुरा बताएपछि माइलीले कान्छीलाई इनारमा धकेल्नु र गहना लगाएर घर फर्किनु, राजकुमारको दरबार फर्किने बेला हुनु, हात्ती सवार गर्ने बेला हात्ती नउठ्नु, माउतेले विधिविधान गरेपछि हात्ती उठेर इनारमा जानु, इनारको पानी निकालेर कान्छी बहिनीलाई इनारबाहिर निकाल्नु र माइलीलाई त्यही इनारमा हालेर पानी भर्नु, हात्ती, कान्छी र राजकुमार दरवार फर्किनु, घरका अरू पाँच बहिनी पनि सर्पसँगै बिहे गर्छु भनेर करकर गर्न

थाल्नु, बुवाले जङ्गलबाट पाँचवटा सर्प खोजेर ल्याउनु, छोरीलाई सर्पसँग छुट्टाछुट्टै कोठामा राख्नु, बेलुका भएपछि सबै छोरीलाई सर्पले टोकेर मार्नु यसका घटनाक्रम हुन् । यिनैले कथालाई पूर्ण गरेका छन् ।

'सात बहिनी र सर्प' लोककथाको आदि, मध्य र अन्त्यको शृङ्खलात्मक विन्यासलाई तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एकादेशमा एउटा विकट गाउँमा बुढा बुढी बस्छन् । बनिबुतो तथा सिकार गरेर जीवन चलाउने ती बूढाबूढीका सात बहिनी छोरी हुन्छन् । एउटै अनुहार परेका सातै बहिनी असाध्यै राम्रा भएकाले घरमै बस्छन् भने बुवाआमा चाहिँ वनमा जाने सिकार खोज्ने, बनीबुतो गर्ने, खोलामा माछा मार्ने काम गर्छन् । एकदिन डुम्री फल खान बुवासँगै छोरीहरू पनि जाने हुन्छन् । खोलाको छेउमा रहेको त्यो डुम्रीको रुखसम्म पुग्ने बाटो झ्यासैझ्यासले भरिएको हुन्छ । डुम्रीको रुख असाध्यै अग्लो भएकोले बुवाले म रुखमा चढेर डुम्री झार्छु, तिमीहरू चाहिँ तल बसेर डुम्री टिप भनेर भन्छन् । रुखमा चढेर एउटा डुम्री टिप्न खोज्दा एउटा ठुलो सर्प निस्केर म यो रुखको राजा भएकाले तँलाई यसै डुम्री खान दिन्न । मलाई तेरी एउटी छोरी दे नत्र म तँलाई खान्छु भनेर भन्छ । यसबाट कथामा सङ्कट आइपर्ने कुराको सङ्केत प्राप्त हुन्छ ।

**(२) सङ्घर्ष विकास (पहिलो सङ्कटावस्था)**

सर्पका कुरा सुनेर बुवा डरले लुगलुग काम्न थाल्छन् र पालैपालो आफ्ना छोरीलाई सर्पले भनेको कुरा सुनाउँछन् । आफ्नो ज्यान खतरामा परेकाले एउटी छोरी सर्पसँग जान तयार होऊ भन्छन् तर जेठी, माइली, साहिँली, काहिँली, अन्तरी र जन्तरी छोरीले सर्पसँग जान इन्कार गर्छन् । अन्त्यमा कान्छी छोरी सर्पसँग जान तयार हुन्छे । कान्छी छोरीले सर्पसँग जान्छु भनेपछि सर्पले बुवालाई छोडेर कान्छी छोरीलाई आँखै अगाडि सर्लक्क निल्छ । बुवा र अरू छोरीहरू आत्तिएर रुन्छन् । सर्प भने कान्छी छोरीलाई निलेपछि ठुलो भुँडी बनाएर झ्यासतिर पस्छ । अब आमालाई के भन्ने भनेर बुवा र छ बहिनी छोरीहरू चिन्तित हुँदै डुम्री बोकेर घर फर्किन्छन् । यस घटनाक्रमसँगै कथानक मध्य भागमा प्रवेश गर्छ । यहाँबाट कथाको पहिलो सङ्कटावस्था सुरु भएको छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

घर पुगेपछि छ जना छोरी लस्करै बस्छन् । छोरीहरूको अनुहार एउटै भएकाले आमालाई पनि छुट्याउन गाह्रो हुन्छ । आमाले छोरीहरू गन्दै जाँदा छ जना मात्रै भएपछि पालैपालो छोरीहरूलाई बोलाउँछिन् । आमाले बोलाउन जेठी माइली भन्दै बोलाउँदा सबै

छोरी पालैपालो हई भन्छन् तर कान्छीको पालो आएपछि हतार-हतार बुवाले 'हई' भनेर भन्छन् । आमालाई विश्वास लाग्दैन र कान्छी छोरी खोइ भनेर सोध्छिन् । केही उपाय नलागेपछि दिनभरिको सबै कहानी आमालाई सुनाउँछन् र घरमा रुवाबासी हुन्छ ।

### (४) तेस्रो सङ्कटावस्था

सर्पले कान्छी छोरीलाई खाएपछि सुरुङतिर जान्छ । सुरुङभित्र छिरेर धेरै पर पुगेपछि त्यहाँभित्र ठुलो र राम्रो राजाको महलमा पुग्छन् । त्यहाँ पुगेपछि सर्पले कान्छीलाई ओकल्छ । त्यस सर्पले कान्छीलाई रानी बनाउन लगेको हुन्छ । यता कान्छीका परिवारमा चाहिँ सर्प राजा हो भन्ने कुरा कसैलाई थाहा हुँदैन । महलमा भएका सर्प राजाका सुसारेहरूले सधैँ राजाको पूजा गर्छौं भनेर चिनाउँछन् । भोलिपल्ट सर्प र कान्छीको धुमधामसँग विवाह भएपछि श्रीमान श्रीमती एउटै कोठामा बस्नु पर्छ । निद्रा लागेपछि दुवै श्रीमान श्रीमती एउटै कोठामा सुत्छन् । सर्पसँग एउटै कोठामा बस्नुपर्दा कान्छी रुन्छे ।

### (५) चौथो सङ्कटावस्था

सर्पले मध्य बाह्र बजे काँचुली फेर्छ भन्ने कुरा एउटी धाइ आमाबाहेक अरू सुसारेहरूलाई थाहा हुँदैन । कान्छीले रुँदै त्यही धाइआमासँग गुनासो पोख्छे । सर्पसँग बिहे भएपछि श्रीमान भन्न कर लागेको तर श्रीमान श्रीमतीबिच हुने कुनै सम्बन्ध नभएको कुरा धाइआमालाई बताएपछि धाइआमाले बाह्र बजेपछि सर्पले काँचुली फेर्ने र दिसापिसाब गर्न लामो समय लगाउने हुँदा सर्प फर्केर आउनुभन्दा अगाडि नै काँचुली जलाएमा सर्प राजकुमार हुने कुरा बताउँछे । बाह्र बजेपछि सर्पले काँचुली फेर्छ । काँचुली फेरेपछि संसारमै नभएको अति राम्रो रूपरङ भएको राजकुमार निस्किन्छ । यस लोककथाको चमत्कारिक सर्प पशुसम्बन्धी अभिप्राययुक्त सहभागी हो ।

### (६) पाँचौँ सङ्कटावस्था

राजकुमार बाहिर निस्केपछि कान्छीले त्यो काँचुली डढाउँछे । राजकुमारले आफ्नो काँचुलीको गन्ध थाहा पाएपछि कुद्दै फर्केर घर आइपुग्दा उसको काँचुली खरानी भइसकेको हुन्छ । तिमीले किन मेरो काँचुली जलाएको भनेर राजकुमारले सोधीखोजी गर्दा कान्छीले आफ्ना मनका सबै इच्छा बताउँछे । त्यो रात दुःखसुखका कुरा गरेर बित्छ ।

### (७) छैटौँ सङ्कटावस्था

उज्यालो हुन नपाई उठ्ने सर्प राजा र रानी घाम माथि आउन्जेल पनि नउठेपछि खैलाबैला हुन्छ । सैनिकहरूले बाजा बजाएर हल्लाखल्ला गर्दा पनि सर्प र कान्छी बाहिर आउँदैनन् । आज सर्प र कान्छी दुवै मरेछन् भनेर त्यस राज्यका मान्छेहरू मलामी बनेर आउँछन् । दिउँसो भएपछि ढोका खुल्छ । भित्र पसेर हेर्दा राम्रो न राम्रो राजकुमार सुतिरहेको भेट्छन् । सर्पको ठाउँमा सुन्दर राजकुमार देखेर सबैजना छक्क परेपछि धाइ आमाले सबै कहानी बताउँछिन् । सर्प नै यति राम्रो राजकुमार रहेछ भन्ने कुरा थाहा पाएपछि त्यहाँ ठुलो उत्सव मनाउँछन् ।

**(८) सातौँ सङ्कटावस्था**

केही समयपछि कान्छीलाई माइत जान मन लाग्छ । हात्तीका लावालस्कर अगाडि लगाएर टन्न कोसेली लिएर कान्छी र राजकुमार माइत ससुराली पुग्छन् । माइतमा भने कान्छी छोरीलाई सर्पले निल्यो भन्ने पीर लिएर बुवाआमा दिदीहरू खाना पनि नखाइकन शोकमा डुबेका हुन्छन् । कान्छी छोरी झपक्क गरगहना लगाएर, हात्तीमा चढेर,सामानको भारी बोकाएर घरमा आएको देख्दा आमाबुबा दिदीहरू सबैजना छक्क पर्छन् । भोलिपल्ट दिदीबहिनीले कान्छी बहिनीलाई नुहाउन जाऔँ भन्छन् । माइली दिदीले बहिनीलाई लिएर नुहाउन जान्छे । इनारछेउ पुगेपछि दिदीले कान्छी बहिनीलाई कसरी राजकुमारसँग बिहे भयो भनेर सोध्छे । कान्छीले सबै कहानी सुनाउँछे । कान्छीले लगाएका सबै गहना पोको पारेर इनार छेउमा राखेर नुहाउन थाल्छे । माइली दिदीले गहना पाउने र राजकुमारी हुने लोभमा नुहाउँदै गरेकी कान्छी बहिनीलाई इनारमा ठेलिदिएर त्यो गरगहना लगाएर घर जान्छे । यस भागमा आइपुग्दा कथा चरमोत्कर्षमा पुग्छ । स्रोताका मनमा अब के होला भने कौतुहल बढ्छ ।

**३. अन्त्य**

**(९) आठौँ सङ्कटावस्था (सङ्घर्ष ह्रास)**

राजकुमारको दरबार फर्कने बेला हुन्छ । माइली छोरी हात्तीमा चढ्न खोज्दा हात्ती उठ्न मान्दैन । राजा र माहुतेले पालैपालो आफ्नो विधिविधान गरेपछि हात्ती जुरुक्क उठेर कुद्छ र इनारको पानी सुँडले तानेर सुकाएर कान्छी बहिनीलाई निकाल्छ । राजकुमारसँग जान ठिक्क परेकी माइलीलाई इनारमा हालेर पानी भरिदिन्छ । माइली त्यहीँ मर्छे । यो कुरा घरमा बस्ने कसैलाई थाहा हुँदैन । राजा र हात्ती कान्छीलाई लिएर राजाको दरबार फर्किन्छन् ।

**(१०) उपसंहार (फलप्राप्ति)**

घरमा बाँकी भएका पाँचजना छोरीहरू कान्छीको यति राम्रो राजकुमारसँग बिहा भएछ । हामी पनि सर्पसँग बिहे गर्ने भनेर बुवासँग किचकिच गर्न थाल्छन् । छोरीका कुरा सुनेर बुवा पनि सर्प खोज्न जङ्गलतिर लाग्छन् । पाँचवटा सर्प खोजेर घर ल्याएर पाँचैजना छोरीलाई सर्प रोजेर छुट्छुट्टै घरमा बस्न लगाउँछन् । घाम डुबेपछि सर्पले खुट्टादेखि सुरु गरेर पाँचैवटी छोरीलाई निल्छ । भोलिपल्ट उज्यालो भएपछि छोरी हेर्न जाँदा बुवाआमाले छोरी देख्दैनन् । सर्प चाहिँ मोटाएर सुतिरहेका भेट्छन् । आफ्ना छोरीहरूलाई सर्पले खाएछ भनेर बुवाआमा डाको छोडेर रुन्छन् । यसरी कथाको अन्त्य हुन्छ ।

यस लोककथाको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथामा सबैको भाग्य एकैनासको हुँदैन । नचाहिने कुरामा जिद्धी गर्दा ज्यान जोखिममा पर्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा थपिएका टुक्रे घटनाले कथा कसिलो बनेको छ ।

**४.५.२ सहभागी**

'सात बहिनी र सर्प' लोककथा सीमित सहभागी भएको लोककथा हो । यस कथामा बुढाबुढी, उनीहरूका सात बहिनी छोरीहरू र धाइआमा मानवीय पात्रका रूपमा सहभागी

भएका छन् भने सर्प र हात्ती मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । कान्छी बहिनी र सर्पबाट रूप परिवर्तन गरेर बनेको राजकुमार प्रमुख सहभागी हुन् भने कान्छीका दिदीबहिनी र हात्ती सहायक पात्र हुन् । प्रस्तुत लोककथामा उपस्थित भएका सहभागीहरू र तिनका अभिलक्षणहरूलाई तल तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं. १०**

**'सात बहिनी र सर्प' लोककथामा सहभागी**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बुवा | + | - | - | + | - | - | + | + | - | - | + | - | + | + | - |
| आमा | - | + | - | - | + | + | - | - | + | - | + | - | + | + | - |
| कान्छी बहिनी | - | + | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| कान्छीका दिदीहरू | - | + | - | + | - | - | + | + | + | - | + | - | + | + | - |
| सर्प | - | - | + | - | - | + | - | - | + | - | - | - | + | + | - |
| राजकुमार | + | - | + | - | + | + | - | + | + | + | - | - | + | + | - |
| धाइआमा | - | + | - | - | + | + | - | + | + | + | - | - | + | + | - |
| हात्ती | - | - | - | | - | + | - | - | - | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ बुवा आमा, कान्छी बहिनी, कान्छीका दिदीहरू, सर्प, राजकुमार, धाइ आमा र हात्ती सहभागीका रूपमा उपस्थित छन् । कान्छी बहिनी कथामा केन्द्रीय महिला पात्रका रूपमा सहभागी भएकी छे । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू कान्छीकै केन्द्रीयतामा घटेका छन् । कान्छी अनुकूल पात्र हो । उसले बुवाको ज्यान बचाउन आफ्नो ज्यान जोखिममा हालेर सर्पसँग जान मञ्जुर गरेकी छे । सर्पले दरबारमा पुऱ्याएपछि उसको मनमा खुलदुली र छटपटी हुँदा धाइआमासँग पीडा पोखेकी छे । जस्तै परिस्थिति हुँदा पनि धैर्य र हिम्मतले काम गर्ने कान्छी कथाको सुरुदेखि अन्त्यसम्म सहभागी भएकी बद्ध र मञ्चीय पात्र हो । ऊ गतिशील स्वभावकी पात्र हो । चलाख भएकाले सर्पको काँचुली जलाएर सुन्दर राजकुमारलाई आफ्नो पतिका रूपमा प्राप्त गर्न सफल भएकी छे ।

कान्छीको बुवा सहायक पुरुष पात्र हो । उसले कथाको सुरुमा आफ्ना छोरीहरूलाई डुम्री टिपेर खुवाउन लगेको घटनाले सन्तानप्रतिको कर्तव्य पूरा गर्ने बुवाको रूपमा चिनिए पनि कथाको मध्य र अन्त्य भागका ऊ स्वार्थी र प्रतिकूल पात्रका रूपमा सहभागी भएको देखिन्छ । सर्पले आफूलाई खान खोज्दा आफ्नै छोरीलाई सर्पसँग जान बाध्य बनाएको छ । यसैगरी छोरीहरूले कान्छी बहिनीको जस्तै सर्पसँग विवाह गर्ने भनेर कर गर्दा सबै सर्प उस्तै हुँदैनन् भन्ने कुरा विचारै नगरी सबै छोरीलाई सर्प खोजेर ल्याएको छ । जीवन चेतनाका आधारमा हेर्दा ऊ व्यक्ति पात्र हो ।

कान्छीका छवटी दिदीमध्ये माइली दिदी स्वार्थी, लोभी र प्रतिकूल चरित्र भएकी पात्र हो । उसले सम्पत्तिका लागि आफ्नै कान्छी बहिनीलाई इनारमा धकेलेर मार्ने प्रयास गरेकी छे । कथामा खलपात्रका रूपमा उसको उपस्थिति रहेको छ । जीवनचेतनाका आधारमा माइली व्यक्ति पात्र हो भने आबद्धताका आधारमा हेर्दा कथाको सुरुदेखि अन्त्यसम्म उसको

उपस्थिति रहेको छ । माइली बाहेक अन्य दिदीबहिनीहरू पनि कथामा उपस्थित छन् तर उनीहरूले कान्छीलाई नोक्सान पुऱ्याउने काम गरेका छैनन् बरु कान्छीको राजकुमारसँग विवाह भएकामा जलन भने भएको छ । गरगहना र सम्पत्तिको लोभमा सर्पसँग विवाह गर्ने सपना देखेका दिदीबहिनीलाई सर्पले नै निलेको छ । कान्छीकी आमा अनुकूल चरित्रकी नारी पात्र हो । उसको कथामा खासै भूमिका छैन ।

कथाको सुरुमा सर्पका रूपमा सहभागी भएको र मध्य भागमा रूप परिवर्तन गरेर मानिस भएको राजकुमार कथाको सहायक पात्र हो । उसको उपस्थितिले नै कथा अतिप्राकृतिक बनेको छ । कथाको सुरुदेखि अन्त्यसम्म कहिले सर्प त कहिले राजकुमारका रूपमा उपस्थित भएकाले ऊ बद्ध र मञ्चीय पात्र हो । कथामा सहायक पात्रका रूपमा हात्ती पनि उपस्थित छ । हात्तीले कान्छी बहिनीलाई इनारमा धकेलेर मार्ने र आफू रानी हुने सपना देखेकी माइलीको अपराध पत्ता लगाएर अद्भुत क्षमता देखाएको छ । हात्ती अनुकूल, मञ्चीय र बद्ध मानवेतर सहभागी हो ।

यसप्रकार थोरै सहभागी भएर पनि विभिन्न घटनाक्रमले कथामा विभिन्न आरोह र अवरोह आएका छन् । कथाका घटनाक्रमलाई रोचक बनाउन सबै पात्रहरूको भूमिका रहेको छ ।

### ४.५.३ परिवेश

'सात बहिनी र सर्प' मा स्थानिक परिवेशका रूपमा बुढाबुढीका परिवार बस्ने गाउँ, घाँसपात गर्ने जङ्गल, झोडी, डुम्रीको रुख, सर्प बस्ने सुरुङ, राजदरबार, इनार आदि आएका छन् । राजकुमारको सेवा गर्ने सुसारे, हात्ती सवारी गराउने माहुते र धाइआमा राख्ने प्रचलनले प्राचीन कालको झल्को दिन्छ । धेरैजसो घटना सर्पको दरबार र कान्छीको माइतमा घटेका छन् । सर्पले काँचुली फेरेपछि अत्यन्त सुन्दर राजकुमारमा परिवर्तन हुँदा अद्भुत तथा चामत्कारिक परिवेश सिर्जना हुन्छ । कथाको सुरुआतमा बुवाआमा र छोरीहरूसहितको सुखी अनि खुसी परिवार कान्छी छोरीलाई सर्पले निलेपछि एकदमै दुःखित हुन्छ । सुखद परिवेशबाट सुरु भएको कथाको मध्यभागमा दुःखद परिवेश सिर्जना हुन्छ । सङ्घर्ष ह्रासको अवस्थामा हात्तीले कान्छीलाई इनारबाट निकाल्दा सुखद परिवेश सिर्जना हुन्छ भने अन्त्यमा कान्छीका सबै दिदीलाई सर्पले निलेपछि अत्यन्त दुःखद तथा कारुणिक परिवेशमा कथाको अन्त्य हुन्छ । त्यसैले प्रस्तुत कथा दुःखान्त लोककथा हो ।

### ४.५.४ उद्देश्य

'सात बहिनी र सर्प' पारिवारिक पृष्ठभूमिमा रचिएको उपदेशप्रधान लोककथा हो । यस लोककथाले नीतिशिक्षा तथा उपदेश दिएको छ । यस लोककथामा बुवाले नसोची निर्णय गर्दा सबै छोरीको जीवन समाप्त भएको कुरा देखाएर अभिभावकको गैरजिम्मेवारीले परिवारमा सङ्कट आउने कुरातर्फ सङ्केत गरिएको छ । प्रस्तुत लोककथामा दिदीबहिनीबिच लोभ, डाहा र इर्ष्या हुनुहुँदैन । सबैको भाग्य एकनासको हुँदैन । कसैको देखासिखी गर्दा मृत्युको मुखमा पुग्न सकिन्छ भन्ने शिक्षा पनि दिइएको छ । अरूलाई नराम्रो गर्नेले एक न एक दिन सजाय पाउँछ भन्ने कुरा देखाइएको छ । लोककथामा आफ्नै

बहिनीको डाहा गर्दा माइली दिदीले मृत्युवरण गर्नुपरेको छ भने अन्त्यमा कान्छी बहिनीको जस्तै धनसम्पत्ति र श्रीमान खोज्दा सबै दिदीहरूले सर्पको आहारा बन्नुपरेको छ । दिदीबहिनीबिच प्रेम हुनुपर्ने हो तर यस लोककथामा दिदीबहिनीले नै शत्रुवत व्यवहार गरेका छन् । अर्काको सुख खोस्न खोज्दा कान्छीका दिदीहरूले अकालमै ज्यान गुमाउनु परेको कुरा देखाएर कुनै कदम चाल्नु अगाडि सोचविचार गर्नु पर्छ भनेर सन्देश दिनु प्रस्तुत लोककथाको उद्देश्य रहेको छ ।

### ४.५.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषा सरल, सहज र सुबोध्य रहेको छ । छोटाछोटा वाक्य संरचना, बोलीचालीका शब्दको प्रयोग गरिएको यस लोककथामा स्थानीय भाषिकाको प्रभाव पाइन्छ । रोचक घटनाहरूको संयोजनले कथा रमाइलो बनेको छ । 'सर्पले मलाई एउटी छोरी दे नत्र भने म तँलाई खान्छु भनेछ,' 'बाउ डरले लुगलुग काम्न थाल्यो', 'कान्छी भनेर बोलाउँदा हतार हतार बाउले हई भनेछ अरे', जस्ता अनादरवाची वाक्यको प्रयोग गरिएको यस लोककथामा 'माइली मऱ्यो, 'माइलीले कान्छीलाई इनारमा धकेल्द्यो,' 'कान्छीले काँचुली डढाइदेछ,' जस्ता लिङ्ग सङ्गति नमिलेका वाक्य प्रयोग गरिएका छन् । 'एकादेशमा......बाट सुरु भएर अरूले हात्ती चढे भन्दैमा आफूले धुरी चढ्नु हुँदैन भन्ने उखानमा टुङ्ग्याइएको छ । कथामा अरे, है, पो जस्ता निपातको प्रयोग गरिएको छ । बोलीचालीको भाषा प्रयोग गरिएको यो लोककथा समग्रमा व्यवस्थित संरचनामा बाँधिएको छ ।

## ४.६ निष्कर्ष

दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये यस परिच्छेदमा चारवटा अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यी लोककथाहरूमध्ये आयामका दृष्टिकोणले 'टुहुरो र लोभी बुढी' छोटो आयाममा संरचित छ भने र 'अल्छे तीनकुरिया', चन्द्रसूर्य' र 'सात बहिनी र सर्प' लामो आयाम भएका लोककथा हुन् । अद्भुत क्रियाकलाप गर्ने अप्सरा, मुसो, परेवा, बाघ, लौरो, तपेस, डोरी, घोडा, सर्प जस्ता पात्रको प्रयोग गरिएका यी लोककथाले श्रोतालाई भरपूर मनोरञ्जन दिन्छन् । छोटा वाक्य र सरल, सहज बोलीचालीको भाषा प्रयोग गरिएका यी लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । यी लोककथाले मनोरञ्जनका साथै नीति तथा उपदेश प्रदान गर्ने उद्देश्य राखेका छन् । जङ्गलमा फलफूल तथा कन्दमूल खोज्न जाने, गाइवस्तु चराउने, भूतप्रेतमा विश्वास गर्ने, पात्रले छिनछिनमा रूप परिवर्तन गर्ने लगायतका क्रियाकलापले धिमाल जातिको लोकविश्वास र सामाजिक संरचनालाई झल्काएका छन् । गाउँले जीवनको सुख दुःख, आरोह, अवरोह, उतारचढावमा पनि धैर्यपूर्वक काम गर्नु पर्छ भन्ने सन्देश यी अतिप्राकृतिक लोककथाले दिएका छन् ।

# पाँचौँ परिच्छेद

# दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण

## ५.१ विषयप्रवेश

कथामा पशुपक्षी प्रमुख हुने र पशुपक्षीकै कार्यव्यापारबाट घटनाक्रम अगाडि बढ्ने कथा पशुपक्षीमूलक कथा हुन् । कथामा सहभागी पशुपक्षीले अद्भुत क्षमता देखाएर पाठक तथा स्रोतालाई छक्क पार्छन् । लोककथाका पात्रका रूपमा उपस्थित भएका पशुपक्षी मान्छे जस्तै कुराकानी गर्ने, मानिसभन्दा अलौकिक शक्ति भएका, मिलनसार र सहयोगी हुन्छन् । माथि दोस्रो परिच्छेदको तालिका नं २ मा वर्गीकरण गरिएका कथाहरूमध्ये 'खरायो र बाँदरको मित्रता', 'बुढाबुढी र चङ्खे बाँदर' र 'लोभी बाहुन' कथा पशुपक्षीमूलक कथा हुन् ।

यस परिच्छेदमा 'खरायो र बाँदरको मित्रता','बुढाबुढी र चङ्खे बाँदर' र 'लोभी बाहुन' लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

## ५.२ 'खरायो र बाँदरको मित्रता' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'खरायो र बाँदरको मित्रता' धिमाल जातिमा प्रचलित छोटो आयामको लोककथा हो । प्रस्तुत कथामा पशुपक्षीबिच हुने मित्रवत सम्बन्धलाई देखाउन खोजिएको छ । बाँदरजस्तो चकचके जनावर र खरायोजस्तो चतुर जनावरका बिचमा भएको मित्रता, बाँदरले खरायोलाई दिएको दुःख, खरायोले बाँदरलाई सिकाएको पाठलाई रमाइलो किसिमले वर्णन गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ५.२.१ कथानक

एउटा जङ्गलमा खरायो र बाँदर मित लगाएर बस्नु, एकदिन भोक लागेपछि खानेकुराको खोजी गर्न जानु, बाँदर रुखमाथि चढेर खानेकुराको खोजी गर्नु, खरायोलाई खुट्टा खोच्याएर बाटोमै हिँड्न भन्नु, बाँदरले केराको घरी बोकेर आएको मान्छे देख्नु, बाँदरले मान्छे आउँदै गरेको कुरा खरायोलाई भन्नु, खरायो खुट्टा खोच्याउँदै बिस्तारै भाग्नु, मान्छेले खरायोलाई खेदाउनु, खरायो भागेर जङ्गलतिर भाग्नु, बाँदरले केराको घरी लिएर रुखमा चड्नु, मान्छे फर्केर आउँदा केराको घरी नदेखेर पछुताउनु, केही समयपछि बाँदरले दहीको भार लिएर आएको मान्छे देख्नु, खरायोलाई फेरि खुट्टा खोच्याउन भन्नु, दही बोक्ने मान्छेले खरायो देख्नु, खरायो समाउन दही छोडेर पछि लाग्नु, बाँदरले दही पनि लिएर रुखमा जानु र सबै खानु, खरायोलाई रिस उठनु र बाँदरसँग बदला लिने योजना बनाउनु, बाँदरलाई माहुरीको गोलो देखाएर राजाको पङ्खा हो भनेर ढाँट्नु, पङ्खा छुँदा धेरै हावा आउने भएकोले नछुनु है भनी खरायो जानु, बाँदरले माहुरीको गोलो छुनु, माहुरी बाँदरमाथि खनिनु, बाँदर भाग्दा इनारमा खस्नु, बाघको सहयोगले बाहिर निस्किनु, बाँदरले बाघलाई

इनारमा ठेलेर मार्नु, बाघलाई पानीमा हालेपछि बाँदर ढुक्क भएर त्यहाँबाट जानु, बाटोमा खरायोलाई भेटेर दुवैजनाको हिसाव किताब बराबर भएको कुरा गरी दुवै मित मिलेर बस्नु जस्ता घटनासँगै कथाको अन्त्य भएको छ ।

'खरायो र बाँदरको मित्रता' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एउटा जङ्गलमा खरायो र बाँदर हुन्छन् । तिनीहरू एकअर्कासँग मित लगाएर बस्छन् । एकदिन दुवैलाई भोक लागेपछि खानेकुराको खोजी गर्न गाउँतिर जान्छन् । बाँदर रुखमाथि चढेर खानेकुराको कहाँ पाइन्छ भनेर खोजी गर्छ । बाँदरले खरायोलाई कोही मानिस आउँछन् कि भनेर हेर्न र मान्छे आएको देखेमा खुट्टा खोच्याएर बाटोमै हिँड्न लगाउँछ । यसबाट खरायोभन्दा बाँदर चलाख छ भन्ने बुझिन्छ । बाँदरले खरायोलाई खानेकुरा प्राप्त गर्ने माध्यमका रूपमा प्रयोग गर्दै छ भन्ने कुराको सङ्केत पाइन्छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

केही समयमा बाँदरले केराको घरी बोकेर आएको मान्छे देख्छ र खरायोलाई अगाडि भएको सल्लाहअनुसार हिँड्न नसकेको अभिनय गर्न लगाउँछ । खरायो खुट्टा खोच्याउँदै बिस्तारै बाटोमा हिँड्न थाल्छ । केराको घरी लिएर आएको मान्छेले खुट्टा खोच्याउँदै हिँडेको खरायोलाई देख्छ खरायोलाई समाउन खोज्छ । खरायो पहिला विस्तारै दौडेर जङ्गलतिर भाग्छ । मान्छे पनि खरायोलाई खेदाउँदै धेरै पर पुग्छ । यता त्यही मौका पारेर बाँदरले केराको घरी लिएर रुखमा चड्छ । खरायो नभेटेपछि मान्छे फर्केर केराको घरी छोडेको ठाउँमा आउँछ । आफूले राखेको ठाउँमा केराको घरी नदेखेर पछुताउँछ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

केही समयपछि बाँदरले दहीको भार लिएर आएको मान्छे देख्छ र खरायोलाई फेरि खुट्टा खोच्याउँदै हिँड्न लगाउँछ । दही बोक्ने मान्छेले खरायो देख्छ । उसलाई खरायो समाउन मन लाग्छ र दही छोडेर खरायो खेदाउन थाल्छ । यही मौकामा बाँदरले दहीको ठेकी नै लिएर रुखमा जान्छ र दही केरा सबै खान्छ ।

**(४) तेस्रो सङ्कटावस्था**

दही ल्याउने मान्छेले खरायोलाई जति खेदाए पनि भेट्न सक्दैन । केही समयपछि ऊ दहीको ठेकी बिसाएको ठाउँमा आउँदा दहीको ठेकी भेट्दैन र आफ्ना लोभीपनलाई धिक्कार्दै घर फर्किन्छ ।

**(५) चौथो सङ्कटावस्था**

मान्छेले खेदाएपछि भागेर जङ्गल पुगेको खरायो मान्छे घर फर्केको यकिन भएपछि बाँदर भएको ठाउँमा आउँछ । खरायोलाई भोक लागेकाले बाँदरसँग दही र केरा माग्छ तर बाँदरले केराको बोक्रा र खाली ठेकीमा दिसा भरेर दिन्छ । यो देखेर खरायोलाई रिस उठ्छ र बाँदरसँग बदला लिने योजना बनाउँदै ऊ जङ्गलतिर फर्किन्छ ।

**(६) पाँचौँ सङ्कटावस्था**

छुकछुके बाँदर पनि मेरो मितज्यू कता जानु भएछ भन्दै खोज्दै खोज्दै खरायो भएको ठाउँमा आउँछ । तपाईं मलाई छोडेर किन यहाँ आउनुभएको भनेर बाँदरले खरायोलाई सोध्छ । खरायोले आफूलाई राजाको पङ्खा रुङ्न राखेको कुरा बताउँछ । मितज्यू ! तपाईं यता आउँदै नआउनु भनेर खरायोले भन्छ । स्याललाई के रहेछ र मलाई यता नआउनू भन्छ भनेर खुलदुली जाग्छ र मलाई पनि रुङ्न दिनु भनेर भन्छ । बाँदरले धेरै जिद्दी गरेपछि खरायोले यसलाई छोयो भने धेरै हावा दिने भएकाले नचलाउनू है भनेर झाडीतिर पस्छ र बाँदरले के गर्दोरहेछ भनेर लुकेर हेर्छ ।

**(७) छैटौँ सङ्कटावस्था**

बाँदरलाई खरायोले पङ्खा हो भनेको चिजले कस्तो हावा दिन्छ भनेर जान्न मन लाग्छ र आफ्नो मन थाम्न सक्दैन । उसले माहुरीको गोलो छुन्छ । माहुरी बिच्किएर बाँदरमाथि खनिन्छन् । माहुरीको टोकाइ सहन नसकेर भाग्दै जाँदा बाँदर इनारमा खस्छ ।

**३. अन्त्य**

**(७) सङ्घर्ष ह्रास**

बाँदर इनारमा खसेपछि माहुरी पनि भाग्छन् तर इनार गहिरो भएकाले बाँदरलाई आपत पर्छ । अब कसरी निस्किने होला ? भन्दै सोची रहेको बेलामा एउटा बाघ त्यही इनारको बाटो भएर आउँछ । बाँदरले बाघलाई दाजुको साइनो लगाएर बोलाउँछ । जङ्लमा दाजु भनेर बोलाउने को रहेछ भनेर बाघ छक्क पर्छ । आवाज पछ्याउँदै जाँदा इनारभित्र खसेको बाँदरलाई देख्छ । बाँदरले बाघका दाजुभाइ इनारमा छन् भनेर भन्छ र बाघको पुच्छरको सहायताले बाहिर निस्केपछि बाघलाई इनारमा हेर्न लगाउँछ बाघले मुन्टो झुकाएर इनारमा हेरेको मौका पारेर बाँदरले बाघलाई इनारमा धकेल्छ । बाघ मर्छ । यसपछि कथा उपसंहारतर्फ प्रवेश गर्छ ।

**(८) उपसंहार (फलप्राप्ति)**

बाघलाई इनारमा हालेपछि बाँदर ढुक्क भएर त्यहाँबाट बाटो लाग्छ । बाटोमा उसले फेरि खरायोलाई भेट्छ । हाम्रो हिसाबकिताब बराबर भयो । मैले पनि तपाइँलाई ठगेर दही केरा सबै आफैँ खाएर फटाइँ गरेको थिएँ । तपाइँले पनि मलाई पालाको पैँचो तिर्नु भयो । अबदेखि यस्तो नगर्नु है । हामी मिलेर बस्नुपर्छ भनेर बाँदरले खरायोलाई भन्छ र उनीहरू मिलेर बस्न थालेसँगै कथाको अन्त्य हुन्छ ।

यसरी कथामा मित्रताको महत्त्वलाई देखाइएको छ । कथाको आदि, मध्य र अन्त्यको शृङ्खला व्यवस्थित रहेको छ । कथाको सुरुदेखि अन्त्यसम्म घटेका रोचक घटनाले कथा रमाइलो बनेको छ ।

### ५.२.२ सहभागी

'खरायो र बाँदरको मित्रता' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा बाँदर, खरायो, बाघ, केरा ल्याउने मान्छे तथा दही ल्याउने मान्छे सहभागीका रूपमा आएका छन् । यो लोककथा बाँदर र खरायोबिच घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा बाँदर र खरायो उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. ११**

**'खरायो र बाादरको मित्रता' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बाँदर | - | - | + | - | - | - | + | - | + | - | - | - | + | + | - |
| खरायो | - | - | - | + | - | + | - | - | + | - | - | - | + | + | - |
| केरा ल्याउने मान्छे | + | - | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| दही ल्याउने मान्छे | + | - | - | + | - | + | - | + | - | - | + | - | + | - | + |
| बाघ | - | - | - | - | + | + | - | - | + | - | - | - | + | - | + |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ बाँदर, खरायो र बाघ मानवेतर सहभागी हुन् भने दही ल्याउने मान्छे तथा केरा ल्याउने मान्छे मानवीय सहभागीका रूपमा उपस्थित भएका छन् । बाँदर कथाको प्रमुख सहभागी हो । उसकै केन्द्रीयतामा कथामा विशेष घटना घटेका छन् । बाँदर बद्ध पात्र हो । सधैँ अरूलाई फसाएर आफ्नो काम सम्मन्न गराउने बाँदर दुष्ट चरित्रको देखिएको छ । छुकछुके स्वभावको बाँदरले खरायोलाई माध्यम बनाएर केरा र दही हात पार्न सफल भएको छ । उसले मान्छेलाई पनि मुर्ख बनाएको छ । अन्तिममा खरायोको जालमा परेपछि भने उसको बुद्धि फिरेको छ ।

खरायो सहायक सहभागी हो । सानो तर चतुर भनेर मानिने खरायोलाई बाँदरले दुःख दिएको छ । बाँदरले भनेको मानेर मान्छेलाई झुक्याउन खुट्टा खोच्याएको नाटक गर्ने खरायो प्रतिकूल चरित्रको सहभागी हो । उसले सुरुमा बाँदरलाई सहयोग गरेपनि बाँदरले बेइमानी गरेको थाहा पाएपछि उसले बाँदरसँग बदला लिएको छ । खरायो पनि चतुर, बद्ध र मञ्चीय पात्रका रूमा उपस्थित भएको छ । केराको घरी लिएर आउने मान्छे सोझो पुरुष पात्र हो । उसले खरायोले गरेको नाटक बुझ्न नसक्दा आफूसँग भएको केराको घरी पनि गुमाएको छ । दहीको ठेकी लिएर आउने मान्छे पनि सोझो पुरुष सहभागीका रूपमा कथामा उपस्थित भएको छ । खरायोलाई पक्रिन खोज्दा उसले पनि आफूले ल्याएको दही गुमाएको छ । यी दुवै पात्र गतिशील, मञ्चीय तथा बद्ध पात्र हुन् । कथामा केही समयका लागि बाघको पनि उपस्थिति रहेको छ । बाघजस्तो शक्तिशाली जनावरले बाँदरको कुरामा

विश्वास गर्दा ज्यान गुमाउनु परेको छ । कथाका सहभागी खरायो, बाघ र बाँदर पशुसम्बन्धी अभिप्राययुक्त सहभागी हुन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र रमाइलो बनाएको छ ।

### ५.२.३ परिवेश

'खरायो र बाँदरको मित्रता' कथामा दही र केरा बेचेर जीवन निर्वाह गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने वनजङ्गल झाडी, इनार आदि स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा बाँदर र खरायो बस्ने वनजङ्गल आएको छ । प्रस्तुत लोककथाको वातावरण आदि मध्य र अन्त्य तीनै भागमा हाँसउठ्दो, मनोरञ्जनपूर्ण र रमाइलो किसिमको रहेको छ । आदि भागमा खरायो र बाँदर मिलेर दही र केरा चोर्दा गरेको योजनाले कथामा मनोरञ्जन थपेको छ । मध्यभागमा पनि बाँदर र खरायोले पालैपालो एकअर्कालाई सताउँदा रमाइलो वातावरण सिर्जना भएको छ । कथाको अन्त्यमा स्यालले आफूले गरेको गल्ती स्वीकार गरेर हिसाब किताब बराबरी भयो, अब हामी मिलेर बस्नुपर्छ भनी खरायोलाई भनेकाले सुखद परिवेशको सिर्जना भएको छ ।

### ५.२.४ उद्देश्य

'खरायो र बाँदरको मित्रता' पशुपक्षीमूलक लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । दुई जना मिलेर गरेको कामको फल एक्लैले खान खोज्नु हुँदैन । आफ्ना साथीलाई विस्वासघात गर्नु हुँदैन । अरूलाई नराम्रो गर्दा आफूले सजाय भोग्नु पर्छ भन्ने कथाको मूल सन्देश रहेको छ । कथामा बाँदरले खरायोसँग खानेकुरा खोज्न सहयोग मागेर खानेकुरा पाएपछि एक्लै खाएको छ । त्यसकारण माहुरीको गोलो खनिएर बाँदरले दुःख पाएको छ । यसका साथै आफूसँग भएको कुराको वेवास्ता गरी बढी लोभ गर्दा हातमा भएको कुरा पनि उम्किन्छ भन्ने शिक्षा दिइएको छ । केराको घरी बोकेर आउने मान्छे र दहीको ठेकी लिएर आउने मान्छेले खरायोलाई देखेपछि आफ्नो सामान बाटैमा छोडेर खरायोको पछि लाग्दा दुवैजनाले आफ्नो सामान गुमाउनु परेको छ । बढी लोभी नहुन, साथीलाई नठग्न तथा कठिन परिस्थितिमा नआत्तिइकन धैर्यपूर्वक बुद्धि प्रयोग गर्नु पर्छ भन्ने शिक्षा दिनु यस लोककथाको उद्देश्य रहेको छ ।

### ५.२.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ । स्थानीय बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । पालाको पैँचो तिर्नु, पालो फेर्नु, ढुटो बनाउनु जस्ता उखान टुक्काको प्रयोग गरिएको छ । सप्पै, हेरीबसेछ, काँ, धकेल्देछ, जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । यस कथामा निम्न, मध्यम तथा उच्च आदरार्थी तीनै तहका शब्द प्रयोग गरिएका छन् । निपात, सम्बोधन तथा अनुकरणात्मक शब्दको प्रयोग गरिएको यस लोककथामा संवादात्मक तथा वर्णनात्मक दुवै

शैलीको प्रयोग गरिएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल,सहज र सुबोध्य भाषशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ५.३ 'बुढाबुढी र चङ्खे बाँदर' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'बुढाबुढी र चङ्खे बाँदर' धिमाल जातिमा प्रचलित मझौला आयामको लोककथा हो । प्रस्तुत कथामा मानिसले लगाएको बाली बाँदरले खाएर दुःख दिएको कुरा देखाइएको छ । प्राचीन कालमा धिमाल समुदायको बसोबास जङ्गल छेउछाउमै भएकाले बाँदरले निकै दुःख दिएको, खेतीबाली लगाउन नसकिएको, बाँदरले मानिसलाई दिएको सल्लाह सही हो वा गलत भनेर छुट्याउन नसक्दा मानिसले दुःख पाएको कुरा रमाइलो किसिमले वर्णन गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ५.३.१ कथानक

एकादेशमा दुई जना बुढाबुढी बस्नु, उनीहरूको जायजन्म नहुनु, जे रोपे पनि प्रशस्त फल्ने धेरै जमिन हुनु, सन्तान नभए पनि उनीहरूलाई सम्पत्तिको धेरै लोभ हुनु, जङ्गलको जनावरले लगाएको बाली खाएर वाक्क बनाउनु, जनावरले नखाने कच्छु र पिँडालु रोप्न बुढाबुढीले सल्लाह गर्नु, एकदिन बारी जोत्ताजोत्तै बाँदर आइपुग्नु, के रोप्ने भनेर बाँदरले सोध्नु, बुढोले पिँडालु रोप्ने कुरा सुनाउनु, मिहिनेत गरेर जोतेकाले पिँडालु ठुलाठुला फलाउनु है भनेर बाँदरले भन्नु, आफ्नोमा बिउ नभएकाले बुढोले चारचौरास घुमेर पिँडालुको बिउ जम्मा पार्नु, बारीमा भएका सबै झिक्राहरू टिपेर माटो राम्रो पारेपछि बाँदरले के गरेको बाजे भनेर सोध्नु, बालीलाई असर नपरोस् भनेर झिक्रा टिपेको कुरा सुनाएपछि त्यहीँ आगो लगाई दिनु, मल पनि हुन्छ झिक्रा पनि टिप्नु पर्दैन भनेर बाँदरले भन्नु, बुढालाई बाँदरको कुरा मन पर्नु, बाँदरले पिँडालु रोप्ने बेलामा ठुलो खड्कुलोमा उसिनी बोक्रा तासेर पातमा बाँधी माटो नपर्ने गरी छोपेर माटोमा गाड्न भन्नु, बुढाबुढी दुवै जना मिलेर दिनभरि लगाएर पिँडालु र कच्छु उसिन्नु, तासेर मानेको पातमा पोको पारी बारीमा रोप्न जानु, बाँदरले जहाँ-जहाँ रोप्यौ त्यहाँ त्यहाँ एउटा एउटा चिनोका रूपमा सिन्का गाड भन्नु, बुढाबुढी घर फर्किएपछि राति जङ्गलका सबै बाँदर आएर पिँडालु झिकेर खानु र पातमा दिसा गरेर पोको पारेर जहाँबाट पिँडालु झिकेका थिए, त्यही ठाउँमा गाडेर फर्किनु, रोपेको दस दिनमा पनि पिँडालु र कच्छु नउम्रिएपछि खनेर हेर्दा बाँदरको दिसा भेट्नु, बाँदरको उपद्रो देखेर बुढो निराश भएर घर फर्किनु, बुढाबुढी भएर बाँदरलाई सजाय दिने उपाय सोच्नु, बुढोले छिमेकीसँग मागेर छिप्पेको बाँस काटेर ल्याउनु, बुढीलाई लुगा लगाएर मरेको जस्तो भएर सुत्न लगाएर माथिबाट सेतो कपडा ओडाउनु, बुढो एकदम रोएको जस्तो गर्नु, बाँदरले बुढो रोएको आवाज सुनेरे किन रुनुभएको भन्दै बुढोको छेउमा आउनु, लाऊँ लाऊँ खाऊ खाऊँको बेलामा बुढीले संसार छोडेर गई, त्यसैले रोएको भनेर बुढोले भन्नु, बुढो रोएको सुनेर सबै बाँदरहरू भेला हुनु, बुढीको लास उठाउन नसकेर घरभित्रै लास रहेको कुरा बताउनु, त्यो सुनेर सबै बाँदर घरभित्र पस्नु, बुढोले बाँसको लौरो लिएर भित्र पसी

ढोका थुनेर एक-एक गरेर सबै बाँदरलाई कुट्नु, मेरो पिँडालु सबै खाएर तिमीहरूले दिसा गरेर पोको पार्दियौ, तिमीहरूलाई पनि म सिदला बनाउँछु भन्नु, मैले सबै बाँदर मारेर सकेँ भनेर बुढीलाई उठाउनु, सबै बाँदरको मासुबाट सिदला(एकप्रकारको रोटी)बनाउनु, पिँडालुको डाँठ र बाँदरको मासुको रोटी पकाएर गाउँमा लगेर तिमीहरू कोही बाँदरको सिदला खान्छौ भनेर भन्नु, छिमेकीले जङ्गलको बाँदर मासिस् भनेर कराउनु, मैले रोपेको पिँडालु रातभरि सबै बाँदर आएर खाएर मेरो पिँडालुको बीउ मासियो त्यसैले बाँदरको बिउ पनि मैले मास्न खोजेको हो भनेर बुढोले भन्नु, गाउँलेहरूले बुढोलाई पनि कुट्न खोज्नु, त्यसपछि ती बुढाबुढी घरतिर फर्किनु जस्ता घटनासँगै कथाको अन्त्य भएको छ ।

'बुढाबुढी र चङ्खे र बाँदर' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

एकादेशमा दुई जना बुढाबुढी बस्छन् । जायजन्म नभए पनि उनीहरूलाई सम्पत्तिको धेरै लोभ हुन्छ । जे रोपे पनि प्रशस्त फल्ने धेरै जमिन हुन्छ तर जङ्गली जनावरले लगाएको बाली खाएर वाक्क बनाउँछन् । जनावरले नखाने कच्छु र पिँडालु रोप्न बुढाबुढीले सल्लाह गर्छन् । यो कथाको चिनारी भाग हो । यस भागमा जङ्गली जनावरले बाली खाएर हैरान बनाएकाले बुढाबुढीले निकालेको उपायले काम गर्छ कि गर्दैन भन्ने कुतुहलता सिर्जना हुन्छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

एकदिन बुढाले बारी जोत्ताजोत्तै बाँदर आइपुग्छ । के रोप्न जोत्नुभयो भनेर बाँदरले सोध्छ । बुढोले पिँडालु रोप्ने कुरा सुनाउँछ । मिहिनेत गरेर जोतेकाले पिँडालु ठुलाठुला फलाउनु है भनेर बाँदर त्यहाँबाट जान्छ । आफ्नोमा बिउ नभएकाले बुढोले गाउँभरी घुमेर पिँडालुको बिउ जम्मा पार्छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

बारीमा भएका सबै झिक्राहरू टिपेर माटो राम्रो पारेपछि बाँदरले के गरेको बाजे भनेर सोध्छ । बालीलाई असर नपरोस् भनेर झिक्रा टिपेको कुरा सुनाएपछि त्यहीँ आगो लगाई दिनु, मल पनि हुन्छ, झिक्रा पनि टिप्नु पर्दैन भनेर बाँदरले भन्छ । बुढालाई बाँदरको कुरा मन पर्छ र उसले भनेजस्तै गरी सबै झिक्रा बटुलेर आगो लगाउँछ ।

**(४) तेस्रो सङ्कटावस्था**

सधैँ जस्तो बुढाबुढी काम गर्न बारीमा निस्केको थाहा पाएपछि बाँदर पनि बारीमा आउँछ । पिँडालु रोप्नेदिन पनि बाँदर आइपुग्छ । उसले ठुलो खड्कुलोमा पिँडालु उसिनी

बोक्रा तासेर पातमा बाँध्नु र माटो नपर्ने गरी छोपेर माटोमा गाड्न सल्लाह दिन्छ । अगिपछि राम्रो सल्लाह दिएको बाँदरले यसपल्ट पनि राम्रै सल्लाह दियो होला भन्ने सोचेर बुढाबुढी मख्ख पर्छन् ।

**(५) चौथो सङ्कटावस्था**

बाँदरले दिएको सल्लाहअनुसार बुढाबुढी दुवैजना मिलेर दिनभरि लगाएर पिँडालु र कच्छु उसिन्छन् र तास्छन् । तासेका पिँडालु र कच्छु मानेको पातमा पोको पारी बारीमा रोप्न जान्छन् । त्यति नै बेला बाँदर पनि आउँछ र जहाँ-जहाँ रोप्यौ त्यहाँ त्यहाँ चिनोका रूपमा एउटा एउटा सिन्का गाड्न लगाउँछ । बाँदरले दिएको सल्लाह ठिक छ कि छैन भन्ने कुरा नसोची बादरले जे भन्यो त्यही कुरा बुढाबुढीले मान्छन् ।

**(६) पाँचौँ सङ्कटावस्था**

बुढाबुढी घर फर्किएपछि राति नै जङ्गलका सबै बाँदर आएर पिँडालु झिकेर खान्छन् र पातमा दिसा पोको पारेर जहाँबाट पिँडालु झिकेका थिए, त्यही ठाउँमा गाडेर फर्किन्छन् । रोपेको दस दिनमा पनि पिँडालु र कच्छु नउम्रिएपछि बुढाबुढी छक्क पर्छन् । खनेर हेर्दा पिँडालु पोको पारेको पातमा बाँदरको दिसा भेट्छन् । बाँदरको उपद्रो देखेर बुढाबुढी निराश भएर घर फर्किन्छन् ।

**(७) छैटौँ सङ्कटावस्था**

बुढाबुढी दुवै मिलेर भएर बाँदरलाई सजाय दिने उपाय सोच्छन् । बुढाले छिमेकीसँग मागेर छिप्पेको बाँस काटेर ल्याउँछ । बुढीलाई मरेको जस्तो भएर सुत्न लगाउँछ र माथिबाट सेतो कपडा ओडाउँछ । त्यसपछि बुढो एकदम रोएको जस्तो गर्छ । बुढो रोएको आवाज सुनेर हजुरबा के भयो ? किन रुनु भएको भन्दै बाँदर पनि बुढोको छेउमा आउँछ । लाऊँलाऊँ खाऊँ खाऊँको बेलामा बुढीले सन्सार छोडेर गई, त्यसैले रोएको भनेर बुढोले भन्छ ।

**३. अन्त्य**

**(८) सङ्घर्ष ह्रास**

बुढो रोएको सुनेर सबै बाँदरहरू भेला हुन्छन् । बुढोले बुढीको लास उठाउन नसकेर घरभित्रै रहेको कुरा बताउँछ । त्यो सुनेर सबै बाँदर घरभित्र पस्छन् । बुढोको पालो बाँसको लौरो लिएर भित्र पसी ढोका थुनेर एक-एक गरेर सबै बाँदरलाई कुट्छ । मैले दुःख गरेर रोपेको पिँडालु खाएर तिमीहरूले दिसा गरेर पोको पार्दियौ, अब तिमीहरूलाई म सिदला बनाउँछु भन्छ ।

**(९) उपसंहार (फलप्राप्ति)**

सबै बाँदर मारिसकेपछि बुढोले बुढीलाई उठाउँछ । दुई जना मिलेर सबै बाँदरको मासु र पिँडालुको डाँठ मिसाएर सिदला(एकप्रकारको रोटी) पकाउँछन् र गाउँमा लगेर बाँदरको सिदला खाओ भन्छन् । छिमेकीले जङ्गलको बाँदर मासिस् भनेर कराउँछन् । बुढाबुढीले दुःख गरी गरी रोपेको पिँडालु बाँदरले सखाप पारेकाले आफूले पनि बाँदरको बिउ

मास्न खोजेको हो भनेर बुढोले भन्छ । गाउँलेहरूले बुढालाई पनि कुट्न खोज्छन् । त्यसपछि ती बुढाबुढी घरतिर फर्किन्छन् ।

यसरी यस लोककथामा दु:ख गरेर लगाएको बाली जङ्गली जनावरले खाएर नोक्सान भएकाले बुढाबुढी मिलेर बाँदरको पनि बिउ मास्न खोजेका छन् । आफ्नो बाली नस्ट गरेको झोँकमा बाँदर मारेका बुढाबुढीले गाउँलेबाट पनि तिरस्कार पाएका छन् । त्यसैले कसैलाई मार्नु मात्र समस्याको समाधान होइन भन्ने शिक्षा दिएर कथाको अन्त्य भएको छ । कथाको आदि, मध्य र अन्त्यको शृङ्खला व्यवस्थित रहेको छ । कथाको सुरुदेखि अन्त्यसम्म घटेका रोचक घटनाले कथा रमाइलो बनेको छ ।

### ५.३.२ सहभागी

'बुढाबुढी र चङ्खे बाँदर' लोककथामा सीमित सहभागी रहेका छन् । बुढाबुढी र गाउँका मानिसहरू मानवीय पात्रका रूपमा सहभागी छन् भने बाँदर मानवेतर सहभागीका रूपमा उपस्थित छ । यो लोककथा बाँदर र मानिसबिच घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा बाँदर र बुढो उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. १२**

**'बुढाबुढी र चङ्खे बाादर' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बाँदर | - | - | + | - | - | - | + | - | + | - | - | - | + | + | - |
| बुढो | + | - | + | - | - | - | + | - | + | - | - | - | + | + | - |
| बुढी | - | + | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| गाउँलेहरू | + | + | - | - | + | + | - | - | + | + | - | + | - | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यहाँ बाँदर, बुढो, बुढी र गाउँलेहरू सहभागीका रूपमा उपस्थित भएका छन् । बाँदर कथाको प्रमुख सहभागी हो । उसकै केन्द्रीयतामा कथामा विशेष घटना घटेका छन् । बाँदर बद्ध पात्र हो । सधैँ अरूलाई आफ्नो कुरामा फसाएर आफ्नो काम सम्मन्न गराउने बाँदर दुष्ट चरित्रकोछ । छुकछुके स्वभावको बाँदरले सोझा बुढाबुढीलाई ढाँटेर सबै पिँडालु खाइदिन्छ । उसले मान्छेलाई मुर्ख बबनाएको छ । बाँदर मञ्चीय र बद्ध पात्र हो । बाँदरको दुष्ट बानीले गर्दा अन्तिममा बाँदरको बगाल नै मर्नुपरेको छ । यसमा पशुको लहडी स्ववभावलाई अभिप्रायका रूपमा प्रस्तुत गरिएको छ ।

बुढो यस लोककथाको सहायक सहभागी हो । मानिस भएर पनि बाँदरले जे जे भन्यो त्यही पत्याउने बुढो मुर्ख देखिएको छ । उसले लगाएको बाली खाएर जङ्गली जनावरले निकै दु:ख दिएका छन् । त्यसैले पिँडालु रोपेर बाली भित्र्याउने योजनामा लागेको बुढो बाँदरले थापेको जालमा थाहै नपाइ परेको छ । ऊ प्रतिकूल चरित्रको सहभागी हो । काम गर्ने बेलामा बुद्धि नपुऱ्याउँदा उसले लगाएको बाली भित्र्याउन पाएको छैन । बुढो गतिशील पात्र हो । लोककथाको सुरूदेखि अन्त्यसम्म उपस्थित रहेको बुढो बद्ध पात्र हो ।

यस लोककथामा सहायक नारी पात्रका रूपमा बुढी उपस्थित भएकी छ । उसले आफ्नो बुढोको काममा सघाएकी छ । बाँदरले बाली खाएर दिक्क बनाएपछि लगाएको पिँडालु पनि बाँदरले खाइदिँदा बुढीलाई पनि रिस उठ्नु स्वाभाविकै हो । उसले बाँदर मार्न बुढोलाई साथ दिएकी छ । बुढी बद्ध, गतिशील र मञ्चीय पात्र हो । यी बाहेक लोककथामा गाउँलेको पनि उपस्थिति रहेको छ । उनीहरूले जङ्गलका बाँदर मार्ने बुढाबुढीलाई त्यसो नगर्न सुझाव दिएका छन् । साथै बुढोलाई कुट्न खोजेका छन् । गाउँलेहरू आफ्नो निर्णयमा अडिग भएका छन् । उनीहरू गतिहीन, अनुकूल र बद्ध पात्र हुन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र रमाइलो बनाएको छ ।

### ५.३.३ परिवेश

'बुढाबुढी र चङ्खे र बाँदर' लोककथामा खेतीपाती गरेर जीवन निर्वाह गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने पाखो बारी, गाउँघर, बुढाबुढी बस्ने घर स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा बुढाबुढीले खनजोत गरेर बाली लगाउन ठिक पारेको बारी आएको छ । प्रस्तुत लोककथाको वातावरण आदि र मध्य भागमा हाँसउठ्दो, मनोरञ्जनपूर्ण र रमाइलो किसिमको रहेको छ भने अन्त्यमा बाँदरका बगाल नै मारिनु र बुढोलाई गाउँलेले कुट्न खोज्नु जस्ता घटनाले दुःखद परिवेशको सिर्जना भएको छ । मध्य भागमा बाँदरले बुढाबुढीलाई पिँडालु रोप्न सिकाएको तरिका हाँसोलाग्दो छ । अन्त्य भागमा बुढी मरेको जस्तै गरी सुतेर बाँदरलाई झुक्याएको, बुढो शोकमा परेजस्तो गरेर रोएको प्रसङ्गले लोककथालाई रमाइलो बनाएको छ भने बुढाबुढी मिलेर बाँदरलाई मारी सिदला बनाएकाले कथा दुःखान्तमा टुङ्गिएको छ ।

### ५.३.४ उद्देश्य

'बुढाबुढी र चङ्खे बाँदर' पशुपक्षीमूलक लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । मानिसलाई बुद्धिमान प्राणीका रूपमा चिनिए पनि सामान्य व्यावहारिक कामकुरा नजान्दा मानिसले कसरी दुःख पाउँछ भन्ने कुरा यस लोककथाले प्रस्ट पारेको छ । मानिसले आफ्नो निर्णय गर्न नसक्दा बाँदरजस्तो पशुले पनि झुक्याउन सक्छ । त्यसैले अर्काको विश्वास गर्नुभन्दा आफूले नै निर्णय गरेर अगाडि बढ्दा राम्रो हुन्छ भनेर यस लोककथाले शिक्षा दिएको छ । काम बिग्रेपछि अरूलाई मार्नु वा क्षति पुऱ्याउन खोज्नु बुद्धिमानी होइन । काम गर्नु अगि नै बुद्धि प्रयोग गर्नुपर्छ नत्र समाजबाट नै तिरस्कृत हुनुपर्छ भन्ने शिक्षा दिनु यस लोककथाको उद्देश्य रहेको छ ।

### ५.३.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ । स्थानीय बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । खोजीमेली, चारचौरास, खड्कुलो, मरिहत्ते, बोजु, थुन्चे, सप्पै, हेरीबसेछ, जायजन्म, सिदला, जान्या छु जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । यस कथामा निम्न, मध्यम तथा उच्च

आदरार्थी तीनै तहका शब्द प्रयोग गरिएका छन् । एकादेशमा.. बाट सुरु भएर सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला.. मा कथा समाप्त भएको छ । यस लोककथामा संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल,सहज र सुबोध्य भाषाशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ५.४ 'लोभी बाहुन' लोककथाको संरचनात्मक विश्लेषण

'लोभी बाहुन' धिमाल जातिमा प्रचलित छोटो आयामको लोककथा हो । प्रस्तुत कथामा जनावरको सहयोगी स्वभाव र मानिसको अल्छे तथा लोभी प्रवृत्तिलाई देखाउँदै धेरै लोभ गर्दा जीवन नै समाप्त हुन्छ भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ५.४.१ कथानक

एउटा गाउँमा लोभी बाहुन हुनु, खानलाउन दुःख भएकाले जजमान गरेर खानु, आफ्नो गाउँमा मात्र मागेर खाँदा उसलाई वाक्क लाग्नु र अर्कै गाउँमा गएर माग्ने कुरा सोचेर माग्न निस्किनु, जाँदा जाँदा ठुलो जङ्गलमा पुग्नु, त्यस जङ्गलमा बाघ, भालु, हात्ती, जस्ता जङ्गली जनावरहरू बस्नु, त्यस जङ्गलको राजा बाघ हुनु, बाघको मन्त्री हाँस हुनु, बाघले मान्छेलाई खान्छ भन्ने सोचेर हाँसले जोगाउनु, बाहुन बाघको छेउमा पुगेर सरकार मलाई अन्याय भयो, मैले मेरा छाराछोरीलाई खान लाउन दिन सकिन, म आपतमा परेको छु भनेर बिन्ती बिसाउनु, बाघले मन्त्री हाँसलाई भनेर अन्नपातको व्यवस्था गरेर बाहुनलाई पठाउनु, बाहुन, बाहुनी र छोराछोरी बाघले दिएको अन्नपात खाँदै रमाएर बस्नु, आफूले कमाई गर्नुपर्छ भन्ने कुरा बिर्सिनु, अर्काले दिएको सम्पत्तिमा रमाउँदा रमाउँदै दुई चार वर्षमा भएभरको अन्नपात सकिनु, फेरि जङ्गल गएर बाघसँग बिन्ती बिसाउनु पऱ्यो भनेर बाहुन जङ्गलतिर लाग्नु, जङ्गलमा बाघको मन्त्री हाँसको मृत्यु भएपछि स्याल मन्त्री हुनु, स्यालले मान्छे आएको थाहा पाएर बाघलाई हाम्रो खाने कुरा आयो भन्नु, बाघले बाहुनलाई चिन्नु, स्यालले मान्छेलाई अन्न दिने होइन भनेर बाघलाई सम्झाउनु, बाहुनले बाघसँग अन्नपात माग्दा तँ लोभी बाहुनलाई जति दिए पनि नपुग्ने रहेछ, फेरि माग्न आइस् ? भनेर घाँटीमा समाउनु र मार्नु जस्ता घटनाक्रमसँगै कथाको अन्त्य भएको छ ।

'लोभी बाहुन' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

#### १. आदि

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

#### (१) चिनारी

एउटा गाउँको लोभी बाहुन खानलाउन दुःख भएकाले जजमान गरेर खान्छ । सधैं जजमान गरेर आफ्नो परिवारलाई खान लगाउन गाह्रो भएकाले उसले अब मागेर जीविका

गर्छु भन्ने सोच्छ र अर्कै गाउँमा गएर माग्ने कुरा सोचेर माग्न निस्कन्छ । यस प्रसङ्गले बाहुन परिवार पाल्नको लागि दुःख गर्न चाहँदैन र मागेर खान्छ भन्ने सङ्केत पाइन्छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

बाहुन बाघ, भालु, हात्ती, जस्ता जङ्गली जनावरहरू भएको ठुलो जङ्गलमा पुग्छ । जनावरहरूको राज्यमा बाघ चाहिँ राजा हुन्छ । हाँसलाई बाघको मन्त्री बनाइएको हुन्छ । मान्छेलाई जङ्गतिर आइरहेको देखेपछि अब बाघ राजाले मान्छेलाई खान्छ भनेर हासले जुक्ति निकाल्छ । हाँसले अनौठो प्राणी जङ्गलमा आएकाले सोधीखोजी गरेर मात्र खानुपर्छ भनेर बाघलाई सुनाउँछ । हाँसले बाहुनलाई बाघको आक्रमणबाट जोगाउँछ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

बाहुन बाघको छेउमा पुगेर खानलगाउन दुःख भएकाले छोराछोरीलाई खान लाउन दिन सकिन । त्यसैले मलाई लुगापाटो र अन्नपात दिएर सहयोग गर्नुपर्‍यो भनी बिन्ती बिसाउँछ । बाघले बाहुनलाई अन्नपातको व्यवस्था गरेर पठाउन हाँसलाई आदेश दिन्छ । खानेकुरा र अन्नपात पाएपछि बाहुन घर फर्किन्छ ।

**(४) तेस्रो सङ्कटावस्था**

बाहुन, बाहुनी र छोराछोरी बाघले दिएको अन्नपात खाँदै रमाएर बस्छन् । उनीहरूले आफैँ कमाई गर्नुपर्छ भन्ने कुरा बिर्सिन्छन् । मागेको अन्नपात सकिन्छ । फेरि बाघसँग अन्नपात मागेर ल्याउँछु भन्ने सोचेर बाहुन जङ्गलतिर लाग्छ ।

**(५) चौथो सङ्कटावस्था**

जङ्गलमा बाघको मन्त्री हाँसको मृत्यु भएपछि स्याल मन्त्रीमा नियुक्त भएको हुन्छ । स्यालले बाहुनलाई जङ्गलतिर आएको देखेपछि खुसी हुँदै बाघलाई हाम्रो खानेकुरा आयो भनेर सुनाउँछ । बाघले आफूतिर आएको बाहुनलाई चिन्छ । बाघले दस बाह्र वर्षअगाडि अन्नपात र लुगाफाटो दिएर पठाएको कुरा स्याललाई सुनाउँछ ।

**३. अन्त्य**

**(६) सङ्घर्ष ह्रास**

स्यालले बाघलाई आफ्नो मुखैमा आएको आहारा छोड्न हुँदैन भन्छ । स्यालले मान्छेलाई अन्नदान गरेर हामीले केही पाउँदैनौँ, त्यसैले यसलाई आहारा बनाउनुपर्छ भनेपछि बाघ पनि स्यालको कुरामा सहमत हुन्छ । बाहुन बाघको छेउमा आएपछि ऊ आउनाको कारण सोध्छ । बाहुनले खान लगाउन दुःख भएकाले फेरि माग्न आएको भन्छ । दैवले जुराएर पठाएको आहारा छोड्नु हुँदैन भनेर स्यालले भनेको कुरा बाघले सम्झन्छ । यस भागबाट कथामा सङ्घर्ष ह्रास सुरु हुन्छ र बाहुनको जीवन खतरामा पर्ने सङ्केत प्राप्त हुन्छ ।

**(७) उपसंहार (फलप्राप्ति)**

स्यालको कुरा सुनेर मान्छेलाई मार्ने योजना बनाएको बाघले बाहुनलाई दिने जति कुरा पहिले नै दिएकाले अब दिन नसक्ने कुरा बताउँछ । त्यसपछि बाहुनलाई लोभीको संज्ञा दिँदै अब उम्केर जान नसक्ने कुरा बताउँदै घाँटीमा समाएर मार्छ । यसरी कथाको उपसंहार हुन्छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथामा अर्काको सम्पत्तिले मात्र जीवन चलाउँछु भनेर सोच्दा लोभी बाहुन मृत्युको मुखमा पुगेको कुरा देखाएर सबै मानिसलाई लोभ नगर्न र आफ्नो कमाइमा बाँच्न उपदेश दिइएको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

### ५.४.२ सहभागी

'लोभी बाहुन' लोककथामा सीमित सहभागी रहेका छन् । बाहुन मानवीय पात्र हो भने बाघ, हाँस र स्याल मानवेतर पात्रका रूपमा उपस्थित छन् । यो लोककथा जङ्गली जनावर र मानिसबिच घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा बाहुन र बाघ उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. १३**

**'लोभी बाहुन' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बाहुन | + | - | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| बाघ | - | - | + | - | - | - | + | + | - | - | + | - | + | + | - |
| हाँस | - | - | - | + | - | + | - | - | + | - | - | - | + | + | - |
| स्याल | - | - | - | + | - | - | + | - | + | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा बाहुन मात्र मानवीय पात्रका रूपमा उपस्थित भएको छ । बाघ, स्याल र हाँस मानवेतर सहभागी हुन् । कथाको आदि र मध्य र अन्त्य भागमा बाहुनको गरिबी र लोभीपनले समस्या निम्त्याएका छन् । यस कथाको प्रमुख सहभागी बाहुन हो । बाहुन गरिब भएकाले जजमानी पेसाबाट सन्तुष्ट हुँदैन । छोराछोरी पाल्न धौधौ भएपछि उसले मागेर खाने बिचार गर्छ । अनुकूल प्रवृत्तिको बाहुन गतिशील स्वभावको छ । कथामा बाहुनलाई जजमानी गर्ने भनिए पनि यहाँ उसको जीवन चेतना व्यक्तिगत रहेको छ । उसले पेसा परिवर्तन गरे पनि जीवनभरि काम लाग्ने पेसा अपनाउन सकेको छैन । कथाको सुरुदेखि अन्त्यसम्म मञ्चीय सहभागीका रूपमा उपस्थित भएको बाहुन बद्ध पात्र हो । अरू सँग मागेर खानुभन्दा आफ्नै पौरखमा बाँच्नु राम्रो हुन्छ भन्ने कुरामा ध्यान नदिँदा अन्त्यमा ऊ बाघको सिकार बन्न पुगेको छ ।

लोककथामा बाघ पनि प्रमुख सहभागीका रूपमा उपस्थित छ । बाघ जङ्गलको राजा हो । मन्त्रीको परामर्शअनुसार काम गर्ने बाघले सम्पन्न वर्गको प्रतिनिधित्व गरेको छ ।

पशु भए पनि उसले बाहुनलाई पहिलोपल्ट सहयोग गरेको छ तर स्यालको कुरा सुनेपछि उसले बाहुनलाई मारेको छ । बाघले मानिसलाई मागेर होइन गरेर खानुपर्छ भन्ने सन्देश दिएको छ । बाघ मञ्चीय र बद्ध पात्र हो ।

बाघको मन्त्रीका रूपमा काम गर्ने हाँस सहायक पात्र हो । अनुकूल प्रवृत्तिको हाँसले बाहुनलाई बाघको आहारा हुनबाट जोगाएर अन्नपातको व्यवस्था गरी घर पठाएको छ । हाँस मञ्चीय र बद्ध पात्र हो । लोककथामा स्याल पनि सहायक सहभागीका रूपमा उपस्थित छ । स्याल बाघको मन्त्री हो । ऊ प्रतिकूल प्रवृत्तिको छ । स्यालले बाघलाई कुरा लगाएर बाहुनलाई मार्न लगाएको छ । कथाको मध्य भागदेखि अन्त्य भागसम्म स्यालको उपस्थिति रहेको छ । स्याल मञ्चीय र बद्ध सहभागी हो । यसरी हेर्दा यस लोककथामा सीमित सहभागी भए पनि तिनका अभिलक्षणले कथालाई सरल, सहज,मनोरञ्जनपूर्ण र शिक्षाप्रद बनाएको छ ।

### ५.४.३ परिवेश

'लोभी बाहुन' बाहुनले जजमान मात्रै गरेर जीवन निर्वाह गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने बाहुन बस्ने गाउँघर तथा हात्ती, बाघ, भालु जस्ता जनावर बस्ने ठुलो जङ्गल स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा बाघले राज गरेको वनजङ्गल आएको छ । प्रस्तुत लोककथाको वातावरण आदिभागमा बाहुनले खानलाउन नपाएको प्रसङ्गले दुःखद रहेको छ । मध्य भागमा हाँसले बाघलाई सम्झाई बुझाई गरेर बाहुनलाई अन्नपात र लुगाफाटो दिएर पठाउँदा सुखद रहेको छ । बाहुन र उसका परिवार अर्काले दिएको अन्नपात खाएर कामै नगरी अर्काले दिएको खाएर बस्दा आउने दिनमा उनीहरूले दुःख पाउँछन् भन्ने कुराको सङ्केत पाइन्छ । अन्त्यमा खानेकुरा सकिएपछि माग्न गएको बाहुनलाई स्याल र बाघ मिलेर मारेकाले कथा दुःखद परिवेशमा अन्त्य भएको छ ।

### ५.४.४ उद्देश्य

'लोभी बाहुन' पशुपक्षीमूलक लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । कुनै अमुक जातिले परम्परागत रूपमा तोकिएको मात्रै काम गर्नु पर्छ भन्ने छैन । जीविकोपार्जनका लागि परिश्रम गर्नु पर्छ । बाहुनले मागेर खाने सोच बनाएकाले अन्त्यमा बाघ र स्यालको आहारा बन्नु परेको छ । त्यसैले अर्काले दयामाया गरेर दिएको कुराले जिन्दगीभरि पुग्दैन । त्यसैले दुःख पाइयो भनेर माग्न जानुभन्दा आफैँले कमाइ गरेर खानु बुद्धिमानी हुन्छ भन्ने शिक्षा यस लोककथाले दिएको छ । हाँस र स्याल दुवै बाघका मन्त्री भए पनि हाँसले बाहुनलाई सहयोग गरेको छ तर स्यालले बाघलाई कुरा लगाएर बाहुनको प्राण लिन लगाएको छ । एउटै पदमा बस्ने फरक व्यक्तिमा उही सोचाइ हुँदैन । मानिसले समय र परिस्थिति बुझेर मात्र कदम चाल्नुपर्छ । अर्काले माया गरेर दिएको कुराले जिन्दगी धान्न मुस्किल हुने भएकाले परिश्रम गरी आफ्नै कमाइ खानुपर्छ भन्ने पाठ सिकाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ५.४.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ । स्थानीय बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । कुटुकुटु, लुगाफाटा, लठुवा, एस्लाई, जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । यस कथामा निम्न, मध्यम तथा उच्च आदरार्थी तीनै तहका शब्द प्रयोग गरिएका छन् । यस लोककथामा संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल,सहज र सुबोध्य भाषाशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ५.५ निष्कर्ष

दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये यस परिच्छेदमा तीनवटा पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यी लोककथाहरूमध्ये आयामका दृष्टिकोणले ‘बुढाबुढी र चङ्खे बाँदरको कथा’ मझौला आयामको छ भने र ‘खरायो र बाँदरको मित्रता’ र ‘लोभी बाहुन’ लोककथा छोटो आयाममा संरचित छन् । लोककथाका पात्रले गरेका क्रियाकलापले श्रोतालाई भरपुर मनोरञ्जन र शिक्षा दिन्छन् । खरायो, बाँदर, स्याल, हाँस, बाघलगायतका पात्रको प्रयोग गरिएका यी लोककथाले श्रोतालाई अर्ती, उपदेश पनि दिन्छन् । छोटा वाक्य र सरल, सहज बोलीचालीको भाषा प्रयोग गरिएका यी लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । यी लोककथाले मनोरञ्जनका साथै नीति तथा उपदेश प्रदान गर्ने उद्देश्य राखेका छन् । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरेर रमाइलो किसिमले कथा प्रस्तुत गरिएको छ । यी पात्रका माध्यमबाट मानिसलाई सत्कर्म गर्ने, अर्कालाई नठग्ने तथा दैनिक जीवनमा काम लाग्ने सिप सिक्ने शिक्षा दिइएको छ ।

# छैटौँ परिच्छेद

# दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण

## ६.१ विषयप्रवेश

किंवदन्तीमूलक कथामा सामाजिक व्यवहार वा प्राचीनतामा कुनै विश्वास आस्था गाँसिएको हुन्छ । जस्तै माइमेला, राम जानकी मन्दिर, पिण्डेश्वरी, गढीमाइको मन्दिरमा मानिसको एकप्रकारको विश्वास रहेको हुन्छ । यस्ता लोककथामा आएको कथानक सबै सत्य मात्रै हुन्छन् भन्ने हुँदैन । तर पनि मानिसको लोक विश्वास हुन्छ । किंवदन्तीमूलक कथालाई दन्त्यकथाको रूपमा पनि राजा, महापुरुष, सिद्ध महात्मा आदिको वर्णन गरिएको हुन्छ । किंवदन्तीमूलक लोककथामा देवी देवताको नभई मानवीय विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ (शर्मा र लुइटेल २०७६, पृ.२९८) । यस्ता कथामा लोकले परापूर्वकालदेखि विश्वास गर्दै आएका विषयवस्तु समेटिएका हुन्छन् । धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक लोककथामध्ये यस परिच्छेदमा 'दुई राजकुमार' र 'मित्रताको कथा' लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

यसैगरि धर्म, परम्परा र चालचलनसँग सम्बन्धित लोककथाहरू धार्मिक लोककथा हुन् । धिमाल जातिका आफ्नै रीतिरिवाज र चालचलन रहेका छन् । उनीहरू नदीनाला तथा वेराङ(विरान)को थान तथा ग्रामथानमा पूजाआजा गर्छन् । धिमाल जातिमा प्रचलनमा रहेका विभिन्न देवीदेवतासँग सम्बन्धित कथा नै धार्मिक कथाका रूपमा लिएर यस परिच्छेदमा 'सती राजा' शीर्षकको धार्मिक लोककथाको विश्लेषण गरिएको छ ।

## ६.२ 'दुई राजकुमार' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'दुई राजकुमार' लोककथा धिमाल जातिमा प्रचलित लामो आयामको किंवदन्तीमूलक लोककथा हो । प्रस्तुत कथामा सौतेनी आमाले गर्दा छुट्टिएका दाजुभाइको सङ्घर्ष र सफलताको वर्णन गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ६.२.१ कथानक

एकादेशमा एउटा राजाका दुई जना छोरा हुनु, एकदिन राजाकी श्रीमती बिमारी हुनु, रानीले राजालाई म मरेँ भने बिहे नगर्नु भन्नु, बिहे नगरी राजकाज नचलाउनु भन्ने भनाइअनुसार केही वर्षपछि राजाले दोस्रो बिहे गर्नु, सानीआमा छुच्ची हुनु, एकदिन दुई भाइ फुटबल खेल्दै गर्दा गोल उछिट्टिएर सानीआमाको मेकअप गर्ने ठाउँमा खस्नु, सानीआमा रिसाएर अब यिनीहरूको मुटु नखाई म छोड्दिन भनेर बाभ्दा बाभ्दै रुन थाल्नु, राजाले यो कुरा थाहा पाएर के भयो भनी सोध्दा कान्छी रानीले रुँदैरुँदै तपाईंका छोराले मेरो सबै शृङ्गार छरिदिएकाले आफ्नो मन दुःखेको र जसरी भए पनि राजकुमारहरूको मुटु कलेजो चाहियो,

होइन भने म तपाइँलाई छोडेर हिँड्छु भन्नु, राजालाई छोराको भन्दा रानीको बढी माया लाग्नु र छोराको मुटु कलेजो झिकेर ल्याउन सिपाहीलाई अह्राउनु, सिपाहीले दुई जना राजकुमारलाई जङ्गलमा पुऱ्याउनु, राजकुमारले आफूलाई नमार्न र खरायो, हरिण वा मृग मारेर मुटु, कलेजो, फोक्सो झिकेर लगिदिन अनुरोध गर्नु, सिपाहीले राजकुमारका कुरा मान्नु, दुई राजकुमार हिँड्दा हिँड्दै राजसभामा पुग्नु, त्यहाँ हात्तीले माला लगाएर स्वयंवर गरी राजा चुन्ने राजसभाको कार्यक्रम हुनु, हात्तीले जसको गलामा माला लगाई दिन्छ त्यो नै त्यस देशको राजा हुने र त्यही राजासँग राजकुमारीले बिहे गर्ने भन्ने सर्त हुनु, हात्तीले सुँडमा माला लिएर घुम्दै जाँदा दुई राजकुमारमध्ये एक जनालाई माला लगाइदिनु, त्यहाँ भेला भएका अरू राजकुमारहरूले हात्ती पागल भयो भनेर फेरि माला लगाउन पठाउनु तर त्यो पल्ट पनि हात्तीले त्यही राजकुमारलाई माला लगाइदिनु, तेस्रो पल्ट पनि उही केटालाई माला लगाएपछि राजकुमार साधारण मानिस नभएकाले हात्तीले माला लगाएको होला भनेर भेला भएका मानिसले भन्नु र त्यहाँकी राजकुमारीको बिहे जेठो राजकुमारसँग गरिदिनु, भाइले दाजु भाउजूसँग मलाई केही भयो भने सङ्केत आउँछ भनेर तुलसीको बोट रोपेर अर्कै ठाउँ जानु, जाँदा जाँदा धेरै टाढा पुग्नु, त्यहाँ पनि हात्तीले जसलाई माला लगाई दिन्छ उसैलाई त्यस देशको राजाको छोरी दिने भन्ने कार्यक्रम हुनु, हात्तीले कान्छो भाइलाई पनि माला लगाइदिनु, त्यसपछि त्यस देशकी राजकुमारीसँग उसको बिहे हुनु, एकदिन कान्छोको चाहिँ जीव कहाँ छ भनेर उसकी श्रीमतीले जिस्किँदा जिस्किँदै सोध्नु, श्रीमतीले सोधेपछि मेरो जीव एउटा छुरीमा छ भनेर बताउनु, एकदिन राजकुमारको जीव भएको छुरीलाई उसकी श्रीमतीले आगोमा हाल्नु, राजकुमारलाई ज्वरो आउनु, दाजुले तुलसीको बोटमा पानी हाल्दा हाल्दै भाइलाई केही आपत पऱ्यो भन्ने कुरा थाहा पाउनु, भाइलाई खोज्न भनेर दाजु अर्कै देशमा भएको भाइको घरमा पुग्नु, बुहारीलाई भाइको बारेमा सोध्दा भाइ मरिसकेको कुरा थाहा पाउनु, भाइको जीव रहेको छुरी खोजी गरी घोट्दाघोट्दा टलक्क टल्किने बनाएपछि उसको भाइ जाग्नु, बुढीसँग बस्न नहुने रहेछ भनेर भाइ पनि दाजुसँगै आउनु, यता ती राजकुमारका बाबुआमा राजकाज सबै सकेर कङ्गाल हुनु, राजाका जनताहरू तीनै राजकुमारको राज्यमा काम गर्न जानु, एकदिन राजकुमारले काम गर्न आउनेसँग आफ्ना बुवाआमाका बारेमा सोध्नु, जनताले ती राजारानी खान नपाएर भोकभोकै बसेका छन् भनेर सुनाउनु, राजारानी भएर बसेको मान्छे अर्काको छोराछोरी हल्लाउन जानु भनेको मर्नु समान हो भन्ने सोचेर राजारानी राजकुमारकोमा काम गर्न जान नसक्नु, भोकले छटपटिएपछि एकदिन राजा छोराको राज्यमा जानु, राजकुमारले परैबाट आफ्नो बुवालाई चिन्नु, दुःख सुखका कुरा गर्दा राजाले आफ्ना दुई ओटी श्रीमती भएका, जेठी श्रीमतीको मृत्यु भएपछि कान्छी श्रीमतीले छोराको मुटु नखाई छोड्दिन भनेकाले राजाले छोराहरूलाई मार्न जङ्गल पठाएको, सिपाहीले छोरालाई मारेर ल्याएको मुटु कलेजो उसैले खाएकी, अहिले कान्छी श्रीमती केही खान नपाएर बिमारी भएर घरमा बसेकी कुरा सुनाउनु, छोराले अरूको मुटु कलेजो खान नहुने कुरा सम्झाउँदै हामी दुई तिनै छोरा हौँ भनेपछि बुवा छक्क पर्नु र सबैजना एकै ठाउँमा बस्न थाल्नु जस्ता घटनाक्रमसँगै कथा समाप्त भएको छ ।

'दुई राजकुमार' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

### १. आदि

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

#### (१) चिनारी

एकादेशमा एक जना राजाका दुई भाइ छोरा जन्मिएपछि रानी बिमारी हुन्छिन् । बिमारी भएपछि राजालाई म मरेँ भने विवाह नगर्नू भनेर बाचा ख्वाएर रानी मर्छिन् । राजाले एक दुई वर्ष त विवाह गर्दैनन् तर विवाह नगरी राजकाज नचलाउनु भन्ने भनाइका कारण राजाले दोस्रो विवाह गर्छन् । कान्छी रानी साह्रै छुच्ची हुन्छे । एकदिन ती दुई भाइ फुटबल खेल्दै गर्दा गोल उछिट्टिएर सानीआमाको शृङ्गार गर्ने ठाउँमा झर्छ । त्यसपछि रानीलाई रिस उठ्छ र राजकुमारहरूसँग बाझ्न थाल्छे । यो यस लोककथाको चिनारी हो । यस भागमा राजकुमारहरूको मृत्यु हुने वा केही अनिष्ट हुने कुरातर्फ सङ्केत गरिएको छ । यहाँबाट सङ्घर्ष विकास सुरु हुन्छ ।

#### (२) सङ्घर्ष विकास (पहिलो सङ्कटावस्था)

छोराहरूसँग बाझ्दा बाझ्दै रानी रुन थालेपछि राजाले थाहा पाउँछन् र के भयो भनेर सोध्छन् । रानीले राजकुमारहरूले सबै शृङ्गार छरिदिएकाले जसरी भएपनि यिनीहरूको मुटु कलेजो चाहियो, होइन भने म तँलाई छोडेर हिँड्छु भन्छे । राजालाई छोराभन्दा रानीको बढी माया लागेकाले छोराहरूको मुटु कलेजो झिकेर ल्याउन सिपाहीलाई अह्राउँछ ।

### २. मध्य

#### (३) दोस्रो सङ्कटावस्था

सिपाहीले ती दुई जना राजकुमारलाई जङ्गलमा पुऱ्याउँछन् । राजकुमारहरूले आफूलाई नमार्न र खरायो, हरिण वा मृग मारेर मुटु, कलेजो र फोक्सो झिकेर कान्छी आमालाई दिन सिपाहीसँग अनुरोध गर्छन् । सिपाहीले पनि राजकुमारका कुरा मानेर राजकुमारहरूलाई नमारी छोडिदिन्छन् ।

#### (४) तेस्रो सङ्कटावस्था

राजकुमारहरू हिँड्दा हिँड्दै राजसभामा पुग्छन् । त्यहाँ हात्तीले माला लगाएर स्वयंवर गर्ने र राजा चुन्ने राजसभाको कार्यक्रम हुन्छ । त्यहाँ हात्तीले जसको गलामा माला लगाई दिन्छ त्यो नै त्यस देशको राजा हुने र त्यही राजासँग राजकुमारीले बिहे गर्ने भन्ने प्रस्ताव राखिएको हुन्छ । राजकुमारहरू पनि एउटा कुनामा गएर बस्छन् । त्यहाँ अन्य धेरै राजकुमारहरू भेला भएका हुन्छन् । हात्तीले सुँडमा माला लिएर घुम्दा घुम्दा गर्छ र अन्तिममा जेठो राजकुमारलाई माला लगाइदिन्छ । त्यहाँ भेला भएकाले हात्ती पागल भयो भनेर फेरि हात्तीलाई माला लगाउन पठाउँछन् । तर हात्तीले त्यही राजकुमारलाई माला लगाइदिन्छ । यस प्रसङ्गले मार्न पठाएका राजकुमारको भाग्य खुल्ने र कथाले नयाँ मोड लिने सङ्केत दिन्छ ।

#### (५) चौथो सङ्कटावस्था

हात्तीले माला लगाइदिएको राजकुमारसँग त्यस देशकी राजकुमारीको विवाह हुन्छ । त्यसपछि दाजुभाउजू र देवर सँगै बस्न थाल्छन् । अलिक समय बसेपछि दाजुभाइ सधैंभरि एकै ठाउँमा बसेर

हुँदैन भनेर भाइले तुलसीको बोट रोपेर कतै जाने कुरा सोच्छ र त्यसमा सधैँ पानी हालिदिन दाजुलाई अनुरोध गर्छ। उसले मलाई केही भयो भने तुलसीको बोटमा सङ्केत आउँछ भनेर जान्छ।

**(६) पाँचौँ सङ्कटावस्था**

भाइ जाँदा जाँदा धेरै टाढा पुग्छ । त्यहाँ पनि हात्तीले स्वयंवर गर्ने कार्यक्रम हुन्छ र हात्तीले जसलाई माला लगाई दिन्छ उसैलाई त्यस देशको राजाकी छोरी दिने भनिएको हुन्छ । हात्तीले कान्छो राजकुमारलाई पनि माला लगाइदिन्छ । त्यसपछि त्यस देशकी राजकुमारीसँग उसको बिहे हुन्छ । दुवै दाजुभाइ विवाह गरेर आफ्नो जीवन अगाडि बढाउँछन् । यसले दुवै दाजु भाइको जीवनमा सुख आउने सङ्केत मिल्छ ।

**(७) छैटौँ सङ्कटावस्था**

दुवै राजकुमार राजाका ज्वाइँ हुन्छन् । एकदिन कान्छाकी श्रीमतीले तिम्रो जीव कहाँ छ भनेर कान्छालाई सोध्छे । राजकुमारले मेरो जीव एउटा छुरीमा छ, त्यो छुरी मैले यस्तो ठाउँमा राखेको छु भनेर बताउँछ । कान्छाकी श्रीमतीले एकदिन त्यस छुरीलाई आगोमा हाल्छे । छुरी आगोमा हालेपछि कान्छालाई ज्वरो आउँछ । तुलसीको बोटमा पानी हाल्दाहाल्दै दाजुले भाइलाई केही आपत पऱ्यो भन्ने कुरा थाहा पाउँछ र भाइलाई खोज्न भनेर अर्को देश पुग्छ । कान्छाकी श्रीमतीले नसोची काम गर्दा अनिष्ट हुन्छ । यसपछि कथामा पनि नयाँ मोड आउँछ ।

**(८) सातौँ सङ्कटावस्था**

अर्को देशमा पुगेर भाइको बारेमा सोधीखोजी गर्दा भाइले राजाकी छोरीसँग विवाह गरेर बसेको कुरा थाहा पाउँछ र दाजु भाइको घरमा पुग्छ । भाइका बारमा बुहारीलाई सोध्दा उसको भाइ ज्वरो आएर मरेको कुरा थाहा पाउँछ । बुहारीबाट सबै कुरा बुझेपछि भाइको जीव रहेको छुरी खोजी गरी घोटेर टलक्क टल्किने बनाएपछि उसको भाइ बाँच्छ । श्रीमतीसँग बस्न नहुने रहेछ भनेर भाइ पनि दाजुसँगै आएपछि दाजुभाउजू र भाइ सँगै बस्न थाल्छन् ।

**(९) आठौँ सङ्कटावस्था**

राजकुमारका बाबुआमा राजकाज सबै सकेर कङ्गाल भएका हुन्छन् । आफ्नो बुवाआमाको राज्यकै छेउमा उनीहरू राज्य जमाएर बस्छन् । दुवै जना मिलेर रातभरिमा ठुलो महल बनाउँछन् । यता राजाका जनताहरू तीनै छोराको राज्यमा काम गर्न जान थाल्छन् । एकदिन राजकुमारले काम गर्न आउनेसँग आफ्ना बुवाआमाका बारेमा सोध्छन् । गाउँलेले खान नपाएर राजारानीको बिजोग भएको कुरा सुनाउँछन् । राजकुमारले आफ्नो नानी हेर्ने काम गर्न राजारानीलाई पठाइदेओ भनेर गाउँलेलाई भन्छन् । आफूलाई मार्न लगाउने बाबुआमाको खोजी गर्नु कथाको चरम अवस्था हो । यसपछि कथामा सङ्घर्ष ह्रासको स्थिति आउँछ ।

**३. अन्त्य**

**(९) सङ्घर्ष ह्रास**

राजारानी भएर बसेको मान्छे अर्काको छोराछोरी हल्लाउन लाजले जान सक्दैनन् तर भोकले मुस्किल बनाएपछि राजारानी नै छोराको राज्यमा कामको खोजीमा जान्छन् । राजकुमारले

परैबाट बाबुलाई चिन्छन् र राम्रो ठाउँमा बसाउँछन् । सानैमा मार्न पठाएका आफ्ना छोरालाई राजाले चिन्दैनन् । राजकुमारले बुवालाई बच्चा हेर्ने काम दिँदै सुख दुःखका कुरा गर्छन् । कुरैकुरामा राजाले आफ्ना दुईवटी श्रीमती भएका, जेठी श्रीमतीबाट दुईवटा छोरा भएका, जेठी श्रीमतीको मृत्यु भएपछि कान्छी श्रीमतीले छोराको मुटु नखाई छोड्दिन भनेपछि जङ्गलमा लगेर राजकुमारलाई काटेर ल्याएको मुटु कलेजो खाएकीलगायतका सबै घटना सुनाउँछन् । राजालाई आफूले गरेको गल्तीको पश्चाताप भएपछि कथा उपसंहारको स्थितिमा पुग्छ ।

**(९) उपसंहार**

राजकुमारले कान्छी आमाका बारेमा सोधीखोजी गर्छन् । राजाले कान्छी रानी केही खान नपाएर बिमारी भएर घरमा बसेकी कुरा सुनाउँछन् । राजकुमारले राजाकी कान्छी श्रीमतीलाई पनि बोलाउन पठाउँछन् । रानी आएपछि अरूको मुटु कलेजो खान हुन्छ ? भन्ने प्रश्न गर्छन् । अन्त्यमा राजकुमारले मुटु कलेजो लिएर आउन पठाएका दुई जना छोरा हामी नै हौँ भनेर चिनाएपछि राजारानी छक्क पर्छन् । अनि सबै जना एकै ठाउँमा बस्न थालेपछि कथाको सुखद अन्त्य हुन्छ ।

यसरी यस लोककथाको कथावस्तु दुःखद अवस्थाबाट सुरु भएर सुखद वातावरणमा अन्त्य हुन्छ । कथासँग जोडिएका विभिन्न उपकथाले कथालाई गति दिएका छन् । सबै घटनाले कथालाई कसिलो बनाएर अगाडि बढाएका छन् ।

## ६.२.२ सहभागी

'दुई राजकुमार' सीमित सहभागीहरू भएको लोककथा हो । यस लोककथामा राजा, राजाका जेठी र कान्छी रानी, दुई राजकुमार, उनीहरूका श्रीमती र हात्ती सहभागीका रूपमा आएका छन् । यस लोककथामा मुख्य घटनाको योजनाकार राजाकी कान्छी रानी रहेकी छ । दुई राजकुमारका जीवनमा घटेका घटनाको सेरोफेरोमा कथावस्तु रचिएको छ । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. १४**

**'दुई राजकुमार' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| राजा | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| राजाकी जेठी रानी | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| जेठो राजकुमार | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| कान्छो राजकुमार | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| राजाकी कान्छी रानी | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| कान्छो राजकुमारकी श्रीमती | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| हात्ती | - | - | - | + | - | + | - | - | + | - | - | - | + | + | - |

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा सात जना पात्रको सहभागिता रहेको छ । कथाको मुख्य घटना दुई राजकुमारका जीवनमा घटेका घटनाको सेरोफेरोमा घुमेको छ । यस लोककथामा प्रमुख सहभागीका रूपमा दुई भाइ राजकुमार उपस्थित भएका छन् । यिनीहरू दुवै जना अनुकूल पुरुष पात्र हुन् । आफूलाई मार्न भनेर गएका सिपाहीसँग ज्यानको भिख मागेर यिनीहरू बाँचेका छन् । जेठो दाजुले आफ्नो भाइलाई बचाएर दाजु हुनाको कर्तव्य पूरा गरेको छ । दाजु राजकुमार बद्ध, मञ्चीय र गतिशील पात्रका रूपमा कथामा उपस्थित भएको छ । कथाको अन्त्यमा दुई दाजुभाइ मिलेर महल बनाई बुवाको राज्यका छेउमा राज्य सञ्चालन गरेका छन् र दुःख पाएका बाबुआमालाई शरण दिएका छन् । कथामा यी दाजुभाइको उपस्थितिले कथा रोमाञ्चक बनेको छ ।

लोककथामा प्रमुख खलपात्रका रूपमा कान्छी रानीको उपस्थिति रहेको छ । उसले नै जेठी रानीबाट जन्मेका नाबालक राजकुमारलाई सानो निहुँमा मार्न पठाएकी छ । उसकै कारण बाल्यवस्थामै राजकुमारहरूले दरबार छोड्नुपरेको छ । कान्छी रानी प्रतिकूल चरित्रकी महिला पात्र हो । राजालाई आफ्नो वशमा पारेर गलत कदम चालेकी कान्छी रानी जीवनचेतनाका आधारमा व्यक्ति पात्र, आसन्नताका आधारका मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

लोककथामा सहायक खलपात्रका रूपमा राजाको उपस्थिति रहेको छ । दुई राजकुमारका बुवा भएर पनि सन्तानप्रतिको कर्तव्य भुल्ने राजा प्रतिकूल चरित्रको सहभागी हो । उसले कान्छी रानीको भनाइ टार्न नसकेर आफ्ना नाबालक छोरालाई मारेर मुटु कलेजो ल्याउन सिपाहीलाई अह्राएको छ । उसले आदेश दिएकै कारण नाबालक राजकुमारले दरबार छोडेर हिँड्नुपरेको छ । जीवनचेतनाका आधारमा हेर्दा राजा वर्गीय पात्र हो । उसले सभ्रान्त वर्गको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा हेर्दा राजा मञ्चीय पात्र हो भने आबद्धताका आधारमा ऊ बद्ध पात्र हो । राजाको आदेश मान्न बाध्य सिपाहीहरू पनि कथामा सहायक पात्रका रूपमा उपस्थित छन् । उनीहरूले राजाको आदेश टार्न नसकेर दुई राजकुमारलाई जङ्गल लिएर गएका छन् तर राजकुमारले आफूलाई नमार्न आग्रह गर्दा उनीहरूले मानेका छन् र राजकुमारहरूलाई जङ्गलमै छोडेर मृगको मुटु कलेजो लिएर फर्केका छन् । यसरी हेर्दा सिपाही अनुकूल चरित्रका सहभागी हुन् । राजकुमारलाई जङ्गल लानेभन्दा अन्य भूमिकामा सिपाहीलाई देखिँदैन । यी बाहेक कथामा राजाकी जेठी रानी र हात्तीको पनि सहभागिता रहेको छ । हात्तीले दुवै राजकुमारलाई चिनेर माला लगाइदिएको छ जसको कारण दुवै राजकुमार राजा बनेका छन् । जेठी रानीको उपस्थिति छोटो समयको लागि मात्रै छ । उनी नेपथ्य पात्र हुन् । कथामा मर्दै र बाँच्दै गरेको राजकुमारलाई चमत्कारसम्बन्धी अभिप्रायका रूपमा उपस्थित गराइएको छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र मौलिक बनाएको छ । सहायक तथा गौण भूमिकामा रहेका सहभागीले कथानकको विकासलाई खँदिलो बनाएका छन् ।

### ६.२.३ परिवेश

'दुई राजकुमार' लोककथामा कालिक परिवेशका रूपमा राजदरबार, दरबारको सुरक्षा गर्न सिपाही राख्ने, हात्तीलाई राजकुमार चिनेर माला लगाउन लगाउने, सभ्रान्त वर्गले शासन चलाउने समाज रहेको छ । यस लोककथामा स्थानिक परिवेशका रूपमा सौतेनी रानीको राजदरबार, सभाहल, सौतेनी रानीको शृङ्गार कक्ष, जङ्गल, तुलसीको मोठ, नदी घर, आदि आएका छन् । सामान्य कथास्थलको रूपमा राजदरबार र राजकुमारले बनाएको महल आएका छन् भने विशिष्ट स्थानका रूपमा हात्तीले राजा चुनेर माला लगाउने कार्यक्रमस्थल आएको छ । कथामा सामान्य समयको रूपमा बिहान, दिउँसो, राति आदि आएका छन् भने विशिष्ट समयका रूपमा राजारानीले दुःख पाएपछि राजकुमारलाई भेट्न गएको समय आएको छ । प्रस्तुत लोककथाको वातावरण सुरुमा दुःखद रहेको छ भने अन्त्यमा सुखद रहेको छ ।

### ६.२.४ उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य उपदेश तथा नीति प्रदान गर्नु रहेको छ । साथै यस लोककथाले आंशिक रूपमा मनोरञ्जन प्रदान गर्ने उद्देश्य लिएको छ । नेपाली समाजमा सौतेनी आमाले छोराछोरीप्रति गर्ने व्यवहारलाई यस लोककथाले छर्लङ्ग पारेको छ । शृङ्गार छरिएको निहुँमा नाबालक छोरालाई मार्न लगाउने कान्छी रानीको कुरा टार्न नसक्ने कमजोर राजाका कारण राजकाज नै समाप्त भएको देखाइएको छ । समयमा सही निर्णय लिनुपर्छ, आफ्ना छोराछोरी जस्तो नजिक कोही हुँदैन त्यसैले शक्ति र सामर्थ्य हुँदा छोराछोरीलाई हेला गर्ने काम गर्नु हुँदैन भन्ने सन्देश लोककथाले दिएको छ । सानैमा आामाको मृत्यु हुँदा छोराछोरीले भोग्नुपर्ने कठिन परिस्थितिलाई देखाउनु पनि यस लोककथाको उद्देश्य रहेको छ । साथै राजकाज चलाउने व्यक्तिले सही गलत के हो भन्ने कुरा सोचविचार गरी निर्णय लिनुपर्छ भन्ने सन्देश पनि कथाले दिएको छ ।

### ६.२.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । तिमेरू फल्नो, बिहे, तेसैको, तेसमा, उल्लाई, उनेरू जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यस कथामा 'एकदिन उसको श्रीमती बिमारी भयो,' 'एकदिन त्यो छुरीलाई उस्को बुढीले आगोमा हालेछ' जस्ता लिङग सङ्गति नमिलेका वाक्यको प्रयोग गरिएको पाइन्छ । निम्न, मध्यम तथा उच्च आदरार्थी सर्वनाको प्रयोग गरिएको छ । संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको यस कथाको प्रारम्भ एकादेशमा.....भनेर सुरु भएको छ । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल, सहज र सुबोध्य भाषाशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

## ६.३ 'मित्रताको कथा' लोककथाको संरचनात्मक विश्लेषण

'मित्रताको कथा' धिमाल जातिमा प्रचलित लामो आयामको किंवदन्तीमूलक लोककथा हो । यस कथामा असल मित्रताले मानिसलाई मृत्युबाट समेत बचाउँछ भन्ने शिक्षा दिएको छ । यहाँ यस लोककथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ६.३.१ कथानक

एकादेशमा राजाको छोरा, मन्त्रीको छोरा, सिपाहीको छोरा र पुलिसको छोराबिच राम्रो मित्रता हुनु, चारै जना मित्र परदेश घुम्न जानु, राजाको छोरा तीर हान्न सिपालु हुनु, जङ्गलमा अनौठो आवाज आउनु, राजाका छोराले आवाज आएतिर तीर ताकेर हान्नु, वाण लिन जाँदा राजाको छोरा अरू साथीसँग छुट्टिनु र एक्लै हुनु, उसको राक्षसकी छोरीसँग भेट हुनु, राक्षसकी छोरीले राजकुमारलाई आफ्नो बुबाबाट जोगाएर राख्नु, राजकुमार र राक्षसकी छोरीबिच प्रेम हुनु, आफ्नो प्रेमीलाई केही नगर्ने बाचा खुवाएर राक्षससँग राजकुमारको भेट गराउनु, राक्षसको जीव पत्ता लगाएपछि मात्र हाम्रो प्रेम सफल हुन्छ भनेर राजकुमारले केटीलाई भन्नु, छोरीले कर गरेपछि राक्षसले आफ्नो जीव पोखरीको बिचमा भएको खम्बाभित्रको सुगामा रहेको बताउनु, राजकुमारले खम्बामा भएको सुगा मारेपछि राक्षस मर्नु, राजकुमार र राक्षसकी छोरी मिलेर एकै ठाउँमा बस्न थाल्नु, नुहाउँदा राक्षसकी छोरीको कपाल बग्नु र अर्को देशमा पुग्नु, त्यस देशको राजाले लामो कपाल भेट्नु र उक्त कपाल भएकी केटीसँग बिहे गर्ने मन गरेर खोजी गर्न पठाउनु, एउटी बुढी आइमाई डुङ्गा लिएर राजकुमार भएको ठाउँमा पुग्नु, सानीमा भनेर आएकी नक्कली बुढी आमैले राजकुमारको जीव कर्दमा छ भन्ने कुरा राक्षसकी छोरीमार्फत थाहा पाउनु र कर्द आगोमा पोलेपछि राजकुमारको प्राण जानु, राक्षसकी छोरीलाई नुहाउने निहुँ गरेर बुढी आइमाईले अर्को देशको राजकुमारकोमा पुऱ्याउनु, राजकुमारले विवाहको प्रस्ताव राख्नु, राक्षसकी छोरीले एक वर्षसम्म मैले योगी जोगीहरूलाई खानेकुरा खुवाउन पाएँ भने मात्र विवाह गर्छु भनेर भन्नु, राजकुमारले उसको कुरा मानेर छुट्टै घर बनाएर राख्नु, एकदिन जोगीको भेष धरेर पहिलाको राजकुमारका साथी त्यही बाटो गरेर राक्षसकी छोरीकोमा बास माग्न आइपुग्नु, राक्षसकी छोरीको हातमा आफ्ना साथीको औँठी देखेपछि राजकुमारको बारेमा सोधीखोजी गर्नु, राजकुमारलाई झुन्ड्याउन लगाएर बुढीले मलाई यहाँ ल्याएकी हो भनेर साथीहरूलाई सुनाउनु, सबै साथी लिएर राक्षसकी छोरी पनि राजकुमारलाई झुन्ड्याएको ठाउँमा पुग्नु, कर्द खोजी गरी घोटेर फलाम निकाल्नु अनि राजकुमारको हड्डी सेतो हुन्जेल घोटेपछि राजकुमारको शरीरमा प्राण आएर जीवित हुनु, सबै जना साथीहरू खुसी हुनु र मित्रता भनेको सबैभन्दा ठुलो कुरा हो भनी आफ्ना श्रीमती लिएर खुसीसाथ बसेको प्रसङ्गसँगै कथा समाप्त भएको छ ।

'मित्रताको कथा' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

## १. आदि

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

### (१) चिनारी

एउटा देशमा राजाको छोरा, मन्त्रीको छोरा, सिपाहीको छोरा र पुलिसको छोराबिच राम्रो मित्रता हुन्छ । उनीहरू एउटै कक्षामा पढ्छन् । उनीहरू धेरै पढेर विद्वान् हुन्छन् । एकदिन ती चारै भाइ परदेश घुम्न जान्छन् । राजाको छोरा जस्तोसुकै आवाज चिन्न र तीर चलाउन सिपालु हुन्छ । बाटोमा अनौठो आवाज आएको सुनेपछि उसले वाण चलाउँछ । वाण हानिसकेपछि वाण लिन जानुपर्‍यो भनेर साथीहरूलाई त्यहीँ छोडेर त्यहाँबाट आवाज आएतिर जान्छ । वहाँ पुग्दा उसले हानेको वाणले लागेर एउटा हात्ती ढलेको हुन्छ । हात्तीलाई पल्टाउन प्रयास गर्दागर्दा बल्लतल्ल पल्टाएर वाण झिक्छ । त्यसपछि राजाको छोरो एकातिर र अरू साथीहरू अर्कैतिर भएर छुट्टिन्छन् । यसरी साथीहरूसँग छुट्टिनु नै सङ्कटको सुरुआत हुनु हो । यसपछि राजकुमारको जीवनमा सङ्कट आउने सङ्केत पाइन्छ ।

### (२) सङ्घर्ष विकास (पहिलो सङ्कटावस्था

साथीसँग छुटेपछि राजाको छोरा एक्लै पर्छ । ऊ जाँदा जाँदा ठुलो जङ्गलमा पुग्छ । त्यस जङ्गलमा एउटा भयङ्कर राक्षस र उसकी सुन्दरी छोरी बस्छन् । राजाको छोरोलाई राक्षस बाबुबाट कसरी बचाउने भनेर राक्षसकी छोरीलाई आपत् पर्छ । उसले राजकुमारलाई कसैले देख्न नसक्ने ठाउँमा लुकाएर राख्छे । रातभरि राक्षस र उसकी छोरी गफ गरेर बस्छन् । राति राक्षसले मान्छेको गन्ध आउँछ त भनेर बेलाबेलामा छोरीलाई सोध्छ । छोरीले कोही आएको छैन भनेर ढाँट्छे । बिहान भएपछि राक्षस सिकार खोज्न जान्छ । दिनभरि राक्षसकी छोरी र राजाको छोरो कुरा गरेर बस्छन् । यसपछि कथामा राक्षसकी छोरी र राजाको छोरोबिच प्रेमसम्बन्ध सुरु हुने सङ्केत मिल्छ । यहीँबाट कथा मध्यभागमा प्रवेश गर्छ ।

## २. मध्य भाग

### (३) दोस्रो सङ्कटावस्था

केही समय बितेपछि राजकुमार र राक्षसकी छोरीबिच प्रेम बस्छ । एकदिन उनीहरूले राक्षसको मृत्यु वा जीव पत्ता लगाउनुपर्छ भनेर सल्लाह गर्छन् । दिनभरि एकै ठाउँ बसेर राजकुमारलाई लुकाएर बेलुका राक्षसकी छोरी आफ्नै ठाउँमा फर्किन्छे । बेलुका राक्षस घर फर्केपछि छोरीलाई डण्ठाले ड्यामड्याम हान्दै मालिस गर्छ । कुट्दाकुट्दा छोरी सहन नसकेर रुन्छे । उसको आँसु खसेर राक्षसको हातमा लागेपछि राक्षसलाई चिसो लाग्छ । उसले छोरीलाई के भयो भनेर सोध्छ । राक्षसकी छोरीले बुवालाई पहिले बाचा गर अनि मात्र भन्छु भन्छे । राक्षसले बाचा गरेपछि उसले बुवा मैले एउटा केटोसँग प्रेम गरेकी छु । उसलाई केही नगर्नु होस् भन्छे । राक्षसले हुन्छ भनेपछि राजकुमारलाई राक्षसकी छोरीले लुकाएको ठाउँबाट निकाल्छे । अब राजकुमारले आफूले सोचेको कुरा पूरा गर्न पाउने वातावरण तयार हुन्छ ।

**(४) तेस्रो सङ्कटावस्था**

दिनभरि राक्षस सिकार खोज्न जाने भएकाले राजकुमार र राक्षसकी छोरी घरमै बस्न थाल्छन् । एकदिन राजकुमारले राक्षसको जीव पत्ता लगाउन राक्षसकी छोरीलाई भन्छ । केटीले आफ्नो बुवालाई तपाइँको जीव कहाँ छ भनेर सोध्छे । छोरीले कर गर्दा राक्षसले मेरो जीव ऊ त्यो पोखरीको बिचमा रहेको खम्बामा भएको सुगाभित्र छ । त्यो खम्बालाई एक्कैचोटीमा छ्याप्पै काट्नु पर्छ र त्यो सुगालाई च्याप्पै समात्नु पर्छ । सुगा उडेर गयो भने म कहिले पनि मर्दिन । जसले खाँबो काटेको छ उही मर्छ भनेर भन्छ ।

**(५) चौथो सङ्कटावस्था**

राजकुमारले राक्षसको जीव पोखरीमा भएको खम्बामा छ भन्ने थाहा पाएपछि तरवार लिएर गएर खम्बा च्वाट्टै काट्छ । सुगा फुत्त निस्किँदा च्याप्पै समाउँछ । यता राक्षसले आफ्नो जीवन खतरामा परेको थाहा पाउँछ । राजाको छोराले सुगाको एउटा पखेटा भाँचेपछि राक्षसको एउटा हात भाँचिन्छ । अर्को पखेटा भाँचेपछि अर्को हात पनि भाँचिन्छ । यसरी सुगाको पखेटा खुट्टा जतिजति भाँच्दै जान्छ त्यति नै राक्षसको हात खुट्टा र शरीर पनि भाँचिदै जान्छ । अन्तिममा सुगाको घिच्रो निमोठेर मारेपछि राक्षस पनि मर्छ ।

**(६) पाँचौं सङ्कटावस्था**

राक्षसको मृत्यु भएपछि केटा र केटी मिलेर बस्न पाउँछन् । बस्दाबस्दै धेरै वर्ष बित्छ । केटा र केटी दुवैको केश लामो र साह्रै मैलो भएपछि पानीमा फ्याँक्दा पनि माछा अल्भ्रेर मर्ने र जङ्गलमा फ्याँक्दा पनि चराचुरुङ्गी अल्भ्रेर मर्ने डर हुन्छ । उनीहरू खोलामा नुहाउन जान्छन् र टपरीमा कपाल राखेर चराको गुँड जस्तो बनाएर खोलामा बगाइदिन्छन् । कपाल बग्दाबग्दा धेरै टाढा अर्कै देशमा पुग्छ । त्यो केश अर्कै देशको राजाको छोराले भेट्टाउँछ । अनि राजाको छोराले यो कपाल हुने केटी हो भने म विवाह गर्छु र केटा हो भने म मित लगाउँछु भनेर वाचा गर्छ ।

**(६) छैटौं सङ्कटावस्था**

राजकुमारले जसले यो कपाल कहाँबाट आएको हो पत्तो लगाउँछ उसलाई म अर्को राज्य दिने छु भनेर घोषणा गर्छ । एउटी बुढी मान्छेले एउटै काठको डुङ्गा र बहाना बनाइदिए कपाल कहाँबाट आएको हो भन्ने कुरा पत्ता लगाउँछु भन्छे । डुङ्गा तयार भएपछि यो कपाल जहाँबाट आएको छ, यो डुङ्गा त्यहीँ पुगेर अड्किनुपर्छ नभए एककाठे डुङ्गाले सत्य थाम्दैन भन्छे । यसो भनेपछि त्यो डुङ्गा तुफान वेगले जान्छ र कपाल आएकै ठाउँमा पुगेर रोकिन्छ ।

**(६) सातौं सङ्कटावस्था**

डुङ्गा लिएर गएकी बुढी मान्छेले मेरी दिदीकी छोरी कति दुब्लाकी भनेर राक्षसकी छोरीलाई भन्छे र सानीमा बनेर त्यहीँ बस्न थाल्छे । उसले राक्षसकी छोरीलाई राजकुमारको जीव कहाँ छ भनेर सोध्न लगाउँछे । बेलुका उसले आफ्नो श्रीमानलाई तिम्रो जीव वा मृत्यु कहाँ छ भनेर सोध्छे । राजकुमारले भन्न मान्दैन तर श्रीमतीले ढिपी गरेपछि उसले मेरो

जीव कर्दमा छ । त्यो कर्दलाई आगोमा पोल्यो भने मात्र म मर्छु नत्र म मर्दिन भन्छ । राक्षसकी छोरीले सानीमा बनेर आएकी बुढीलाई राजकुमारको जीव कर्दमा भएको कुरा बताउँछे ।

**(७) आठौँ सङ्कटावस्था**

सानीमा बनेकी बुढीले कर्द खोजेर बलिरहेको आगोमा हाल्छे । जति कर्द तात्दै जान्छ त्यति नै राजकुमारलाई ज्वरो आउँछ । सिकार खेल्न गएको राजकुमार घर आइपुग्दा उसको प्राण जान्छ । तर मर्ने बेलामा राजकुमारले मलाई नगाड्नु, एकठाउँ झुण्ड्याएर राख्नु भन्छ र मर्छ । सानीमा भन्ने बुढीले केटीलाई नुहाउने निहुँ गरेर खोलामा लिएर जान्छे र त्यहाँ पुगेपछि त्यही डुङ्गामा राखेर बगाएर अर्को देशको राजकुमार भएको ठाउँमा पुऱ्याउँछे । यहाँबाट राक्षसकी छोरीको जीवनमा पनि सङ्कट आउने कुरा थाहा हुन्छ ।

**(८) नवौँ सङ्कटावस्था**

नयाँ देशको राजकुमारले राक्षसकी छोरीसँग विवाहको प्रस्ताव राख्छ । तर केटीले एक वर्षसम्म व्रत बसेर जोगी, फकिर, माग्ने जति आउँछन् तिनीहरूलाई खान दिन्छु, मलाई एउटा घर बनाइदे अनि मात्र विवाह गर्छु भन्छे । केटाले बाटोको छेउमा सानो घर बनाएर राख्छ । त्यहाँ बसेपछि त्यो बाटो गरेर जति पनि मानिस आउँछन् तिनीहरूलाई खुवाउने गर्छे । उसले केटाको औँठी उसले लगाएकी हुन्छे । त्यही औँठी आउने जाने मान्छेलाई देखाउँदै बस्छे । यहाँसम्म आइपुग्दा कथावस्तु चरम उत्कर्षमा पुग्छ र सङघर्ष ह्रासको स्थिति देखा पर्छ ।

**३. अन्त्य**

**(९) सङ्घर्ष ह्रास**

एक दिन राजकुमारसँग छुट्टिएका तीन जना साथी पनि विद्वान् भएर जोगीको रूप धारण गरी त्यही बाटो केटीकामा आइपुग्छन् । राजकुमारको औँठी केटीको हातमा देखेपछि छक्क पर्दै त्यो औँठी कहाँबाट आयो भनेर सोध्छन् । केटीले आफू त्यहाँ कसरी आइपुगेँ भन्ने सबै कुरा बताउँछे । राजकुमार कहाँ छ त भनेर ती तीन भाइले सोध्छन् । केटीले आफूसँग मृगको छाला भएकाले त्यसैबाट तीनवटा चपेटा बनाउने र तीमध्ये एक ठाउँमा केटा, केटी र एउटा जोगी बसेर राजकुमारलाई मारेर झुन्ड्याएको ठाउँमा जाने प्रस्ताव राख्छे ।

**(१०) उपसंहार (फलप्राप्ति)**

मन्त्र पढ्ने बित्तिकै मृगको छाला उडेर जान्छ । राजकुमारको लास राखेको ठाउँमा पुगेर अडिन्छ । राजकुमारका साथीहरूले छुरी कहाँ छ भनेर खोज्दा त्यस केटीले लुकाएको ठाउँबाट छुरी निकालेर दिन्छे । फलाम आगोले नखाने हुँदा बँचेको हुन्छ । राजकुमारको साथीले त्यो छुरी घोट्दा घोट्दा फलाम निकाल्छ । राजकुमार कहाँ छ भनेर खोज्दा राजकुमारको हड्डी मात्र झुन्डिएको भेट्टाउँछ । त्यो हड्डीलाई टिलिक्क सेतो हुने गरी घोटेपछि राजकुमार जागेर जस्ताको तस्तै हुन्छ । त्यसपछि मित्रता भनेको सबैभन्दा ठुलो कुरा हो । जातपात केही होइन । ठुलो सानो केही होइन । हामी आआफ्नो ठाउँमा आआफ्नो

श्रीमती लिएर बसौँ भनेर ती तीन भाइ साथीहरू आआफ्नै ठाउँमा बस्न थाल्छन् । यसरी सुरुमा साथीसँग छुट्टिएको राजकुमार अन्त्यमा सबैसँग भेट भएर सँगै हाँसीखुसी बसेको देखाएर कथा सकिएको छ । कथामा विभिन्न घटनाहरू एकअर्कामा जेलिएर आएका छन् । बिचबिचमा आएका उपकथाले कथामा मिठास थपेका छन् ।

### ६.३.२ सहभागी

'मित्रताको कथा' मा आठ जना सहभागीहरू छन् । यस कथामा राजाको छोरा, उसका साथीहरू, राक्षस र राक्षसकी छोरी, अर्को देशको राजकुमार र सानीमा बनेर आएकी बुढी सहभागीका रूपमा उपस्थित छन् । कथाको मुख्य कथावस्तु राजाको छोरो र राक्षसकी छोरीबिचको प्रेम सम्बन्धमा केन्द्रित छ । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

**तालिका नं. १५**

**'मित्रताको कथा' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| राजाको छोरा | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| मन्त्रीको छोरा | + | - | - | + | - | + | - | - | + | + | + | + | - | - | + |
| पुलिसको छोरा | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| सिपाहीको छोरा | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| राक्षस | + | + | | - | + | | + | - | + | - | + | - | + | + | - |
| राक्षसकी छोरी | | + | | + | - | + | - | + | - | - | + | - | + | + | - |
| सानीमा बनेकी बुढी | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| अर्को देशको राजकुमार | + | - | - | + | - | - | + | - | + | + | - | - | + | - | |

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा नौ जना पात्रको सहभागिता रहेको छ । राजाको छोरो यस कथाको मुख्य पात्र हो । राजाको छोरो अनुकूल चरित्रको पुरुष पात्र हो । साथीहरूसँग सिकार खेल्न जाँदा आफ्ना साथीसँग छुट्टिएपछि ऊ राक्षस बस्ने जङ्गलमा पुगेको छ । उसले राक्षसकी छोरीसँग प्रेम सम्बन्ध गाँसेर राक्षसलाई मारेको छ । जीवनचेतनाका आधारमा हेर्दा ऊ वर्गीय पात्र हो भने आसन्नताका आधारमा मञ्चीय सहभागी हो । आफ्नै प्रेमिकाले उसको जीव पत्ता लगाएर सानीमा बनेर आएकी बुढीलाई भनेपछि उसको मृत्यु भएको छ । अन्त्यमा उसका साथीहरूले खोजेर उसलाई बचाएका छन् ।

राक्षसकी छोरी यस कथाकी सहायक महिला सहभागी हो । ऊ कथाको आदि र अन्त्यमा अनुकूल चरित्रकी देखिएकी छे भने मध्य भागमा प्रतिकूल चरित्रकी देखिएकी छे । ऊ गतिशील स्वभावकी मञ्चीय सहभागी हो । राजाको छोराको साथ दिएर उसले आफ्नै बुवालाई मृत्युको मुखमा पुऱ्याएकी छे । त्यसैगरि अर्को देशको राजकुमारले पठाएकी बुढीलाई राजाको छोराको जीवका बारेमा बताएर उसलाई पनि मृत्युको मुखमा पुऱ्याएकी छे । अन्त्यमा राजाको छोराका साथीहरूलाई साथ दिएर राजाको छोरोलाई बचाएकी पनि छे । यसरी हेर्दा यस लोककथामा राक्षसकी छोरीले दोहोरो चरित्र भएकी गतिशील नारीको भूमिका निर्वाह गरेकी देखिन्छ ।

यस लोककथामा मुख्य घटनाको योजनाकार अर्को देशको राजकुमार हो । उसको भूमिकाले कथामा कुतुहलता सिर्जना गरेको छ । नेपथ्यमा बसेर पनि खल नाययकको भूमिका निर्वाह गर्ने राजकुमार प्रतिकूल चरित्रको छ । उसले पठाएकी बुढीले राजाको छोरोलाई मार्न लगाएर राक्षसकी छोरीलाई अर्कै देश पुऱ्याएकी छे । जीवनचेतनाका आधारमा राजकुमार पनि वर्गीय सहभागी हो । यी बाहेक कथामा मन्त्रीको छोरो, पुलिसको छोरो र सिपाहीको छोरो पनि उपस्थित छन् । यिनीहरू राजाका छोराका साथीहरू हुन् । सिकार खेल्न जाँदा छुट्टिएका यी साथीहरू विद्वान् बनेर राक्षसकी छोरीकामा आइपुग्छन् । उनीहरूले मरिसकेको राजाको छोरोलाई पनि बचाएर असल मित्र हुनाको कर्तव्य पूरा गर्छन् । यी सबै अनुकूल चरित्रका मञ्चीय सहभागी हुन् । यसरी हेर्दा कथामा लोककथाको कथानक र सहभागीहरूका बिचमा सामञ्जस्यपूर्ण सम्बन्ध रहेको देखिन्छ ।

### ६.३.३ परिवेश

'मित्रताको कथा' लोककथामा सिकार खेल्ने वनजङ्गल, विभिन्न राजाले शासन गरेका राज्य, शक्तिशालीले शक्तिहीनलाई दबाउने समाज कालिक परिवेशका रूपमा आएको छ भने गाउँबस्ती, वनजङ्गल, राक्षस बस्ने गुफा, राक्षसको वीज भएको पोखरी, नदी, राजकुमारलाई झुन्ड्याएको ठाउँ आदि स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा राजकुमार हराएको वन, राक्षसकी छोरीसँग भेट भएपछि कुराकानी गर्ने स्थान, अर्को देशको राजकुमारको दरबार तथा राक्षसकी छोरीको घर आदि ठाउँ आएका छन् । कथामा सामान्य समयको रूपमा बिहान, दिउँसो र बेलुका आएका छन् भने विशिष्ट समयका रूपमा राजाको छोरोलाई उसका साथीहरूले बचाएको समय आएको छ । प्रस्तुत लोककथाको वातावरण सुरुमा राजाको छोरा र साथीहरू छुट्टिँदा दुःखद, मध्य भागमा राजाको छोरो र राक्षसकी छोरीबिच प्रेम हुँदा सुखद रहेको छ भने मध्य भागमा नै राजकुमारको मृत्यु हुँदा र राक्षसकी छोरीलाई बुढीले नुहाउने निहुँ गरेर अर्कै देश पुऱ्याउँदा दुःखद रहेको छ । अन्त्यमा बिछोडिएका साथी आएर राजाको मरिसकेको छोरालाई बचाएर सबै जना एकै ठाउँ मिलिजुली बसेपछि सुखद परिवेशमा कथा समाप्त भएको छ ।

### ६.३.४ उद्देश्य

लोकसाहित्य सिर्जनाको खास उद्देश्य हुन्छ । यस कथामा सच्चा मित्रता कस्तो हुन्छ भन्ने कुरा देखाइएको छ । अर्कै देशको राजकुमारले पठाएकी बुढीले राजाको छोराको बीज पत्ता लगाएर उसलाई मारेर झुन्ड्याएकी हुन्छे । पछि राजाका छोराका साथी आएर उसलाई बचाउँछन् । यसमार्फत असल मित्रले जस्तोसुकै परिस्थितिमा पनि साथ दिन्छ र मृत्युको मुखबाट साथीलाई बचाउँछ भन्ने सन्देश यस कथाले दिएको छ । सिकार खेल्न गएका साथीहरू सिकार खेल्ने क्रममै छुट्टिएपछि उनीहरूको जीवन आफ्नै तालमा अगि बढ्छ । राजाको छोराको भेट राक्षसकी छोरीसँग हुन्छ । राक्षसकी छोरीले राजाको छोरोलाई बुवाको बीज पोखरीमा भएको खम्बाको सुगामा रहेको कुरा सुनाएपछि राजाको छोराले राक्षसलाई मार्छ । यसबाट अपरिचितलाई गोप्य सूचना दिनु हुँदैन भन्ने कुरा सिकाउने उद्देश्य कथाले

राखेको पाइन्छ । यसका अतिरिक्त यस लोककथाले विभिन्न टुक्रे कथा जोडेर श्रोतालाई मनोरञ्जन दिने उद्देश्य राखेको छ ।

### ६.३.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषा सरल, सहज र बोधगम्य रहेको छ । बोलीचालीको भाषा प्रयोग गरिएको यस लोककथामा स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । लोककथामा ड्यामड्याम, च्याप्पै, छ्याप्पै, च्वाट्टै टिलिक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएका छन् । यस्ता शब्दले कथामा मिठास थप्ने काम गरेका छन् । लोककथामा वचनसङ्गति, लिङ्गसङ्गति र आदरसङ्गतिको ख्याल गरिएको छैन । 'सानीमा बनेर आएको त्यो बुढीले आगोमा कर्द लाईदियो', 'होइन, हामी राक्षस भएको ठाउँमा को आउँछ हौ बुवा भनेर छोरीले भनेछ', 'त्यो केटीले लुकाएको ठाउँबाट छुरी निकालेर दिएछ' जस्ता सङ्गति नमिलेका वाक्यले बोलीचालीको भाषाको झल्को दिएका छन् । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'मित्रताको कथा' लोकथाको कथानक व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसलाई असल साथीले मृत्युको मुखबाट पनि बचाउँछ । त्यसैले असल व्यक्तिको सङ्गत गर्ने, आफ्नो गोप्य कुरा अर्कासँग नखोल्ने र शक्तिको घमण्ड नगर्ने सन्देश दिन खोजिएको यस कथामा पदक्रम विचलन भएका वाक्य तथा पदसङ्गति नमिलेका वाक्य प्रयोग गरिएका भए पनि ती सरल सहज र सुबोध्य नै रहेका छन् ।

## ६.४ 'सती राजा' लोककथाको संरचनात्मक विश्लेषण

'सती राजा' धिमाल जातिमा प्रचलित छोटो आयाममा संरचित धार्मिक लोककथा हो । यस लोककथामा धिमाल जातिले मान्ने सतीराजाको किंवदन्ती प्रस्तुत गरिएको छ । यहाँ यस लोककथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

### ६.४.१ कथानक

सत्ययुगमा लेटाङ भन्ने ठाउँमा सती राजाको शासन हुनु, सती राजालाई दक्षिणका राजाले लडाइँका लागि बोलाउनु, लडाइँमा जाँदा सती राजाले एक जोडी परेवा आफ्नो साथमा लानु, सेता परेवा मभन्दा अगाडि उडेर आए भने म लडाइँमा मरेँ भन्ने सम्झिनु भनेर रानीलाई भन्नु, राजा लडाइँमा जानु, केही दिनपछि सेतो परेवा उड्दै दरबारमा आउनु, रानीलाई राजाले भनेको कुरा सम्झना आउनु, रानीले भाइभारदारलाई यो कुरा सुनाउनु, त्यो समय सत्य युगको भएकाले रानीलाई जबरजस्ती सती जान लगाउनु, लडाइँ रोकिएपछि राजाले हेर्दा परेवा नहुनु, राजा हतारहतार दरबार फर्किनु, दरबारमा आउँदा

रानीलाई नभेट्नु, राजालाई पनि जबरजस्ती विष खुवाएर घाटमा लगी राजारानी दुवैलाई एउटै चितामा जलाउनु, राजारानीलाई विनाकारण जलाएकाले प्रकृति पनि दुःखी हुनु, धेरै समय पानी नपर्नु, खडेरीले गर्दा जङ्गली जनावर मर्न थाल्नु, सिकार गर्न नपाएपछि गाउँमा हाहाकार हुनु गाउँका मान्छे आत्तिनु, सती राजा र सती रानीको पूजा गरेपछि पानी पर्नु, त्यसै बेलादेखि धिमाल समुदायले सती राजाको पूजाआराधना गर्न थाल्नु जस्ता प्रसङ्गसँगै कथा समाप्त भएको छ ।

'सती राजा' लोककथाको कथानकविन्यासलाई यसरी तल प्रस्तुत गरिन्छ :

**१. आदि**

यस लोककथाको आदि भागअन्तर्गतको कथानकविन्यास यसरी अगाडि बढेको छ :

**(१) चिनारी**

लेटाङको भोगटेनीमा सती राजाले राज्य गरेर बसेका बेला सतीलाई दक्षिणतिर राजाले लडाइँका लागि बोलाउँछन् । लडाइँ कति दिनको हुन्छ थाहा नभएकाले रानीलाई पीर नगर्न भन्छन् । लडाइँमा जाँदाखेरि सती राजाले एक जोडी सेता परेवा लिएर गएका हुन्छन् । उनले आफ्नी रानीलाई सेतो परेवा उडेर आयो भने म मरेँ भन्ने सम्झिनू भन्छन् । राजा लडाइँमा गएपछि मर्ने बाँच्ने टुङ्गो नभएकाले रानीलाई भने पीर पर्छ । यो कथाको चिनारी भाग हो । यस भागदेखि कथामा सङ्घर्षविकास सुरु हुन्छ ।

**(२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

दुईचार दिनमा राजाले लगेको सेतो परेवा उड्दै रानी भएको ठाउँमा आउँछ । रानीले राजा लडाइँमा जाने बेलामा परेवा उडेर आयो भने म मरेँ है भन्ने सम्झिनु भनेको कुरा सम्झिन्छिन् र राजा मरेछन् भनेर रानी चिन्तामा डुब्छिन् । यो कथाको पहिलो सङ्कटावस्था हो । यसपछि कथामा मध्यभाग सुरु हुन्छ ।

**२. मध्य**

**(३) दोस्रो सङ्कटावस्था**

रानीले भाइभारदारलाई राजाले भनेको कुरा सुनाउँछिन् । सती राजाले शासन गर्ने बेलाको समय सत्ययुग भएकाले आफ्नो श्रीमानको मृत्यु हुँदा श्रीमतीले सती जानुपर्ने हुन्छ । राजदरबारका मानिसहरूले रानीलाई पनि घाट लाने तयारी गर्छन् । परम्पराअनुसार ढोल, ढ्याङ्ग्रो र झ्याली बजाउँदै रानीलाई घाट लान्छन् । यस भागमा पतिको मृत्युपछि पत्नी सती जाने परम्परालाई देखाइएको छ । राजाको मृत्यु भए नभएको टुङ्गो नलागी रानीलाई सती लान ठिक पारेको प्रसङ्गले प्राचीन कालको सामाजिक संरचनालाई प्रस्ट पारेको छ ।

**(४) तेस्रो सङ्कटावस्था**

राजाले लडाइँ रोकिएपछि हेर्दा आफूले राखेको ठाउँमा परेवा देख्दैनन् । उनलाई कसले परेवा उडाइदियो भन्ने कुरा पनि थाहा हुँदैन । अब रानी मर्ने भइन् भनेर राजा

हतार-हतार दरबार आउँछन् । बाटोमा भेटिएका मानिसलाई सेतो परेवा उडेर कतै गएको देखेनौ भनेर सोध्छन् तर भेटिएका कुनै पनि मानिसले परेवा देख्यौं भनेर भन्दैनन् । उनी घाटसम्म आइपुग्दा राजदरबारका मानिसले रानीलाई चितामा सुताई सकेका हुन्छन् ।

**(५) चौथो सङ्कटावस्था**

जनताले सती जान ठिक परेकी रानीलाई घाटबाट ल्याउनुको साटो राजालाई पनि सती जान लगाउँछन् । राजालाई विष खुवाएर दरबारदेखि नै ढोल ढ्याङ्ग्रो बजाएर घाटसम्म पुऱ्याइन्छ । त्यसपछि राजालाई पनि रानीसँगै जलाईन्छ । त्यस राज्यका सबै मानिस दुःखी हुन्छन् साथै प्रकृति पनि रिसाउँछ । त्यस दुःखले लामो समयसमम पानी पर्दैन । त्यहाँका सबै जनता निराश हुन्छन् । दुई वर्ष तीन वर्ष गर्दै धेरै वर्ष बित्दासम्म पानी नपरेपछि मानिस तथा जनावरहरू पानी खान नपाएर मर्न थाल्छन् । त्यस बेलामा मानिसहरू जङ्गलमा सिकार गरेर जीवन निर्वाह गर्थे । पानी नभएकोले जनावरहरू मर्न थालेपछि मानिसले सिकार गरेर खान पनि पाउँदैनन् । यो कथाको चरमोत्कर्ष हो । यसपछि कथामा सङ्घर्ष ह्रासको अवस्था आउँछ ।

**३. अन्त्य**

**(६) सङ्घर्ष ह्रास**

लामो समय पानी नपरेपछि सधैँ यस्तो दुःख पाएर बसेर हुँदैन भनेर गाउँका मानिसहरूले उपाय खोज्छन् । उनीहरू भेला भएर सती राजा र सती रानीको पूजा आराधना गर्छन् । त्यसबेला धिमालहरूको पूजा गाउँ नजिक छेउछाउमा गर्ने चलन नभएकाले घरदेखि धेरै टाढा जङ्गलको बीचमा ग्रामथान स्थापना गरी खोला नाला बाघ, भालु, हात्ती लगायतका जङ्गली जनावरहरूको पूजा गर्छन् । सती राजा र रानीलाई सम्झिएर माफी माग्छन् ।

**(७) उपसंहार**

पूजाबाट फर्किंदा युवायुवतीले रमाइला गीत गाएर नाच्दै हाँस्दै फर्किएकाले प्रकृति पनि खुसी भएर पानी पर्छ । यस घटनाबाट धिमालहरूले ढोल बजाउँदा पानी पर्छ भन्ने विश्वास गरेकाले अहिले पनि युवायुवती भेला भएर सतीराजाको पूजा गर्ने चलन रहन गएको छ । त्यसैबाट पूजामा देखेका केटी मन पऱ्यो भने केटाले केटीलाई पान सुपारी दिने, केटीले स्वीकार गरे विवाह गर्ने र नमानेमा जबरजस्ती तानेर ल्याउने चलन पनि सुरु हुन्छ । त्यही पूजाको विकास हुँदै आएर अहिले धिमाल समुदायमा जात्रा पर्व मेलाको परम्परा प्रचलनमा आएको र प्रत्येक वर्षको बैशाख दुई गते सती राजाको पूजा गर्न धिमालहरू लेटाङको भोगटेनी जाने जनविस्वास रहेको प्रसङ्गसँगै कथा समाप्त भएको छ ।

**६.३.२ सहभागी**

'सती राजा' लोककथामा सीमित सहभागी रहेका छन् । धिमाल जातिको आस्थाको केन्द्र सती राजाबारे वर्णन गरिएको यस लोककथामा सती राजा, सती रानी, गाउँले र परेवा प्रत्यक्ष सहभागी छन् भने दक्षिणतिरका राजा नेपथ्यमा आएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

## तालिका नं. १६

## ‘सती राजा’ लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| सती राजा | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| सती रानी | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| गाउँले | + | + | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| परेवा | - | - | - | - | + | + | - | + | - | - | - | - | + | + | - |
| दक्षिणतिरका राजा | + | - | - | + | - | - | + | - | + | + | - | + | -क | + | - |

माथिको तालिकाका आधारमा प्रस्तुत लोककथामा सती राजा प्रमुख पुरुष पात्र हुन् । उनी पूर्वी नेपालको लेटाङको भोगटेनीमा आफ्नो राज्य सञ्चालन गर्ने जनविश्वास रहेको छ । उनी अनुकूल प्रवृत्तिका मञ्चीय पात्र हुन् । उनी सभ्रान्त वर्गका प्रतिनिधि पात्र हुन् । आफ्नो राज्य विस्तारका लागि उनी लडाइँमा गएका छन् । परेवा लिएर गएका राजाको परेवा अरू कसैले उडाइदिएपछि उनी हतारहतार लडाइँबाट घर फर्किन्छन् तर घर आउँदा उनकी रानीलाई चितामा राखिएको हुन्छ । त्यसैले उनी पनि चितामा चढ्नुपर्छ । उनी जनताका लागि ज्यानको बाजी लगाउने प्रतापी राजाका रूपमा कथामा उपस्थित छन् । उनी मञ्चीय र बद्ध पात्र हुन् । मृत्युपछि उनलाई धिमाल जातिले पूजाआराधना गरेका छन् ।

सती राजाकी रानी यस लोककथाकी सहायक महिला पात्र हुन् । उनले राजाले लिएर गएको परेवा फर्केर आएपछि भाइभारदारलाई सुनाइन् । त्यसै कारण उनले चिता चढ्नु पर्‍यो । राजाको मृत्युको कारण पनि उनी नै बनेकी छिन् । सती रानी जीवन चेतनाका आधारमा उच्च वर्गकी, आसन्नताका आधारमा मञ्चीय, र आबद्धताका आधारमा बद्ध पात्र हुन् । लोककथामा गाउँलेको पनि उपस्थिति रहेको छ । गाउँलेले राजारानी दुवैलाई चितामा पुर्‍याएका छन् । लामो समयसम्म पानी नपरेपछि तिनै सती राजा र सती रानीको पूजाआराधना गरेका गाउँले यस लोककथामा स्वार्थी र प्रतिकूल चरित्रका देखिएका छन् । लोककथामा युवायुवती पनि सहभागी भएका छन् । उनीहरू सती राजा र सती रानीको पूजाआराधनामा जुटेका छन् । पूजापछि रमाइलो गर्दै फर्किएको प्रसङ्गबाहेक कथामा अन्य भूमिका रहेको छैन । यस लोककथामा मानवेतर सहभागी परेवालाई राजाले लडाइँमा लिएर गएको प्रसङ्ग छ । समय नै नभई परेवा फर्केर दरबार आएपछि राजा रानी दुवैले सती जानुपरेको छ । यसबाहेक परेवाको अन्य भूमिका रहेको छैन । सती राजाको राज्यदेखि दक्षिणतिरका राजाको पनि कथामा सहभागिता रहेको छ । उनकै कारण सती राजा लडाइँमा गएका थिए । उनी प्रतिकूल चरित्रका सहभागी हुन् । यसप्रकार यस लोककथामा आएका सहभागीहरूको अभिलक्षणले कथा आकर्षक बनेको छ ।

### ६.४.३ परिवेश

प्रस्तुत लोककथामा मोरङ जिल्लाको लेटाङ र भोगटेनी क्षेत्र आसपासको ग्रामीण परिवेश देखाइएको छ । यस लोककथाको स्थानिक परिवेशका रूपमा लडाइँको मैदान, सती जलाउन ठिक पारेको घाट, नदी तथा वनजङ्गल आएका छन् । राजा लडाइँमा जाने चलन,

परेवालाई समाचारबाहक बनाउने सत्ययुग, महिलाले सती जानुपर्ने प्रचलन आदि समय विशेषको परिवेश हो । पूजाआजा गर्ने, ढोल झ्याली, बाजागाजा बजाउने सांस्कृतिक परिवेश पनि कथामा आएको छ । राजालाई विष खुवाएर तथा रानीलाई जिउँदै चितामा राखेर जलाएको प्रसङ्गले प्राचीन नेपाली समाजको वास्तविकतालाई उजागर गरेको छ भने कारुणिक परिवेश पनि सिर्जना गरेको छ । पानी नपरेर खडेरी परेको जमिन, पानी खान नपाएर मरेका जीवजन्तुको वर्णनले कथामा थप त्रासद परिवेश सिर्जना गरेका छन् । कथाको अन्त्यमा जिउँदै राजारानीलाई जलाएका गाउँलेहरूले क्षमायाचना गर्दै सती राजा र सती रानीको पूजा गरेको, पूजापछि युवायुवती जिस्किँदै, गीत गाएर नाच्दै हिँडेको र त्यो देखेर प्रकृति पनि खुसी भएर पानी परेको प्रसङ्गले यस लोककथाको अन्त्यको वातावण भने सुखद रहेको छ ।

### ६.४.४ उद्देश्य

'सती राजा' धार्मिक लोककथा भएकाले यसको मुख्य उद्देश्य ईश्वरप्रति भक्तिभाव जगाउने रहेको छ । प्रकृतिपूजक धिमाल जातिले आफ्नो इष्ट देवता मानेर पूजाआजा गर्दै आएका सती राजाका बारेमा जानकारी गराउनु, परम्परा र संस्कार जोगाउन युवा पुस्तालाई आकर्षित गर्नु यस लोककथाको अर्को उद्देश्य रहेको छ । सत्य युगमा घटेको घटना, सतीप्रथा, राज्य विस्तार र जनताको निर्णय राजाले पनि मान्नुपर्ने प्रसङ्ग कथामा आएका छन् । यसले राज्य सञ्चालकलाई जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने सन्देश पनि दिएको छ । विशेषत : यस लोककथाले सती राजाप्रति भक्तिभाव जगाउने नै उद्देश्य राखेको छ ।

### ६.४.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषा सरल छ । यस लोककथामा दमक क्षेत्रमा बोलिने बोलीचालीको भाषा प्रयोग गरिएको छ । धिमाल जातिले प्रयोग गर्ने ढोल, झ्याली, झ्याम्टा, ग्रामथान, ढ्याङ्ग्रो, जात्रा,पर्व जस्ता संस्कृति बुझाउने शब्दको प्रयोग गरिएको छ । धिमाल संस्कृतिबारे जानकारी दिने उद्देश्य राखिएकाले कथाको भाषा पनि सरल र सबैले बुझ्ने किसिमको प्रयोग गरिएको छ । प्राय वर्णनात्मक शैली रहेको यस लोककथामा पूर्णता, उत्पत्ति, दर्शन, पवित्र,जस्ता तत्सम शब्दको पनि प्रयोग पाइन्छ ।

## ६.५ निष्कर्ष

दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथामध्ये यस परिच्छेदमा दुईवटा किंवदन्तीमूलक र एउटा धार्मिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यी लोककथाहरूमध्ये आयामका दृष्टिकोणले 'दुई राजकुमार' र 'मित्रताको कथा', लामो आयाममा संरचित छन् भने 'सती राजा' अत्यन्त छोटो आयाममा संरचित छ । लोककथाका पात्रले गरेका क्रियाकलापले श्रोतालाई भरपुर मनोरञ्जन र शिक्षा दिन्छन् । राजकुमार, राक्षस, राजा, रानी, गाउँलेलगायतका पात्रको प्रयोग गरिएका यी लोककथाले श्रोतालाई अर्ती, उपदेश पनि दिन्छन् । छोटा वाक्य र सरल, सहज बोलीचालीको भाषा प्रयोग गरिएका

यी लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । यी लोककथाले मनोरञ्जनका साथै नीति तथा उपदेश प्रदान गर्ने उद्देश्य राखेका छन् । जङ्गलमा सिकार खोज्न जाने, ईश्वर तथा भूतप्रेतमा विश्वास गर्ने, राजा तथा राजकुमार लडाईंमा जाने, राजकुमारले विभिन्न अद्भुत क्रियाकलाप गर्नेलगायतका क्रियाकलापले धिमाल जातिको लोकविश्वास र सामाजिक संरचनालाई झल्काएका छन् । गाउँले जीवनको सुख दुःख, आरोह, अवरोह, उतारचढावमा पनि धैर्यपूर्वक काम गर्नु पर्छ भन्ने सन्देश यी लोककथाले दिएका छन् ।

# सातौँ परिच्छेद
# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन' शीर्षकको शोधप्रबन्ध सात परिच्छेद र दुई परिशिष्ट खण्डमा संरचित छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा 'शोधपरिचय' प्रस्तुत गरिएको छ । यसअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, शोधविधिमा सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि, शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई विषयपरिचयमा प्रस्ट पारिएको छ । पूर्वकार्यका आधारमा समस्याकथन निर्धारण गरिएको छ । त्यस्तैगरी समस्या समाधानका लागि चारवटा उद्देश्य निर्धारण गरिएको छ । यहाँ दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययनका लागि लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा शोधसमस्याको समाधान गरिएको छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको संरचनात्मक अध्ययनका सन्दर्भमा भएका कार्यहरूलाई पूर्वकार्यको रूपमा समावेश गरिएको छ । झापा जिल्लाको दमक क्षेत्र सामाजिक, भाषिक, सांस्कृतिक र भौगोलिक विविधता भएको क्षेत्र हो । यस क्षेत्रमा बसोबास गर्ने धिमाल समुदायमा प्रशस्त लोककथा पाइए पनि अध्ययन अनुसन्धान भएको छैन । यही रिक्ततालाई पूर्ति यो शोधकार्य सम्पन्न भएको छ । आगामी दिनमा विभिन्न क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको अध्ययन गर्न चाहने अध्येता– अनुसन्धानदाताका लागि तथा धिमाल जातिमा प्रचलित लोकसाहित्यका बारेमा जान्न चाहने जो कोहीलाई पनि यो अध्ययन उपयोगी हुने कुरा प्रस्तुत गरिएको छ । शोधको सीमाङ्कन गर्ने क्रममा दमक नगरपालिकाभित्रका धिमाल जातिको मुख्य बसोबास रहेका वडा नं. तीन र चारलाई भौगोलिक सीमा निर्धारण गरिएको छ । सामग्री सङ्कलनका लागि प्रत्यक्ष रूपमा क्षेत्रीय कार्य र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । शोधप्रबन्धमा सामग्री विश्लेषणका लागि गुणात्मक तथा पाठपरक पद्धतिको उपयोग गरिएको छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित चौधवटा लोककथाको वर्गीकरण र संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको तथ्य खुलाईएको छ । लोककथा विश्लेषणमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा दमक क्षेत्र, धिमाल जाति र लोककथाको परिचय प्रस्तुत गरिएको छ । पूर्वी नेपालको झापा जिल्लास्थित दमक क्षेत्रमा बसेका आदिवासी धिमाल जातिको उत्पत्ति र बस्ती विस्तारको प्रसङ्ग यस परिच्छेदमा उल्लेख गरिएको छ । परापूर्वकालदेखि नै धिमाल समुदायमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको र जङ्गल जाने, सिकार खेल्ने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने धिमाल समुदायमा

मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्न जान्ने मानिसको अभावका कारण यस जातिमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेको कुरा उल्लेख गरिएको छ । विभिन्न विद्वान्हरूले दिएका परिभाषा तथा विभिन्न पुस्तकमा समेटिएका लोककथासम्बन्धी विचारलाई समेटेर लोककथाको परिचय दिने कार्य गरिएको छ । यसैगरी 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषणको प्रारूप' देखाइएको छ । यस परिच्छेदमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित चौधवटा लोककथाको सैद्धान्तिक आधार प्रस्तुत गरी त्यसैका आधारमा वर्गीकरण गरिएको छ । यहाँ लोककथा र लोककथाको संरचनाको सैद्धान्तिक चर्चा गरिएको छ । लोककथाको संरचनाअन्तर्गत पूर्णता, परिवर्तनशील र स्वनिष्ठता रहने तथ्य प्रस्तुत गरिएको छ । लोककथालाई विषयका आधारमा सामाजिक, किंवदन्तीमूलक, अतिप्राकृतिक, पौराणिक र पशुपक्षीमूलक गरी पाँच विषयक्षेत्रका हुने, भावका आधारमा लोककथा, प्रेमकथा, वीरकथा, करुणकथा, भक्तिकथा, हास्यकथा, अद्भुतकथा, रोमाञ्चककथा हुने, शिल्पविधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान हुने, उद्देश्यका आधारमा मनोरञ्जनप्रधान र नीतिप्रधान लोककथा हुने कुरा उल्लेख गरिएको छ । यी पाँच प्रकारका लोककथा दमक क्षेत्रका धिमाल जातिमा पाइने तथ्य प्रस्तुत गरिएको छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास हुने कुरा उल्लेख गरिएको छ । संरचक घटकको सैद्धान्तिक चर्चापश्चात् लोककथाको संरचनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । लोककथाको संरचनात्मक विश्लेषण गर्दा वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, भाषाशैलीगत विन्यासका आधारमा गर्न सकिने तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनात्मक विश्लेषण' प्रस्तुत गरिएको छ । यसअन्तर्गत 'कोडिको पनि दिन आउँछ', 'टुहुराका दिन फर्किन्छन्', 'चतुर साहिँलो' र 'लोभीको कथा' गरी चारवटा सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । 'कोडिको पनि दिन आउँछ' लोककथा आयामका आधारमा लामो, भावका आधारमा प्रेम, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा नीतिप्रधान रहेको, 'टुहुराका दिन फर्किन्छन्' आयामका आधारमा लामो, भावका आधारमा अद्भुत, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा नीतिप्रधान रहेको, 'चतुर साहिँलो' लोककथा आयामका आधारमा छोटो, भावका आधारमा रोमाञ्चक, शिल्पका आधारमा चरित्रप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'लोभीको कथा' आयामका आधारमा छोटो, भावका आधारमा हास्य, शिल्पका आधारमा चरित्रप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको कुरा प्रस्ट पारिएको छ । यी लोककथामा स्थानिक परिवेशका रूपमा वनजङ्गल, खोलानाला, लेकबेँसी, ओडार, गुफा, पोखरी आदि आएका छन् भने सामाजिक तथा सांस्कृतिक परिवेशका रूपमा धिमाल जातिको सिकार खेल्ने परम्परा, खेतीपाती गरेर जीविकोपार्जन गर्ने परम्परा प्रमुख रूपमा आएको छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथामा समाजको

भोगाइ, समस्या, मान्छेको सुख, दुःख, उतारचढाव, आरोहअवरोह, न्याय, अन्याय, पारिवारिक झैझगडा, मूल्य, मान्यता आदिसँग सम्बन्धित विषयवस्तु भएका लोककथा तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा 'अल्छे तीनकुरीया', 'चन्द्रसूर्य', 'टुहुरो र लोभी बुढी' तथा 'सात बहिनी र सर्प' लोककथाको संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ । 'अल्छे तीनकुरीया' लोककथा आयामका आधारमा लामो, भावका आधारमा अद्भुत, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'चन्द्रसूर्य' आयामका आधारमा लामो, भावका आधारमा रोमाञ्चक, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'टुहुरो र लोभी बुढी' आयामका आधारमा लामो, भावका आधारमा अद्भुत, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा नीति तथा उपदेश प्रदान गर्ने रहेको, 'सात बहिनी र सर्प' आयामका आधारमा लामो, भावका आधारमा अद्भुत, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको तथ्य प्रस्तुत गरिएको छ । मानवीय र मानवेतर सहभागीमार्फत पशुपक्षीमूलक अभिप्रायको प्रयोग गरिएका यी लोककथाले अद्भुत, अतिप्राकृतिक, अलौकिक वस्तु र व्यक्ति तथा प्राणीहरूको विशिष्ट क्षमता प्रस्तुत गरी श्रोतालाई मनोरञ्जन, शिक्षा तथा उपदेश दिने उद्देश्य राखेका छन् । यी लोककथामा कथानक, परिवेश र सहभागीबिच अनुकूल सम्बन्ध रहेको तथा छोटा वाक्य र सरल बोलीचालीको भाषा प्रयोग भएका यी लोककथाले धिमाल जातिको लोकविश्वास, रहनसहन र सामाजिक संरचनालाई झल्काएको तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको पाँचौं परिच्छेदमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा 'खरायो र बाँदरको मित्रता', 'बुढाबुढी र चङ्खे बाँदर' र 'लोभी बाहुन' लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ । 'खरायो र बाँदरको मित्रता' आयामका आधारमा छोटो, भावका आधारमा रोमाञ्चक, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'बुढाबुढी र चङ्खे बाँदर' आयामका आधारमा लामो, भावका आधारमा रोमाञ्चक, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'लोभी बाहुन' आयामका आधारमा लामो, भावका आधारमा हास्य, शिल्पका आधारमा चरित्रप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको तथ्य प्रस्तुत गरिएको छ । यसअन्तर्गत यी लोककथामा विशिष्ट क्षमता भएका पशुपक्षीहरूद्वारा मानिसलाई सहयोग गर्ने, झुक्याउने तथा अद्भुत काम गरेर मानिसलाई मनोरञ्जन दिने काम गरेका छन् । यी लोककथाले श्रोतालाई मनोरञ्जनका साथै अर्ती उपदेश दिने र व्यावहारिक सिप सिक्न प्रेरण दिने उद्देश्य राखेका छन् । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग भएका यी लोककथामा सरल सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । खरायो, बाँदर, बाघ,स्याल,

हाँसजस्ता मानवेतर सहभागीका माध्यमबाट मानिसलाई सत्कर्म गर्न, अर्कालाई नठग्न र सबैसँग मित्रवत व्यवहार गर्नका लागि शिक्षा दिएको तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको छैटौँ परिच्छेदमा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यस परिच्छेदमा लोककथाको कथाका घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ । विश्लेषण गरिएका कथाहरूमा 'मित्रताको कथा' र 'दुई राजकुमार' किंवदन्तीमूलक लोककथा रहेका छन् भने 'सती राजा' धार्मिक लोककथा रहेको छ । 'दुई राजकुमार' आयामका आधारमा लामो, भावका आधारमा वीर, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक तथा नीतिप्रधान रहेको, 'मित्रताको कथा' आयामका आधारमा लामो, भावका आधारमा वीर, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जक रहेको, 'सती राजा' आयामका आधारमा लामो, भावका आधारमा भक्तियुक्त, शिल्पका आधारमा घटनाप्रधान र उद्देश्यका आधारमा मनोरञ्जनप्रधान रहेको तथ्य प्रस्तुत गरिएको छ । जङगलमा सिकार खेल्न जाने परम्परा, ईश्वर तथा भूतप्रेतमा विश्वास गर्ने, राजा तथा राजकुमार लडाइँमा जाने र विजय प्राप्त गर्ने लगायतका प्राचीन परम्परा र संस्कार झल्किएका यी लोककथामा सरल र सहज भाषशैलीको प्रयागे भएको तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको सातौँ परिच्छेदमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांश र निष्कर्षलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा सारांश उपशीर्षकमा प्रत्येक परिच्छेदको छुट्टाछुट्टै सारांशलाई फरक-फरक अनुच्छेदमा राखिएको छ । निष्कर्ष उपशीर्षकमा सबै परिच्छेदका निष्कर्षलाई प्रस्तुत गरिएको छ । समग्रमा प्रस्तुत शोधप्रबन्ध सातवटा परिच्छेदमा संरचित रहेको छ ।

## ७.२ निष्कर्ष

'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा समस्याकथन र उद्देश्यअनुसार प्राप्त निचोडलाई तल निष्कर्षका रूपमा छुट्टाछुट्टै बुँदामा प्रस्तुत गरिएको छ ।

(१) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथाको संरचनासँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

सामाजिक जीवनबाट लिएका सहभागी र घटनासँग आधारित लोककथा सामाजिक लोककथा हुन् । यसप्रकारका लोककथामा समाज र सामाजिक परिवेशलाई केन्द्रविन्दु बनाइएको हुन्छ । संरचनात्मक दृष्टिले हेर्दा दमक क्षेत्रका धिमाल जातिमा प्रचलित सामाजिक लोककथा पूर्ण संरचना भएका छन् । लामो आयामका यी लोककथामा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । सामाजिक लोककथाले धिमाल समुदायको दिनचर्या, जीविकोपार्जनको तरिका, उनीहरूले भोग्नुपरेका समस्या र पीडालाई यथार्थ

रूपमा प्रस्तुत गरेका छन् । ग्रामीण जीवनका आरोहअवरोह, जीवन भोगाइका उतारचढाव र दु:खपछि आउने सुखको क्षणलाई देखाएर धैर्यसाथ कर्म गर्न उत्प्रेरणा दिएका छन् । यी लोककथामा धिमाल जातिका परम्परा, चालचलन, रीतिरिवाज, आचरण र मनोवृत्तिको चर्चा पाइएको छ । मानवीय र मानवेतर सहभागीको प्रयोग गरिएका यी लोककथामा वनजङ्गल, भिरपाखा, तलाउ, पोखरी, महल, स्वर्ग, जस्ता विभिन्न प्राकृतिक तथा सांस्कृतिक परिवेशमा विभिन्न घटना घटेका छन् । समाजको धर्म, संस्कृति, लोकका व्यवहार, चलाखी, धुर्त्याइँ, न्याय, अन्याय, लोकविश्वास, झैझगडा, मूल्य, मान्यता आदि सम्पूर्ण विषय सामाजिक लोककथामा आएका छन् । लोककथामा उपस्थित सहभागीहरूका कार्यव्यापारले लोककथालाई जीवन्त र मौलिक बनाएका छन् । यी लोककथाले सत्मार्गमा हिँड्ने, सत्कर्म गर्ने, अरूको कुभलो नचिताउने, चोरेर, ठगेर कमाएको सम्पत्तिले नपुग्ने नैतिक सन्देश दिएका छन् । यहाँ प्रचलनमा रहेका सामाजिक लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले सामाजिक लोककथा अब्बल, सरल र श्रुतिमधुर छन् ।

(२) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथाको संरचनासँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

विभिन्न लोकमा बस्ने असाधारण चरित्र भएका, अद्भुत एवम् आश्चर्यजनक काम गर्न सक्ने रोमाञ्चक विषयको चित्रण भएका लोककथा अतिप्राकृतिक लोककथा हुन् । यस्ता लोककथामा अलौकिक एवम् दिव्यशक्तिको प्रयोग गरी चमत्कार देखाउन सक्ने सहभागीहरूको प्रयोग गरिएको हुन्छ । दमक क्षेत्रका धिमाल जातिमा प्रचलित अतिप्राकृतिक लोककथामा मान्छे तथा पशुप्राणीका अद्भुत, अलौकिक शक्ति, सामर्थ्य, जादुटुना, तन्त्रमन्त्र, जालझेल आदिका माध्यमबाट समाजमा घटेका घटनाहरूलाई प्रस्तुत गरिएको छ । संरचनात्मक दृष्टिकोणले धिमाल जातिका अतिप्राकृतिक लोककथाका संरचना पूर्ण छन् । लामो आयामका यी लोककथामा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । यी लोककथामा विशिष्ट क्षमता भएका वस्तु तथा प्राणीको असाधारण क्रियाकलापको चर्चा गरिएको छ । मृत्यु भएको मान्छेलाई बचाउनु, मुसाले राक्षस, गोरु, परेवा र मान्छेलाई जन्म दिनु, घोडा, सर्प र माछाले मान्छेलाई पेटमा राख्दै ओकल्दै गर्नु, तपेसमा खिर पाक्नु, घोडा उँडेर अर्कै देश पुग्नु, सर्पले मान्छेको रूप धारण गर्नु, हात्ती, लौरो र डोरीले मानिसको भाषा बुझ्नु जस्ता अस्वाभाविक तथा असाधारण घटनाका माध्यमबाट कथालाई रोमाञ्चक बनाइएको छ । यी लोककथामा धिमाल जातिका लोकविश्वास, सामाजिक तथा धार्मिक आस्था र मान्यता मुखरित भएका छन् । वन, जङ्गल, गाउँघर, खेतबारी, आँगन, सिकार खेल्नेलगायतका कार्यले ग्रामीण परिवेशको झल्को दिएका छन् । यस क्षेत्रका अतिप्राकृतिक लोककथामा वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग भएको छ । यी लोककथाले मानव जीवनमा आउने सुख, दु:ख, आरोह, अवरोह, उतारचढावमा पनि धैर्यपूर्वक काम गर्नु पर्छ भन्ने सन्देश दिएका छन् । लोककथा 'एकादेशमा...' बाट सुरु भएर 'सुन्नेलाई सुनको माला...' मा टुङ्गिएका छन् । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश,

उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले अतिप्राकृतिक लोककथा सरल, श्रुतिमधुर र कुतूहलपूर्ण छन् ।

(३) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथाको संरचनासँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

कथामा पशुपक्षी प्रमुख हुने र पशुपक्षीकै कार्यव्यापारबाट घटनाक्रम अगाडि बढ्ने कथा पशुपक्षीमूलक कथा हुन् । संचनात्मक दृष्टिले दमक क्षेत्रका धिमाल जातिमा प्रचलित पशुपक्षीमूलक लोककथामा आदि मध्य र अन्त्यको शृङ्खला मिलेको छ । यी लोककथाले खेतीपाती गरेर जीविकोपार्जन गर्ने परम्परा, जङ्गली जनावरले दिएको दु:ख, मानिसको लोभी तथा स्वार्थी स्वभावले निम्त्याएको दुर्घटनालाई प्रस्तुत गरेका छन् । लोककथामा उपस्थित मानवेतर सहभागीले अद्भुत क्षमता देखाएका छन् । यी लोककथामा सहभागीका रूपमा उपस्थित भएका पशुपक्षी मानवीय गुण भएका, मानिसजस्तै कुराकानी गर्ने, मानिसभन्दा अलौकिक शक्ति भएका र मानिसलाई सहयोग र असहयोग गर्ने दुवै भूमिकामा रहेका छन् । खेतबारी, जङ्गल, झाडी, इनार, गुफा आदि लोककथाका परिवेशका रूपमा आएका छन् भने भूतप्रेतप्रतिको विश्वासले धिमालजातिको लोकविश्वासलाई देखाएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरेर रमाइलो किसिमले लोककथा प्रस्तुत गरिएको छ । यी लोककथाले धिमाल समाजका मानिसहरूको जीवनचर्या, प्रवृत्ति, चालचलन, व्यवहार र संस्कारलाई प्रस्तुत गरेका छन् । लोककथाका सहभागीका माध्यमबाट मानिसलाई सत्कर्म गर्ने, अर्कालाई नठग्ने तथा दैनिक जीवनमा काम लाग्ने सिप सिक्ने शिक्षा दिइएको छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले पशुपक्षीमूलक लोककथा रोचक, सरल, श्रुतिमधुर र मनोरञ्जक रहेका छन् ।

(४) दमक क्षेत्रका धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक लोककथाको संरचनासँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

किंवदन्तीमूलक लोककथामा देवी देवताको नभई मानवीय विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ । यस्ता कथामा लोकले परापूर्वकालदेखि विश्वास गर्दै आएका विषयवस्तु समेटिएका हुन्छन् । यसैगरी हाम्रा देवीदेवता, धर्म, व्रत, प्राकृतिक नियम आदि नै धार्मिक लोककथाका विषयवस्तु हुन् । धिमाल जातिमा प्रचलित किंवदन्तीमूलक लोककथा व्यवस्थित ढाँचामा संरचित छन् । किंवदन्तीमूलक कथा लामो आयामका भए पनि सुनिरहुँ लाग्ने कथावस्तुयुक्त छन् । यी लोककथाका माध्यमबाट मानिसको जीवनमा विभिन्न आरोह, अवरोह आउनसक्ने हुँदा आपसी मित्रता, सहयोग र सद्भाव साटेर बाँच्न सिकाइएको छ । धिमाल जातिको संस्कार र परम्परा र धिमाल जातिले आस्थाको केन्द्र मान्दै आएका सती राजाको बारेमा धार्मिक लोककथाले जानकारी दिएको छ । सती राजाको पूजा गर्दा पानी पर्छ भन्ने लोकविश्वास, ढ्याङ्ग्रो र झ्याली जाउँदै उत्सव गर्ने प्रचलन,ग्रामस्थानको स्थापना र पूजाआजा, प्रेम विवाह, हात्तीद्वारा स्वयंवर गर्ने प्रचलन आदिको वर्णनले धिमाल जातिको

सांस्कृतिक परिवेशलाई देखाएका छन् । आमाको मृत्यु हुँदा छोराछोरीले भोग्नुपर्ने कठिन परिस्थितिलाई देखाउनु, गुह्य कुरा जोकोहीलाई खोल्नु हुँदैन भन्ने सन्देश दिनु, राजकाज चलाउने व्यक्तिले सही गलत के हो भन्ने कुरा सोचविचार गरी निर्णय लिनुपर्छ भन्ने शिक्षा दिनु यी लोककथाको उद्देश्य रहेको छ । सरल, छोटा वाक्यको प्रयोग र स्थानीय बोलीचालीको भाषाको प्रयोग गरिएका किंवदन्तीमूलक र धार्मिक लोककथा संरचक घटकका दृष्टिले व्यवस्थित, सुबोध्य, मनोरञ्जक र श्रुतिमधुर छन् ।

समग्रमा धिमाल जातिमा प्रचलित लोककथाहरू क्रमिक, व्यवस्थित संरचनामा संरचित छन् । कथानकमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । विश्लेषण गरिएका लोककथामा चिनारी, सङ्घर्षविकास, सङ्कटावस्थाहरू, सङ्घर्षह्रास र उपसंहार स्पष्ट रूपमा आएका छन् । कथानक क्रमिक ढाँचामा संरचित छन् । विशेष गरी प्राचीन कालमा सिकार खेलेर जीविकोपार्जन गर्ने धिमाल समाज, बहुविवाह, टुहुरा छोराछोरीले पाएको दुःख, भूतप्रेत, देवी देवता र अप्सरामाथि रहेको विश्वास, समाजमा हुने जालझेल, ठगी, जङ्गली जनावरले किसानलाई दिएको दुःख जस्ता यथार्थ जीवनमा अनुभव गरेका कथानकले धिमाल समुदायका कथामा प्रश्रय पाएका छन् । लोककथामा गाउँघर, बाटोघाटो, खोलानाला, वनजङ्गल, पोखरी, स्वर्ग, देवीदेवता बस्ने स्थान, बिहान, साँझ, मध्यरात, आदि कथानकको परिवेशका रूपमा आएका छन् । मानवीय र मानवेतर दुवै सहभागीको प्रयोग भएका प्रस्तुत लोककथाका कथानक र सहभागीका बिचमा सन्तुलन कायम भएको देखिन्छ । धिमाल समाज, संस्कृति, गाउँघर, बाटोघाटो, खोलानाला, वनजङ्गल, बिहान, दिउँसो, साँझ, रात आदि कथानकका परिवेशका रूपमा आएका छन् । कथामा धार्मिक तथा सांस्कृतिक परिवेशले धिमाल संस्कार र संस्कृतिको प्रतिनिधित्व गरेको छ । यी लोककथामा धेरैजसो पशुपक्षीसम्बन्धी अभिप्राय, जादुटुनामुनासम्बन्धी अभिप्राय र चमत्कारसम्बन्धी अभिप्रायको प्रयोग भएको पाइन्छ । भाव, शिल्पविधान, विषय र साहित्य सिर्जनाको प्रयोजनका आधारमा धिमाल जातिमा प्रचलित नेपाली लोककथामा विविधता पाइन्छ । यी लोककथाले अद्भुत, हास्य, करुण, वीर, प्रेम र भक्तिभाव जागृत गराउँछन् । यहाँका लोककथाको मुख्य उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्नु, नैतिक शिक्षा वा उपदेश दिनु र सामाजिक यथार्थको प्रकटीकरण गर्नु रहेको पाइन्छ । स्थानीय बोलीचालीका शब्दको प्रयोग, अनुकरणात्मक शब्द तथा उखानटुक्काको प्रयोग गरिएको सरल र सहज भाषाको प्रयोगले लोककथालाई सुमधुर बनाएको छ । यस शोधप्रबन्धका लागि सङ्कलन गरिएका सबै लोककथा संरचक घटकका दृष्टिले व्यवस्थित, शृङ्खलाबद्ध, सुबोध्य, सरल, सहज र पूर्ण छन् ।

# परिशिष्ट (क)

# दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथा

प्रस्तुत शोधकार्य 'दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन' सँग सम्बद्ध रहेको छ । विवेच्य शोधमा क्षेत्रीय कार्यको प्रयोग गरिएको छ । सूचकहरूसँग प्रत्यक्ष संवाद गरी लोककथा सङ्कलन गरिएको छ । यसरी प्राथमिक सामग्रीको रूपमा सङ्कलन तथा छनोट गरिएका लोककथालाई यहाँ राखिएको छ । प्रस्तुत लोककथालाई विषयका आधारमा सामाजिक, अतिप्राकृतिक, पशुपक्षीमूलक, किंवदन्तीमूलक र धार्मिक कथाहरूलाई क्रमिक रूपमा राखिएको छ । एउटै विषयक्षेत्रका कथाहरूलाई भने नेपाली वर्णानुक्रममा राखिएको छ ।

## १. कोडीको पनि दिन आउँछ

एकादेशमा एउटा गाउँमा निकै बुढाबुढी थे अरे । तेसका पाँच भाइ छोरा थे अरे । कान्छो छोरो चाहिँ साह्रै ठग थियो अरे । खान चाहिँ मिठो चाहिने अरे । अरू चार भाइ चाहिँ धेरै जाँगरिला थे अरे । कान्छो छोरो चाहिँ खाने बेलामा जहिले पनि के सब्जी छ भन्ने अरे । तैंले खोजीमेली गरेर ल्याको भा पो मिठो मसिनो पकाएर तँलाई खान दिनु ? तँ कहिले काम नगर्ने खान मात्रै मिठो खोज्ने । उनीहरू जहिले काम गर्छ, जो काम गर्छ उनीहरूलाई दिनुपरेन । तँ गाउँ डुल्ने, मिठो खोज्ने, कहाँबाट पुग्छ भनेर बाउआमाले भनेछ अरे । ठिकै छ म पनि ठुलो हुँ न अनि मैले पनि जानेको छ । मेरो पनि पालो आउँछ म पनि ठुलो हुन पाउँ न भनेर कान्छो छोरोले भन्यो अरे । बुवाआमाले कहिले ? हामी मरेर गयुम् भने त तेरो पालो आउँछ होला नि भने अरे । त्यसो भन्दाभन्दै खाँदै बस्तै गर्दा केही समयपछि नभन्दै प्याट्टै त्यो बाउ गए अरे । बाबै गएपछि तिनीहरू पाँचै भाइ कोरामा पसे अरे । कोराभित्र छरछिमेक इष्टमित्र अरू जात कोहीसँग नि उनेरू बोल्न पाएन । तेसो हुँदाहुँदै तेर दिनको काम सकेपछि अब के गरूँ भन्दाभन्दै जाउँ कता जाउँ धेरै दिन भयो । जहिले एकछाक मात्र खाँदा खाँदा कस्तो कस्तो भइसक्यो । सिकार गर्न जानुपर्ला भनेर दाजुभाइले भनेछ अरे । कान्छो भाइले म पनि जान्छु भनेछ । तँ जान्छस् के हामीसँग भनेर सोध्दा जान्छु भनेछ अरे । पर्दैन जानु तँ । तँ घरै बस् । आमालाई काममा सघाउनू । तिर्खा लाग्छ कि भोक लाग्छ ख्याल राख्नू । भाउजूको हात मात्रै नहेर्नू, काममा सघाउनू भनेर छोडेर चार भाइ सिकार खोज्न गएछ अरे । उसै त अल्छी मान्छे केको हेरविचार हुन्छ ? सुत्तासुत्तै दिन गइजान्थ्यो रे । आमा अलिअलि बिमारी भएको पनि थाहा पाएनछ अनि आमा त फुत्तै गइगएछ अरे । चार भाइ सिकार गरेर घर फर्किंदा त घरमा रुवाबासी छ अरे बुहारीहरूको । देउरानी जेठानी रोएको सुनेर के भयो भनेर सोधेछ । आमा बित्नुभयो भनेर भनेछ । त्यो कान्छोलाई त्यत्रो भनेर छोडेर गएको त कहाँ गयो त्यो बजिया ? मार्नुपर्ने तेल्लाई । सँगै लानुपर्ने रछ भनेर दाजुले भनेछ । भाउजूले अब किन मार्छौ ? एउटा त गइसक्यो अर्को पनि मार्नु ? राम्रो हुँदैन त भनिछ । लु भइगो त भनेर छोडेछन् । ती चार जनाले आठवटा गोहारो खोजेर ल्याको थियो रे । कोही बाँधेर राख्नुपर्छ भनेर भन्छन् रे । बार तेर दिन बाँधेर राख्दा मरिजान्छ नि भने छोडिदिएछन्, गोहोरो जङ्गलतिर गएछ ।

आमाको काजक्रिया गर्न क्रियापुत्री बस्नुपर्‍यो । भर्खर बुवाको काजक्रिया सकेका, फेरि आमाको काजक्रिया गर्नुपर्‍यो । हाम्रो पनि पालो आउँछ होला हौ भनेर भन्छन् रे । मिठोमसिनो खान सिकार खोज्न गएका घरमा यस्तो भयो । अब चाहिँ धेरै मिठो मसिनो खोज्न हुँदैन है भनेछन् । कान्छो छोराले चाहिँ दुई महिनामा दुई दुई चोटी एकछाक खाँदा मरिँदैन ? मिठोमसिनो नि खानुपर्छ भनेर भनेछ । काजक्रिया सकेपछि एक छाक खाँदा खाँदा

दिक्क भएका दाजुभाइ फेरि सिकार खोज्न जङ्गलतिर लाग्ने भएछन् । कान्छो भाइलाई पनि सँगै लिएर गएछन् । तैंले केही पनि गर्नु पर्दैन बोकेर ल्याउनु मात्रै पर्छ । लु हिँन् आज त तँलाई पनि लिएर जान्छौँ भनेर भनेछन् । उनीहरू जङ्गल पुगे । मान्छेको हाहाहुहु गर्दा जङ्गलका जनावरले पनि ज्यान बचाउन भाग्दोरहेछ । तर पाँचतिरबाट छेकेर सिकार मारेछन् । पाँच भाइ र उनीहरूका परिवारसहित नौ जनाको परिवारलाई पुग्ने गरी सिकार चाहियो । यतिले पुग्दैन भनेर कान्छो भाइले भनेछ । भातजति चाहिन्छ त ? सिकार त थोरै खाँदा पनि हुन्छ नि भनेर दाजुहरूले गाली गरेछ । अनि दाजुभाइले जे भन्छन्, त्यही मान्छु भनेर वाचा गरेर आएकोले लु हुन्छ त, एकै चोक्टो मासु र थोरै रस भए मलाई पुग्छ भन्यो अरे । दाजुभाइ सबै खान बसेपछि सबैको भागमा हेर्छ रे । उसले चाहिँ पहिले नै मासु टापटिप खाएर सकेको थियो रे । दाजुभाइको भागमा टन्न मासु देखेर ऊ साह्रै दुःखी भयो अरे । पख् अब, भनेर कान्छो भाइले गाउँजाने निहुँले दाजुभाइलाई नसुनाई बिहे गरेछ अरे । गाउँ डुल्ने मान्छे कहाँ केटी ठिक पारी राखेको रहेछ अनि घरमा लिएर आएछ । अनि दाजुभाइले थाहा नपाउने गरी जङ्गलबाट सिकार गरेर घर लिएर आयो । बुढीसँग कसैलाई नसुना है मैले सिकार लिएर आको छु । पाँच भाइ दाजुभाइ, भाउजूहरू र तीनका छोराछोरीलाई नदिकन खानुपर्छ भनेछ । चुप लागेर खानुपर्छ है भनेछ । जङ्गलमा गएर खोज्दा खोज्दा तीनटा गोहोरो भेटेछ तर एउटा मात्र पक्रेछ । त्यही गोहोरो लेर ऊ घर फर्केछ ।

बेलुका घर आइपुगेर उस्स्स्स गऱ्यो रे । दाजु पनि टुप्लुक्क घर आइपुगेको रहेछ । हैन हौ भाइ किन खुइइ गरिस् त, काँ गएर आइस् ? निकै टाढा पुगिस् कि के हो गाउँ डुल्न ? के लिएर आइस् भनेर दाजुले सोधेछ । के ल्याउनु र दाइ ? मन आफैँआफ गल्छ, केही गर्न जाँगर चल्दैन । खै के भयो भयो खालि खुइया मात्रै आउँछ भनेछ । केही न केही ल्याइस् होला, हामीलाई ठगेको होला नि भनेर दाजुले भनेछ । दाजुहरू खाना खान गएछ । ऊ पनि आफ्नो घर गएछ । ए बुढी मान्छे, त्यो खै अघिको भनेर बुढलाई सोध्दा तीँ तिम्ले राखेको ठाउँमा छ त भनिछ । अनि गोहोरो झिकेर मार्न खोज्दा गोहारोले नमार नमार, मलाई भनेछ । ए बल्लतल्ल तेत्रो दुःख गरेर खान भनेर ल्याको तँलाई, अब नमार्नू ? तँ नमार भन्छस् भन्दा तँ जे माग्छस्, तँलाई जे चाहिन्छ म त्यही दिन्छु भनेर गोहोरोले भनेछ । तँलाई नमार्नु मात्रै ? तँलाई म मारेर पोलपाल गरेर पकाएर पनि खान्छु भनेर भनेछ । ए बाबा ! तँलाई जे चाहिन्छ त्यही दिन्छु म, मलाई खाल्दे भन्यो अरे । त्यो भाइले मनमनमा सोचेछ, खान भनेर पक्रेर ल्याएँ, खोल्दे भन्यो खोल्दिहालेँ । मेरो भाग्यै यस्तो हो कि ? खान ल्याको कुरा पनि खान पाउँदिन भन्ने सोच्यो अरे ।

गोरोले तोरी र सस्र्युँ मिसाएर ले भनेछ । चोखो लुगा छ कि छैन ? भनेछ । म चोखै त छु नि कहाँबाट ल्याउनु चोखो लुगा भनेर कान्छो भाइले भनेछ । अनि उसले लाको लुगा नै च्यातेर त्यो तोरी र सस्र्युँको बिऊ पोको पारेछ । हेर्, तैंले अबका दिनमा साह्रै दुःख पाइस् भने म यो तोरी र सस्र्युँ छर्दै जान्छु । त्यो उम्रिदै जान्छ, फुल्दै जान्छ । तैंले त्यसैलाई पच्छ्याउँदै दायाँ बाया नहेरी आउनू । जहाँ पुगेर तोरीको फूल सकिन्छ, तँ त्यहीँ बस्नु भनेर वाचा गरेर गोहोरो गयो । गोहोरोको पुच्छरमा तोरी र सस्र्युँ बाँधेर छोडिदियो । गोहोरो जुन बाटो गयो त्यही बाटेमा लहरै तोरी र सस्र्युँको दाना झर्दै गयो । ठ्याक्कै पोखरीको नजिकको एउटा ठुलो रुखको धोद्रोमा गोहोरोको बस्ने ठाउँ रहेछ । पानी खाने त्यही पूर्वको पोखरी रहेछ । अनि अब घरको बुढी पनि गैगो । मासु खान नपाएर, गोहोरो पकाउन नपाएर रिस्येर गइगो । बल्लबल्ल बार तेर वर्ष पछाडि मिठो सब्जी ल्यायो भनेको त बुढोले ल्याएको सिकारको मासु पनि खान नपाउनु ? इस् बस्छु अब तँसँग भनेर बुढी रिसाएर छोडेर

गएपछि ऊ एक्लै भयो । अनि ऊ त्यही तोरीको बाटो पैल्याउँदै गएछ अरे । टुप्लुक्क त्यही ठुलो रुखको फेदमा पुगेछ अरे । यसो हेरेको त धोद्रोबाट टाउको उठाएर गोहोरो उसैलाई हेरेर बसिरहेको रहेछ । अनि तँ आको ? भनेर सोधेछ । के गर्नु त सिकार खान नपाएर बुढी पनि छोडेर गैगो । म दाजुभाइको हेला हुने भएँ भनेर कान्छोले भनेछ ।

गोहोरोले अब तेरो जीवन सुध्रिन्छ भनेर भनेछ । कसरी सुध्रिन्छ ? काखमा भको मेरो बुढी त फुइँ लडार हिँडिगो । तेरो मासु खान भनेर कति दुःख गरेर लेर गको पनि खान दिनस् । तेरो मासु खान नपार मलाई छोडेर गइगो । अब म कहाँ पाउनु बुढी ? भनेर सोधेछ । म छँदै छु नि भनेर थपक्क रुखबाट गोहोरो भुइँमा आर्ल्यो रे । लु तँ मेरै लोग्ने भइस् भनेछ । त्यो गोहोरो त्यसै पोखरीमा बस्ने देवी रहेछ । लु हामी भरे मात्र जानुपर्छ घर भनेर देवीले भनी अरे । त्यो देवीको घर एकान्त गाउँमा थियो अरे । बेलुका भएपछि राति बारबजे घर आए अरे । भुइँतले घर पनि कस्तो राम्रो झलमल्ल बनाएर बसेको रहेछ अरे । भोलिपल्ट बिहान उठेर हेर्छ रे ओहो ! टपक्क घर पनि कति राम्रो बनाएको । कति झिलिमिली भन्छ रे । गाउँमा पनि को आयो होला भन्छ रे । एककान दुईकान हुँदाहुँदै ऊ त्यहाँ आएको कुरा उसका दाजुहरूको कानमा पनि पुगेछ । गाउँमा उनीहरूलाई कति भाइ तिमेरु भनेर सोधेछन् । जम्मा त पाँच भाइ हो तर कान्छो भाइ हराएको छ । खै कहाँ गयो गयो भनेछन् । हाम्रो घर करेसोमै छ उसको घर भनेर गाउँलेले भनेछ अरे । नभन्दै गाउँको मान्छेले पनि थाहा पाएछ । गाउँलेले हेर्न जाँदा अबुई ! फलानोको भाइ पो हो त यो भन्छ अरे । गाउँलेले चिनेपछि तपाइँको भाइ त्यहाँ बसेको छ भनेर सुनाए अरे । सुनाएपछि हेरौँ न त गएर कसको भाइ रहेछ भनेर दुई भाइ दाजु गए अरे । हाम्रो भाइ बुहारी नै हराए । कुन ठाउँमा घर बनाएर बसेको होला भनेर भन्दै जाँदा आफ्नै भाइलाई देखेछ अरे । कान्छा कस्को घर हो यो ? यहाँ को को छौ भनेर दाजुहरूले सोधेछ । भाइले यो मेरो घर हो । यहाँ म र मेरो बुढी बस्छौँ भनेछ । ए कान्छी यहाँ आइज त साइँलो दाजु र काइँलो दाजु आको छ भनेर बुढीलाई बोलाएछ । उनारको बुढीभन्दा राम्रो बुहारी रहेछ । साइँला दाइ दाजु भाउजू सबैलाई लिएर आउँछु भनेर घर गएछ । काइँलो दाजु चाहिँ त्यहीँ बसेछ । साइँलो दाइले सबैलाई कान्छो भाइ र उसकी बुढीको बारेमा भनेछ । सबै दाजु भाउजूलाई लिन आको । त्यहाँ भको हाम्रै भाइ हो । उसकी बुढी कति राम्रो छ । हामी सब्बैले उसलाई कोडी, ठग भन्थ्यौँ । कोडीको पनि दिन आउँदो रहेछ । भगवानले पनि कति साथ दिएछ । हिँड जाऊँ । कान्छी बुहारी कति राम्री छ भनेछ । अँ हुन्छ हामी त्योभन्दा कति राम्रा छौँ भनेर भाउजूहरूले भनेछ । हैन तिमेरू पनि राम्रा छौ तर कान्छी बुहारीको पैताला झन् राम्रो छ हेर्न हिँड त भनेछ । सबै दाजु भाउजू कान्छाकोमा आएछन् । कान्छी बुहारीलाई देखेर भाउजूहरू बेहोस भएछन् । सुनको पङ्खा ल्याएर हम्केपछि मात्र उनेरको होस खुलेछ अरे । तेसपछि सबै दाजुभाउजूलाई त्यहीँ बस्नू भनेर राखेछ । कान्छोलाई मालिक बनाएर सबै दाजु भाइ त्यहीँ बसेछन् ।

**स्रोतव्यक्ति :** टेकाउ धिमाल

**उमेर :** ७८ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, कृष्णमन्दिर

## २. चतुर साहिँलो

एकादेशमा दुईजना बुढाबुढी थिए । उनका पाँचजना छोराहरू थिए । छोराहरू सानै हुँदा उनीहरूको बुवा खस्नु भएछ । आमालाई पाँचवटा छोरा पाल्नलाई साह्रै कष्ट भयो । बस्दाबस्दै एकजना धनी मान्छेले ती पाँचवटा छोराकी आमालाई पनि बिहे गरेर लिएर लानु भएछ । फेरि ती पाँच भाइ झन् धेरै संकटमा परे । बुवाआमा नै नभएपछि उनीहरूले साह्रै दुःख पाए । अलिक समय बितेपछि जेठो भाइ भने भागेर कहाँ गए भयो पत्तै भएन । अरू भाइ चाहिँ बस्दाबस्दै एउटा ठुलो धनी मानिसकोमा पुगेछन् । तिनीहरूमध्ये काम गर्न सक्ने चाहिँ बाहिरको काम गर्ने, कोही गाईवस्तु चराउने,कसैले घरको काम गर्ने र कसैले नानी हेर्ने काम गरेर बसेछन् । तिनीहरू अर्काको घरमा बस्दाबस्दै ठुला भए । अब बिहेबारी गर्ने तरखरमा लागे । तिनीहरूमध्ये तीन भाइको विवाह भयो । एक भाइको भने बाँकी थियो । पछि दाजुभाइ मिलेर कान्छो भाइको पनि बिहे गरेपछि उनीहरू अर्कैको एउटा जग्गामा छुट्टा-छुट्टै घर बनाएर बस्न थालेछन् ।

बस्दाबस्दै बिचको भाइ साहिँलो चाहिँ बिदेश कमाउन जान्छु भनेर हिँड्यो अरे । जाँदा जाँदा ऊ धेरै टाढा पुगेछ । त्यहाँ एउटा ठुलो दरबार रहेछ । उसले त्यही दरबारमा काम पाएछ । त्यो राजा साह्रै असल र दयालु थियो अरे । ऊ दस बार वर्ष त्यै राजाकोमा काम गरेर बसेछ । एक दिन उसले घर नगएको पनि धेरै भयो । घरमा परिवारको अवस्था के छ बुझेको पनि छैन । अब एकपल्ट घर गएर आउनु पऱ्यो भनेर उसको राजालाई भनेछ । राजाले हुन्छ नि त, तिमी यहाँ आएदेखि घर पनि गएका छैनौ । तिमीले आजसम्म यहाँ बसेर काम गरेको हिसाब गरेर दाम दिन मेरो सिपाहीलाई भन्छु । तिमी दाम लिएर घर जाऊ भनेर भनेछ । तर साहिँलो भाइले म पैसा लान्न । मेरो घर यहाँबाट टाढा पर्छ । त्यहाँ जान जङ्गलै जङ्गलको बाटो हिडेर पुग्नुपर्छ । यत्रो पैसा देखेपछि मलाई बाटैमा चोरहरूले मार्छन् । फेरि जहान केटाकेटीले के खान्छन् ? के लाउँछन् ? मेरो घरमा पनि धेरै दुःख छ । परिवारहरू अरूकै जग्गामा बसेका छन् । बरू मलाई बस्ने ठाउँको व्यवस्था मिलाई दिनुहोस् भनेर बिन्ती बिसाएछ ।

साहिँलोको कुरा सुनेर राजाले पनि हुन्छ त, त्यसका लागि मैले के गर्नुपर्छ भनेर सोधेछ । उसले मैले जुन ठाउँमा भन्छु त्यही ठाउँमा जमिन दिनुपर्छ भनेछ । राजाले सिपाहीलाई एल्ले जे भन्छ त्यो गरिदिनु भनेर आदेश दिएछ । तेसपछि साहिँलो अघिअघि लागेछ र सिपाहीहरू पछि पछि लागेर गएछन् । साहिँलोले आफूसँग पाँचवटा झन्डा पनि बोकेर ल्याएको रहेछ । त्यसपछि चारजना सिपाहीलाई ती झन्डा दिएर एउटा सिपाहीलाई आँखाले देखुन्जेलसम्म पूर्व जान र सिटी बजेपछि त्यो झन्डा त्यहीँ गाड्नु भनेर भनेछ । अर्को सिपाहीलाई पश्चिम, अर्को सिपाहीलाई उत्तर र चौथो सिपाहीलाई दक्षिण दिशातिर जान र सिटी बजेपछि झन्डा गर्न अराएछ । एउटा सिपाही चाहिँ साहिँलोसँग बिचैमा बसेछ । ती सिपाहीहरूले आँखाले देखुन्जेलसम्म जमिनमा झन्डा गाडेपछि हजुर मलाई यति जमिन चाहिन्छ भनेर भनेछ । साहिँलोको चतुरता देखेर ती सिपाहीहरू छक्क परेछन् । राजाले अगाडि नै हुन्छ त भनेकाले सिपाहीहरूले केही नभनी त्यति जमिन उसैको नाम गरिदिएछन् र सिपाहीहरू दरबार फर्केछन् । जमिन आफ्नो नाममा भएपछि साहिँलो पनि आफ्नो घर फर्केछ ।

धेरै लामो समयपछि आफ्नो भाइ घर फर्केर आएको थाहा पाएपछि सबै जना खुसी भएछन् । उसले आफू बार वर्षसम्म राजाको दरबारमा बसेर काम गरेको र त्यसैको साटो आफूले चारकिल्लाको जमिन पाएको कुरा सुनाएछ । एस्तो कुरा सुनेर सबै भाइ छक्क परेछन् । त्यति धेरै जमिन त्यो बेलामा जङ्गलै जङ्गलले भरिएको थियो । अब यो जङ्गलमा

बस्ती बसाल्नु पर्छ भनेर ती दाजुभाइले सोचेछन् । आफूले राम्रो र सम्म परेको जमिन रोजेर घर बनाएछन् । त्यसपछि साइँलो मावली घर गएछ । मावलमा पुगेर मामालाई आफूले राजाबाट धेरै जमिन पाएको र त्यो जमिनमा बस्ती बसाउने छ भएकाले मामालाई पनि पश्चिम किल्लाबाट जति जमिन चाहिन्छ त्यति लिनू र त्यही जमिनमा घर बनाएर बस्नू भनेछ । फेरि फुपूकोमा गएछ र फुपूलाई दक्षिण किल्लाबाट जति जमिन चाहिन्छ त्यति लिनू र त्यही जमिनमा घर बनाएर बस्नू भनेछ । अनि ऊ सानीमाकोमा पुगेछ र सानीमालाई उत्तर किल्लाबाट जति जमिन चाहिन्छ त्यति लिनू र त्यही जमिनमा घर बनाएर बस्नू भनेछ । तीनवटा किल्लामा मामा फुपू र सानिमालाई राखेपछि त्यहाँ तीनवटा बस्ती बसेछ । आफूचाहिँ पूर्वी किल्लामा गएर बस्ती बसाएछ । उसको बस्तीमा आफ्ना दाजुभाइ आफ्नो ससुराली, दाजुभाइका ससुराली सबै मिलेर बस्न थालेछन् ।

यसरी सबैजना मिलेर बस्न सक्ने भनेर त्यो गाउँको धेरैतिर चर्चा चलेछ । यो खबर उसको जेठो दाजुसम्म पुगेछ । आफ्नो भाइले एक्लै धेरै प्रगति गरेको थाहा पाएर जेठो दाजुलाई आफूले सानैमा छोडेर हिँडेका दाजुभाइ कसरी बसेका होलान् भनेर जान्न मन लागेछ । उनी सोध्दै सोध्दै दाजुभाइ बसेको ठाउँमा आएछन् । हात्तीमा सवार भएको अनौठो मान्छे देखेर ती दाजुभाइले तपाइँ को पर्नुभयो भनेर सोधेछन् । धेरै वर्ष अगाडि सानैमा आफूलाई छोडेर हिँडेको दाजुलाई हात्तीको जमदार माउते भएर आएको थाहा पाएर सबैजना दङ्ग परेछन् । तेतिबेला त्यो गाउँको वरिपरि ठुलो जङ्गल थियो अरे । ठुला ठुला जङ्गली जनावरको बिगबिगी थियो अरे । अनि ती दाजुभाइले लु हाम्रो दाजु आउनु भएछ । कसरी हुन्छ यो जङ्गल फाँड्ने काम गर्नु पऱ्यो । हामीले जमिन त पायौ तर यो जङ्गलमा केही गर्न सकेनौं भनेर भनेछन् । त्यो ठाउँमा एउटा ठुलो खाल्डो थियो र त्यो खाल्डो हिलो र पानीले भरिएको थियो । त्यो खाल्डोमा अर्नाहरू आहाल बस्न आउँथे । यहाँका रुखहरू उखेलेर त्यो खाल्डो भर्न पाए हामीलाई सजिलो हुन्थ्यो भनेर ती दाजुभाइले जेठा दाजुसँग भने । यस्तो कुरा सुनेपछि दाजुले लावालस्कर लाएर ल्याएका हात्तीहरूलाई त्यो जङ्गलका रुखउखेलेर त्यो खाल्डोमा भर्न अरायो । हात्तीहरूले पनि त्यो जङ्गलका रुखसुँडले बटारेर लाँदै त्यो खाल्डोमा भरेर खाल्डो पुरिदिएछन् । त्यसपछि सबै दाजुभाइ खुसीसाथ एकै ठाउँमा बसेछन् । त्यो गाउँको नाम चाहिँ अर्नाखाडी रहेछ ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## ३. टुहुराका दिन फर्किन्छन्

एकादेशमा एउटा गाउँको मुखिया धेरै धनी थियो अरे । त्यही गाउँमा अनपढ गरीब बुढाबुढी थिए रे । तिनीहरूको एउटा छोरो थियो अरे । तिनीहरू सारै गरीब थिए अरे । गाउँमा साथीभाइहरूको खेतमा काम गर्दा बनिबुतो गर्दा गर्दै पहिलै आमा खसिन् अरे । त्यो बेलामा केटो बालखै थियो रे । तीन चार वर्षपछाडि बाउ पनि खस्यो अरे । अब को स्याहार्ने उसलाई ? ऊ अपुताली जस्तो भयो अरे । त्यो टुहुरो गाउँ गाउँ डुलेर खाँदै बस्तै हिँड्दै गर्यो अरे । कुनै माया गर्नेले ए टुहुरा ! तेरो बा आमा पनि छैन, दाजुभाइ पनि छैन, तँलाई म एक डल्लो भात खान दिन्छु भनेर बोलाउँथे अरे । एक डल्लो भात खाएर पानी पिएपछि तेरो पेट अघाउँछ भन्थे रे । एकजना गाउँकै मान्छेलाई त्यो टुहुराको सारै माया लागेछ अरे । ऊ गरीब भए पनि अलिअलि खुट्टा टेकेको थियो अरे । बिचरालाई खालि डल्लो भात खान दिन्छ, कति दिनको बासी होला ? नराम्रो बटुकोमा पानी खान दिँदारछन् भनेर एकदिन बोलाएर ए टुहुरा केटा ! तँ मेरोमा आएर बस्, खान लाउन दिउँला, मेरामा दुई चारवटा गाईवस्तु छन्, ती चरार बस् । तिर्खा लागेपछि गाई कराउँछन् । दाम्लोसँगै घिसारेर पानी ख्वाउन लानु भनेछ । बिचराले हुन्छ भनेछ । अनि त्यो केटा त्यही मान्छेकामा बसेछ । गाई चराउन लान्थ्यो अरे । घरको काम गर्थ्यो अरे ।

हुँदाहुँदा एकदिन उसले चराउने गाई मरेछ । घरमा आएर ए बा ! हाम्रो गाई त मर्‍यो भनेर भनेछ । आ ! के पीर गरिरहन्छस् ? हामी पनि त एक दिन मर्छौं । मर्न दे न त, भनेर मालिकले भनेछ । टुहुरोलाई सारै पीर परेछ । उसले मरेको गाईलाई छोड्नै सकेनछ । गाई मरेपछि काला गिद्धहरू सारा संसार देख्न नसकिने गरी गाईको मासु खान भनेर आए अरे तर टुहुरो केटाले ती गिद्धलाई धपाएर गाई खान दिएनछ । मैले कत्ति दुःख गरेर घाँस पानी खोले गरेर स्याहार गरेँ । यसैको दूध खाएर म हलक्क बढेँ । मेरो आमासमानको गाई तँलाई खान दिन्छु ? तँ गन्धे भाग्, भनेछ र लट्ठी लिएर बसेछ । एकदिन एउटा लिम्बूनीले कानमा लगाउने चेप्टे सुनजस्तो सुनौलो चुच्चो भएका भाले पोथी गिद्ध आएछन् । के खोज्छ त्यो केटो ? जवाफ दे न भने अरे । के जवाफ दिनु यो मुर्ख केटालाई भनेछ । केटो लट्ठी बोकेर बसेकोले तिमीहरू पख हामी कुरा गर्छौं योसँग भनेछ । अनि केटालाई ओइ केटा, तँ कुन गाउँको मान्छे होस् ? के खोज्छस् ? भनेछ । मेरो बाबु आमा पनि छैन । म टुहुरो केटो, गाउँमा बासी भातको डल्ला खाँदै हिँड्दै गर्दा मालिकले यो गाई हेर्ने काम देका थे । मैले यै गाईको दूध खाएको छु । अहिले यो गाई मरेपछि यी गिद्धहरू खान आका छन् । म मेरो आमा सरहको गाईलाई खान दिन्छु ? बरू यहीँ सडेर जाओस् भनेछ । तँ के खोज्छस ? तैंले खोजेको जिनिस नै हामी दिन्छौं भनेर गिद्धले भने अरे । पक्का दिन्छस् त ? पक्का । पक्का दिन्छस् त ? पक्का भन्दै तीन बाचा ख्वाएछ । गिद्धले तैंले जे माग्छस् तेहि दिन्छु भनेर भनेछ । हामी यो गाई खाएर जान्छौं भनेछ । तिमेरू खानेकुरा खाएर उडी जान्छौ । मैले कसलाई समात्नु ? भनेर केटाले भनेछ । हामी बुढा-बुढी नै आउँछौं । त्यो हड्डीमा टाँसिएको मासु हामीले नै खाने हो । ठुलाठुला मासुका चोक्टा खाएर यी गिद्धहरू जान्छन् । अन्तिममा हामी आउँछौं । यिनेरलाई छोड्देऊ भनेर गिद्धले भनेछ । बाचा खुवाएपछि गिद्ध चलिगो । अन्तिममा अरू गिद्धहरूले खाएर छोडेको हड्डीमा टाँसिएको नसा खानलाई फेरि दुईवटा गिद्ध आए अरे । मलाई सम्पत्ति दिन्छु भनेका छौ । म बाबुआमा कोही पनि नभको टुहुरो हुँ । यही मरेको गाईको धनीले मलाई सानैदेखि स्याहारेर ठुलो बनाएका हुन् । मैले बाउ उसैलाई मान्नुपर्छ । तपाईंहरूले सम्पत्ति दियो भने उसैले खोसेर लगिहाल्छ । म त उही एक्लोका एक्लै रित्तै पर्छु भनेछ । अब तँलाई के दिऊँ त हामीले ? के दिँदा तँ खुसी हुन्छस् ? भनेर गिद्धले सोधेछ । अब म के मागूँ त ? सम्पत्ति मागूँ भने खोसेर लगिहाल्छ, जोडा मागूँ भने गाउँको मान्छेले देख्यो भने त्यो पनि खोसेर लग्ला । म त गरिब मान्छे के गरूँ भनेर भनेछ । त्यो गिद्ध उँडेर गए । त्यो गिद्धहरू त गरूड रहेछन् ।

गिद्धको बुडीले यो केटो टुहुरो रहेछ । बाबुआमा नै नभएको केटालाई जोडा खोजिदियौं भनी यसले गरिखान्छ । बिचरा ! उसको आफ्नो भन्ने त्यही गाई मात्रै रहेछ । त्यसैले स्याहारसम्भार गरेको गाई मरेपछि हड्डी बटुलेर बसेको रहेछ । हामीले यसलाई सहयोग गर्नुपर्छ भनेछ । चार दिनपछि त्यो गिद्धले निशाना दिएर मान्छेलाई पठाएछ । आउँदा त त्यो टुहुरो केटो गाईको हड्डी बटुलेर त्यहीँ बसिरहेको रहेछ । त्यो गिद्धको जोडा पनि आको रछ । केटाले पनि मलाई जोडा चाइयो भनेछ । गरूड पनि आएपछि तँलाई जोडा चाहिएको होइन ? लौ हुन्छ हामी तँलाई जोडा खोज्दिन्छौँ भनेर भनेछ र छप्प कालो पखेटा फिजाएर त्यसमाथि केटालाई डडाल्नोमाथि चढार दरो समात्न लाएर लिएर गएछ । एकदम प्लेनजस्तो उँडाएर आकाशमा लेर गयो अरे । आकाशमा पुर्याएपछि त्यो गरुड राजाले केटा ! दायाँबायाँ नगरी जुन केटी आउँछ त्यसले जे भन्छ तेइ मान्नुपर्छ भनेछ । केटाले पनि हुन्छ भनेछ । आकाशमा पुगेपछि अरू सबै केटीहरू बिहे गरेका अरे । एउटी केटीको चाहिँ बिहे भएको रहेनछ त्यसको नाम चैँ निन्द्रौली माया रहेछ । धिमालहरूले कुमारी केटीलाई माया भन्दछन् । त्यो केटी आई अरे । मलाई बे गर्ने तिमी नै हो ? भनेर सोधिछ । हो म नै हो तिमीलाई लिन आको हो माया । अरूको लागि हैन, मेरै लागि हो । म सबैथोकको दुःखी छु । बाबुआमाले सानैमा छोडेर टुहुरो बनाएर गइहाले । गाउँभरिका मानिसले मलाई हेप्छन्, हेला गर्छन् । एउटा मान्छेले मात्रै मलाई माया गरेर गाई हेर्न भनेर राखेको थियो । गाई पनि मरिहाल्यो । मेरो कर्म दिने बाबु त्यही हो । आज म तिमीलाई लिन भनेर आको, तिमी मसँग जान्छौ कि जादैनौ ? भनेर केटाले भनेछ । केटीले म जान्छु भनिछ । अनि उसको कोठामा गएर राम्रा लुगा,गरगहना लगाएर आइछ ।

केटाले ल हिन, भनेर त्यही गाई मरेर हड्डीखुड्डी छरिएको ठाउँमा लिएर गएछ । त्यहाँ पुगेपछि केटीले तिमी मेरो लोग्ने भयौ तर मैले जे भन्छु त्यहि मान्नु पर्छ भनी अरे । राति नै केटीले जङ्गलबाट एउटा हाँगो काटेर ल्याई अरे र त्यसैले खनेर खाल्डो बनाउन लगाई अरे । अनि तीन बाचा गर्नुपर्छ नि, तिमीले । राम्ररी तीन बाचा गरेनौ भने म तिमीलाई छोडेर जान्छु । तिमी मात्रै यहाँ बस्नुपर्छ भनी अरे । लु, म राम्रोसँग बाचा भन्छु भनेर टुहरो केटाले भनेछ । अनि सतै सत् भनेर तीनपल्ट भन्ने र खाँबो गाड्ने भनेर भनिछ । तर केटाले चैँ दिव्यै बार वर्ष भनेछ अरे । खै त ? सतै सत् भनेको तिमीले भन्छ अरे फेरि दिव्यै बार वर्ष भन्छ अरे । तीन बाचा त गैगो । उसको समय १२ वर्षको मात्रै भएछ । घरसर बनाए अरे । गाउँलेले बिहान हेर्छ रे, गाई मरेको ठाउँ गिद्धले सिनो खाएको ठाउँमा त यत्रो महल छ अरे । गाउँका मान्छे हेर्न आयो अरे । यहाँ त बस्ती नै थेन, कसले घर बनायो हौ भन्छ अरे । कसैले सानैमा बाबुआमा मरेको टुहुरो केटाले घर बनायो क्यारे भने अरे । कसैले धेरै सम्पत्ति भएको मुसाफिर आयो होला नि भने अरे । गाउँको मुखियाले चैँ मलाई तल पार्न कसले महल बनायो भनेर भन्यो अरे । अन्तिममा उसको घरमालिक आइपुग्यो अरे । यसो हेरेर यो कसको दरबार हो ? भनेछ । दस अम्ला जोडेर मेरो घर हो बुवा भन्यो अरे । बुहारी पनि ल्याको छस् त भनेर सोध्यो अरे । बुहारी पनि छ नि बुवा भनेर बुहारी चिनायो अरे । बुहारीले खाजासाजा बनार ख्वायो अरे । टुहुरोले कसैलाई नभनिदिनु ल बुवा भनेर भनेछ । लु हुन्छ राम्ररी गरिखानु, तैँले धेरै दुःख पाएको थिस्, अब सुखका दिन आएछन् भनेर भनेछ ।

घर फर्किंदै गर्दा बाटोमा भेटेका मान्छेहरूले काँ पुगेर आको भनेर सोधेछन् । उसले घरमा केटाकेटी बिमारी भएकाले जडीबुटी खोज्न जङ्गल पुगेर आको भनेछ । गाउँका मान्छेले अहिले किन हामीलाई ढाटेको त केही महलबाट आउँदै गरेको हामीले देखेका थियौँ भनेर उसलाई कुट्न खोजेछन् । त्यसपछि उसले मेरै घरमा बसेको केटो हो । म उसको बाबु नभएपनि बाबुसमानको हुँ । उसलाई टुहुरो भनेर हेप्न हुन्न । सबैले माया गर्नु पर्छ

भन्यो अरे । केटी ल्याएको छ, राम्री छ भनेर भन्यो अरे । गाउँलेलाई देखेपछि टुहुराले आफ्नी श्रीमतीलाई यता आऊ त मलाई हेप्ने मान्छे आएका छन् भनेर भन्यो अरे । अप्सराजस्ती केटी देखेर सबै गाउँले मुर्छा परे अरे । गाउँलेले गाउँको मुखियालाई सुनाए अरे । अनि मालिक टुहुराले बिहे गरेको केटी त तपाईंको बुढीको छेउमा अप्सरा जस्तै छ । तपाईंको बुढी त टुहुरा केटाको बुढीको खुट्टामा बाँध्न पनि सुहाउँदैन भने अरे । हो र ? भनेर मुखिया घोडा लिएर गयो अरे । दरबाजा अगाडि घोडा राखेर टुहुरा केटालाई बोलाई अरे । ठाडो बोली सुनेर टुहुरा केटाले को हो ? भन्यो अरे । मुखियाले म गाउँको मुखिया हुँ चिन्दैनस् ? भन्यो अरे । तिमी आयौ तर बोल्न अलिक सिक है भनेर टुहुरो भित्र गयो अरे आफ्नी बुढीलाई सुनको पङ्खा लिएर मुखिया भेट्न आऊ भन्यो अरे । टुहुराको बुढी त अप्सरा, ऊ फुत्त बाहिर निस्किदा त मुखिया मुर्छा परेछ । ब्युँझिदा त सुनको पङ्खाले हम्किरहेको पाएछ । त्यसपछि टुहुराको पनि दिन फर्किंदारहेछन् । लाटाको खुट्टा बाटामा पर्छ भनेको सही रहेछ भन्ने कुरा उसको दिमागमा घुस्यो अरे । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

**स्रोतव्यक्ति :** टेकाउ धिमाल

**उमेर :** ७८ वर्ष

**स्थान :** दमक नगरपालिका-४, कृष्णमन्दिर

## ४. लोभीको कथा

एकादेशमा दुई दाजुभाइ थिए । भाइ चाहिँ अलिक सोझो थियो । दाइ चाहिँ अलिक फटाहा थियो । सोझो भाइले केटी पनि सोझै भेटाएछ । फटाहा दाइले केटी पनि त्यस्तै भेट्टाएछ । तिनीहरू साह्रै गरिब थिए । खान लाउन धौ धौ थियो । केही गरेपनि केटाकेटीलाई खुवाउन नपाएपछि एक दिन यहाँ बसेर भएन भनेर कान्छो भाइ भने कमाउन गएछ । जाँदा जाँदा ऊ एउटा ठुलो जङ्गलमा पुगेछ । त्यो जङ्गलमा एउटा ठुलो पिपलको रुख रहेछ । चर्को घाम लागेको थियो त्यसैले हे भगवान् ! अब म कहाँ जानु ? घर फर्केर जाऊँ भने केटाकेटी भोकभोकै छन् । यहीँ बसौं भने यत्रो ठुलो जङ्गलमा म के गरौँ भनेर निराश भएर त्यही पिपलको रुखमुनि बसेछ । बस्दाबस्दै त्यहाँ एउटा मान्छे आइपुगेछ । उसलाई निराश भएको देखेपछि त्यो मान्छेले तिमी किन निराश देखिएको छौ ? तिमीलाई के भयो भनेर सोधेछ । म साह्रै गरिब छु मेरो घरमा खानलाउन केही छैन, केटाकेटीलाई हुर्काउन केही छैन । त्यसले गर्दा म जाऊँ भने कहाँ जाऊँ ? घर फर्कुँ भने कसरी फर्किनु ? त्यही भएर म यहाँ निराश भएर बसेको छु भनेर भनेछ । त्यो मान्छेले पख तिमीलाई दुःख रछ, म एउटा उपाय दिन्छु । तिमीले तेइअनुसार काम गर्नु भनेर तीनवटा कौडा दिएछ । लु यो कौडी लिएर जानु, घर-आँगन राम्ररी सफा गर्नु, बिच आँगन राम्ररी लिप्नु, त्यसपछि श्रीमतीलाई पनि नुहाइधुवाइ गरेर राख्नु र भन्नु, हे नारायण ! मलाई खान्तेपिन्ते पनि केही छैन । छोराछोरी भोकै छन् भन्नु र तिमीलाई जे जे माग्ने इच्छा छ माग्नु । त्यसपछि तिमीले मागेको कुरा सबै पाउने छौ भनेर भनेछ । ऊ हो त ? भनेर घर फर्केछ । घर आइपुगेपछि श्रीमतीले हैन तपाईं त कति छिटो आउनु भएछ । खै के लिएर आउनुभयो ? केटाकेटीलाई केही ल्याउनु भयो कि भएन भनेर सोध्दा खै हौ के ल्याउनु र अरू त ? यही एउटा कुरा चैं ल्याएको छु । यसले काम गर्न सक्यो भने हुन्छ सकेन भने हुँदैन भनेर भनेछ । लु तपाईं जे भन्नुहुन्छ म त्यही गर्छु भनेर उसको श्रीमतीले भनेछ ।

भोलिपल्ट बिहान उठेर नुहाइधुवाइ गरेर घर सरसफाइ गरेर आँगन सट्ट लिपेछ । अनि लिपेको ठाउँमा त्यो तीनवटा कौडी राखेछ । अब तिमीले हे नारायण प्रभु ! मेरो खाने लगाउने केई पनि छैन सबै भरिपूर्ण होस् भनेर भन भनेर भन्यो । श्रीमतीले पनि जे जे भन्न लगाको थियो त्यस्तै भनी । त्यति भनेपछि नाना किसिमको खानेकुरा अन्नपात घरमा भरिभराउ भयो । एउटा कौडी पनि उडी गयो । त्यसपछि हे प्रभु ! घरमा खानेकुरामा अन्नपात त भयो तर मेरो जग्गाजमिन केही पनि छैन । जग्गाजमिन भए घर बनाउँथे, खेतीपाती गर्थें भनेर भने । त्यसपछि जग्गा जमिन पनि प्रशस्त भयो । दोस्रो कौडी पनि उडी गयो । अब एउटा कौडी बाँकी भयो । त्यसपछि हे प्रभु ! हे भगवान् ! तिमीले हामीलाई अन्नपात पनि दियौ, जग्गा जमिन पनि दियौ, खान लाउनलाई पनि भयो, अब रमाइलो गर्नका लागि राजाको जस्तै बाजा गाजा बजाएर हात्तीको लावालस्कर आउन् भनेर भनी । अब तेस्रो कौडी पनि सकियो । हात्तीका लावा लस्कर बाजागाजाका साथ पहिलेका राजाका सामग्री लिएर घरमा आए ।

आफ्नो घरमा सबै थोक भरिपूर्ण भएपछि भाइ खुसी भयो । रुपियाँ पैसा जम्मा गरो । अनि दाजुको घरमा मानापाथी लिन पठायो । दाजुको घरबाट मानापाथी ल्याएपछि उसले पैसा धन सम्पत्ति सबै नापजोख गरो । अनि एक दुईवटा असर्फी चाहिँ मानापाथीको पिँधमा गोबरमा टाँसेर दाजुको घरमा पुऱ्यायो । दाजुले त्यो असर्फी देखेपछि आफ्नो बुढीलाई पनि देखायो । होइन, यो कान्छोले कहाँबाट ल्याएछ सोध्नुपऱ्यो भनेर दाजु भाउजू नै कान्छोको घरमा आएछ । अनि होइन हौ भाइ, कहाँबाट आयो यो असर्फी ? भनेर सोध्दा तपाईं र भाउजू भएर मलाई खान लाउन नै दिनु भएन अनि म त विरक्त भएर जङ्गलतिर गएँ ।

जङ्गलमा एउटा ठुलो पिपलको रुखमा निराश भएर बसिरहेको थिएँ । त्यहाँ एउटा मान्छे आएर मलाई किन निराश भएर बसेको भनेर सोध्यो । सोधेपछि मैले मेरा छोराछोरीलाई ख्वाउन पनि सकिन, मेरो घर पनि छैन, अन्नपात लुगाफाटा केही छैन भनेर भनेँ अनि उसले तीनवटा कौडी मलाई दियो र जे इच्छा छ त्यही माग्नु भनेर भन्यो । अनि म घर फर्केर घर आएर मेरो बुढीलाई नुहाइधुवाइ गर्न भनेँ । घर सरसफा गर्न लगाएँ । आँगन लिप्न लगाएर कौडीलाई राखेर हामीलाई इच्छा लागेका कुरा तीनचोटि भन्यौँ । अनि यसरी हामीले यो सबै कुरा पायौँ भनेर सुनायो । भाइको कुरा सुनेपछि दाजु अब म पनि जङ्गलतिर जान्छु भन्ने सोच्यो ।

भोलिपल्ट उज्यालो भएपछि दाइ पनि जङ्गल जान्छु भनेर हिँड्यो । जाँदाजाँदा धेरै टाढाको एउटा जङ्गलमा ठुलो पिपलको रुख भेट्यो । ऊ त्यही पिपलको रुखमा निराश भए जसरी बस्यो । कतिबेला ठुलो मान्छे आउला र तँलाई के चाहियो भनेर सोध्ला भन्दै ऊ बसिरहेको थियो । नभन्दै केही समय पछाडि एउटा ठुलो भूतजस्तै मान्छे आयो । उसलाई निराश भएको देखेर त्यो मान्छेले तँलाई के भयो भनेर सोध्यो । उसले मलाई परिवार छोराछोरी पाल्न गाह्रो भयो । खान लाउनको दुःख भयो । घर जाऊँ त कसरी जाऊँ ? घर जाँदा पनि के लिएर जाने ? वनमै बसौँ त कसरी बसौँ ? त्यसैले म निराश भएर यहाँ बसेको भनेर भनेछ । त्यसो हो भने यो तीनवटा कौडी लिएर जा । घरमा श्रीमतीलाई नुहाइधुवाइ गरेर घर सफासुग्घर बनाएर राख्न भन् । आँगन लिपेर आँगनको बिचमा कौडी राखेर हे नारायण प्रभु ! हामीलाई यस्तो कुरा दिनु भनेर तिमीहरूलाई जे चाहिएको छ त्यही कुरा माग्नु, तिमीहरूले पाउँछौ भनेर भनेछ । तीनवटा कौडी लिएर दाजु पनि खुसी हुँदै घर फर्कियो ।

घर पुगेपछि आफ्नो श्रीमतीलाई घर राम्रोसँग सरसफाइ गरेर राख्न भनेछ । हेर् त ! यै मान्छेले भनेको मान्दा कान्छा कान्छी कस्तो भए भनेर भनेछ । उसकी श्रीमती अलिक झर्के स्वभावको थियो तर पनि हुन्छ त भन्यो । भोलिपल्ट सबेरै घर सरसफाइ गरेर आफू नुहाइधुवाइ गरेर आँगन लिपपोत गरी सफा बनायो । अनि आँगनको बिचमा उभिएर हे प्रभु ! मलाई अरू केही चाहिँदैन, एउटा नाकको फुली दिनु भनेछ । थुक्क ! तैँले के मागेको ? वाँ भाइ बुहारीले सम्पत्ति मागेर कस्तो धनी भएको छ । तँ भने जाबो एउटा नाकको मुन्द्री माग्ने भनेर बुढो चाहिँ रिसाएछ । बुढो रिसाएको देखेर बुढीलाई पनि रिस उठेछ । अनि उसले के माग्नु त चाक माग्नु भनेर भनेछ । अनि एउटा कौडि उडिगो जम्मै गालाभरि चाकैचाक भएछ । अब के गर्नु ? बाँकी एउटा मात्रै कौडी थियो । अनि हे प्रभु ! मेरो गालाको चाक सबै जाओस् भनेछ । अनि तेस्रो कौडी पनि गएछ । गालाको चाक पनि गएछ । अन्तिममा दाजु भाउजू जस्ताको तस्तै भएछ ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**स्थान :** दमक नगरपालिका-४, अर्नाखाडी

**५. अल्छेको कथा**

एउटा गाउँमा एउटा केटो साह्रै अल्छेपनो केटो थियो । तेसको नाम तीनकुरिया थियो । तीनकुरिया नाम कसरी रहन गयो भने एउटा जङ्गलमा जङ्गली मुसा र घरको मुसासँग मित्रता थियो । त्यो घरको मुसा जङ्गलतिर जाँदाखेरि ठुलाठुला रुखमुनि छेडेर जडीबुटी खान्थ्यो । उसले त्यहाँ बस्दा धेरै मेजमानी पायो । जङ्गलको मुसा पनि घरको मुसासँग मित्रता गाँस्नु पर्‍यो भन्ने ठानेर घरको मुसाकोमा पाहुना गयो । घरको मुसाले आफ्नो खेत देखाउन बगरमा लगेछ । यता उता सबै खेत मेरो हो भनेर देखाउँदा देखाउँदै अचानक बाज आएर जङ्गलको मुसालाई टिपेर लग्यो । घरको मुसा चाहिँ दुलोभित्र पसेर जोगियो ।

जङ्गली मुसो दुलोमा छिर्न सकेन र त्यसलाई ठुलो ठुटामा लगेर भुँडी चिर्दाखेरि तीनटा राक्षस निस्क्यो । अर्कोपल्ट चिर्दा एकजोर परेवा निस्क्यो । अर्कोपल्ट चिर्दा बहर गोरु निस्क्यो, लास्टमा अर्कोपल्ट चिर्दा एउटा केटो निस्क्यो । त्यसको नाम अल्छे तीनकुरिया भयो । तिनीहरूमध्ये राक्षस र परेवा जङ्गलतिर लागे । मान्छे र गोरु जङ्गल जाने कुरा भएन र तिनीहरू गाउँमा बस्न थाले । गाउँमा बस्दा बस्दै त्यो केटो ठुलो भएछ । त्यसले गोरुलाई जङ्गल लाने चराउने गर्दा एकदिन एउटा ठुलो पोखरी देखेछ । त्यस पोखरीमा अप्सराहरू नुहाउँन आउँदो रहेछ । गोरुले पनि आफ्नो भाइलाई भनेछ, ए तँ बिहे गर्ने कि नगर्ने ? गर्ने भए जो नराम्रो छ, त्यसैलाई समात् है भनेछ । दाजुको कुरा मानेर भाइ पनि त्यो पोखरीमा गएछ । अप्सरा खेल्दैछ, हाँस्दैछ, नाच्दैछ । सबैभन्दा जेठी चाहिँ फोहोरी भएर बसेकी रहिछ । यता गोरुले 'झुलेगा कि भुलेगा' भनेछ । मैले भनेको भुलिस् भने तैँले दुःख पाउँछस् । मैले भनेको कुरा मान्, ए मनुवा ! मान्, भनेछ । सबैभन्दा ठुलो दिदी चाहिँ नराम्री फोहोरी भएर बसेकी रहिछ । फोहोरीलाई समाउन पनि अफठ्यारो भयो । कसोकसो छोपेर समातेछ । अरू दिदीबहिनीले चाहिँ लु है दिदी ! हामी गयौँ तपाइँ बस्नु भनेर गएछन् । दिदी बहिनी त गैगए, ऊ भने समातिएकोले जान सकिन ।

बहर गोरु र भाइसँगै त्यो अप्सरा गाउँमा आयो । त्यहाँ बस्ने ठाउँ गोठ र झुप्रो मात्रै थियो । गाउँका ठाकुरहरू त्यस केटाको घरमा आउँदा त्यस्ती राम्री केटीलाई देखेर ओहो ! यस्ती राम्री केटी यो केटाले कहाँबाट ल्यायो ? कल्ले दिएछ एल्लाई ? भनेर त्यो ठाकुरहरू आफ्नो राजालाई सुनाउन गयो । महाराज फलानो ठाउँमा एउटा केटाले यस्ती राम्री केटी ल्याएको छ । तपाइँलाई सुहाउँछ भनेछ । लु त्यसो भए लेर आओ । जसरी पनि त्यो केटी मलाई चाइयो भनेछ । अनि राजाको हुकुम सुनेपछि नगई भएन । त्यो केटीले अल्छे केटालाई मलाई नपकड् भनेको होइन ? अब तैँले दुःख पाउँछस् । राजाको हुकुम, अब पुलिसले बोलाउँछ नगई हुँदैन । सारो हुन्छ भनेछ । अब म त रानी हुन्छु तिमी त अब गोरुसँग बस । म त अब जान्छु भनेछ । त्यसो भनेपछि त्यो केटो साह्रै रोएछ । केटो रोएपछि अब लु जा, मैले भनेको मान् । जे भन्छ त्यही गर भनेर केटीले भनेछ ।

केटो राजाकोमा गएर किन बोलाउनुभएको महाराज भनेछ । तैँले यो काम गर्नु पर्छ । रातभरिमा तैँले काम गरेनस् भने तेरो बुढी म ल्याउँछु भनेर राजाले भनेछ । ल हुन्छ त भनेर त्यो केटो फर्केछ । घरमा आएपछि के रहेछ त भनेर बुढीले सोध्यो । ए ! तीनवटा ठुलो पोखरी खन्नू अरे । आज रातभरिमा खन्न सकिन भने तिमीलाई उल्ले लाने अरे । म त एक्लाको एक्लै हुन्छु । के गर्ने ? तिमी मलाई माया गर्छौ कि गर्दैनौ भनेर सोधेछ । बुढीले म एउटा उपाय दिन्छु, गर्छस् कि गर्दैनस् ? भन्दा गर्छु भनेछ । उसो भए यो पैसा लिएर बजार जाऊ, सबै पैसाको बाखा किन्नु । भएभरका बाखा किन्नु । बेलुका यो खोला पारी गएर कराउनु । कराउँदा ए मेरा दाजु ! ए मेरा दिदी ! राक्षस राक्षस्नी ! मलाई बचाइदेऊ, मलाई

जोगाइदेऊ भन्नु । राक्षस राक्षस्नी आएपछि यी बाख्रा उतै छोड्दिनु । बाख्रा टापटुप्प खाइसकेपछि तँलाई के भयो ? किन गुहारेको ? भन्दा मलाई ठाकुरले एक रातभरिमा ठुलो पोखरी खन्न भनेको छ । पोखरी नखने मेरो बुढी लान्छु भनेको छ । तेल्ले गर्दा मलाई सहयोग चाहिएको छ भन्नु भनेर भनेछ । अल्छेले पनि बुढीले भनेजस्तै गरेछ । बाख्रा खाइसकेपछि अल्छेलाई लु लु जा, घरमा गएर सुत् भनेर राक्षसहरूले भनेछ । रातभरमा त्यो राक्षसहरूले ठुल्ठुला तीनवटा पोखरी खनेर सकेछ । बिहान हेर्दा त तीनवटा पोखरी देखेर कति साहसी केटो रहेछ हौ भनेर राजा छक्क परेछ । यो पल्टको समस्या टरेर गयो ।

ठाकुरको बुद्धि हरेक हुन्छ । अब त तोरी र सस्र्युँ मिसाएर बारीमा छर्दिने र त्यो केटालाई टिप्न लगाउने कुरा सोचेछ । उसले त्यो केटालाई बोलाएर ए केटा ! तैँले अस्तिको बाजी त जितिस् । अब फेरि एउटा काम गर् । म मेरो खेत जोताउँछु, दुई बोरा तोरी छर्न लगाउँछु, तैँले सबै तोरी टिपेर बोरामा हाल्नुपर्छ । सकिस् भने ठिकै छ नभए म तेरो बुढी ल्याउँछु । तँ सक्छस् कि सक्दैनस् ? तँलाई यो कुरा मञ्जुर छ ? भनेर सोधेछ । राजा ठाकुरले भनेको कुरा त मान्नै पऱ्यो । ऊ हुन्छ भनेर त्यहाँबाट घर गएछ । के भन्यो त ? भनेर बुढीले सोध्यो । एक बोरा तोरी र एक बोरा सस्र्युँ मिसाएर बारीमा छर्ने रे, त्यो मैले बोरामा टिपेर हाल्नुपर्ने रे । एक गेडा पनि तलमाथि हुनुहुँदैन रे भनेर सुनाएछ । लु जा, तँ बजार गएर तैँले बोक्न सक्ने जति खेसरी किनेर लिएर आइज । बेलुका भएपछि खेसरी छर्दिनु । ए मेरा परेवा दाजु ! ए मेरा परेवा दिदी ! मलाई इज्जत बचाइदेऊ भन्नु अनि परेवाले खेसरी खान्छ र तँलाई सोध्छ भनेर बुढीले भनिछ । उसले भनेजस्तै गरेछ । बेलुका ए ! मेरा परेवा दाजु, ए ! मेरा परेवा दिदी भनेर बोलाएपछि परेवाहरू उडेर आएछ । त्यो खेसरी खाइसकेपछि के भयो ? भनेर परेवाले सोधेछ । राजाको बारीमा एक बोरा तोरी र एकबोरा सस्र्युँ छरेको छ । त्यो जस्ताको तस्तै छुट्याउनु पर्ने रे । म त तोरी र सस्र्युँ पनि चिन्दिन । नभए मेरो बुढी राजाले लान्छ रे । मलाई बचाइदिनू भनेर भनेछ । लु जाऊ, तिमी अब घरमा गएर बस भनेर परेवाले भनेछ । ठाउँ देखाइदिएर त्यो केटो घर गएछ । रातभरिमा परेवाहरूले तोरी र सस्र्युँ जस्ताको तस्तै छुट्याएर बोरामा हालेछ । बिहान हेर्दा तोरी र सस्र्युँ जस्ताको तस्तै बोरामा रहेछ । यसरी त्यो बाजी पनि केटाले जितेछ ।

अब के गर्नु त भनेर ठाकुरले फेरि उपाय झिकेछ । पोखरी खनेको ठाउँमा बाघको दूधले भर्न लगाउन सोचेछ । उसले त्यो केटालाई बोलाएर तैँले पोखरी त खनिस्, अब यो पोखरीमा बाघको दूधले भर्नुपर्छ । तैँले भर्न सकिनस् भने राजाले तेरो बुढीसँग बिहे गर्छ र तँलाई जेल हाल्छ । तँ यो काम गर्न सक्छस् भनेर सोधेछ । केटो फेरि घर गयो र बुढीलाई ठाकुरले भनेको कुरा सुनायो । बुढीले अब तँ यसो गर् । जा गएर बाघलाई ए ! मेरो बाघ दाजु, ए ! मेरो बघिनी दिदी भन्नु । एकएक वटा बाख्रा लिएर जा भनी । केटो पनि बाख्रा लिएर गयो र ए ! मेरा बाघ दाजु, ए ! मेरो बघिनी दिदी भनेर बोलाइ्री । सबै बाघ बघिनी आएर के भयो ? भनेर त्यो केटालाई सोध्यो । राजाको बारीमा तीनटा पोखरी खनेको छ । त्यसमा बाघको दूधले भर्नू भनेको छ । दाजु र दिदीले सहयोग गर्नु पऱ्यो भन्यो । बाघले पनि जा, गएर तँ सुत् भनेर त्यो केटालाई पठाए र बाख्रा खाए अनि बघिनीहरू गएर त्यो पोखरी दूधले टनाटन भरिदिए । अब त्यहाँ कमलको फूल पनि ल्याउनु पर्ने सर्त ठाकुरले राख्यो । केटाले घर गएर बुढीलाई कमलको फूल कहाँबाट ल्याउनु भनेर सोध्यो । उसकी बुढी आफैँ अप्सरा भएकीले आफैँमा कमलको फूल उमार्ने शक्ति थियो । उसले भनेजति नै कमलको फूल उमारी र पोखरीमा ढकमक्क कमलको फूल फुल्यो । यसपटकको बाजी पनि त्यो केटाले नै जित्यो ।

अब के गर्ने ? यो केटालाई मार्नुपऱ्यो भनेर ठाकुरले फेरि केटालाई बोलाइ्री । अब मेरो हजुरबा खसेको छ । स्वर्गमा हेर्न जान्छस् ? भनेछ । उसले हुन्छ, जान्छु भन्यो । घरमा

आएपछि ठाकुरले के भन्यो भनेर बुढीले सोधी । ठाकुरको हजुरबा हजुरआमा भेट्नु अरे भनेर सुनायो । जान त जानु तर कसरी जानु ? बुढीले उपाय बताई । तैँले के भन्नु भने नि ! पाँच छवटा खसी ल्याउनु, चार पाँच बोरा चामल ल्याउनु, दुई चार टिन तेल ल्याउनु भन्नु र एक वर्षको समय दिनु भन्नु । पहिला खेतमा स्यानो घर बनाएर बस्न दिनु पनि भन्न । तेती गर्न सक्यो भने म जान्छु नभए म जाँदिन भन्नु भनेर पठायो । त्यसपछि राजाको हुकुम बाउको दुहाइ । राजाको कुरा नमान्ने कुरा भएन । राजाले पनि खसी, तेल चामलको व्यवस्था गरिदियो । बुढीले उसलाई तिमीले मित आमा मुसोलाई सम्झिनु । हाम्रो घरबाट राजाले घर बनाइदेको ठाउँसम्म दुलो बनाइदिन्छ । तिमीलाई सामान ओसार पसार गर्न सजिलो हुन्छ भनी ।

केटाले पनि बुढीले भनेजस्तै गऱ्यो । एक वर्ष त दुलोबाट निस्किनु भएन । म दुलोमा पसेपछि आगो लगाइदिनू है भन्यो । मुसाले दुलो बनाएपछि ऊ त्यही दुलोमा पस्यो र दाल चामल तेल आफ्नो घरमा लग्यो । मुसाले पनि केटो दुलामा पसेपछि आगो लगाइ दियो र दुलाको प्वाल टालिदियो । एक वर्ष नभई त घर बाहिर निस्किन भएन । ऊ घरभित्रै लुकेर बस्यो । एक वर्षपछि ऊ राजाको दरबारमा गयो । उसलाई देखेर ठाकुरले हैन कसरी आइस् हौ भनेर सोध्यो । केटाको कपाल, दारी, नङ, सबै लामो थियो । हैट् ! तिम्रा बाबु, हजुरबाउ भएको ठाउँमा त साह्रै दुःख रहेछ । कपाल नङ् पनि काट्न पाइन । हेर्न जान्छौ तिमीहरू ? भनेर केटाले सोधेछ । यस्तो सुनेपछि राजा र ठाकुर दुवैजनाले जान्छौँ भनेछन् । के के लिएर जाने हो ? भनेर सोध्दा मैले लगेजस्तै खसी चामल तेल लिएर जाने हो भनेछ । राजा र ठाकुरलाई सानो झुप्रोमा राखेर आगो लगाइदिएछ । राजा र ठाकुर दुवैजना जलेर मरेछ । यता त्यो केटो आफ्नो बुढी र बहर गोरुसँगै मिलेर आनन्दले घरमा बसेछ । त्यसैले अर्काको सम्पत्तिमा आँखा लगाउनु आफ्नो जीवन फाल्नु हो । अर्काको लहैलहैमा लाग्यो भने दुःख पाइन्छ भनेर जान्नु पर्छ ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**स्थान :** दमक नगरपालिका-४, अर्नाखाडी

## ६. चन्द्रसूर्यको कथा

एउटा गाउँमा एकजना धनी मुखिया थियो अरे । त्यसको उमेर बढ्दै गयो । मान्छेलाई जसले पनि छोरी दिन्छ । अब तिमी कस्तो बिहे गर्ने भनेर मान्छेहरूले सोध्थे अरे । आफूलाई मन पर्ने केटी बिहे गर्छु, तपाइँहरूले रोज्देर हुँदैन भन्यो अरे । उसो भए तिमी आफैँ रोज न त भनेर भने अरे । अनि उसलाई मन परेको केटी बिहे गरेर लिएर आयो अरे । दुई वर्षजस्तै भयो, केटाकेटी जायजन्म भएन अनि उसलाई विरक्त लाग्यो । घर पनि नबस्ने, खाना पनि नखाने गर्न थाल्यो रे । उसका साथीहरूलाई हिँड साथी हो अब जङ्गल जौँ सिकार खेल्न । सिकार खेल्दै मासुभात खाँदै बस्दै गर्नुपर्छ भनेर भन्यो रे । ठुलो सिकार मारेर ल्याउँदा गाउँलेलाई पनि बाँडेर खान्थ्यो अरे । त्यसो हुँदै हुँदै दुई वर्ष भएर तीन वर्ष लागेपछि हैन मेरो एत्रो पर्लय सम्पत्ति छ । खाने मान्छे कोही छैन । केटाकेटी पनि जायजन्म भएनन् । अब बिहे गर्नु पऱ्यो भनेर सोच्यो रे । म यो गाउँको केटी नै बिहे गर्दिन । अर्कै गाउँमा गएर केटी खोजेर बिहे गर्छु भन्यो अरे । अनि उसका नोकरहरूलाई लु, अब हात्ती सजा, हात्तीमा चढेर सिकार खेल्न जाने भन्यो अरे । ल है सिकार मारेर ल्याउनुपर्छ भनेर भन्यो अरे । त्यस्तो हुँदाहुँदै सबै तयारी सकियो अनि उस्को जहानलाई छिट्टै भात पका भनेर भनेछ । भोलि विहान टाढाको जङ्गलमा सिकार खेल्न जाने हो । एताका नजिक जङ्गलमा सिकार नै भेटिदैन भनेर छिटै खाना खाएर विदा भयो अरे ।

हात्ती माहुते र मालिक मात्रै सिकार खेल्न गए अरे । उनीहरू ठुलो जङ्गलमा पुगेछन् । जङ्गलमा पुगेपछि माउतेलाई ए माउते, तेरो मालिक्नीबाट जायजन्म भएनन् । अब गाउँमा पसेर केटी हेर्नुपर्छ भनेछ । माउते पनि हो त मालिक, भनेर हात्ती फरक्क घुमाएर र गाउँतिर लागिगो अरे । जाँदाजाँदा अर्को गाउँमा पुगे अरे । सजाएको हात्तीमाथि चढेर आएको मुखियालाई देखेपछि मान्छेहरूले ओहो ! ठुलो मान्छे हात्ती लिएर पो आयो । यो त राजा जस्तै देखिन्छ भनेर स्वागत गरे अरे । अनि कहाँ हिँड्नुभएको भनेर सोधीखोजी पनि गरे । म त सिकार खेल्न भनेर हिनेको घरदेखि । अब गाउँमै सिकार खेल्नु पर्ला भनेर भन्यो अरे । गाउँको सिकार कस्तो हुन्छ त ? उसले हातको इसाराले केटी चाहियो भनेर भन्यो । मेरो घरमा पकाउने तुल्याउने मान्छे चाहियो भनेर यहाँ त्याँ भने अरे । गाउँलेले पनि एउटी केटी खोजेर ठिक्क पारिदिए अरे । अनि त्यो केटि बिहे गरेर घर लिएर आयो ।

आधारातमा उनीहरू घर आइपुग्यो । घर आएर हात्ती बाँधेर आँगनमा आइपुगेपछि दरबाजा खोल्, काँ छस् तँ ? भन्यो अरे । उसको जेठी श्रीमतीले मानिस आइपुगेछ भनेर दरबाजा खोलेर हेर्दा त दुईजना उभिएको छ । माउते भर्खर पछाडि आउँदैछ । मुखियासँग त नयाँ केटी पो छ अरे । ए ! मालिकले अर्कै केटी पो बिहे गरेर ल्यायो कि के हो भन्ने सोची अरे । अब जौँ माथि नै । के खानापिना बनाइस् भनेर सोध्यो अरे । के बनाउनु ? तपाइँ सिकार खेल्न भनेर जानुभएको, केही सब्जी ल्याउनु भयो भन्ने आशा थियो । के ल्याउनुभयो जङ्गलको सिकार भनेर सोधी अरे । सिकार यहि त होला । तिमीहरू दुईजनाको अनुहार हेर्दा मेरो पेट भरिहाल्यो नि भनि अरे । लुलुलु तेरो गफले त पेट भरियो । अब घरमा के छ खानेकुरा लु झट्ट बना भनेर मुखियाले भन्यो अरे । त्यतिबेला माउते पनि आइपुग्यो । मालिक भोक लागेको छ, के छ खानेकुरा भनेर सोध्यो । यहाँ पाक्दैछ हतार नगर्, अहिले खालास् भनेर मुखियाले भन्यो । माउते हत्तेरिका, भोक लागिसक्यो त भन्छ अरे । मुखियाचाहिँ चुप लाग् न मालिक्नी छ त घरमा खान दिहाल्छ नि भन्छ अरे । एक जनादेखि दुई जना, दुई जनादेखि तीन जना खाने मुख थपियो । त्यो रात खानपिन गरेर सुते रे ।

रहँदा बस्दा बर्षदिन बित्यो । कान्छी श्रीमतीबाट पनि केटाकेटीको जायजन्म भएन । हजारौं थुप्रो थुपार्दा पनि नहुने रछ क्यार, अब के गरौँ भनेर मुखिया चिन्तित भएछ । मेरो

कर्ममा भावीले के लेखेको होला एस्तो सन्तान नै नहुने । भोलि मेरो हेरचाह कसले गर्ने सन्तान नभएपछि ? सन्तान त हामीबाटै हुनुपर्ने मलाई । मेरो सेखपछि मेरो सम्पत्ति हेरविचार गर्ने मान्छे नभएर लथालिङ्ग हुने भयो । गाउँका मान्छे रमाउने भए भन्ने सोचाइमा पऱ्यो अरे । अनि भोलिपल्ट माउतेसँग सल्लाह गर्नु गयो अरे । ए फलाना ! खाजा साजा लिएर जौं अब । हप्ता दिनको लागि चैं खाजा बोक्नुपर्छ । घरै आउनु हुँदैन । यी दुईवटा सौता दिदीबहिनी घर बसून् भनेर मुखिया र माउतेले कुरा मिलाएछ । घर आएपछि खानेकुरा मिठो मसिनो के-के छ राम्रो पकाएर दे है भनेर श्रीमतीलाई भनेछ । हामी टाडा जान्छौं । हप्ता दिन आउँदैनौं । खाजा पानी पनि ठिक्क लगाइदेओ । सात दिनसम्म पुग्ने खाजा पानीको व्यवस्था गरिदेऊ भनेर भन्यो अरे । हुन्छ मालिक, भनेर सौता दिदीबहिनीले भनेछ । यिनीहरू नआर पनि के हुन्छ त भन्छ अरे त्यो दुइटा सौता त । अनि ल हुन्छ भनेर झोलामा टन्नै सरसामान खानेकुरा हाल्देछ । खाजा खानुको लागि चिउरा पोको पार्देछ । मुखियाले हामी कम्ती भनेको पाँच दिन नभए सात दिन बेगर घर आइपुग्दैनम् है । हाम्रो खोजी नगर्नू । जत्तिखेर आइपुग्छुम् आउँछुम् । हाम्रो चिन्ता नगर्नू भनेर मुखियाले भन्यो अरे । तिमी दुईजना झैझगडा नगरीकन बस्नु नभए तिमीहरू दुईजनाकै डडाल्नुको बोक्रा जान्छ नि भन्यो अरे । त्यति हुँदाहुँदै उनीहरू सट्ट बाटो लाग्यो अरे । ल है ! धेरै सिकार मारेर सुकुटी बनाएर ल्याउनू मालिक भने अरे ती दुइटा सौताले । ल, ल हुन्छ, धेरै झगडा नगर्ने, नबाझ्ने, नजुझ्ने, फेरि धेरै नै नराम्रो हुन्छ नि म फर्केर आउँदा । आफ्नो आफ्नो विवरण खोलौला, सुनिएला भनेर मुखियाले भन्यो अरे । ल, ल हुन्छ हामी मिलेर बस्छुम् । भोक लाग्दा पकाउँछौं खान्छौं, ढुक्कले जाँदा हुन्छ भनेर भन्यो अरे ।

ती दुइटा माउते र मुखिया हात्ती लिएर गए अरे । जाँदाजाँदा घोर अनकन्टार जङ्गलमा पुगे अरे । चराचुरुङ्गी केही नभएको ठाउँमा पुगे अरे । उसका जहानले पनि आँखाले भ्याउन्जेलसम्म हेरे अरे । गयो, गयो, गयो, अनकण्टार जङ्गलमा पसिगो अरे । अब कहाँ बास बस्नु भनेर सिधै पूर्वतिर लागे अरे । पूर्व लागेपछि घोर जङ्गलमा उज्यालो कतै पनि नदेखिने कालोमैलो भएको ठाउँमा पुगे अरे । राति प्यास लागेछ । अब के गर्ने ? ए फलाना साह्रै तिर्खा लाग्यो । कसरी पानी खाने होला ? पानी कता पाइएला भनेर माउतेलाई मालिकले सोध्यो अरे । खै मालिक ! के गर्ने गर्ने मलाई पनि थाहा छैन यो ठाउँमा कता पानी पाइन्छ भन्छ अरे माउते चैं । अँध्यारो छ कता जाऊँ ? बाघ भालुले खान्छ कि भन्दै हात्तीलाई त्यहीँ बाँधेर दुईजना नै पानी खोज्न गए अरे । जाँदा जाँदा पर पुगेपछि एउटा ठुलो पोखरी भेट्यो अरे । अँधेरी रात जङ्गलको बिचमा कालो पानी थलथल गरेको देखिन्छ रे । पानी त भेटियो अब कसरी खाऊँ ? तिर्खा लागिरछ भन्छ अरे । धन्न त्यो माउतेले चाहिँ एउटा बाँसको ढुङ्ग्रो बोकेको थियो अरे । अब केमा उगाएर खानु मालिक ? मैले एउटा बाँसको ढुङ्ग्रो बोकेको छु । यसैले उगाएर खाऊँ भनेछ । त्यो ढुङ्ग्रो धोइपखाली गरेर पानी उगाएर खाए । मुखियाले माउतेलाई अब एतै डेरा हालेर बस्नु पर्छ हात्ती लिएर आऊ भनेछ र ऊ चाहिँ त्यहीँ बसेछ । भात खाने कुरै भएन । श्रीमतीले पोको पारेर दिएको चिउरा र पोखरीको पानी खाएर बसे । हात्तीको गद्दा ओच्छ्याएर सुते अरे । घोर बार बजे राति त्यस पोखरीमा तीनवटी बिहे नभएका असाध्यै राम्री केटी निस्के अरे । ती केटीहरू त देवीहरू पो थिए रे । उज्यालो भयो अरे ती केटीहरू निक्लिँदाखेरि । पहिले जेठी केटी निक्ल्यो अरे । ए माइली तँ छिटो आइज । मैले तन्ना लिएर आको छु । तँलाई चाइने कुरा लेर आइज भन्छ अरे । तिनीहरू त्रिपाशा खेल्थे अरे । माइलीको पालो ठ्याक्क निस्केर तन्ना ओछ्याई अरे । जेठी र माइली बसेपछि कान्छी बहिनीलाई ए कान्छी तँ छिटो आइज भनेर बोलाए अरे । म धन्दा सकेर आउँछु ठिक्क पार्दै गर्नु नि भनेर कान्छीले भनेछ ।

मालिक त सुतिहालेछ । माउतेलाई चाहिँ निन्द्रै आको छैन रे । कान्छी बहिनी पनि आयो अरे । कान्छी त झन् धेरै राम्री । तीन चुला जस्ता भएर तीन जना दिदीबहिनी ओर्तिर

पर्तिर बसे । जेठीले त्रिपाशा झिक्यो । कति कति थाप्ने भनेर सोध्यो । पोखरीमा बस्ने देवीहरूलाई पैसाको के कमी ? दुई घण्टा जति खेले । जब तीन बज्न लाग्यो अनि अब धेरै समय विताउनु हुँदैन । घरमा थुप्रै काम छ भन्यो अरे कान्छीले । अनि दिदी तपाईं कोसँग बिहे गर्ने भनेर जेठी दिदीलाई कान्छी बहिनीले सोधे अरे । म त ठुलो राजासँग बिहे गर्ने । राम्रो लुगा लगार रानी भएर बस्ने भनेर दिदीले भन्यो । माइली दिदीको पालो आयो । म त ठुलो हाकिमसँग जाने भनेछ । अह्राउने खटाउने मेरो अभिभारा हुन पाओस् न तेस्तो पो मजा आउँछ । मरुन्जेल काम गर्नेको घरमा बे गर्नु के जानु भनी अरे । जेठी दिदीले कान्छी बहिनीलाई कान्छी तँ चैँ कस्तासँग बिहे गर्छेस् भनेर सोधी अरे । म त केहि पनि रोज्दिन अहँ ! म त सूर्य चन्द्र हुन पाएँ भने भाग्य भनी अरे । मलाई त सम्पत्ति चाहिँदैन । बिहे गरेर सन्तान नै भएनन् भने के गर्ने त्यो सम्पत्तिले ? धनसम्पत्ति रोजेर मात्रै हुन्छ ? बिहे गरेपछि त सबैभन्दा ठुलो सम्पत्ति सन्तान हो भनेछ । हैट् ! तँ त कस्तो रछस् ? राजासँग बिहे गर्यो भने रानी बन्न पाइन्छ । सबै काम अरूले नै गर्दिन्छन् । हाई सुख हुन्छ । हाकिमसँग बिहे गर्यो भने सुखै सुख पाइन्छ । नोकरचाकरले सबैथोक गर्दिन्छन् । यस्तो पो रोज्नुपर्छ त भनेर दिदीबहिनीले भनेछन् । होइन, होइन मलाई त चन्द्रसूर्य बन्न पाएँ भने भैगो भनेर झम्लङ्ग पोखरीमा फाल हानिहाल्यो अरे । अँध्यारो भैगो ।

यतिञ्जेल माउतेले ती दिदीबहिनीको कुरा सुनिरह्यो । कान्छी बहिनी पोखरीमा हाम फालेपछि मालिकलाई बोलाई तर नब्युँझिएपछि चिमोटेर उठायो । मालिक मालिक ! आज त मलाई बार बजेपछि निद्रै लागेन । यो पोखरीमा त राम्राराम्रा देवीहरू बस्दा रैछन् । तिनीहरू त्रिपासा खेल्दा रैछन् । हाम्रा मालिक्नीहरू भन्दा राम्रा राम्रा रहेछन् भनेर सुनायो । हँ ! त्यसोभए आज सिकार खेल्न जानु हुँदैन । म दिनभरि सुत्छु । खानेकुरा ल्याएकै छ खानका लागि । भरे राति चाहिँ जाग्राम बस्छु भनेछ । हामी मात्र पेट भरेर हुँदैन हात्तीलाई पनि चराउनु चाहिं पर्छ है ! भनेर माउतेलाई भनेछ । बिहान उज्यालो हुने बेलामा चिबे चरो करायो अरे । यो चिबे त उज्यालो हुने बेलामा मात्र कराउँछ भन्ने उनीहरूलाई थाहा थियो । त्यसैले अब उज्यालो भएछ भन्ने थाहा पाए । मालिकले केही समय पर्खिँदा केही फल अवस्य पाइन्छ तेसैले हप्ता दिन भए पनि यही जङ्गलमा बस्नुपर्छ है भनेछ । मालिक पातलो झुनाको रूमालजस्तो लिएर गएको थियो अरे । हात्तीलाई धुलो छ्याप्छ भनेर अलिक पर्तिर बाँधेको थियो । माउते चाहिँ उठ्दै हात्तीलाई घाँस लहरालुहरी दिँदै बसेछ । मालिक चाहिँ घुरेर दिनभिर निदाएछ । बेलुका रात परेपछि ती तीनवटा देवी पोखरीबाट निस्के अरे । कान्छी बहिनी चाहिँ सबैभन्दा राम्री थि अरे । मालिक र माउते दुवैजना बसेर हेर्छन् रे । माउतेलाई इशाराले नबोल् है भन्छ रे । जेठी दिदीले लु छिटो आओ म मेरो सामान लिएर आइसकेँ । माइली तन्ना लिएर आइज भन्दै जेठी दिदी पोखरी बाहिर निस्की । उसको पछिपछि माइली पनि तनमा लिएर निस्की । अन्तिममा कान्छी बुइनी निस्किँदा झलल उज्यालो भयो । तन्ना ओछ्याएर तीन बुइनी तीनतिर बसेर पासा खेल्न थाले । दुई तीन घण्टा खेलेपछि फेरि जेठी दिदीलाई के बन्ने भनेर कान्छी बहिनीले सोधी । अस्ति भनेको होइन ? म राजासँग बे गरेर रानी बन्ने भनेर भनेछ । माइलीलाई सोध्दा हाकिमसँग बे गरेर हाकिम्नी बन्ने भनिछ । कान्छीले चाहिँ सामान्य मान्छेसँग बे गर्ने र सूर्यचन्द्र बन्ने भनेछ । अनि उनेरू पोखरीमा फाल हानेछ । तेसपछि त्याँ फरि अँध्यारो भयो अरे ।

माउतेले मालिकलाई को मन परो त भनेर सोधेछ । त्यो जेठी त राजासँग बे गर्ने अरे । माइली हाकिमसँग बे गर्ने अरे । यी दुबैजनाले तपाईंलाई भात पकार ख्वाउँदैन । कान्छीलाई चैँ चन्द्रसूर्य चाहिन्छ रे । के भनेको हो त्यो चन्द्रसूर्य चाहिन्छ भनेर ? मलाई त कान्छी नै ठिक लाग्यो है मालिक भनेर माउतेले भनेछ । सात दिनसम्म त्यो मुखिया र

माउते त्यही जङ्गलमा बसेछन् । दिनभरि जङ्गलमा घुम्ने फिर्ने सुत्ने अनि रातभरि जाग्राम बस्ने र देवीहरूलाई हेर्ने गरेर बसेछन् । सातौं दिन पनि तीन दिदी बहिनी खेलिसकेर पोखरी फर्किंदा कान्छी बहिनी चाहिँ अन्तिममा रहेछ । पोखरीमा हामफाल्न लागेको बेलामा पछाडिबाट मालिकले उसलाई च्याप्प समातेछ । मलाई मेरा दिदीले थापाले भने मार्छन् मलाई छोड्नुस् भनेर भन्छ अरे । मालिक चाहिँ अहँ छोड्दिन, मेरो ज्यान गएपनि छोडदिन भनेर भन्छ रे । उता माउतेले हात्ती ठीक पारेको छ रे । घिस्याउँदै लगेर हात्तीमा राखेर लिएर गयो रे । उज्यालो हुने बेला घरमा आइपुगे अरे । आज त हाम्रा मालिक हिँडेका पनि सात दिन भयो । केही सिकार त ल्याउँछन् होला भनेर दुईवटी श्रीमती पर्खेर बसेका रहेछन् । हात्ती सिधै आँगनमा लगेर रोकेपछि ओइ ढोका खोल । तिमेरू दुई जाना कता गयौ भनेर कराएछ । ए कान्छी ! मालिक आएजस्तो छ । जा गएर ढोका खोल्दे भनेर जेठीले भनी अरे । ढोका खोलेर हेर्छ रे । तीनजना छन् माहुतेशुद्ध । ढोका खोलेर गइगो अरे र जेठीलाई दिदी हाम्रो मालिकले त अर्को साथी ल्याए जस्तो छ । हामी जस्तै साथी हो कि केटा साथी हो मैले त चिन्नै सकिन भन्यो अरे । हात्ती आँगनमा छपक्क बस्यो अनि मालिकले देवीलाई हात समाएर महलमा लग्यो । हैन के हो यो ? सिकार लिन गएको मान्छे अर्की बुढी लिएर आको ? भनेर जेठी बुढिले भन्यो । अनि के गर्नु त तिमीहरूबाट जायजन्म भएन । मेरो एत्रो सम्पत्ति खाने चाहिएन त ? तिमेरू चुप लागि बस भनेछ ।

ती सौता दिदी बहिनी मिलेर खाँदै बस्तै गरेछ । ल्याएको चौध महिनामा कान्छी बुढी दुई जिउकी भयो अरे । यो कान्छी त दुई जिउको भयो । यसलाई त क्यै काम पनि अराउनु हुँदैन भन्ने सोचो अरे घर मालिकले । तँ यी नै बस् म बाहिर पाखा बस्न जान्छु भनेछ । तल दुईटी श्रीमतीलाई बोलाएर कान्छी दोजिया भएकाले केही काम नलगाउनु, तिमेरू दुई जनाले मिलेर काम गर्नु भनेछ । दुवै जनाले हुन्छ भने अरे । मुखिया सिकार खेल्न भनेर गएछ । यता सौता सौता मिलेर गाग्रो बनाउने कुमालेकोमा गएछ । मान्छे छिर्ने खालका ठुलो गाग्रो बनाउन सक्छस् ? भनेर सोधेछ । कुमालेले गाग्रो बनायो । उनेरले कान्छीलाई बेथा लागेपछि ए कान्छी ! तँ यस गाग्रोमा मुन्टो हाल भनेछ । हाम्रो गाउँको चलन यस्तो छ भनेछ । कान्छीले पनि हुन्छ भनेछ । एक घण्टामा छोरा जन्मेछ । छातीमा सूर्य र चन्द्र भएका जगजग बल्ने उज्यालो लिएर जन्म्यो अरे । ओहो ! एल्ले त एस्तो छोरा जन्माई, अब मालिकले हामीलाई हेला गर्छ । के गर्ने ? भनेर दुईटीले सल्लाह गरे अरे । माइली चैं चण्डाल थि अरे । गाउँमा गएर मुस्लीको टुक्रा खोजेर ल्याइछ अनि सुत्केरी खुनमा लट्पट्यार तेसैलाई नानीजस्तो बनाएछ । अनि दुईटै छोरालाई माछा पोखरीमा हाल्देछ । अनि कान्छीलाई तँ त राक्षसनी रछस् । छोरो पाउँछु र महलमा राज गर्छु भन्ने सोचेको थिस् होला, यस्तो काठको टुक्रा सासै नभको पाइस् भनेर भनेछ । बिचरा कान्छी रुन थालेछ । यसो हेर्दा काठको टुक्रा नै छ । थुक्क ! मेरो भाग्य ! मैले तेत्रो चन्द्रसूर्य पाउँला भन्ने सोचेको थिएँ । आज यो के भको ? भन्दै रुन थालेछ । मालिक पनि जङ्गलबाट घर फर्क्यो । घर सुनसान र अन्धकार देखेर के भयो भनेर सोधेछ । के हुनु नि ! खुब् छोरा पाउँछ भनेर बुढी ल्याउनु भको थ्यो नि हैन ? यी यस्तो सासै नभको काठको टुक्रा पायो भनेछ । गाउँको मान्छे सबै हेर्छ अरे । काठको टुक्रा देखेर छक्क पर्यो अरे । मैले छोरा पाउँछ होला भनेर सात दिन पर्खेर यसलाई ल्याको थेँ । यो त अलच्छनी रछ । यस्तो काठको टुक्रा पाउने नै यहाँ राख्दिन यसलाई चार बाटोमा एउटा झुप्रो बनाएर राखिदिन्छु भनेर मुखिया रिसाएछ । उल्लाई चारबाटोको बिचमा लगेर कटेरो बनाएर राखिद्यो अरे । कान्छी रुँदै रुँदै गयो अरे ।

जब महिना दिन पुग्यो माछाले चन्द्र सूर्यलाई पाल्न नसक्ने भो । त्यही दिन नोकरले घोडालाई पानी ख्वाउन बिर्सेछ । घोडा दाम्लो छिनाएर पोखरीमा पानी खान गएछ । पहिले

जनावरको पनि बोली आदानप्रदान हुन्थ्यो रे । माछाले घोडालाई ए यमराज ! तँ त वायुपङ्खी घोडा होस् । यहाँ मान्छेका बच्चा छ । म यो बच्चालाई पाल्न सक्तिन । यो बच्चा दिन दिनै बढ्दै जान्छ । म के खाएर बाँच्नु ? तेरो भुँडी ठुलो छ । अब तैँले पाल्नुपर्छ भनेछ । पानी खाइसक् अनि यो बच्चालाई थपक्क निलेर लैजा । टुकुटुकु हिँड्ने हुन्जेल राख् तेरो पनि भाग्य फल्छ भन्छ रे । घोडाले पनि हो त ? भनेर पानी खाएर त्यो बच्चालाई पनि निलेछ । त्यो माछा खाडीमा झलल बलेको देखिन्थ्यो । ती दुईटा सौता दिनदिनै खाडी हेरिरन्थ्यो । के बल्छ हाम्रो खाडीमा ? जहिले झलल बलेको देखिन्थ्यो । आज के भयो होला ? अँध्यारो देखिन्छ भन्छ अरे । बिहान हेर्दा तबलामा घोडा पनि छैन । घोडा तबलाको छेउमा गएर उभिएको थियो । घोडालाई घाँस दिँदा घाँस पनि खाएन, दानापानी दिँदा चाहिँ अलिअलि खायो अरे । के भएछ यो घोडालाई ? बिमारी पो भयो कि भन्ने सोच्यो अरे । माइली चैं निकै चन्डाल थिई । ती बच्चा त घोडामा पो आए कि के हो भन्ने सोचेछ । एक महिनापछि उसले जेठी सौतालाई आज घोडाको तबला सफा गर्ने दिन तपाईंको । म यता बाख्रा गाईबस्तु स्याहार्छु भनिछ । भोलिपल्ट बिहान घोडाको तबेलामा गएर सरसफाइ गरेर घाँस खान दिँदा घोडाले खाएन । दाना चैं अलिकति खायो अरे । जेठीको पालो आफ्नो मालिकलाई सुनाएछ अरे । मालिक मालिक ! यो सेतो घोडालाई के भएको हो । घाँस दाना पानी केही पनि खाँदैन । घाँस त सुँघ्यो मात्रै बिमारी भो कि के भो भनेछ । मालिक रक्सी खाएर बसेको थियो । उसले मेरो घोडालाई केही पनि भएको छैन भनो । ऊ कान्छी बुढीले काठको टुक्रा पाएकोले विरक्तिएर बसेको थियो । घोडाले दिनभरि केही खाँदैनथ्यो । बेलुका भएपछि मात्रै खानेकुरा खान्थ्यो । घोडालाई दिउँसो खादा पेट भित्रको चन्द्रसूर्य केटो मर्छ भन्ने थियो । उसको मालिकलाई भने कान्छी श्रीमती बित्थामा बिहे गरेँछु । अब हामी सबै सकिने भयौं भन्ने पीर थियो । दुइटी सौता चाहिँ कसरी घोडालाई मार्ने भन्ने मात्रै सोचिरन्थे । उनेरू बरण्डाबाट घोडाको चियोचर्चो गरी बस्थे । आधारात भएपछि घोडा दाम्लो छिनालेर बाहिर चौरमा निस्किन्थ्यो र त्यो चन्द्रसूर्य केटालाई ओकलेर चौरमा घोप्टो पारेर सुताउँथ्यो र आफू चर्थ्यो ।

एकदिन चियो चर्चा गर्दागर्दै माइली सौताले घोडाले चन्द्रसूर्य सुताएको देखिछ । उसले जेठीलाई हामीले माछापोखरीमा फालेको कान्छीको छोरा त माछाले खायो होला भनेको यो घोडाले पो ल्यार पालेको रैछ । अब यो घोडालाई कसरी मार्ने ? भनेछ । त्यो रात माइलीले जेठीलाई घोडाले चन्द्रसूर्य लुकाएको ठाउँ देखाई । घोडाले यो कुरा थाहा पायो । अनि ऊ माछा खाडीमा गएर ए माछा राजा ! केटाका सौतेनी आमाले सबै कुरा थापाए । अब म पनि मर्ने भए त पनि मर्ने भइस् । के उपाय गर्ने त ? भनेर सोध्यो । अब यो चन्द्रसूर्यलाई कसरी बचाउने ? भन्दा माछाले मसँग उपाय छैन भनो । त्यसो भए मैले भनेको मान्छस् त भन्दा मान्छु भनो । पहिले घोडा मर्ने भयो अनि मात्रै माछा मर्ने भयो । यता घरमा घोडाले कान्छीबाट जन्मेको छोरालाई पालेको कुरा थाहा पाएपछि जेठी र माइली सौताले योजना बनाएछ । जेठी माइली पालैपालो बिमारी हुने भए । गाउँको ओझा धामीले चिन्ता बस्ने भो । माइली बिमारी हुँदा खाडीको सबै माछा मारेर त्यसको धुलो बनाएर जिउमा लगाउँदा मात्रै जाति हुन्छ भन्नु है भनेर धामीलाई पैसा दिए । फेरि जेठी बिमारी भए सेतो घोडा जङ्गलमा लगेर काटेर मारेर आउनु अनि मात्र निको हुन्छ भन्न लगाएछ । घरमा दुइटै बुढी बिमारी भएपछि ओझा बोलाए । ओझाले काम्दै काम्दै तपाईंको घरको सेतो घोडा जङ्गलमा लगेर काटेर मार्नुपर्छ अनिमात्रै तपाईंको जेठी श्रीमती बाँच्छ भनो अरे । फेरि थाल बजाउँदै जोखाना हेर्दा माइलीको जोखाना आएछ । खाडीको माछा जति सबै मारेर त्यसको धुलो बनाएर जिउमा लगाएर बेस्मारी मालिस गर्नुपर्छ अनि मात्रै तपाईंको माईली श्रीमतीलाई ठिक हुन्छ नभए हुँदैन भन्यो । मालिकले पनि हो त भनेर पत्यायो ।

फेरि त्यो तपाइँकी कान्छी श्रीमती त राक्षस हो । त्यस्तो काठको बच्चा जन्माउने अलच्छिनी हुन्छ । तेसलाई छेउछेउमा राख्नु हुँदैन भनेछ ।

भोलिपल्ट बिहानै घोडालाई लिएर गए अरे । हात्तीको काम गर्ने मान्छेलाई एउटा लामो कत्ति दिएर एसलाई च्वाट्टै छिनाएर आइज भनेर पठायो । काम गर्ने मान्छे पनि घोडा दौडाएर जङ्गलतिर लिएर गयो । बिच जङ्गलमा पुगेपछि घोडाले लगामको डोरी फुस्काएर भाग्यो । त्यो घोडा उडेर अर्कै देशमा पुग्यो अरे । त्यो केटा पनि ठुलो भएछ । घोडाले फाटेको लुगा ल्याएर लगाउन दियो अरे । के गर्नु राजकुमार तिमीले गर्दा मैले पनि दुःख पाएँ । हामीले एति टाढा अर्कै देशमा आउनुपर्‍यो । माछा र मैले मिलीजुली तिमीलाई हुर्कायौँ । तिम्रो पनि जय होस्, हामीलाई पाप नलागोस् भनेर भनो अरे ।उता खाडीको सबै माछा जति मारेर पिस्न लगाएर माइली बुढीलाई मालिस गर्न लगायो । मालिस गरेपछि मलाई अहिले अलिक सन्चो भयो भनेर माइली बुढीले भन्यो अरे । घोडालाई लिएर जङ्गलमा गएको माउते पनि फर्केर आयो अरे अनि तैँले घोडा मारिस् त भनेर सोध्दा मारेँ मालिक्नी मारेँ । जङ्गलको बिचमा पुर्‍याएर कस्सैले नदेख्ने गरी च्वाट्टै काटेँ भनेछ ।

घोडा र चन्द्रसूर्य अर्कै देशमा गएर बसे अरे । त्यो घोडाले नै चन्द्रसूर्यलाई हुर्कायो अरे । एक दिन घोडाले चन्द्रसूर्यको जन्मदेखि घटेका सबै घटना सुनायो अरे । सबै कुरा बताएपछि उनीहरू गाउँ घुम्न निस्के अरे । डङ्किनी सौतेनी आमाले पो यस्तो गरेको रहेछ भन्ने कुरा थाहा पाएर आफ्नी आमा भेट्ने रहरले गाउँ घुम्न निस्के अरे । एता उसको आमा चाहिँ दूध गान्नेको छ अरे । मेरो छोरा कल्ले भेटेर ल्याउँछ छोरोलाई दस धारा दुध चुसाउन पाए मेरो आँखा खुल्छ भन्ने तपस्या गरेर बसेको थियो रे । गाउँ घुम्दै घुम्दै त्यो केटो आयो अरे । गाउँलेहरू को केटो रहेछ यो ? झत्ते झाम्रे लुगा लगाको छ । अनुहार हेर्दा त राम्रो छ । ज्यान हेर्दा त लड्न आँटेको छ । बिचारा खान नपाएर होला भनेर गाउँका मान्छेले भने अरे । एकजना मान्छेले माया लागेर लुगा लगेर दियो अरे । यो झत्ते लुगा होलेर मैले ल्याएको राम्रो लुगा लाऊ भन्दा खोल्नै मानेन अरे । मैले जन्मैदेखि यही लुगा लगाएको हो । मलाई यही लुगा मन पर्छ । म अरू लुगा लगाउँदिन भनेछ ।

एक कान दुई कान मैदान हुँदै यो कुरा मुखियाको कानसम्म पुगेछ । कहाँ छ त्यो केटो भनेर सोध्दा फलानो गाउँमा फलानाको घरमा बसेको छ भन्ने कुरा थाहा पायो । एउटा गाउँको बुढो मान्छेको घरमा राखेको थियो अरे । त्यहाँ पुगेर सोध्दा खेल्न गको छ भने अरे । खेलेर फर्किएपछि मुखियाले केटालाई भेटेछ । घर फर्केपछि मालिक तपाईं काँ गर आउनुभको भनेर माउतेले सोधेछ । म एउटा गाउँमा गको थिएँ । तेस गाउँमा एउटा च्याँसे, दुब्लो, खान नपाएर लुते भएको तर उज्यालो अनुहार भएको केटो रहेछ । लुगा फुकाउन मान्दोरैनछ भनेर सुनायो । माउतेलाई त सबै कुरा थाहा थियो । उसैले लगेर जङ्गलमा घोडालाई छोडेको थियो । काँ छ त्यो केटो भनेर सोधेछ । फलानो गाउँमा, फलानाको घरमा छ भनेर मालिकले भनेपछि माउते त्यहाँ गएछ । ए केटा ! तेरो आमा त रोइराखेको छ । हिँड घर । मेरो मालिक नै तिमी हो भन्यो अरे । काँ हुनु म मालिक ? अनि मेरो आमा पनि को हो भन्ने कुरा मलाई थाहा छैन । मेरो आमा त पहिले नै मरिसक्यो होला । म त ठुलो भैसकेँ भनेछ । लु मसँग हिँड । म तिम्रो आमा भएको ठाउँमा पुर्‍याउँछु भनेर माउतेले त्यो केटालाई लिएर आयो अरे । लुगा फुकाउन भने केटाले मानेन अरे ।

ल ठिकै छ, मेरो आमा छन् भने मेरो पनि भाग्य खुल्छ, उनको पनि भाग्य खुल्छ, जान्छु भनेर माउतेसँग त्यो केटा आयो । चौबाटोमा आएपछि उसको आमाको घर थियो । ढोका खोलेर भित्र पसेपछि कान्छी मालिक्नी भनेर माउतेले बोलायो अरे । यसो आँखा नखोलेरै बिस्तारै है ! भन्यो रे । रुँदारुँदा आँखा सुन्निएका, नकोरेर भ्याम्लाङ्ग भएको कपाल,

धुलोमैलो लुगा लगाएको हेर्दै बौलाईजस्तो देखिन्थी अरे कान्छी मालिक्नी त । छोरोले छेउमा गएर आमा भनेर बोलायो अरे । को हो तँ मलाई आमा भन्ने ? भनेर सोधी अरे । तपाइँले के इच्छा गरेको थियो आमा ? के मागेको थियो भगवान्सँग ? तपाइँ कसरी यो अवस्थामा आइपुग्नु भयो मलाई नढाँटी भन्नु त आमा, सम्झेर भन्नू भन्यो अरे । अनि कान्छी मालिकनीले एउटा घोर जङ्गलमा सूर्यको प्रकाश कहिले पनि नपर्ने ठाउँमा एउटा खाडी थियो । त्याँ हामी तीन बहिनी बस्थ्यौँ । जेठीले राजासँग बे गर्ने भनी । माइलीले हाकिमसँग बे गर्ने भनी । मैले चैं सामान्य मान्छेसँग बे गरेर चन्द्र सूर्य पाऊँ भनेर भगवान्सँग मागेको थिएँ । तर आज एस्तो गति भो भन्यो अरे । तपाइँले रोजेको चन्द्रसूर्य हेर्ने त भनेर छाती देखाइदियो अरे । छातीमा त चन्द्रसूर्य झलल अरे । ओहो ! मेरो छोरो यै हो भनेर थपक्क काखमा राखेर सातधारा दूध चुसाई अरे । आमा, अब हामी यहाँबाट जौं भनेर छोरोले भन्यो अरे । आमाले अहँ ! हामी यहाँबाट कहीँ नजाने, तिम्रो दर्शन गर्न कति धेरै मान्छे आउँछन् भनेर भन्यो । यो कुरा माउतेले सुनिरहेको थियो । अरे ! यी त राजकुमार पो रहेछन् । हाम्रो मालिकको बिग्रिने मतिले पो कुरै नबुझी कान्छी मालिक्नीलाई यस्तो ठाउँमा राखेका रछन् भनेर ऊ मालिकलाई सबै कुरा सुनाउन गयो अरे । मालिक मालिक, तपाइँले कान्छी मालिक्नीलाई किन हेला गर्नुभको ? मात्तै भनेको थियो । मालिकले तँ नकरा मलाई किन भनेर सोध्छस् ? छोरा पाउला भनेर बे गरेको काठको टुक्रा पाउने तेस्ता अलच्छिनीलाई किन राख्नु यहाँ भनेर भनेछ । माउतेले तेत्रो सात सात दिन हामीले अनकन्टार जङ्गलमा कुरेर लेर आको होइन ? के रोजेको थ्यो कान्छी मालिक्नीले हेर्न जाऊँ भनेछ । हातमा समातेर तान्दै लेर गयो अरे । तेरो दुष्ट बाउ आउँदैछ छोरा । उसका बुढीका कुरा सुनेर मलाई यस्तो चारबाटोमा ल्यार राख्यो । मेरो यस्तो विजोग बनायो भन्छ अरे कान्छी बुढी चैं । छोरोले चैं जे भो भो आमा, बाउलाई तेसो नभन्नू । भगवान्को सृष्टि हो, हामी जे भोग्न आयौं त्यो भोग्नै पर्छ भन्छ रे । घरमा आएर ऐ कान्छी ! तेरो खबर के छ ? निको भइस् भन्यो अरे । मैले जे चाहेको थैं त्यो पाइहालैं । मलाई अब केइ पनि दुःख छैन भनी अरे । अनि खै त तेरो चन्द्रसूर्य भनेछ । हेर्छस् ? लु हेर् मेरो चन्द्रसूर्य भनेछ र ए छोरा देखाइदे यो मान्छेलाई भनेछ । अनि त्यो केटाले पनि आफ्नो लुगा खोलेर छातीको दायाँबायाँ भको चन्द्रसूर्य देखाएछ । ओहो ! हो त रछ । ए माउते लु हात्ती ठिक पार् भनेर छोरोलाई लिएर गएछ । माउतेलाई यी दुईटी सौतालाई बिच जङ्गलमा बाघ भालु लाग्ने ठाउँमा लगेर छोडेर आइज । मेरी कान्छीले चन्द्र सूर्य मागेर पाको छोरोलाई यिनेरले फालेर काठको टुक्रो पाइ भन्ने ? भनेछ । अनि जेठी र माइलीको नाक कान काटेर खेदाएछ र कान्छी श्रीमती बाउ र छोरा खुसीसाथ बसेछन् । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

**स्रोतव्यक्ति :** टेकाउ धिमाल

**उमेर :** ७८ वर्ष

**स्थान :** दमक नगरपालिका-४, कृष्णमन्दिर

## ७. टुहुरो र लोभी बुढी

एउटा गाउँमा एउटी बुढी मान्छे बस्थी । ऊ साह्रै गरिब थिई । उसको एउटा छोरा थियो । खान लाउन पनि अपुग थियो । रहँदाबस्ता उसको छोरो ठुलो भएपछि सहर जान खाज्यो । जान त जानु तर कसरी जानु भन्दा उसकी आमाले सातवटा रोटी बनाएर पठाइदिई । जाँदाजाँदा उसले दुईवटा बाटो भेट्यो । एउटा बाटो जङ्गलतिर जाने थियो र अर्को बाटो कतातिर जाने थियो थाहा भएन । ऊ जङ्गलको बाटो गएछ । जाँदाजाँदा धेरै थकाइ लागेपछि एउटा पिपलको फेदमा थकाइ मार्‍यो । अब भोक लागेपछि ऊ आफ्नी आमाले दिएको खाजा खोलेर हेर्न थाल्यो । एउटा खाऊँ कि दुईटा खाऊँ ? दुईटा खाऊँ कि तीनटा खाऊँ भन्दाभन्दै सातैवटा खाऊँभन्दा, एकखेप भन्यो, दुईखेप भन्यो अनि तीनखेप भनेपछि त्यस जङ्गलको एउटा भूतप्रेत निस्क्यो । अहो ! हामी सातजना छौँ, तपाईँ कहिले त्यसो नभन्नू, तपाइँ जे खोज्नुहुन्छ म त्यही दिन्छु भन्यो । हामी आमाछोरालाई खान लाउन चाहियो भन्दा उसले एउटा तपेस पठाइदियो। यो तपेस लगेर घरमा भन्नू, भात पाकिजा भन्दा पाक्छ, दाल पाकिजा भन्दा पाक्छ, जे भने नि त्यो पाक्छ भनेपछि ऊ सन्तुष्ट भएर फर्क्यो । फर्केर आउँदा आउँदा ऊ एउटा गाउँमा पुग्यो । त्यो गाउँ यस्तो गाउँ थियो जहाँ एउटी कन्जुस्याइँ बुढीमान्छे पो रहेछ । त्यस्तो ठाउँमा पुगेछ । अब मलाई बास बस्न देऊ । मलाई साह्रै थकाइ लागेको छ भन्दाखेरि लु लु बस बस भनी । बास माग्दाखेरि अब किन खानलाउन माग्नु पर्‍यो र ? लु हेर, मैले यस्तो चीज ल्याको छु, खाना भन्दा यहीँबाट निस्किहाल्छ यहीँबाट खाऊँ भन्यो । त्यो केटो सोजो थियो । उसले भात पाक् भन्दा भात पाकिगो, दाल पाक् भन्दा दाल पाकिगो । अनि दालभात तरकारी सबै पाकेपछि त्यो घरको मान्छे र त्यो भाइले खाना खाए । राति भएपछि त्यो घरको आइमाईलाई लोभ लाग्यो । लोभ लागेपछि ऊ सुतेको बेला त्यो आइमाईले भाँडा साटिदियो ।

बिहान हातमुख धोएर अब म बिदा हुन्छु भनेर त्यहाँबाट गयो । उसको आमाले अरे ! विदेश कमाउन जान्छु भनिस्, खै त ! कति छिटो आइहालिस् । हिजै मात्रै गको आज आइहालिस् त भनेर भन्दा हैन, मैले सबै कुरा कमाएर ल्याको छु । एकैदिनमा मलाई यस्तो मौका मिल्यो कि मैले कमाउने साथी भेट्टाएँ भन्यो । के ल्याइस् त ? भनेर सोध्दा एउटा भाँडो देखाइदियो । यो भाँडोमा भात पाक् भन्दा पाक्छ, दाल पाक् भन्दा पाक्छ, जे पाक् भन्यो त्यही पाक्छ तपाइँ चिन्ता नगर्नूभन्यो । हो न हो भन्दै दाल भात पकाउन आमाले रेडी गर्‍यो तर पाकेन । फेरि अहो ! कल्ले मलाई झुटो बनायो भनेर भोलिपल्ट त्यही ठाउँमा आमाले बनाएको सातवटा रोटी लिएर गयो । त्यही बाटो गयो, जुन ठाउँमा बिसाउनुपर्ने त्यही ठाउँमा बिसाएर सातवटा रोटी निकालेर एउटा खाऊँ कि दुईटा खाऊँ कि सातैवटा खाऊँ भन्यो । त्यो भूतले फेरि हैन यो केटालाई के भएछ ? फेरि हामीलाई यसो भन्दै आयो भनेर उसलाई के भयो भनेर सोधे । हत्तेरी तपाइँले दिएकाले केको पाक्नु ? केही पनि पाकेको छैन भन्यो । त्यसो भए लु यो एउटा बोका दिन्छु, तिमीले ओच्छ्याउनु पनि पर्दैन, ओड्नु पनि पर्दैन यसले सबै जाडो खाइदिन्छ भन्यो । हो न हो भनेर त्यो केटो बोका लिएर फेरि त्यही ठाउँमा बास बस्न पुगेछ । जाडोको मौसममा पातलो लुगा लगाएर यत्तिकै बसिराको छ, काँप्नुपर्नेमा नकाँपी बसेको देखेर छक्क परी । सबै एकै ठाउँमा सुतेपछि त्यो बुढीको घरमा पनि बोका रहेछ । राति सुतेको बेलामा त्यो बुढीले बोका साटिदिछ । बिहान घर आयो । राति जाडो भयो । बिहान उठेर फेरि त्यही ठाउँमा उसैगरी सातवटा रोटी लिएर गएछ । फेरि भूतले सोधेछ, के भएर आयौ ? उसले सबै कुरा भन्यो । त्यसपछि भूतले अब एउटा चिज दिन्छु, यसले सबैथोक सुधिन्छ भन्यो । अनि एउटा लठ्ठी र डोरी दियो । केटो लठ्ठी र डोरी लिएर पहिले बास बसेकै ठाउँमा आयो । बुढीले आज के लिएर आइस् भनेर

सोधी । केटाले केही पनि ल्याइन, खानेकुरा पाक्नेमा पनि पाकेन, जाडो पनि खाइदेन, यही एउटा लठ्ठी र एउटा दाम्लो लेर आको छु भन्यो । अनि के भन्नु पर्छ ?भनेर बुढीले सोधी । केही भन्नु पर्दैन, जल्ले मलाई बैमान गरेको छ, त्यो मान्छेलाई ठोक् भनेपछि ठोक्छ, बान् भनेपछि बान्छ, भनेपछि त्यो लौरोले त्यो आइमाईलाई कुट्न थाल्यो, दाम्लोले बाँध्न थाल्यो । अहँ बाबु, अब त्यसो नगर मैले नै यी सबै कुरा साट्देको छु भनेर बोका पनि दियो, त्यो भाँडा पनि दियो । त्यत्तिकैमा ऊ आफ्नो घर फर्क्यो र दालभात, तरकारी बनाएर खायो । ओच्छ्यान पनि परेन, जाडो पनि बोकाले खाइदियो र ऊ आरामसाथ घरमा रमाएर बस्यो । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्नेबेलामा तात्तातै मुखमा आइजाला ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**स्थान :** दमक नगरपालिका-४, अर्नाखाडी

## ८. सात बहिनी र सर्प

एकादेशमा एउटा बिकट गाउँ थियो । त्यस गाउँमा बुढा बुढी बस्थे । उनीहरूको बनिबुतो गरेर सिकार गरेर जीवन चलाउँथे । उनीहरू वन जङ्गलमा गएर कन्दमूल खोजेर खान्थे । यी बूढाबूढीको सात बहिनी छोरी नै छोरी थिए अरे । आमा सारै दुःखी थिईन् । हाम्रा छोरी छोरी भए । भोलिपर्सि बुढेसकालमा हामीलाई उनीहरूले पाल्दैन । बिहा गरेर पठाउनुपर्छ । छोरा छैन भनेर आमा दुःखी थिइन् । सातवटै छोरीको एउटै अनुहार परेको थियो अरे । फरक फरक समयमा जन्मेका भए पनि उनीहरूको अनुहार मिल्थ्यो अरे । सातै बहिनी असाध्यै राम्रा थिए अरे । छोरीहरू घरमै बसेर घरकै काम गर्थे अरे । बुवाआमा चाहिँ वनमा जाने सिकार खोज्ने, बनीबुतो गर्ने, खोलामा माछा मार्ने काम गर्थे अरे । एकदिन डुम्री फल खान बुवासँगै छोरीहरू पनि जाने भएछन् । त्यो डुम्रीको रुख साह्रै ठुलो थियो अरे । खोलाको छेउमा रहेको त्यो डुम्रीको रुखसम्म पुग्ने बाटो झ्यासैझ्यासले भरिएको थियो रे । बुवा, जेठी छोरी, माहिली छोरी, हुँदै सातजना छोरी लस्करै हिँडेर गएछन् अरे । डुम्रीको रोग असाध्यै ठुलो भएकोले बुवाले म माथि चढेर डुम्री झार्छु, तिमीहरू चाहिँ तल बसेर डुम्री टिप भनेर भनेछन् । छोरीहरूले हुन्छ बुवा भनेर भनेछन् । बुवा चाहिँ ठुलो डुम्रीको रूखमा चढेछन् । रूखमा चढेर एउटा डुम्री टिप्न खोज्दाखेरि सर्प निस्केछ । त्यो सर्पले हेर् मनुष्ये ! मलाई तेरो एउटा छोरी दे, अनि मात्रै यो डुम्री टिप्न दिन्छु । यो डुम्री मेरो हो, म यो रूखको राजा हो । तँलाई म यसै यो डुम्री खान दिन्न । मलाई तेरो एउटा छोरी दे । नत्र भने म तँलाई खान्छु भनेर भनेछ । बाउ डरले लुगलुग काम्न थाल्यो । उसले डुम्री पनि टिप्न पाएन । छोरीहरू पनि भोकै छ, बुढी पनि भोकै छ । यो भएपछि उसले जेठी छोरी लाई सोध्यो अरे । छोरी सर्पले मलाई यसरी खान्छु भन्छ । मैले छोरी दिएँ भने मात्र यो डुम्री टिप्न दिन्छ रे नभए मलाई नै खान्छ रे । के गर्छेस् ? तँ सर्पसँग जान्छेस् त ? जेठी छोरीले जान्न बा जान्न । यदि म गएँ भने सर्पले मलाई खान्छ, मलाई मार्छ भनी अरे । अनि सर्प राजा, छोरीले त मान्दैन त भनेर सर्पसँग भनेछ । सर्पले अर्की छोरीलाई सोध् भनेर भनेछ । उसले फेरि माइली छोरीलाई सोधेछ । माइली सर्पले मलाई खान खोज्दैछ, डुम्री पनि दिँदैन । यदि तँ सर्पसँग गइस् भने यो डुम्री तेरा दिदीबहिनीले खान पाउँथे, मेरो पनि ज्यान बाँच्थ्यो । के जान्छस् त सर्पसँग भनेर सोध्दा जान्न बा जान्न, मलाई डर लाग्छ भनेर माइली छोरीले पनि भनेछ । पालैपालो छ जना छोरीलाई सोध्दा कसैले पनि जान्छु भनेनछन् । कान्छी छोरीको पालो आएपछि कान्छी के गर्छेस् ? सर्पले मलाई छोरी नदिए मलाई नै खान्छु भन्दै छ । तँ सर्पसँग जान्छेस् त भनेर सोधेछ । कान्छी छोरीले हुन्छ बा हुन्छ । म तपाईंले जे भन्नुहुन्छ त्यही गर्छु । म सर्पसँग जान्छु भनेर भनिछ ।

कान्छी छोरीले सर्पसँग जान्छु भनेपछि सर्पले बुवालाई छोडेछ । बुवा पनि डुम्री टिपेर तल ओर्लेछन् । बुवा सँगसँगै सर्प भनी ओर्लियो अरे । अनि कान्छी छोरीलाई सर्पले आँखैअगाडि सर्लक्क निल्यो अरे । बुवा र अरू छोरीहरू आत्तिएर रोए अरे । सर्प भने कान्छी छोरीलाई निलेपछि ठुलो भुँडी बनाएर झ्यासतिर पस्यो रे । अब के गर्ने आमालाई के भन्ने भनेर बुवा र छ बहिनी छोरीहरू चिन्तित भए अरे । अब जे भएपनि घर जाने पर्‍यो । रात परिसकेपछि अगाडि अगाडि बुवा, पछाडि पछाडि छोरीहरू डुम्री बोकेर घर फर्किए । घर पुगेपछि छ जना छोरी लस्करै बसेछन् । छोरीहरूको अनुहार एउटै भएकाले आमालाई पनि छुट्याउन गाह्रो पर्थ्यो । आमाले छोरीहरू गन्दै जाँदा छ जना मात्रै भए । अनि आमाले बोलाउन थाल्यो रे । जेठी भन्दा हाइ माइली भन्दा हाइ साइँली भन्दा हाइ गर्दै छोरीहरू बोल्दै गए अरे । कान्छी भन्दा चाहिँ हतार-हतार बाबुले हाइ भनेर भन्छ रे । आमालाई विश्वास लागेनछ । अनि फेरि बोलाएछ । जेठी, माईली, साइँली, काइँली, अन्तरी, गर्दै

बोलाउँदा सबै छोरीहरूले हाइ भन्दै बोलेछन् तर कान्छी छोरीको बोल्ने पालामा बाउले हाइ भनेर भनेछ । आमाले बाबुलाई तिमी किन बोल्छौ छोरीलाई बोलाईरहेको छु जान्ने भएर हाइ हाइ गर्दा रहेछन् । कान्छी छोरी खोई भनेर सोधेछ । अनि त्यहाँबाट केही उपाय नलागेपछि यस्तो यस्तो भयो भनेर दिनभरिको सबै कहानी आमालाई सुनाएछ । घरमा रुवाबासी भयो ।

उता सर्पले कान्छी छोरीलाई सर्लक्क खायो । खाएपछि सुरुङतिर गयो अरे । सुरुङभित्र छिरेर धेरै पर पुगेपछि त्यहाँभित्र ठुलो र राम्रो महल थियो अरे । राजा खान्दानको महल थियो रे । यहाँ गैसकेपछि सर्पले त्यो कान्छीलाई ओकल्यो अरे । त्यो कान्छीलाई त बिहे गरेर रानी बनाउन लगेको रहेछ । यता कान्छीका परिवारमा चाहिँ सर्प राजा हो भन्ने कुरा कसैलाई थाहा छैन । त्यहाँभित्र सर्प राजाका धेरै सुसारेहरू रहेछन् । तिनीहरूले त्यो सर्प हाम्रो राजा हो । हामी सधैँ राजाको पूजा गर्छौं भनेर चिनाए । अब भोलि बिहे हुने गरी तयारी हुन थालेछ । भोलिपल्ट धुमधामले विवाह भयो अरे । त्यहाँका दुनियाँ, रैति, सबैलाई बोलाएर टन्न भोज खुवाएर रमाइलो गरी विवाह सकियो रे । विवाहपछि श्रीमान श्रीमती एउटै कोठामा बस्नु पर्‍यो । निद्रा लागेपछि दुवै श्रीमान श्रीमती एउटै कोठामा गए रे । बेहुली रुँदै बसी अरे । सर्पले रातिको १२ बजे काँचुली फेर्छ अरे । त्यो कुरा अरू सुसारेहरूलाई थाहा थिएन अरे । एउटी धाइआमालाई चाहिँ थाहा रहेछ । त्यो सर्पलाई त्यही धाइआमाले सानैदेखि स्याहार सुसार गरेर हुर्काएको रहेछ । मैले सर्पसँग बिहे गरेर आएँ, श्रीमान नभनौँ भने यस्तो छ, श्रीमान भनौँ भने हामी श्रीमान् श्रीमती जस्ता पनि छैनौ । मेरो पनि आन्तरिक इच्छा चाहनाहरू थिए । केहि पनि पूरा नहुने भए । यस्तै यस्तै कुरा मनमा खेलाउँदै दुःखी भएर बसिरहेकी कान्छीलाई देखेपछि धाइआमाले के भयो दुलही रानी किन यति धेरै उदास देख्छु भनेर सोधी अरे । कान्छीले सबै आफ्ना गुनासाहरू धाइआमासँग पोखी अरे । उसका कुरा सुनेपछि तिमीले पीर नगर्नु भनेर धाइआमाले सम्झाउँदै भनी अरे । अब यसो गर्नु नानी, बार बजेसम्म तिमी नसुतीकन बस्नु, बार बजेपछि सर्पले काँचुली फेर्छ । ऊ दिसापिसाब गर्न जान्छ । लामो समय लगाउँछ, झण्डै एक घण्टा नै लगाउँछ । ऊ फर्केर आउनुभन्दा अगाडि नै तिमीले उसको काँचुली जलाई दिनु भनेर धाइआमाले भनिछ । धाइआमाले भनेजस्तै त्यो कान्छी बहिनी पनि बार बजेसम्म चुप लागेर नदिँदाइ बसेछ । बार बजेपछि सर्पले काँचुली फेर्‍यो । काँचुली फेरेपछि त असाध्यै राम्रो राजकुमार पो निस्केछ । राजकुमार त संसारमै नभएको अति राम्रो रूपरङ भएको राजकुमार पो रहेछ । राजकुमार बाहिर निस्केपछि कान्छीले त्यो काँचुली डढाइदिएछ । राजकुमारले आफ्नो काँचुलीको गन्ध थाहा पाएपछि कुद्दै कुद्दै फर्केर आएछ । घर आइपुग्दा त उसको काँचुली खरानी भइसकेको रहेछ । तिमीले यस्तो के गरेको ? किन मेरो काँचुली जलाएको भनेर राजकुमारले सोधीखोजी गर्दा कान्छीले सबै आफ्नो कुरा बताएछ । म तपाईंसँग बिहे गरेर ता आएँ । तर मैले श्रीमानबाट पाउनुपर्ने माया ममता प्यार पाउन सकिन । के मेरा इच्छा चाहना थिएनन् होला र ? मलाई पनि त श्रीमानको माया चाहिन्छ नि ! मैले सर्पसँग कसरी आफ्नो मनको कुरा साट्नु त ? के तपाई सधैँ यही सर्पकै रूपमा बसिराख्ने ? भनेर भनेछ । त्यो रात तेत्तिकै दुःखसुखका कुरा गरेर बित्यो । उज्यालो हुन नपाई उठ्ने सर्प राजा र रानी घाम माथि आउन्जेल पनि नउठेपछि खैलाबैला भएछ । सैनिकहरूले बाजा बजाएर हल्लाखल्ला गर्दा भने सर्प राजारानी बाहिर आएनछन् । आज अचम्म भयो किन राजारानी उठ्दै उठेनन् भनेर सबैजना अचम्ममा परेछन् । राजाले त आफ्नो रूप फेरिसकेको थियो । तर यो कुरा रानी बाहेक अरू कसैलाई थाहा थिएन । एउटा धाइआमाबाहेक कसैलाई पनि सर्पको वास्तविकता थाहा थिएन । आज राजा पनि उठ्दैन, रानी पनि उठ्दैन के भयो ? कि मर्यो त ? भनेर सबै त्यस राज्यका मान्छेहरू मलामी बनेर आयो अरे । धेरै समयसम्म ढोकामा

ढकढक गर्दागर्दा पनि ढोका नखुलेपछि ति मान्छेहरू ढोका बाहिरै कुरेर बसे अरे । दिउँसो भएपछि ढोका खुल्यो अरे । भित्र पसेर हेर्दा त राम्रो न राम्रो राजकुमार पो सुतिरहेको भेटेछन् । सर्पको ठाउँमा सुन्दर राजकुमार देखेर सबैजना छक्क पर्यो अरे । पछि धाइआमाले सबै कहानी बताइदियो । सर्प नै यति राम्रो राजकुमार रहेछ भन्ने कुरा थाहा पाएपछि त्यहाँ ठुलो उत्सव मनाए अरे ।

रहँदाबस्दा केही समयपछि कान्छीलाई माइती जान मन लागेछ । यत्रो महिना भइसक्यो म माइती पनि गाको छैन मलाई माइती लगिदिनू भनेर राजासँग भनेछ । माइती जाँदा त हात्तीहरूमा टन्नै कोशेली लिएर, टन्न गरगहना लगाएर गएछन् । माइतमा भने कान्छी छोरीलाई सर्पले निल्यो भनेर पीर लिएर बुवाआमा दिदीहरू खाना पनि नखाइकन शोकमा डुबेका रहेछन् । कान्छी छोरी झपक्क गरगहना लगाएर, हात्तीमा चढेर, सामानको भारी बोकाएर घरमा आएको देख्दा आमाबुबा दिदीहरू सबैजना छक्क परो अरे । उनीहरूको घर झुप्रो थियो त्यसैले घरभित्र बस्ने ठाउँ थिएन । बाहिरै बस्ने व्यवस्था मिलाएर छोरी ज्वाइँलाई राखेछन् । भोलिपल्ट दिदीबहिनीले कान्छी बहिनीलाई नुहाउन जाउँ भनेछन् । माइली दिदीले बहिनीलाई लिएर नुहाउन गएछ । इनारछेऊ पुगेपछि दिदीले कान्छी बहिनीलाई कसरी राजकुमारसँग बिहे भयो भनेर सोधेछ । कान्छीले यस्तो यस्तो भयो भनेर सबै कहानी सुनाएछ । नुहाउने बेलामा कान्छीले लगाएका सबै गहना पोको पारेर इनार छेउमा राखेको थियो । माइली र कान्छीको अनुहार उस्तै थियो । गहना र राजकुमारी हुने लोभले उसले नुहाउँदै गरेकी कान्छी बहिनीलाई इनारमा ठेलिदिएछ । अनि ऊ त्यो गरगहना झपक्क लागाएर गएछ । राजाको दरबार फर्कने बेला आयो । हात्तीमा चढ्न खोज्दा हात्ती उठ्दै उठेन । माउतेले कति हिर्काउँछ अरे उठ्दै उठ्दैन । किन हात्तीले यसो गर्यो त भनेर माउतेले गर्ने विधि सबै गरेछ । राजाले पनि आफ्नो विधिविधान सबै गर्यो अरे । तेसपछि हात्ती जुरुक्क उठेर गुटुटु कुदेर गएर त्यो इनारको पानी सबै सुँडले तानेर सुकाएर कान्छी बहिनीलाई निकाल्यो अरे । अनि माइलीलाई त्यहीँ हाल्दिएर इनारमा सबै पानी भरिदियो अरे । माइली पनि मर्यो अरे । घरमा त्यो सबै कुरा केही पनि थाहा छैन । राजा र हात्ती उताउतै राजाको दरबार तिर फर्किए अरे । यता भने पाँचजना छोरीहरू त कान्छीको यति राम्रो राजकुमारसँग बिहा भएछ भनेर बुवा म पनि सर्पसँग बिहे गर्ने भनेर किचकिच गरेर खप्नु भएन अरे । अनि खोइ माइली भन्दा माइली पनि गयो सर्पसँगै, कान्छीले लेर गयो सर्पसँगै भनेर भन्देछ अरूले । ऊ पनि गयो रानी बन्न उतै । उनीहरू चाहिँ दुइटै रानी बन्ने, हामी चैँ रानी बन्न नपाउने ? हामीलाई पनि सर्प खोज्देऊ कि खोज्देऊ भनेर वाक्कै लाइी अरे । अनि बाउ चाहिँ सर्प खोज्न गयो ।

जङ्गलमा सर्प भेटेपछि ए सर्प ! मेरो छोरीसँग बिहा गर्छस् भनेर सोधेछ । सर्पले गर्छु भन्यो अरे । बाउले पाँचवटा सर्प पक्रेर ल्यायो । अनि सर्पलाई डोकोमा छोपेर राखेछ । अनि छोरीलाई मैले सर्प खोजेर ल्याएको छु । तिमेरूलाई जुन जुन मन पर्छ त्यसैसँग बस भनेछ । छोरीहरू आफ्नो-आफ्नो पाँचवटा सर्प रोजेर सर्पलाई घोच्ने, चलाउने, खुसी बाँड्ने गर्थे अरे । सर्पलाई डोकोमा छोपेर मात्र भएन । घर त बनाइदिनु पर्‍यो भनेर बाउले पाँचवटा घर बनाइदेछ । त्यसपछि छोरीहरू एउटा एउटा घरमा आफ्नो-आफ्नो सर्प लिएर बसेछ अरे । घर वरिपरि घर बनाएर ती छोरीहरूको राखेपछि बाउआमा पनि खुसी भएछन् । अब यी छोरीहरू पनि रानी हुन्छन्, धनी हुन्छन्, खुसी हुन्छन् भनेर सोचे अरे । बेलुका हुँदै गएपछि खाना खाएर पाँचैजना छोरीहरू आ-आफ्ना सर्पसँग आफ्नो घर गएछन् । घाम डुबेपछि सर्पले खुट्टा खायो अरे । पाँचैवटा छोरीले बुवा सर्पले मेरो खुट्टा खायो भन्छ अरे । पाउजु लाईदिँदै होला भन्छ अरे बाउले । बाउ आमा चाहिँ खुसी भयो अरे । फेरि बुवा मेरो कम्मरसम्म

खायो भन्छ अरे । कम्मरबन्धी लाईदिँदै होला भन्छ अरे बाउ चाहिँ । अनि एकछिनपछि बुवा मेरो घाँटीसम्म खायो भन्छ अरे । गहना लाइदिँदै होला भन्छ अरे बाउआमा । गर्दा गर्दै एकछिनपछि त छोरीहरू बोल्नै छोड्यो अरे । बाउआमा चाहिँ अब छोरीहरू सुते भनेर मख्ख परे अरे । भोलिपल्ट उज्यालो भएपछि छोरी हेर्न जाँदा त पाँचै ओटी छोरी छैनन् रे । सर्प चाहिँ मोटाएर सुतिरहेका छन् रे । अनि खै त हाम्रा छोरी भनेर सोधेछ । सोध्दा हामीले खायौं भनेछ । अनि आफ्नो छोरीहरूलाई सर्पले खाएछ भनेर बुवाआमा डाको छोडेर रोयो अरे । तेसैले अरूले हात्ती चढ्यो भन्दैमा आफूले धुरी चढ्नु हुँदैन भन्ने पाठ सिक्नुपर्छ ।

**स्रोतव्यक्ति :** नेत्र कुमारी धिमाल

**उमेर :** ३६ वर्ष

**ठेगाना :** दमक नगरपालिका-३, डिपु

## ९. खरायो र बाँदरको मित्रता

एउटा जङ्गलमा एउटा खरायो र एउटा बाँदर थिए । उनीहरूले मित लगाएर बसेका रहेछन् । यी दुई मित एकअर्कामा असाध्यै मिल्दा रहेछन् । एकदिन बाँदरले अब के गर्ने मितज्यू ? भोक पनि लाग्यो । खानेकुराको खोजी गर्न जाऔँ । तपाईं बाटोमै ख्यात्राक ख्यात्राक गरिदिनुहोला । केही खानेकुरा भेटियो भने म रूखमा लिएर जान्छु भनेछ । यति भनेर ऊ रूखमा चढेर बसेछ । खरायो चाहिँ भुइँमै खुट्टा खोच्याउँदै बसेछ ।

बाँदरले परबाट एक भारी केरा बोकेर आउदै गरेको मान्छेलाई देखेछ । मितज्यू ! मितज्यू ! उः पर केराको घरी बोकेको मान्छे यतैतिर आउँदैछ । मैले अगि तपाईंलाई भनेजस्तै बाटोमा खुट्टा खोच्याउँदै हिँड्नु, म त्यो केराको घरी खोसेर रूखमा चढ्छु है ! भनेर बाँदरले खरायोलाई भनेछ । खरायोले पनि बाँदरले भनेजस्तै गरेछ ।केराको घरी बोकेको मान्छेले खुट्टा खोच्याउँदै बाटोमा हिँडेको खरायोलाई देखेछ । त्यसपछि खरायोलाई पक्रेर लाने लोभ मान्छेमा जागेछ । अनि खरायोलाई भेट्न छिटो छिटो हिँडेछ । खरायो खुट्टा खोच्याउँदै खोच्याउँदै भाग्न थालेछ । मान्छेले अब म यो खरायोलाई भेट्टाउन सक्छु भन्ने भएपछि केराको घरी भुइँमा राखेर खरायोलाई खेदाउन थालेछ । अलि पर पुगेपछि खरायो दौडेर जङ्गलतिर कता पस्यो पस्यो । यता बाँदरले भने केराको घरी सबै लगेर रूखमा झुण्ड्याएछ । मान्छेले खरायोलाई भेट्टाउन सकेन । ऊ केराको घरी राखेको ठाउँमा फर्कियो । त्यहाँ केराको घरी पनि थिएन । थुक्क बेकारमा खरायोको पछि लागेँछु । न खरायो समाउन सकेँ । बित्थामा केराको घरी पनि हरायो भन्दै पछुताउँदै त्यो मान्छे आफ्नो बाटो लाग्यो ।

केही समयपछि बाँदरले फेरि खरायोलाई मितज्यू, दहीको भार लिएर एउटा मान्छे यतैतिर आउँदै छ । तपाईंले अघि गरेको जस्तै खुट्टा खोच्याउँदै बाटोमा हिड्नुहोस् है ? भरे अगिको केरा र दही मज्जाले खानुपर्छ भनेछ । खरायोले पनि हुन्छ भन्यो । भारमा दही बोकेको मानिस खरायोको छेउमा आइपुगेपछि खरायो खुट्टा खोच्याएको जस्तै गरेर हिँड्यो । दही बोक्ने मान्छे पनि खरायो देखेर लोभियो । यसलाई समाउन पाए खान पाइन्थ्यो भन्ने सोचेर उसले खरायोलाई समाउन खोज्यो । खरायो खुट्टो खोच्याउँदै खोच्याउँदै भाग्न थाल्यो । दहीको भारी बिसाएर खेदाउँदा खरायो समाउन सकिँदैन भन्ने लागेर उसले दहीको भार त्यहीँ बिसायो । खरायो भने पहिले बिस्तारै त्यसपछि चाँडो-चाँडो कुदेर जङ्गलतिर पस्यो । उसले खरायो समाउन सकेन र दही बिसाएकै ठाउँमा फर्क्यो । दहीको भाँडो पनि सबै बाँदरले लेर गयो । अनि बाँदरले केरा जति सप्पै खाएछ र बोक्रा जति बाटोमा फालेछ । अनि दही जति सबै खाएर यो भाँडोमा हगेर माथि माथि मात्रै दहीले छोपेर मितज्यूलाई दिएछ । खरायोले यसो हेर्छ त सबै दिसै दिसा पो रहेछ । उसलाई बाँदरदेखि रिस उठेछ । पख्लास् तँलाई, मैले मितज्यू भनेको त यस्तो पो रहेछ । तँलाई पालो नफेरिकहाँ छोड्छु र ? भन्दै खरायो त्यहाँबाट गएछ ।

जाँदा जाँदा खरायोले एउटा मौरीको गोलो भेटेछ । यता छुकछुके बाँदर पनि मेरो मितज्यू कता जानु भएछ भन्दै खोज्दै खोज्दै खरायो भएको ठाउँमा आइपुगेछ । हौ मितज्यू ! के गर्दै हुनुहुन्छ तपाइँ, मलाई छोडेर किन यहाँ आउनुभएको भनेर बाँदरले सोधेछ । मलाई राजाको पङ्खा रुङ्न राखेको छ । तपाइँ यता आउँदै नआउनु भनेर खरायोले भनेछ । के हो, आफ्नो मितज्यूलाई पनि त्यस्तो भन्नमिल्छ ? मलाई पनि रुङ्न दिनु न भनेर बाँदरले भनेछ । बाँदरले धेरै जिद्दी गरेपछि खरायोले ल हुन्छ त, रुङ्न चाहिँ रुङ्नु तर यसलाई नछोनु नि ! छोयो भने धेरै हावा दिन्छ भनेर भनेछ । बाँदरले ल हुन्छ भनेछ । खरायो चाहिँ झाडीमा लुकेर बाँदरले के गर्दोरहेछ भनेर हेरीबसेछ । बाँदर न हो, भनेको के मान्थ्यो र ? हैन कस्तो खालको पङ्खा रहेछ ? छोएपछि झन् धेरै हावा चल्छ भन्छन्, एकचोटी छोएर हेर्नुपर्‍यो

भनेर बाँदरले मौरीको गोलामा छोएछ । त्यसपछि मौरी खनिएर बाँदरलाई ढुटो बनाएछ । यो खरायोले त मलाई फसाइएको रहेछ कस्तो बदमास रहेछ, पखोस् ! यसलाई, भन्ने बाँदरले सोचेछ ।

मौरीले टोकेको डरले भाग्दा भाग्दै बाँदर एउटा इनारभित्र पसेछ । अब झन् आपत् पर्‍यो । इनारमा त पस्यो, मौरी पनि भाग्यो तर अब निस्किने पो कसरी होला ? भन्दै सोची रहेको बेलामा एउटा बाघ इनारको बाटो भएर आएछ । ए दाजु ! दाजु ! भन्छ रे । हैन, कल्ले दाजु दाजु भन्छ भनेर हेर्छ अरे । बाघ चाहिँ । एता हौ एता ! यहाँ हौ यहाँ ! यहाँ आउनु त, तपाईंका दाजुभाइ कति बसेका छन् भनेर बाँदरले बाघलाई भनेछ । हैन काँ भन्छ भन्दै आवाज पछयाउँदै जाँदा त इनारभित्रबाट बाँदरले बोलाएको रहेछ । तपाईंको पुच्छर मलाई दिनु अनि म बाहिर निस्केपछि तपाइँले तपाइँको दाजुभाइ देख्नुहुन्छ भनेछ । बाघले पनि पुच्छर दिएछ । बाँदर बाघको पुच्छरमा समातेर फुत्तै बाहिर निस्केछ । लु, अब हेर्नु त इनारमा भनेछ । बाघले मुन्टो झुकाएर इनारमा के हेरेको थियो, बाँदरले बाघलाई इनारमा धकेल्देछ । बाघ त मरेछ ।

बाँदर त्यहाँबाट गएछ । जाँदा जाँदा उसले फेरि खरायोलाई भेटेछ । हत्तेरिका मितज्यू, तपाइले त मलाई नराम्रोसँग फसाउनु भएछ । अब हाम्रो हिसाबकिताब बराबर भयो । मैले पनि तपाइँलाई ठगेर दही केरा सबै आफैँ खाएर फटाइँ गरेको थिएँ । तपाइँले पनि मलाई पालाको पैँचो तिर्नु भयो । अबदेखि यस्तो नगर्नु है ! हामी मिलेर बस्नुपर्छ भनेर बाँदरले खरायोलाई भनेछ । उनीहरू मिलेर बस्न थालेछन् ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## १०. चङ्खे बाँदर र बुढाबुढी

एकादेशमा दुईजना बुढाबुढी थिए अरे । गाउँमा अरू सबैको छोराछोरी थिए अरे तर उनीहरूको जायजन्म भएको थिएन । उनीहरूको जग्गा जमिन भने प्रशस्त थियो । जे रोपे पनि प्रशस्त फल्थ्यो अरे । सन्तान नभए पनि उनीहरूलाई सम्पत्तिको धेरै लोभ थियो । गरिबलाई छोराछोरीको लोभ धनीलाई सम्पत्तिको लोभ हुन्छ अरे । त्यो बुढा बुढीको पाखा भित्ता थुप्रै थियो अरे । उनीहरूले जे रोपे पनि टन्न उब्जनी हुन्थ्यो । उनीहरूले खेतीबाली लगाको बाली पनि टन्नै उब्जिने अरे । जङ्गलको जनावरले लगाएको बाली केहिपनि नराखी दिने रे । बाघ भालु आएर सबै खाने अरे । यी जनावरले सबै हाम्रो खेती पनि खाइदिन्छ । अब के लाउने होला ? के गरौं बुढी मान्छे, अब हामीले जे रोप्छौं, त्यो सबै जनावरले खाइदिन्छ । अब हामी पिँडालु र कच्छु रोपौं । बाजेको पालादेखि त्यही हल गोरु मात्रै त हो नि ! जोत्यो, धुलो बनायो त्यो माटो ।

एकदिन बारी जोत्ताजोत्तै बाँदर आईपुगेछ । बाँदरले बाजे भनेर बुढोलाई बोलाएछ । कहाँ छ यो बाजे भन्ने भनेर माथि हेर्दा रूखमा बाँदर बसेको रहेछ । के गर्न मरिहत्ते गरेर जोतेको बाजे भनेर बाँदरले भनेछ । किन भन्नु, तिमीहरूलाई त उब्जाइदिनु पऱ्यो नि ! भनेर बुढोले भनेछ । अनि के रोप्ने भनेर बाँदरले सोधेछ । पिँडालु रोप्ने भनेर बुढोले भनेछ । ठुलो ठुलो फलाऊ है हजुरबा भनेर बाँदरले भनेछ । अब बिउ त यत्रो यत्रो छ, कहाँबाट ठुलो फल्छ ? जत्रो बिउ त्यत्रै फल त लाग्छ नि ! भनेर बुढोले भनेछ । हैन, यत्रो मिहिनेत गरेर जोतेका छौ । माटो मसिनो बनाएका छौ । दुःख अनुसारको फल त भगवानले दिन्छन् नि भनेछ । त्यो त ठिकै हो केटा तैंले भनेको पनि तर कसरी रोप्नु होला ? भनेर बुढोले भनेछ । होइन रूखमा बस्ने मैले सिकाउनु पर्ने ? तिम्रो दुई खुट्टा छ, जता पनि कुद्न सक्छौ । कहाँ-कहाँ पुगेर खोजीमेली लिएर आऊ र रोप न भनेर बाँदरले भन्यो अरे । बुढोले पनि चारचौरास घुमेर पच्चिस केजी जति पिँडालु जम्मा पाऱ्यो अरे । बारीमा भएका सबै झिक्राहरू टिपेर माटो राम्रो पाऱ्यो अरे । बाँदरले के गरेको बाजे भनेर सोध्यो । झिक्राले बाली उम्रिन दिँदैन, त्यसैले राम्रो माटो बनाउन यहाँको झिक्रा टिपेको भनेर बुढाले भन्यो । ए बाजे, झिक्रा सुकेपछि त्यहीँ आगो लगाई दिनु नि । मल पनि हुन्छ । झिक्रा पनि टिप्नु पर्दैन भनेर बाँदरले भन्यो । बुढोले यसो सोच्यो, हो त, बाँदरले ठिकै भनेको । यो डडेको खरानी त मल पनि हुन्छ, माटो पनि राम्रो हुन्छ । अनि बाँदरले फेरि हजुरबा यो रोप्ने बेलामा ठुलो खड्कुलोमा यसलाई उसिनेर यो बीउको सबै बोक्रा फालिदिनु अनि त्यो सबै बीउ एउटा एउटा पातमा राखेर राम्ररी मुख बाँध्नु र माटो नपर्ने गरी छोपेर माटोमा गाडीदिनु है भन्यो अरे । अनि मात्रै ठुलो पिँडालु फल्छ भनेर भनेछ । बुढाबुढी दुबैजना मिलेर दिनभरि लगाएर पिँडालु र कच्छु उसिन्दै तास्तै गरेछन् । बुढी तास्ने बुढो मानेको पातमा पोको पार्ने गरेर काम सकेछन् । अनि डालोमा राखेर बारीमा रोप्न लगेछन् । बाँदरले फेरि सोधेछ, ए ! बाजे के गरेको ?" बुढोले भनेछ, "तैंले नै भनेको होइनस् ? पिँडालु र कच्छुलाई एउटा ठुलो खड्कुलोमा मज्जाले उसिन्नु अनि बोक्रा ताछेर मानेको पातमा पोको पारेर माटोमा गाड्नु भनेर ? हामीले तैंले भनेजस्तै गऱ्यौं ।" अनि त्यसरी रोपेर मात्र हुन्छ त ? कहाँ-कहाँ रोप्यौ जान्नु परेन ? भोलिपर्सि कहाँ-कहाँ उम्र्यो, कहाँ-कहाँ उम्रेन भनेर हेर्नु परेन ? त्यसैले जहाँ-जहाँ रोप्यौ, त्यहाँ-त्यहाँ एउटा एउटा चिना गाड भनेर बाँदरले भनेछ । बाँदरले जसो-जसो भन्यो उनीहरूले त्यसै-त्यसै गरेछन् । जुन ठाउँमा रोपेको थियो,त्यही-त्यही ठाउँमा सिन्का गाडेछन् । बुढाबुढी घर फर्किए पछि राति जङ्गलका सबै बाँदर आएर पिँडालु निकाल्दै खाँदै गरेछन् र पातमा दिसा गरेर पोको पारेर जहाँबाट पिँडालु झिकेका थिए त्यही ठाउँमा गाडेछन् र फर्किएछन् । रोपेको दस बाह्र दिनमा पनि पिँडालु र कच्छु उम्रिएन । किन उम्रिएन त भनेर खनेर हेर्नुपऱ्यो भनेर एउटा झिक्राको फेदमा खनेर निकाले अरे । यसो च्यातेर हेर्दा त बाँदरको गु पो गनाइ रहेको रहेछ । प्रत्येक ठाउँ खनेर हेर्दा त सबै उस्तै रहेछ । पख्, तँ हनुमानलाई मैले जान्या छु भनेर बुढोले भन्यो रे ।

घर फर्किएपछि बुढोले बुढीसँग ए बुढी ! ए बुढी ! जङ्गलमा बस्ने बाँदरले भनेको मानेर हामीले गल्ती गर्यौं । उसले त आफ्नो पेट भर्नको लागि हामीलाई पिँडालु उसिन्न लगाएको रहेछ । हेर तेस्तो राम्रो पिँडालु, हामीले आफैँ खाएको भए कस्तो मज्जा हुन्थ्यो । मुखले स्वाद त पाउँथ्यो बाँदरलाई पोस्यौँ । पिँडालुजति सबै खाएर हगेर पोको पारेर पो राखेछ । अब के उपाय गर्ने होला त ? भनेर भन्यो अरे । बुढीले म घरमा बस्ने मान्छे, मैले के उपाय सोचौं ? तिमी आफैँ उपाय निकाल भनेर भनिछ । उनीहरूको बारीमा बाँस रहेनछ, त्यसैले गाउँमा बाँस खोज्न हिँडेछ । त्यही बाँसको कप्टेरा बनाउँछु भनेर गाउँमा एउटा बाँस देऊ न भनेर मागेछ । धेरै लामो हैन चार हातको भएको पुग्छ । यसो टेकेर हिँड्नलाई लट्ठी चाहिएको छ भनेछ । छिमेकीले कतिवटा चाहिन्छ लैजाऊ भनेछ । खुकुरी मागेर छिप्पेको बाँस काटेर ल्यायो अरे । हेर् बुढी ! अब सबै बाँदर मार्नुपर्छ । मसँग आइडिया छ । तँ मरेको जस्तो सुतिबस्, तैँले लगाएको सारी लगाएरै सुत्, म माथिबाट सेतो कपडा ओडाइदिन्छु । म एकदम रोएको जस्तो गर्छु भनेर बूढोले भन्यो रे । यो बाँदर खान पल्केको छ, हाम्रो घरमा नभए कसको घरमा जान्छ ? हामीले त यसलाई कुटेका छैनौँ, अरूले भेटे भने कुटेर मार्छन् । बुढाको कुरा सुनेर बुढी मान्छे पनि मरेको मान्छे जस्तै भएर सुतिछ । माथिबाट बुढोले सेतो कपडा ओडाइदिएछ । अनि बुढो चाहिँ छेउमा बसेर रुन थालेछ ।

बाँदरले बुढो रोएको आवाज सुनेछ । हजुरबा के भो ? किन रुनु भएको भन्दै बाँदर बुढोको छेउमा आएछ अरे । के भो भन्नु र एत्रो दुःख गरी, लाऊँलाऊँ खाऊ खाऊँको बेलामा तेरो बजु सन्सार छोडेर गयो । अब के गर्नु, छोराछोरी भए छेउमा बसेर रुन्थ्यो, आफैँ बुढो रुनु पर्ने त भो नि ! भन्दै सिकुवामा बसेर रोएको जस्तो गरेछ । बुढो रोएको सुनेर सबै बाँदरहरू भेला भएछन् र काँ छ बोजु भनेर भनेछन् अरे । यै घरभित्रै छ, के गर्नु मैले उठाउन सकिन, म एक्लो बुढो मान्छे । जहाँ सुतेको त्यहीँ प्राण गयो । त्यहीँ कपडा ओडाएर राखेको छु भनेर भनेछ । त्यो सुनेर सबै बाँदर घरभित्र पसेछन् । बुढोको पालो उसले बनाएको बाँसको लौरो लिएर भित्र पसेछ र ढोका थुनेर एक-एक गरेर सबै बाँदरलाई कुटेछ । थुन्सेको छेउमा लुकेर एउटा ब्याउने बाँदरनी बसेको रहेछ रे । अरू त देखेजति जम्मै भुर्कुट बनायो रे । मेरो पिँडालु सबै खाएर तिमीहरूले हगेर पोको पार्दिने, पख अब तिमीहरूलाई म सिदला बनाउँछु भन्यो अरे । अनि बुढीलाई ए बुढी ! मैले सबै बाँदर मारेर सकेँ । उठ् भनेर भनेछ अरे । उसले यसो भन्दा भन्दै त्यो थुन्चेको छेउमा लुकेर बसेको बाँदर्नी निस्केर भागेछ अरे । अरू त सबै मरिहाले, एउटाको सन्तान कति होला ? त्यही दुई चारोटा त होलान् नि भन्दै सबै बाँदरको मासुबाट सिदला (एकप्रकारको रोटी) बनाएछ रे । पिडालुको डाँठ र बाँदरको मासुको रोटी पकाएर गाउँमा लगेर तिमीहरू कोही बाँदरको सिदला खान्छौ भनेर भनेछ अरे । छिमेकीले जङ्गलको बाँदर मासिस् भनेर कराए अरे । किन नमास्नु त, आइडिया उनीहरूले नि देको हो । मैले त्यति राम्रो पिँडालु रोप्न आँटेको बेला उसिनेर मानेको पातमा पोको पारेर भूमिमा गाडी दिनु भनेर आइडिया दियो । पछि रातभरि सबै बाँदर आएर खाएर सकेछन् । मेरो पनि पिँडालुको बिउ मासियो । त्यही भएर बादरको बिउ पनि मैले मास्न खोजेको हो । मैले गल्ती गरेँ त ? भनेर बुढोले भनेछ । गाउँलेहरूले त्यो बुढोलाई पनि कुट्न खोजेछन् । तेरो बाँदरको सिदला तँ आफैँ खा भनेर गाली गरेछन् । यसपछि ती बुढाबुढी घरतिर फर्के छन् । 'सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।'

**स्रोतव्यक्ति :** टेकाउ धिमाल

**उमेर :** ७८ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## ११. लोभी बाहुन

एउटा गाउँमा एउटा बाहुन बस्थ्यो । त्यो बाहुन सारै गरिब थियो । उसलाई खान लाउन असाध्यै दुःख थियो । उसले जजमान गर्दै खाँदै गऱ्यो । यस्तै गर्दा गर्दा उसलाई वाक्क दिक्क लाग्न थाल्यो । उसलाई जहान छोराछोरी पाल्न पनि साह्रो भयो । जसरी सुदामा जति नै गरिब भए पनि आफ्नो मित्र कृष्णसँग माग्न सक्दैन थियो, त्यो बाहुन पनि तेस्तै थियो । जति नै दुःख भए पनि सहेर बस्थ्यो ।

एकदिन त्यस मान्छेले अर्कै गाउँमा गएर माग्ने कुरा सोचेछ । यो गाउँमा कति माग्नु ? माग्दा माग्दा वाक्क भइसक्यो । यहाँका मानिसहरूले पनि कति दिन दिन सक्छन् र ? अब पल्लो गाउँतिर माग्न जानुपऱ्यो भनेर अर्के गाउँतिर गएछ । जाँदा जाँदा बाटोमा ठुलो जङ्गल रहेछ । त्यो जङ्गलमा बाघ, भालु, हात्ती जस्ता जङ्गली जनावरहरू बस्दा रहेछन् । त्यो जङ्गलको राजा चाहिँ बाघ रहेछ । त्यो बाघको मन्त्री चाहिँ हाँस थियो । त्यो हाँसले मान्छेलाई देखेपछि ओहो ! यो त मान्छे हो, हाम्रो राजाले त यसलाई मारेर खान्छ । यो मान्छेलाई जसरी पनि बचाउनुपर्छ भन्ने सोचेर बाघसँग भनेछ -'बाघ राजा, हाम्रो जङ्गलमा एउटा अनौठो प्राणी आइरहेको छ । त्यसलाई के भएर एता आएको रहेछ सोधेर मात्रै हेरचाह गर्नु पर्छ है ?' हाँसको कुरा सुनेर बाघले भनेछ -'म मन्त्रीले भनेको कुरा मानी हाल्छु नि !'

जाँदा जाँदा बाहुन बाघको छेउमा पुगेछ र भनेछ- 'सरकार मलाई अन्याय भयो मलाई न्याय दिनु पऱ्यो ।' मैले मेरा छोराछोरीलाई खुवाउन सकिन, पाल्न पनि सकिन, के गर्ने कसो गर्ने भनेर म आपतमा परेको छु । अब म के गरूँ भनेर बिन्ती बिसाएछ । तँलाई के गर्नु पऱ्यो भन् भनेर बाघले भनेछ । मलाई खानेकुरा दिनु पऱ्यो लाउने कुरा दिनु पऱ्यो । म भिक्षा माग्न आएको भनेर बाहुनले भन्यो । अनि बाघले उसको मन्त्री हाँसलाई यो मान्छेलाई टन्न खानेकुरा र लुगाफाटा दिएर पठाऊ भनेर भनेछ । बाहुन पनि खुसी हुँदै घरमा आयो । जहान छोराछोरीलाई टन्न खानेकुरा खुवायो र लुगाफाटो लगाउन दियो । सम्पत्ति पाएपछि उनीहरूको परिवारले दुःख गर्नुपर्छ, कमाउनुपर्छ भन्ने कुरा नै सोचेन । त्यो सम्पत्ति हुन्जेलसम्म कुटुकुटु खाँदै,बस्तै, सुत्दै सुखसाथ जिन्दगी काटे । अर्काले दिएको अन्नपात सकिन कत्ति पनि समय लाग्दैन । खाँदा खाँदै बाघले दिएको अन्नपात सकिन लागेछ । भण्डारमा अन्न सकिँदै गएपछि बाहुन झसङ्ग भएछ । ओहो ! अन्नपात त सकिन लागेछ । अब फेरि जङ्गल गएर बाघसँग बिन्ती बिसाउँछु भन्ने सोचेछ । ऊ फेरि जङ्गलतिर लागेछ ।

जङ्गलमा पुग्दा बाघको मन्त्री हाँस भने मरिसकेको रहेछ । बाघले स्याललाई आफ्नो मन्त्री बनाएको रहेछ । त्यो स्यालको नाम जम्बो मन्त्री थियो । स्यालले बाहुनलाई आफैँतिर आएको देखेपछि बाघसँग ल है राजा माल आयो है ! विचार गर्नुपर्छ । यसलाई आज तह लगाउनु पर्छ भनेछ । हैन ! किन आउँदैछ र केलाई तह लगाउनु पर्छ भनेको भनेर बाघले सोधेछ । दैवले हामीलाई आफै आहारा जुटाएर पठाएछ । उता हेर्नु त के आउँदैछ भनेर स्यालले भनेछ । बाघले बाहुनलाई चिनेछ । हैन, यो मान्छे त खान लाउन पाइन भनेर दस बार बर्ष अगाडि मकहाँ आएको थियो । मैले एस्लाई खानेकुरा,लगाउने लुगाफाटा सबै दिएर पठाएको थियो । फेरि किन आएछ ? भनेर बाघले भनेछ । हैट् ! कस्तो लठुवा रहेछ हौ यो राजा त ? मान्छेलाई पनि अन्न दान गरेर पठाउने हो ? यसलाई त पड्काउनु पर्छ । यस्तालाई अन्न लुगाफाटो दिएर हामी कहिले पनि उँभो लाग्दैनौँ । यसलाई तह लगाउनुपर्छ अनिमात्रै हामी खुसी साथ बाँच्न सक्छौँ भनेर स्यालले भनेछ । हो त भनेर बाघ पनि स्यालको कुरामा सहमत भएछ । बाहुन बाघको छेउमा आइपुगेपछि बाघले तँ फेरि किन

आइस् भनेर सोधेछ । बाहुनले के गर्नु हजुर ! तपाईले दिएको अन्नपात सबै सकियो । मेरा जहान परिवार भोकै पर्न थाले त्यसैले फेरि म त हजुरसँग गुहार माग्न आएको । मलाई सहयोग गर्नुपऱ्यो भनेर भन्यो । बाघले तँलाई लोभी बाहुन ! जति दिए पनि नपुग्ने रहेछ हैन ? फेरि पो माग्न आइस् ? अब तँ यहाँबाट उम्केर जान पाउँदैनन् भनेर च्याप्पै घाँटीमा समाएछ र एकै गाँस पारेछ । बाहुनले अर्काले दिएको सम्पत्तिले मात्र जीवन चलाउछु भन्ने सोचेर लोभ गर्दा उसको ज्यान गएछ । त्यसैले हामीले जति सक्छौं आफैं दुःख गरेर कमाइ गर्नुपर्छ र अर्काको आशामा बाँच्नु हुँदैन ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## १२. दुई राजकुमार

एकादेशमा एउटा राजा थियो । उसका दुईटा छोरा थियो । एकदिन उसको श्रीमती बिमारी भयो । बिमारी भएपछि राजालाई बुढा म बिरामी भएँ । बाँच्छु मर्छु थाहा छैन । म मरेँ भने बिहे नगर्नु है भनेर भनेछ । रानीले राजालाई बिहे नगर्न बाचा ख्वायो अनि रानी मरी । राजाले एक वर्ष बिहे गरेन, दुई बर्ष बिहे गरेन । आखिरीमा बिहे नगरी राजकाज नचलाउनु भन्ने भनाइ पनि छ । राजाले दोस्रो बिहे गर्यो । त्यो सानीआमा छुच्ची थियो । जस्तो भए पनि बसेकै थियो । एकदिन ती दुई भाइ फुटबल खेल्दै थियो । गोल उछिट्टिएर सानीआमाको मेकअप गर्ने ठाउँमा झर्न गएछ । तेसपछि उल्लाई साह्रै पीर परेछ । अनि अब यिनीहरूको मुटु नखाई म छोड्दिन भनेर बाभ्न थालेछ । बाँभ्दा बाँभ्दै रुन थालेछ । राजाले यो कुरा थाहा पाएछ अनि के भो भनेर सोधेछ । रानीले रुँदैरुँदै तपाईंका छोराले मेरो सबै शृङ्गार छरिदिए । म उनीहरूको मुटु नखाई छोड्दिन । मलाई जसरी भएपनि यिनीहरूको मुटु कलेजो चाहियो होइन भने म तँलाई छोडेर हिड्छु भनी । राजालाई छोरो भन्दा रानीको बढी माया लाग्यो त्यसैले उसले भने छोरोको मुटु कलेजो झिकेर ल्याउन सिपाहीलाई अह्रायो ।

दुईजना सिपाहीले ती दुईजना राजकुमारलाई जङ्गलमा लगे । जङ्गलमा पुऱ्याएपछि ती दुईवटा केटाले तिमेरूले त हामीलाई मार्छौ तर तिमेरूले हामीलाई मारेर केहि पनि पाउँदैनौ । हामी घर फर्किएर जाँदैनौँ । बरू हामीलाई छोड्देओ । तिमेरूले एउटा खरायो मार्छौ कि हरिण, मिर्ग मार्छौ, तेसैको मुटु, कलेजो र फोक्सो झिकेर लगिदिनू । तेसैले चित्त बुझाउँछ भने । सिपाहीले राजकुमारका कुरा मानेर उनीहरूलाई छोडिदिए । उनीहरू त्यहाँबाट गयो । हिँड्दा हिँड्दै राजसभामा पुगेछ । त्यहाँ हात्तीले माला लगाएर स्वयम्बर गर्ने राजा चुन्ने राजसभा कार्यक्रम रहेछ । हात्तीले जसको गलामा माला लगाई दिन्छ त्यो नै त्यस देशको राजा हुने रहेछ र त्यही राजासँग राजकुमारीले बिहे गर्ने भन्ने रहेछ । त्यो केटाहरू पनि एउटा कुनामा गएर बस्यो । त्यहाँ धेरै मान्छे र राजकुमारहरू भेला भएका थिए । हात्तीले सुँडमा माला लिएर घुम्दा घुम्दा गर्यो र अन्तिममा तीनै केटा मध्येको एउटा केटालाई माला लगाइदियो । हैट् ! यो हात्ती त पागल भयो भनेर फेरि हात्तीलाई माला लगाउन पठायो तर त्यो पल्ट पनि हात्तीले त्यही केटालाई माला लगाइदियो । तेस्रो पल्ट पनि उही केटालाई माला लगाएपछि लु,यो त साधारण मान्छे होइन । हात्ती त देवता हो, गणेश हो । गणेशले कहिल्यै गल्ती गर्दैन भनेर त्यहाँको राजकुमारीको बिहे त्यही दुईमध्येको दाजुसँग गरिदिए । दाजु भाउजू र देवर एउटा घरमा बस्न थाले । बस्दा बस्दा कति बस्नु ? फेरि दाजुभाइ सधैँभरि एकै ठाउँमा बसेर पनि नहुने । त्यसैले भाइले दाजुभाउजू म अब जान्छु । म एउटा चीज रोपेर जान्छु । तेसमा सधैँ पानी हाल्नु । मलाई केही भयो भने त्यो चीजमा सङ्केत आउँछ भनेर तुलसीको बोट रोपेर गयो ।

जाँदा जाँदा भाइ धेरै टाढा पुग्यो । त्यहाँ पनि हात्तीले गर्ने स्वयम्बर नै हुँदै रहेछ । त्यहाँ पनि हात्तीले जसलाई माला लगाईदिन्छ उसैलाई त्यस देशको राजाको छोरी दिने भनिएको रहेछ । हात्तीले त्यो भाइलाई माला लगाइदियो । त्यहाँ पनि तीनचोटि माला लगाउन लगाउँदा पनि हात्तीले त्यही भाइलाई नै माला लगाइदियो । त्यसपछि त्यस देशकी राजकुमारीसँग उसको बिहे भयो । दुवै भाइ राजाका ज्वाइँ भए । हुँदाहुँदै एकदिन कान्छोको श्रीमतीले कान्छाको चाहिँ जीव कहाँ छ भनेर जिस्किँदा जिस्किँदै सोधेछ । सोधेपछि मेरो जीव एउटा छुरीमा छ, त्यो छुरी मैले यस्तो ठाउँमा राखेको छु भनेर बताएछ । यसरी बताएपछि एकदिन त्यो छुरीलाई उसको बुढीले आगोमा हालेछ । आगोमा हालेपछि उसलाई ज्वरो आयो । यो कुरा उसको दाजुलाई थाहा भयो । दाजुले तुलसीको बोटमा पानी हाल्ने गर्थ्यो । पानी हाल्दा हाल्दै भाइलाई केही आपत पऱ्यो भन्ने कुरा थाहा पायो । अब मैले

भाइलाई खोज्नुपर्छ भनेर खोज्दै खोज्दै अर्को देश पुग्यो । अर्को देशमा पुगेर धेरैजनालाई भाइको बारेमा सोध्यो । सोधीखोजी गर्दा ओहो ! एस्तो नामको र एस्तो हुलिया भको एउटा मान्छे त फलानो ठाउँमा फलानाको छोरीसँग बिहे गरेर बसेको छ भनेर गाउँलेले भने । दाजु चाहिँ भाइ खोज्दै खोज्दै उसकै घरमा पुग्यो । खै त भाइ कहाँ छ भनेर बुहारीलाई सोध्यो । सुन्दा भाइ त मऱ्यो भनेर कान्छाकी श्रीमतीले भन्यो । के भएर मरो त ? काँ छ भाइ ? भन्दा मैले ख्याल ख्यालमा छुरी आगोमा हालैँ । अनि उसलाई ज्वरो आएर मरो भनेर कान्छाको श्रीमतीले भनो । त्यो छुरी कहाँ छ त भनेर खोजी गरी छुरिलाई घोट्दाघोट्दा टलक्क टल्किने बनाएपछि उसको भाइ जाग्यो । ओहो ! योसँग त बस्न नहुने रछ भनेर भाइ दाजुसँगै आयो । दाजु भाउजू र भाइ सँगै बस्न थाले ।

यता ती केटाका बाउआमा भने राजकाज सबै सकेर कङ्गाल भए । आफ्नो बाबाआमाको राज्यकै छेउमा उनेरूले राज्य जमाएर बसेछ । दुवै जना धेरै जान्ने भएर रातभरिमा ठुलो महल बनार बसेछ । यता राजाका जनताहरू तीनै छोराको राज्यमा काम गर्न जान्थे रे । राजारानी चाहिँ जाँदैन थिए । अनि एकदिन यो पल्लो राज्यमा त फल्नु नाम गरेको राजाले राज्य गर्थे अहिले कस्तो छ हौ ? के गर्दैछन् तीनेरू भनेर सोधेछ । आ ! ती राजारानीको त बिजोग छ । खान नपार भोकभोकै बसेका छन् भनेर सुनाएछन् । पठाइदेउ न हो मेरोमा काम गर्न, मेरो नानी हल्लाउँथ्यो, हेर्थ्यो भनेर भनेछन् । राजारानी भएर बसेको मान्छे अर्काको छोराछोरी हल्लाउन जानु भनेको मर्नु समान हुन्थ्यो । लाजले उनेरू जान सकेका थेनन् । तर भोक भन्दा ठुलो अरू केही होइन । एकदिन जे हुन्छ, हुन्छ जौँ भनेर राजारानी नै छोराको राज्यमा गएछन् । केटाले त परैबाट बाउलाई चिन्यो । उसले बाउलाई राम्रो ठाउँमा बसायो । तपाइँको काम बच्चालाई हेर्ने हो भन्यो । बाउले पो सानैमा छोडेको छोरालाई चिनेन । अनि दुःख सुखका कुरा गऱ्यो । खै त तपाइँको श्रीमती छ कि छैन ? तपाइँको श्रीमती कतिजना थ्यो भनेर सोध्यो । राजाले मेरो दुईटी श्रीमती हुन् । जेठी श्रीमतीबाट दुईवटा छोरा थिए । जेठी श्रीमतीको मृत्यु भएपछि कान्छी श्रीमतीले छोराको मुटु नखाई छोड्दिन भनेपछि जङ्गलमा लगेर काटेर ल्याको मुटु कलेजो खायो । खै कहाँ छ ? कता छ ? मऱ्यो कि बाँचेको छ कि मलाई थाहा छैन भनेछ । यसो पो हो ? त्यो कान्छी श्रीमती चैँ कहाँ छ त ? भनेर सोधेछ । ऊ पनि खान नपार बिमारी भएर घरमा बसिरकी छ । राज्य पनि सकिहाल्यो भनेछ । ए तेसो पो हो ? तपाइँकी कान्छी श्रीमती भनौदीलाई पनि यहीँ बोलाउनु । लु अब यतै बस्नुपर्छ भनेर छोराले भनेछ । अरूको मुटु कलेजो खान हुन्छ ? हेर हामी तीनै दुईजना छोरा हौँ जसको मुटु खान भनेर तिमीले हामीलाई मार्न लगाएका थियौ । अर्काको छोराको मुटु खान्छु भनेर हुन्छ ? भनेपछि बाउआमा पनि छक्क परेछ । अनि सबैजना एकै ठाउँमा बस्न थालेछ ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## १३. मित्रताको कथा

एकादेशमा एउटा राजा थियो । राजाको छोरा, मन्त्रीको छोरा, सिपाहीको छोरा र एकजना पुलिसको छोराबिच राम्रो मित्रता थियो । उनीहरू एउटै कक्षामा पढ्थे । उनीहरू धेरै पढेर विद्वान् भए । एकदिन ती चारै भाइ परदेश घुम्न गए । जाँदा जाँदा बाटोमा एउटा यस्तो आवाज आयो जुन आवाज राजाको छोराले चिन्न सक्थ्यो र वाण हान्दा त्यसैलाई लाग्थ्यो । आवाज सुन्ने बित्तिकै राजाको छोराले वाण हान्यो । वाण हानिसकेपछि त्यो वाण लिन जानु पर्‍यो भनेर साथीहरूलाई त्यहीँ छोडेर एकैछिन् बस है भनेर त्यहाँबाट आवाज आएतिर गयो । वहाँ पुग्दा उसले हानेको वाणले लागेर एउटा हात्ती ढलेको रहेछ । हात्तीलाई पल्टाउन प्रयास गर्दागर्दा बल्लतल्ल पल्टाएर वाण लिएछ । त्यहाँपछि राजाको छोरो एकातिर र अरू साथीहरू अर्कैतिर भएर छुट्टिए । राजाको छोरा एक्लै पर्‍यो । जाँदा जाँदा ठूलो जङ्गलमा पुग्यो । त्यस जङ्गलमा एउटा भयङ्करको राक्षस र उसकी सुन्दरी छोरी थिई । त्यस राक्षसकी छोरीले राजाको छोरोलाई देखेपछि कसरी राक्षस बाबुबाट त्यस केटोलाई बचाउने भनेर आपत् परेछ । त्यस केटालाई बचाउनका लागि साह्रो पर्‍यो । उपाय खोज्दा खोज्दा राक्षसकी छोरीले कहिले कसैले नभेट्ने ठाउँमा लुकाएर त्यो केटालाई राख्यो । रातभरि राक्षस र उसकी छोरी गफ गरेर बसे । राति राक्षसले मान्छेको गन्ध आउँछ त भनेर बेलाबेलामा छोरीलाई सोध्यो । हैन हामी राक्षस भएको ठाउँमा को आउँछ हौ बुवा ? भनेर छोरीले भनेछ । रातभरि त्यहाँ बसेर बिहान भएपछि राक्षस सिकार खोज्न गयो । जे भेट्टायो त्यही खायो आयो । दिनभरि राक्षसकी छोरी र राजाको छोरो कुरा गरेर बसे । दिनदिनै राक्षसलाई टार्दा टार्दा त्यो केटोलाई राक्षसबाट बचाएर राखिछ ।

एक दिन ती केटा र केटीले सल्लाह गरेछन् । त्यो राक्षसको मृत्यु वा जीव चाहिँ कहाँ छ पत्ता लगाउनुपर्छ । यसलाई नमारी हुँदैन नभए तिम्रो र मेरो मायाप्रेम हुन सक्दैन । तँलाई पो खाँदैन त, मलाई त खाइहाल्छ भनेर केटोले भनेछ । दिनभरि एकैठाउँ बसेर फेरि त्यो केटोलाई लुकाएर बेलुका राक्षसकी छोरी आफ्नै ठाउँमा फर्किछ । बेलुका राक्षस घर फर्केपछि छोरीलाई डण्ठाले ड्यामड्याम हान्दै मालिस गरेछ । कुट्दाकुट्दा छोरी सहन नसकेर रोइछ । उसको आँसु खसेर राक्षसको हातमा लागेपछि राक्षसलाई चिसो लागेछ । हैन आज किन रुन्छ यो ? किन रोएकी ? तँलाई के भयो भनेर राक्षसले छोरीलाई सोधेछ ।मलाई केही भएको छैन, यस्तै हो कोइकोइबेला मलाई यस्तै हुन्छ । बेलाबेलामा आँखाबाट आँसु झर्छ भनेछ । हैन तँलाई केही न केही भएको छ । भन् के भएको हो ? भनेर राक्षसले सोधेछ । उसकी छोरीले बुवालाई पहिले वाचा गर अनि मात्र भन्छु भनिछ । मेरो छोरीभन्दा ठूलो मेरो लागि कोही छैन, म छोरीले जे भन्छस् त्यही मान्छु भनेर वाचा गरेछ । बुवा म एउटा केटोसँग प्रेम गरेको छु । उसलाई केही नगर्नू होला । दिनभरि हामी सँगै हुन्छौँ । तपाइँ जहाँ जानुहुन्छ जानुहोला, भनेछ । राक्षसले लु हुन्छ भनेछ । त्यसपछि त्यो केटोलाई राक्षसकी छोरीले लुकाएको ठाउँबाट निकालिछ । त्यो केटोलाई देखेपछि राक्षसले खान खोजेछ तर आफूले गरेको बाचा सम्झेर त्यत्तिकै छोडेछ ।

दिनभरि राक्षस सिकार खोज्न जाने र ती केटा केटी घरमै बस्न थाले । एकदिन तिम्रो बुवाको जीव चाहिँ कहाँ छ सोध्नू । जीव पत्ता लाएपछि मात्रै हामी यहाँबाट निस्किन पाउँछौँ नभए हामी भाग्न पाउँदैनौँ भनेर केटोले भनेछ । केटीले आफ्नो बुवालाई तपाइँको जीव कहाँ छ भनेर सोधी । छोरीले कर गर्दा गर्दा मेरो जीव यस्तो ठाउँमा छ जुन कसैले पनि पकड्न सक्दैन भनेर राक्षसले भनेछ । कहाँ छ बुवा भनेर छोरीले फेरि सोधिछ । तँलाई किन चाहियो म भन्दिन भनेर राक्षसले भनेछ । तर छोरीको ढिप्पीले गर्दा मेरो जीव ऊ त्यो पोखरीको बिचमा रहेको खाँबामा छ । त्यो खाँबामा भएको सुगाभित्र छ । त्यो खम्बालाई

एक्कैचोटीमा छ्याप्पै काट्नु पर्छ र त्यो सुगालाई च्याप्पै समात्नु पर्छ । सुगा उडेर गयो भने म कहिले पनि मर्दिन । जसले खाँबो काटेको छ उही मर्छ भनेर भनेछ । अनि हो भनेर सोध्दा हो भन्यो । राजाको छोरा त पौडी खेल्न जान्ने मान्छे । उसले तरवार लिएर गएर खाँबो च्वाट्टै काट्यो । सुगा फुत्त निस्किँदा च्याप्पै समायो । यता राक्षसले आफ्नो जीवन खतरामा परेको थाहा पायो । राजाको छोराले सुगाको एउटा पखेटा भाँचेपछि राक्षसको एउटा हात भाँचियो, अर्को पखेटा भाँचेपछि अर्को हात पनि भाँचियो । यसरी सुगाको पखेटा खुट्टा जतिजति भाँच्दै जान्छ त्यति नै राक्षसको हात खुट्टा र शरीर पनि भाँचिदै गयो । अन्तिममा सुगाको घिच्रो निमोठेर मारिदियो र राक्षस पनि मर्‍यो ।

त्यसपछि केटा र केटी मिलेर बस्यो । बस्दाबस्दै धेरै वर्ष बित्यो । केटा र केटी दुवैको केश लामो भयो । साह्रै मैलो भएपछि पानीमा फ्याँक्दा पनि माछा अल्झेर मर्ने र जङ्गलमा फ्याँक्दा पनि चराचुरुङ्गी अल्झेर मर्ने भयो । अनि खोलामा नुहाउन गयो र टपरीमा कपाल राखेर चराको गुड जस्तो बनाएर खोलामा बगाइदियो । त्यो कपाल बग्दाबग्दा धेरै टाढा पुग्यो । त्यो खोला अर्कै देशमा पुग्यो । त्यो केश राजाको छोराले भेट्टायो । अनि त्यो राजाको छोराले त्यो केश देखेर यो केश हुने केटी हो भने म बिहा गर्छु र केटा हो भने म मीत लगाउँछु भनेर वाचा गर्‍यो । खोज्न त कहाँ जानु ? उसले हुकुम दियो । यो केश यो खोलाबाट बग्दै आएको छ । जसले यो केश कहाँबाट आएको हो पत्तो लगाउँछ उसलाई म अर्को राज्य दिने छु भनेर घोषणा गर्‍यो । एउटी बुढी मान्छेले म जान्छु भन्यो । एउटै काठको डुङ्गा र बहाना बनाइदिनु, म जान्छु लगभग एक वर्षको समय लाग्छ भनेर भनी । डुङ्गा तयार भएपछि यो केश जहाँबाट आएको छ, यो डुङ्गा त्यहीँ पुगेर अड्किनुपर्छ नभा एककाठे डुङ्गा सत्य थाम्दैन भन्यो । यसो भनेपछि त्यो डुङ्गा यस्तो तुफानले गयो कि त्यही ठाउँमा पुगेर रोकियो । त्यो डुङ्गा तीनै केटाकेटी नुहाउने ठाउँमा गएर अडेछ । राजकुमार पनि उसको ससुरा मरेपछि रजाइँ गरेर सिकार खेल्दै खाँदै थियो । एउटी बुढी मान्छेले मेरी दिदीकी छोरी कति दुब्लाकी भनेर राक्षसकी छोरीलाई भनिछे । त्यो बुढीले यसै साइनो लगाएर दिदीकी छोरी भनेकी रहिछ । त्यो सानीआमा बनेर त्यहीँ बस्न थाल्यो । तिम्रो केटोले नुहाएको पनि छैन । अब यो कहिले नुहाउन पनि जाँदैन, कहाँबाट आएको पनि थाहा छैन भनेर उसले राक्षसको छोरीलाई राजकुमारको जीव कहाँ छ भनेर सोध्न लगाइछ । उसले पनि आफ्नो श्रीमानलाई तिम्रो जीव वा मृत्यु कहाँ छ भनेर सोधिछ । राजकुमारले भन्न मानेन तर श्रीमतीले ढिपी गरेपछि उसले मेरो जीव कर्दमा छ । त्यो कर्दलाई आगोमा पोल्यो भने मात्र म मर्छु नत्र म मर्दिन भनेछ । तेसपछि उसले कर्द खाज्दाखोज्दा गरेर भेट्टाएछ । आगो बालिराको थियो । आगो ताप्ने निहुँले त्यो सानीमा बनेकी बुढीले आगोमा त्यो कर्द लाइदियो । जति कर्द तात्दै गयो त्यति नै राजकुमारलाई ज्वरो आउँदै गयो । घर आइपुग्दा उसको प्राण गयो । तर मर्ने बेलामा राजकुरमारले मलाई नगाड्नु, मलाई एकठाउँ झुण्ड्याएर राख्नु भनेको रछ । त्यो सानीमा बुढीले ल ल, हुन्छ हुन्छ, भनेर राजकुमारलाई बोरामा राखेर झुन्ड्यायो ।

त्यो सानीमा भन्ने बुढीले केटीलाई नुहाउने निहुँ गरेर खोलामा लिएर गयो । त्यहाँ पुगेपछि स्वाट्टै त्यही डुङ्गामा राखेर बगाएर लगेर त्यो केटाकोमा पुर्‍यायो । त्यो केटाले केटीसँग बिहे गर्न भन्यो तर केटीले म अहिले बिहे गर्दिन । एक वर्षसम्म वर्त बस्छु, मान्छस् भने तँसँग विहा गर्छु नत्र गर्दिन भनेछ । जोगी, फकिर, माग्ने जति आउँछन् तिनीहरूलाई खान दिन्छु मलाई एउटा घर बनाइदे भनेर भनिछ । त्यो केटोले बाटोको साइडमा सानो घर बनाएर राखेछ । त्यहाँ बसेपछि त्यो बाटो गरेर जति पनि मानिस आउँछन् तीनेरुलाई खुवाउने गरिछ । केटाको औँठी उसले लगाएको थियो त्यही औँठी आउने जाने मान्छेलाई देखाउँदै बसिछ ।

एक दिन राजकुमारसँग छुट्टिएका तीनजना साथी पनि विद्वान् भएर त्यही बाटो जोगी बनेर त्यो केटीकोमा आइपुगेछन् । राजकुमारको औँठी त्यो केटीको हातमा देखेपछि छक्क पर्दै त्यो औँठी कहाँबाट आयो भनेर सोधेछन् । यो औँठी मेरो श्रीमान्को हो । यो कहाँ छ त ? भन्दा एउटी बुढी मान्छे गएर मलाई फकाएर मेरो श्रीमान्लाई मारेर झुन्ड्याउन लगाएर मलाई यहाँ लिएर आयो भनेर त्यो केटीले आफू त्यहाँ कसरी आइपुगेँ भन्ने कुरा बताई । अनि राजकुमार कहाँ छ त भनेर ती तीन भाइले सोधे । एक वर्ष भोलि पुग्छ, मसँग मृगको छाला छ, एसैमा तीनजना चपेटा बनाउनु पर्छ भनेछ त्यो तीनटा चपेटामध्ये एक ठाउँमा केटा, केटी र एउटा जोगी बस्यो, । कन्या केटी एउटामा बस्नुपर्छ भन्यो । ती तीनजना जोगी राजकुमारका बहिनीसँग बसे । मन्त्र पढ्ने बित्तिकै मृगको छाला उडेर गयो र राजकुमारको लाश राखेको ठाउँमा पुगेर बस्यो । खै छुरी कहाँ छ भनेर खोज्दा त्यो केटीले लुकाएको ठाउँबाट छुरी निकालेर दियो । बिँड चाहिँ आगोले खाएको रहेछ । फलाम आगोले नखाने हुँदा त्यो बँचेको थियो । राजकुमारको साथीले त्यो छुरी घोट्दा घोट्दा फलाम निकाल्यो । राजकुमार कहाँ छ भनेर खोज्दा राजकुमारको हड्डी मात्र झुन्डिएको भेट्यो । त्यो हड्डीलाई सुताएर घोट्यो । राजकुमारको हड्डी टिलिक्क सेतो हुने गरी घोट्यो । त्यसपछि राजकुमार जाग्यो र जस्ताको तस्तै भयो । यसबाट मित्रता भनेको सबैभन्दा ठूलो कुरा हो । जातपात केही होइन । ठूलो सानो केही होइन । हामी आआफ्नो ठाउँमा आआफ्नो श्रीमती लिएर बसौँ भनेर ती तीन भाइ साथीहरू आआफ्नै ठाउँमा बस्न थाले ।

**स्रोतव्यक्ति :** लालबहादुर धिमाल

**उमेर :** ७४ वर्ष

**ठेगाना :** दमक नगरपालिका-४, अर्नाखाडी

## १४. सती राजा

सत्य युगमा मोरङको भोगटेनी लेटाङ क्षेत्रमा सती राजाको राज्य थियो । एकपल्ट सतीलाई दक्षिणतिरका राजाले लडाइँका लागि बोलाएछन् । लडाइँमा जाँदाखेरि सती राजाले एक जोडी सेता परेवा लिएर गएका रहेछन् । जाँदाजाँदै उनले आफ्नी रानीलाई तिमीले केही पीर नलिनु, मैले लडाइँमा जाँदा एकजोडी सेतो परेवा लिएर गएको छु । लडाइँ कति दिनको हुन्छ, यदि यो सेतो परेवा उडेर आयो भने म मरेँ भन्ने सम्भिmनु, होइन भने केही पनि हुँदैन तिमी निर्धक्क बस्नु भनेछन् । दुई-चार दिनमा त्यो सेतो परेवा उड्दै आएछ । त्यसपछि रानीले जाने बेलामा परेवाको उडेर आयो भने म मरेँ है भन्ने सम्भिmनु भनेर राजाले भनेको कुरा सम्भिmन् । अब राजा मरेछन् भनेर रानी चिन्तामा डुबिन् । त्यो बेला सत्ययुग थियो र तेतिबेला आफ्नो श्रीमानको मृत्यु हुँदा श्रीमतीले सती जानु पर्थ्यो । यसैले ढ्याग्रो बजाएर रानीलाई घाट लगे । उता राजाले यसो हेर्दा परेवा छैन । कसले परेवा उडाइदियो थाहा भएन । अब रानी मऱ्यो भनेर राजा हतार हतार दरबार आए । बाटोमा एकजनालाई सेतो परेवा उडेर कता गएको देखेनौ भनेर सोधेछन् । तर भ्mयाली गरेर हो वा किन हो त्यो मान्छेले देखिन भनेर भनेछ । फेरिअर्को मान्छेलाई सोधेछन्, त्यसले पनि देखिन भनेछ । उनी घाटसम्म आइपुग्दा रानीलाई चितामा सुताई सकेको रहेछ । अब राजा पनि सति जानुपर्ने भयो । राजालाई दरबारदेखि नै ढोल ढ्याङ्गो बजाएर विष खुवाएर घाटसम्म पुर्‍याइयो । त्यसपछि राजालाई पनि रानी सँगै जलाईयो । त्यस दुःखले गर्दा त्यस ठाउँमा धेरै समयसम्म पानी परेनछ । त्यहाँका सबै जनता निराश भए । दुई वर्ष तीन वर्ष गर्दै धेरै वर्ष बित्यो तर पानी आएन । मानिस तथा जनावरहरू पानी खान नपाएर मर्न थाले । त्यो बेलामा खेतीपाती पनि थिएन । मानिसहरू जङ्गलमा सिकार गरेर जीवन निर्वाह गर्थे । पानी नभएकोले जनावरहरू मर्न थाले र मानिसले सिकार गरेर खान पनि पाएनन् । त्यसपछि सँधै यस्तो दुःख पाएर बसेर पनि हुँदैन हामीले केही गर्नुपर्छ भनेर गाउँका मानिसहरू भेला भएछन् र सती राजा र सती रानीको पूजा गर्नुपर्छ भनेर पूजा गरेछन् । अलिक अगाडिसम्म पनि धिमालहरूको पूजा गाउँ नजिक छेउछाउमा गर्ने चलन थिएन । घरदेखि धेरै टाढा पूजा गर्नुपर्ने र त्यस पूजामा महिलाहरूलाई जान दिइँदैन थियो । जङ्गलको बीचमा ग्राम स्थापना गरेर पूजा गरेछन् ।

सती राजा र सती रानीको पूजाबाट फर्किंदै गर्दा युवायुवतीले रमाइला मायाप्रेमका गीत गाएछन् जसले गर्दा मानिसहरू रमाएर हाँसेछन् । त्यो खुसीमा पानी पनि बर्सियो । धिमालको पूजामा एउटा लोटामा पानी लाने चलन छ पनि यसै कथासँग सम्बन्धित भएर आयो । धिमालहरूले ढोल बजाएपछि पानी पर्छ भन्ने विश्वास राख्न थाले । त्यसै बेलादेखि सती राजाको पूजा गर्ने चलन चलेर आयो । लेटाङको भोगटेनीमा हरेक वर्ष धिमालहरूले सती राजा भनेर पूजा गर्ने गर्छन् । हरेक वर्षको वैशाख २ गते यहाँ मेला लाग्छ । त्यहाँ धिमाललगायत राजवंशीहरू पनि पूजा गर्न जान्छन् । त्यहाँ सती राजाको ठुलो मन्दिर छ जहाँ मुसलमानहरू मक्कामदिना गरी जस्तै पवित्र तीर्थका रूपमा हजारौँ धिमालहरू बैशाख २ गते पुग्ने गर्छन् । धिमालहरू उत्पत्ति भएको पवित्र स्थानमा एकपल्ट दर्शन गर्दा पूर्णता प्राप्ति हुन्छ भन्ने जनविश्वास रहेको छ ।

**स्रोतव्यक्ति :** गणेश धिमाल

**उमेर :** ७६ वर्ष

**ठेगाना :** दमक नगरपालिका-३, दाबगाछी

## परिशिष्ट (ख)

# स्रोतव्यक्तिको नामावली

| क्र.सं | स्रोतव्यक्तिको नाम | लिङ्ग | उमेर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | गणेशमान धिमाल | पुरुष | ७६ वर्ष | दमक न.पा.३, दावागाछी, झापा |
| २. | टेकाउ धिमाल | पुरुष | ७८ वर्ष | दमक न.पा. ४, कृष्णमन्दिर, झापा |
| ३. | नेत्रकुमारी धिमाल | महिला | ३६ वर्ष | दमक न.पा. ३, डिपु, झापा |
| ४. | लालबहादुर धिमाल | पुरुष | ७४ वर्ष | दमक न.पा. ४, कृष्णमन्दिर, झापा |

# सन्दर्भ सामग्रीसूची


ओझा, पूर्णानन्द (२०७४), 'डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

कार्की, सन्तोष (२०७९), 'सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

गिरी, जीवेन्द्रदेव (२०५०), *लोकसाहित्यको अवलोकन,* काठमाडौँ : एकता प्रकाशन

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौँ : पाठयक्रम विकास केन्द्र,त्रिभुवन विश्वविद्यालय ।

दाहाल, डिल्लीराम (२०३६), *धिमाल लोकजीवन अध्ययन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी (२०३३), *नेपाली लोककथा : एक अध्ययन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी (२०३५), *प्रदर्शनकारी धिमाल लोकसंस्कृति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी (२०३९), *धिमाल लोकधर्म र संस्कृति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दमक नगरपालिका (२०२३) राष्ट्रिय जनगणना २०७८, काठमाडौँ : केन्द्रिय तथ्याङ्क विभाग https://damakmun.gov.np/

धिमाल, सोमबहादुर(२०७५), 'लोकसाहित्यमा धिमाल जाति', *लोकसंवाद,* चैत्र २६ । (https://www.loksambad.com/news/1297)

धिमाल,सोमबहादुर (२०७६),*चाँदीको घेरामा दमकका पहिला जाति धिमाल,* झापा : नेपाल सरकार, स्थानीय निकाय, दमक नगरपालिकाको कार्यालय ।

धिमाल, सोमबहादुर (सन्. २०१४), 'धिमाल लोकसंस्कृति र लोकजीवन', *धिमाल जाति अफ नेपाल ब्लगस्पट,* अक्टोबर (http://dhimaljatiofnepal.blogspot.com/2014/10/blog-post.html)

धिमाल, सोमबहादुर (२०७८), 'धिमाल समुदायको अमूर्त सांस्कृतिक सम्पदा', *धिमाल जातिको इतिहास विगतदेखि वर्तमानसम्म,* दीपेन्द्रराज तिम्सिना (सम्पा.), मोरङ : धिमाल जातीय विकास केन्द्र, पृ.१०५ ।

पराजुली, मोतीलाल (२०५४), 'नेपाली लोककथाका अभिप्रायको अध्ययन', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

पराजुली, मोतीलाल (२०७१) *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पौडेल, ईश्वरा (२०७६), 'ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

पौड्याल, षडानन्द (सन्२०२१), 'कथाको सैद्धान्तिक विमर्श' त्रिभुवन विश्वविद्यालय, अनुसन्धान शाखा (https://www.researchgate.net/search.Search.html), DOI: 10.3126/ijmss.v2i2.42624

बन्धु, चूडामणि (२०३०), *धिमाल लोकजीवन अध्ययन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

भट्ट, नवराज, 'डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०७४ ।

मुकारूङ, बुलु (२०७८), 'जातिगत बाजा कतिकति तर अधिकांश लोपोन्मुख' नेपाल लाईभ डट कम, माघ २२ । (https://nepallive.com/story/271968)

लामिछाने, कपिलदेव (२०७७), लोकसाहित्य सिद्धान्त, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), 'संरचनाको स्वरूप र विशेषता', *वाङ्मय,* (पृ. ६-१२) ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *नेपाली कविताको इतिहास,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७६), *लोकवार्ताविज्ञान (सिद्धान्त र विश्लेषण),* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (२००२), *सबै जातको फूलबारी,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७९), *शैलीविज्ञान,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।